ISSN : 2990-773X (Print)
ISSN : 2990-7748 (Online)

# भरतपुर प्रज्ञा
# BHARATPUR PRAGYA

## Journal of Multidisciplinary Studies

A Peer-Reviewed, Open Access Journal

https://www.bharatpurmun.gov.np

**Vol. 02, April 2024**

**Published by**
**Bharatpur Academy**
**Bharatpur Metropolitan City**
Chitwan, Nepal

# Author Guidelines

- Bharatpur Pragya prioritizes research-based articles with the followed guidelines of the Editorial Board.

- Contributors must submit their manuscripts afresh that have not been previously published anywhere, in any form.

- The journal follows double blind Peer Reviewed process.

- The journal incorporates articles written only in English and Nepali. Articles for publication must be single-line spaced, must contain 10 References, and they must be written between 5000 to 6000 words. They should be in Times New Roman 12-point font size for English and Preeti 14-point font size for Nepali.

- Manuscripts with tables, photographs, maps, drawings, etc. must be numbered. They must have their sources listed.

- Articles must follow MLA/APA style guidelines for English Literature and APA style guidelines for Nepali and other disciplines. They should contain the latest in-text citations.

- Articles with plagiarism and concept fabrications are strictly forbidden.

- Articles in English and Nepali must contain components like Title Page, Abstract, Keywords, Main body, Works Cited/References and Sandarvasuchee. The Title should be in alphabetical order. The Abstract should contain a length of 150-250 words. The Keywords should contain 5 to 7 words or phrases. The main body of the article must contain the Introduction, Research Method, Results, Discussion, and Conclusion. The Works Cited/References and Sandarvasuchee should be in alphabetical order.

- The Editorial Board will welcome manscripts in doc file only. It reserves all rights to accept or reject them. Its decision will be final and binding to all the contributors.

- Abridged CVs, highlighting the academic progress, is mandatory to all the contributors.

- Submissions made within the given time frame, in the doc file, can be reached in Bharatpur Academy.

# भरतपुर प्रज्ञा

# BHARATPUR PRAGYA

## Journal of Multidisciplinary Studies

A Peer-Reviewed, Open Access Journal

## Vol. 02, April 2024

**Patron**

Ms. Renu Dahal
*Chancellor, Bharatpur Academy*

**Advisors**

Mr. Indra Prasad Regmi
*Vice-chancellor, Bharatpur Academy*

Prof. Dr. Shreedhar Prasad Lohani
*Tribhuvan University*

Prof. Dr. Ammaraj Joshi
*Tribhuvan University*

Prof. Dr. Ishwari Pandey
*California State University, USA*

Prof. Dayaram Poudel
*Campus Chief, Birendra Multiple Campus*

Mr. Chitrasen Adhikari
*Member, Academic Council, Bharatpur Academy*

Mr. Birendra Dev Bharati
*Member, Academic Council, Bharatpur Academy*

Mr. Geba Nath Nyaupane
*Tribhuvan University Centeral Library, E-resources/NepJOL Section*

**Editor-in-Chief**

Dr. Keshav Raj Chalise

**Executive Editor**

Mr. Balkrishna Thapaliya

**Editors**

Mr. Ramakanta Sapkota
Mr. Mahendra Prasad Poudyal

**Bharatpur Academy**
**Bharatpur Metropolitan City**
Chitwan, Nepal

*Bharatpur Pragya : Journal of Multidisciplinary Studies* is a peer-reviewed, open access journal published by Bharatpur Academy, Bharatpur Metropolitan City, Chitwan, Nepal. It provides a platform for researchers, and faculty members to enhance their intellectural pursuit, dealing with various issues, debates on language, literature, theory, philosophy, art and culture.
eJournal Site : https://www.bharatpurmun.gov.np

**Published by**
Bharatpur Academy
Bharatpur Metropolitan City
Bharatpur, Chitwan
URL : http:// www.bharatpurmun.gov.np

ISSN : 2990-773X (Print)
ISSN : 2990-7748 (Online)

*Copyright 2024 © Author(s) and Publisher*

Authors are responsible for the content and ideas published in their articals.

**Printed at**
Siddhababa Press Pvt.Ltd.
Bharatpur, Chitwan
Tel.: 056-516245

# Table of Contents


| | | |
|---|---|---|
| वर्ष र सत्र प्रणालीका स्नातकोत्तर नेपाली पाठ्यक्रमका शिक्षणविधि र मूल्याङ्कन पद्धतिको तुलना<br>A Comparison between Teaching Method and Evaluation in Masters Level Annual and Semester Systems of Nepali Curriculum | बालाकृष्ण अधिकारी<br>Balakrishna Adhikari | 1-15 |
| नेपालको नारायणी गण्डकी क्षेत्रमा मौसम परिवर्तनले प्रेरित गर्ने असुरक्षित जीवनशैली<br>Climate Change-induced Livelihood Insecurity in Narayani-Gandak Basin of Nepal | चन्द्रलाल पाण्डे, प्रकृति निरौला<br>Chandralal Pandey, Prakriti Niraula | 16-32 |
| निसमालोचनाको सैद्धान्तिक अवधारणा<br>Theoretical Concept of Ecriticism (NISAMALOCHANA) | एकनारायण पौड्याल<br>Ek Narayan Paudyal | 33-44 |
| चितवनको कृषिक्षेत्रको बदलिँदो स्वरूप र भावी चुनौतीहरू<br>Changing Form in the Agriculture of Chitwan and its Challenges | कपिलदेव सुवेदी<br>Kapil Deb Subedi | 45-53 |
| 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा विश्वदृष्टि<br>World View in the Story 'Babuko Kadhama Chhoro Sutiraheko Desh' | कृष्णप्रसाद सापकोटा<br>Krishna Prasad Sapkota | 54-65 |
| विद्यार्थीको शैक्षिक उपलब्धिमा शिक्षकको व्यवहार<br>Teachers' Academic Behaviors on Students' Academic Achievement | कुसुमराज सुवेदी, सीताकुमारी श्रेष्ठ, सुप्रभा सुवेदी<br>Kusum Raj Subedi, Sita Kumari Shrestha, Suprabha Subedi | 66-79 |
| पाणिनीय व्याकरणका लौकिक तथा वैदिक आदेश नियम र प्रयोगमा पार्थक्य<br>The Difference in Paninian Grammar's Wordly and Vedic Rules and Regulations and Application | मतिप्रसाद ढकाल<br>Mati Prasad Dhakal | 80-95 |
| मोक्ष उपन्यासमा वर्गपक्षधरता<br>Class Advocacy in the Novel Moksha | प्रभा मरहट्टा कोइराला<br>Prabha Marahatta Koirala | 96-110 |
| चितवनको खगेरी जलाधारमा जलवायु परिवर्तन र जैविक विविधता संरक्षणका लागि अपनाइएको विधि<br>Global Warming and Biodiversity Conservation Adaptation Technique in Khageri Watershed, Chitwan | प्रकाश रेग्मी<br>Prakash Regmi | 111-124 |
| प्रोल्लास सिन्धुलीयको भग्न भैरव उपन्यासमा चित्रित जीवनीपरकता<br>Biographia Depicted in Prollas Sindhuliya's Bhagna Bhairav | रमेश प्रभात<br>Ramesh Prabhat | 125-138 |
| द्रौपदी अवशेष उपन्यासमा सांस्कृतिकता<br>Culturality in the Novel Draupadi Avashesh | शंकरप्रसाद गैरे<br>Shankar Prasad Gaire | 139-150 |
| 'सिडनीकी सानुमाया' कथामा डायस्पोरा<br>Diaspora in the Story 'Sidneyki Sanumaya' | टंकप्रसाद पन्थ<br>Tanka Prasad Pantha | 151-162 |
| Contributors | | 163 |

Bharatpur Pragya : Journal of Multidisciplinary Studies
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# वर्ष र सत्र प्रणालीका स्नातकोत्तर नेपाली पाठ्यक्रमका शिक्षणविधि र मूल्याङ्कन पद्धतिको तुलना

बालाकृष्ण अधिकारी (विद्यावारिधि)

***Article History :*** *Submitted 15, Nov. 2023.; Reviewed: 12, Jan. 2024; Revised : 5, Feb. 2024*
***Corresponding Author :*** *Balakrishna Adhikari* ***E-mail :*** *adbalakrishna2036@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65868*

**सारसङ्क्षेप**

*प्रस्तुत आलेखमा वर्ष र सत्र प्रणालीका स्नातकोत्तर नेपाली पाठ्यक्रममा समावेश गरिएका शिक्षणविधि र मूल्याङ्कन पद्धतिको तुलनात्मक विश्लेषण गरिएको छ । वर्ष प्रणालीको पाठ्यक्रममा शिक्षककेन्द्री शिक्षणविधि र वर्षान्त मूल्याङ्न पद्धतिको प्रधानता रहन्छ भने सत्र प्रणालीको पाठ्यक्रममा विद्यार्थीकेन्द्री शिक्षणविधि र सत्रान्त मूल्याङ्कन पद्धतिको प्रधानता रहन्छ । पाठ्यक्रमको स्वरूपअनुसार त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको चालु पाठ्यक्रम सत्र प्रणालीमा रहेको छ । यस आलेखमा वर्ष र सत्र दुवै प्रणालीका पाठ्यक्रमको तुलना गर्दै तिनका बिचमा रहेका अवधारणागत र स्तरगत भिन्नताको खोजी गर्ने तुलनात्मक अध्ययनविधिको प्रयोग गरिएको छ । निर्धारित दुई सामग्रीमा रहेका तथ्यहरूको तुलना गरी चालु पाठ्यक्रमको प्रभावकारिता र उपादेयताको संश्लेषण यस आलेखमा गरिएको छ । समग्र विमर्शबाट के नतिजा प्राप्त भएको छ भने सत्र प्रणालीको पाठ्यक्रम वर्ष प्रणालीको पाठ्यक्रमबाट पुनर्निर्माण गरिएको देखिन्छ भने वर्ष प्रणालीका तुलनामा सत्र प्रणालीको पाठ्यक्रममा शिक्षणविधि र मूल्याङ्क पद्धतिको व्यवस्थित, वैज्ञानिक, प्रभावकारी र व्यवहारोपयोगी रहेको देखिन्छ ।*

**शब्दकुञ्जी**: शिक्षककेन्द्री शिक्षणविधि, विद्यार्थीकेन्द्री शिक्षणविधि, निरन्तर मूल्याङ्कन, निर्णयात्मक मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन।

## विषयपरिचय

एउटा शैक्षिक वर्षभरि निर्धारित पाठ्यक्रमको शिक्षणसिकाइका आधारमा वर्षको अन्त्यमा परीक्षा लिइने र तह उत्तीर्ण गराइने योजना वर्ष प्रणाली हो भने एउटा तहलाई दुईभन्दा बढी सत्रमा विभाजन गरी त्यसलाई सैद्धान्तिक र प्रयोगात्मक कार्यक्रममा क्रमशः ६० प्रतिशत र ४० प्रतिशतका दरले पूर्णाङ्क विभाजन गरी निरन्तर मूल्याङ्कन पद्धतिमा आधारित शिक्षणसिकाइ गर्ने पद्धति सत्र प्रणाली हो । त्रिभुवन विश्वविद्यालयको स्थापना (२०१६) सँगै स्थापना भएका दशओटा विभागमध्ये नेपाली पनि एक हो र स्थापना कालदेखि नै यस विषयमा उच्च शिक्षाका विभिन्न तहमा पाठ्यक्रम बन्ने र परिमार्जन गर्ने क्रम अद्यापि निरन्तर भइरहेको छ । प्रारम्भमा स्नातकोत्तर नेपाली पाठ्यक्रम वर्ष प्रणालीमा आधारित थियो भने त्यसपछि सत्र प्रणाली, पुनः वर्ष प्रणाली र वि.सं. २०७० देखि यता पुनः सत्र प्रणालीमा आधारित छ । प्रस्तुत लेखमा मानविकी स्नातकोत्तर नेपालीमा सञ्चालित वर्ष प्रणालीको सबैभन्दा पछिल्लो पाठ्यक्रम र हाल सञ्चालनमा रहेको सत्र प्रणालीको पाठ्यक्रमका बिचमा तुलना गर्दै शिक्षणविधि र मूल्याङ्कन पद्धतिका भिन्नताको खोजी गरिएको छ । त्यसर्थ वर्ष

*Copyright 2024© the Author(s)*

र सत्र प्रणालीको पाठ्यक्रमका आधारभूत पक्षको तुलनात्मक अध्ययन नै यस लेखको मूल विषयक्षेत्र हो । मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर नेपाली विषयमा वर्ष प्रणाली र सत्र प्रणालीका पाठ्यक्रमको तुलनात्मक अध्ययन गरी चालु पाठ्यक्रमको शैक्षणिक वैज्ञानिकता खोजी गर्नु नै यस लेखको मूल प्राज्ञिक समस्या हो । वर्ष र सत्र प्रणालीका नेपाली पाठ्यक्रममा शिक्षणविधि र मूल्याङ्कन पद्धतिमा केकस्ता समानता र भिन्नता रहेका छन् भन्ने मूल प्राज्ञिक समस्यामा यो लेख केन्द्रित रहेको छ वर्ष र सत्र प्रणालीका नेपाली पाठ्यक्रममा विद्यमान शिक्षणविधि र मूल्याङ्कन पद्धतिको तुलनात्मक विश्लेषणका आधारमा वर्तमान सत्र प्रणालीको पाठ्यक्रमका वैज्ञानिकता र व्यावहारिकताको मूल्याङ्कन गर्नु नै यस लेखको मूल उद्देश्य हो ।

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली पाठ्यक्रम भाषा, साहित्य र लोकसाहित्यमा उच्च क्षमता र सिपयुक्त जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ निर्माण गरिएको हो । उच्च शिक्षासम्बद्ध शैक्षिक निकायमा नेपाली विषय शिक्षकका रूपमा प्राध्यापन गर्नसक्ने, भाषा-साहित्य र लोकसाहित्यका विभिन्न पक्षको विवेचना, समीक्षा र समालोचना गर्नसक्ने, नेपाली भाषा, सात्यि र वाङ्मयसम्बद्ध विभिन्न संस्थामा नेपाली विशेषज्ञका रूपमा काम गर्नसक्ने, नेपाली भाषाका सूचनामूलक, साहित्यमूलक आदि पत्रपत्रिका र पुस्तक सम्पादन गर्नसक्ने, नेपाली भाषामा स्तरीय साहित्य सिर्जना गर्नसक्ने र दर्शनाचार्य एवं विद्यावारिधि तहका निम्ति आधारभूत पूर्वशैक्षिक योग्यता प्राप्त गर्नसक्ने तहगत उद्देश्यमा आधारित यस पाठ्यक्रमका उक्त उद्देश्यहरू केकति सार्थक भए भन्ने कुराको आधिकारिक अध्ययन हुन सकेको छैन । यसको अर्थ मानविकीतर्फको स्नातकोत्तर नेपाली पाठ्यक्रमका उपयुक्तता, स्तरअनुरूपता र प्रयोजनीयताको व्यवस्थित अध्ययन भएको छैन । प्रस्तुत लेखमा यसै रिक्ततालाई परिपूर्ति गर्ने प्रयत्न गरिएकाले यसको प्राज्ञिक र व्यावहारिक औचित्य रहेको छ । स्नातकोत्तर तहका वर्ष र सत्र प्रणालीका पाठ्यक्रममा निर्देशित शिक्षणविधि र मूल्याङ्कन पद्धतिको तुलनात्मक विश्लेषणमा यो लेख सीमित रहेको छ ।

**अध्ययनको विधि**

प्रस्तुत अनुसन्धान लेखमा आवश्यक सामग्री/तथ्यहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसअन्तर्गत विशेषतः पाठ्यक्रमको निर्माणका आधारभूत पक्षको जानकारी दिने, पाठ्यक्रमको तुलनाका आधार तथा पाठ्यक्रमको तुलनाका केही पूर्वाध्ययनसम्बन्धी जानकारी दिने र तुलनीय पाठ्यक्रम गरी तीनओटा पक्षसँग जोडिएका सामग्रीहरू अपेक्षित छन् । मानविकी सङ्काय, स्नातकोत्तर तह नेपाली विषयको वर्ष प्रणालीको सबैभन्दा पछिल्लो पाठ्यक्रम र सत्र प्रणालीको सबैभन्दा पछिल्लो पाठ्यक्रम प्रस्तुत अनुसन्धान कार्यका लागि आधारभूत सामग्री हुन् भने पाठ्यक्रम निर्माण एवं तुलनाको सैद्धान्तिक व्याख्या गर्ने तथा त्यस ढाँचामा आबद्ध भएर गरिएका प्रायोगिक पूर्वकार्यहरू यस अध्ययनका द्वितीयक सामग्री हुन् । यी सामग्रीको चयन सोद्देश्यपूर्ण र प्रतिनिधिमूलक नमुना छनोट पद्धतिका आधारमा गरिएको छ ।

प्रस्तुत अनुसन्धानका लागि सङ्कलित सामग्रीहरू मानविकी नेपाली विषयको स्नातकोत्तर कार्यक्रमसँग सम्बद्ध छन् । यी सामग्रीको विश्लेषणका लागि पाठ्यक्रमका आधारभूत तत्त्वहरूमध्ये शिक्षणसिकाइ विधि र मूल्याङ्कन पद्धति (अङ्क विभाजनसमेत) लाई आधार बनाइएको छ । यस लेखमा संसारभरि प्रचलित पाठ्यक्रम ढाँचाको सिद्धान्तलाई मुख्य सैद्धान्तिक आधार मानिएको छ भने दुई ओटा ढाँचाका पाठ्यक्रमको तुलना गरिएका हुनाले तुलनात्मक विश्लेषण पद्धति अवलम्बन गरिएको छ ।

**पाठ्यक्रममा शिक्षणविधि र मूल्याङ्कन पद्धति विश्लेषणका आधार**

जुनसुकै प्रकारका पाठ्यक्रममा उस्तै प्रकारको योजना, ढाँचा र संरचनात्मक तत्त्वहरू हुन्छन् । प्रत्येक पाठ्यक्रममा त्यसको

परिचय दिइएको हुन्छ जसलाई प्रस्तावना भनिन्छ । प्रस्तावना सबै पाठ्यक्रममा नराखिने भए पनि यसलाई पाठ्यक्रमको अनिवार्य पक्ष मान्नु आवश्यक हुन्छ । पाठ्यक्रमका तहगत, राष्ट्रिय, साधारण र विशिष्ट उद्देश्य हुन्छन् । प्रत्येक पाठ्यक्रममा पाठ्यवस्तुको वितरण, पाठ्यांश विवरण र पाठ्यसूची अनिवार्य हुन्छ । उक्त उद्देश्यलाई फलीभूत बनाउनका लागि निर्धारण गरिएका पाठ्यांश शिक्षण गर्ने निश्चित शिक्षणविधि उल्लेख गरिएको हुन्छ । सिकाइ उपलब्धिको मापन गर्नका लागि तथा पाठ्यक्रमले राखेको उद्देश्य फलीभूत भयो वा भएन भन्ने परीक्षण गर्नका लागि मूल्याङ्कन पद्धति निर्धारण गरिएको हुन्छ । यसका साथै उक्त पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गर्न पाठ्यवस्तुको पठनपाठनमा प्रयोग हुने आधारभूत र सन्दर्भ सामग्रीको अनिवार्य उल्लेख पनि गरिएको हुन्छ । त्यसर्थ पाठ्यक्रमका प्रस्तावना, उद्देश्य, पाठ्यवस्तु, शिक्षणविधि, मूल्याङ्कन पद्धति र सन्दर्भसामग्रीलाई अनिवार्य तत्त्व मानिन्छ । यसका अतिरिक्त पत्रविभाजन, कोड निर्धारण, पाठ्यवस्तुको प्रकृति र प्राथमिकता क्रमका आधारमा वर्ष वा सत्रको पत्रनिर्धारण, पाठ्यभार, अङ्कभार, पूर्णाङ्क तथा क्रेडिट आवर निर्धारण पनि पाठ्यक्रमका आधारभूत पक्षभित्रै पर्दछन् । उपर्युक्तमध्ये यस सन्दर्भमा शिक्षणविधि र मूल्याङ्कन पद्धति गरी दुई ओटा पक्षका सैद्धान्तिक आधारको विमर्श, वर्ष र सत्र प्रणालीका पाठ्यक्रममा यसको व्यवस्था र उक्त व्यवस्थाको तुलनात्मक विश्लेषण गरिएको छ ।

**(क) शिक्षणविधि**

शिक्षणविधि पाठ्यक्रमको एउटा महत्त्वपूर्ण तत्त्व हो । निर्धारित उद्देश्य हासिल गर्नका लागि पाठ्यवस्तुमा केन्द्रित भएर विभिन्न शैक्षणिक सामग्रीको प्रयोग गरी सञ्चालन गरिने शिक्षणसिकाइ कार्यकलाप नै शिक्षणविधि हो । यसलाई शिक्षण प्रक्रिया, शिक्षणसिकाइ कार्यकलाप, सिकाइ अनुभव आदिको समुच्चय पनि मानिन्छ । मूलतः शिक्षणविधि कसरी सिकाउने भन्ने कुरासँग सम्बद्ध छ ।

स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई निर्धारित उद्देश्यमा आधारित रहेर पाठ्यवस्तु सिकाउँदा प्रायःजसो व्याख्यान विधिको प्रयोग गरिएको देखिन्छ । यसका साथै कक्षाकार्य, परियोजना कार्य, समूह कार्य, अध्ययनपत्र लेखन, पुस्तकालयीय कार्य, छलफल तथा प्रश्नोत्तर आदि कार्यकलापका माध्यमबाट शिक्षण गर्ने गरिन्छ । उच्च शिक्षाका अधिकांश कक्षाहरू व्याख्यान विधिमा आधारित छन् । राम्ररी प्रयोग गर्न सके व्याख्यान विधि पनि प्रभावकारी हुन्छ र शिक्षकले विषयमा आधारित भई शिक्षार्थीलाई व्याख्यानका माध्यमबाट ज्ञान हस्तान्तरण गर्न सके यस विधिबाट नयाँ विचार सिर्जना हुने, शिक्षकमुखी सिकाइ भए पनि प्रश्नोत्तर गर्ने, सुन्नासाथ प्रतिक्रिया जनाउन सकिने, सुनेर सिक्ने, सबै विषयमा शिक्षकले व्याख्यान प्रस्तुत गर्ने, छलफल र अन्तर्क्रिया गरिने गरिन्छ (उद्धृ. भट्राई, २०७३, पृ.१) । उच्च शिक्षाको तह भएका हुनाले यसमा विद्यार्थीको ज्ञान, सिप क्षमता र आवश्यकतालाई विशेष महत्त्व दिइएको हुन्छ । श्रव्य, दृश्य र पाठ्य सामग्रीहरूको भरपूर प्रयोग गर्दै विद्यार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्नका लागि अभिप्रेरणा प्रदान गर्ने विभिन्न विधिको उपयोग गरी शिक्षण गर्नु उपयुक्त हुन्छ । यसका लागि व्याख्यान विधिमा भर नपरी छलफल, प्रश्नोत्तर, गरेर सिक्ने, समस्या समाधान आदि विधिको प्रयोग गर्नु उपयुक्त हुन्छ ।

स्नातकोत्तर तहमा शिक्षणविधिलाई सामान्य र विशेष शिक्षणविधिको प्रयोग गर्नु उपयुक्त हुन्छ । सैद्धान्तिक प्रकृतिका पाठ्यवस्तुको शिक्षण गर्दा प्रायः साधारण विधिको प्रयोग गरिन्छ भने प्रायोगिक प्रकृतिका पाठ्यवस्तुको शिक्षणका लागि विशेष शिक्षणविधिको उपयोग गरिन्छ । सामान्य शिक्षणविधिअन्तर्गत बहुप्रचलित व्याख्यान, छलफल, कक्षाकार्य, गृहकार्य आदि विधिको प्रयोग हुन्छ भने विशेष शिक्षणविधिअन्तर्गत अध्ययनपत्र लेखन, समूहकार्य, समस्या समाधान, कक्षा प्रस्तुति, परियोजना कार्य, गोष्ठीपत्र लेखन आदि विविध कार्यकलापमा विद्यार्थीलाई संलग्न गराइन्छ । सामान्य शिक्षणविधिमा प्रायः शिक्षकको सक्रियता बढी रहन्छ भने विशेष शिक्षणविधिमा शिक्षक सहजकर्ता मात्र हुन्छ र गर्नुपर्ने सम्पूर्ण कार्य विद्यार्थी स्वयंले गर्दछ । यसमा विद्यार्थीको रुचि, आवश्यकता र क्षमताअनुसारका कार्य गर्ने स्वतन्त्रता हुन्छ ।

शिक्षणविधिका अनेक आधार हुन्छन् । विषयको महत्त्व, वैधता, सामाजिक सान्दर्भिकता, उपयोगिता, सन्तुष्टि, सिकाइको उपयुक्तता, रुचि र क्षमता, पूर्व सिकाइ अनुभव, आधिकारिकता र प्रजातान्त्रिक मूल्य र मान्यताका आधारमा शिक्षण गर्नु आवश्यक हुन्छ (जबरा, २०६७, पृ.१३९-१४०) । उपर्युक्त आधारमा सम्बद्ध विषयक्षेत्रका लम्बीय, क्षितिजीय र मिश्रित आयाम भएका सम्बद्ध पाठ्यवस्तुको चयन गरी तिनलाई तार्किक ढङ्गले क्रमबद्ध गरी शिक्षण गर्नु आवश्यक हुन्छ । समष्टि र व्यष्टि दुवै आयाममा शिक्षण गर्नाले विद्यार्थीमा विषयप्रतिको आकर्षण, विषयको महत्त्वबोध र पाठ्यवस्तुको सूक्ष्म बोध तथा तत्सम्बद्ध गहन सिप र दक्षताको वृद्धि हुन्छ । विश्वविद्यालयका शिक्षकमा कसरी शिक्षण गर्ने मात्र नभई के शिक्षण गर्ने भन्ने कुराको ज्ञानका साथै शिक्षणसिकाइको विधागत ज्ञान र आफूले शिक्षण गर्ने अनुशासनको विशिष्ट आवश्यकता र विशेषताको बोध गरेर मात्र शिक्षणसिकाइ प्रभावकारी हुन्छ (भट्टराई, २०७३, पृ.७) । मुख्य पाठ्यक्रम, पाठ्यांश, एकाइ, पाठ्यवस्तु, पाठ, शीर्षक आदिमा विभाजन योजनाबद्ध ढङ्गले शिक्षण गर्नु आवश्यक छ । पाठ्यवस्तुलाई (१) सामान्यदेखि विशिष्टतर्फ र (२) विशिष्टदेखि सामान्यतर्फ गरी दुई आयाममा क्रमबद्ध गरी शिक्षण गर्न सकिन्छ (जबरा, २०६७, पृ.१४४) । अधिकांश पाठ्यक्रममा सामान्यदेखि विशिष्टतर्फको क्रमबद्धतालाई उपयोग गरिएको हुन्छ र ज्ञान तथा सिप आर्जनको वैज्ञानिक दिशा पनि यसैलाई मानिएको छ । स्नातकोत्तर तहमा विशेषतः भाषाविज्ञान र नेपाली भाषा, विधासिद्धान्त र नेपाली साहित्यका विभिन्न विधाको इतिहास तथा स्रष्टा र तिनका कृतिको अध्ययन, पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त, समालोचना प्रणाली र वादहरू, शोध र सिर्जनाविधि, साहित्येतिहास सिद्धान्त र नेपाली साहित्येतिहास, विशिष्ट स्रष्टा र तिनका जीवनी, व्यक्तित्व एवं कृत्विको अध्ययन आदि विषयक्षेत्रसँग सम्बद्ध पाठ्यवस्तु छन् ।

शिक्षणविधिले उद्देश्य, पाठ्यवस्तु र मूल्याङ्कनलाई एकआपसमा जोडी निर्धारित लक्ष्यप्राप्तिलाई सार्थक र सफल बनाउँछ । उद्देश्यमा आधारित शिक्षण र ज्ञानमा आधारित शिक्षणको ज्ञान तथा विषयवस्तु र शिक्षणकलाको संयोजन गरेर शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ (भट्टराई, २०७३, पृ.७) । सिकाइ र गराइप्रति विद्यार्थीको अभिप्रेरणा जगाउनका लागि शिक्षणविधिको समुचित प्रयोगको प्रभावकारिता रहन्छ । शिक्षणविधिको विविधता नै शिक्षक-विद्यार्थीका बिचको सुमधुर शैक्षिक-प्राज्ञिक सम्बन्धको मुख्य आधार हो । विषयगत समस्या, विद्यार्थीको बोधक्षमताको समस्या तथा व्यवस्थापनको समस्यालाई समाधान गरेर मात्र प्रभावकारी शिक्षण गर्न सकिन्छ । विधागत ज्ञान, शिक्षणकलाको प्रभावकारी संयोजन र वैज्ञानिक शिक्षणविधि नै प्रभावकारी शिक्षणसिकाइको आधार हो ।

**(ख) मूल्याङ्कन पद्धति**

उद्देश्य, पाठ्यवस्तु, शिक्षणविधिजस्तै मूल्याङ्कन पद्धति पनि पाठ्यक्रमको महत्त्वपूर्ण तत्त्व हो । यसलाई मूल्याङ्कन, मूल्याङ्कन प्रक्रिया आदि पनि भनिन्छ । मूल्याङ्कन भनेको पाठ्यक्रमको कार्यान्वयन वा शिक्षणसिकाइका माध्यमद्वारा पाठ्यक्रममा उल्लेख भएका उद्देश्यहरू केकति मात्रामा प्राप्त भए भनी निर्धारण गर्ने प्रक्रिया हो अर्थात् सम्पूर्ण शैक्षिक क्रियाकलापको लेखाजोखा गर्ने विधि नै मूल्याङ्कन हो (जबरा, २०६७, पृ.१४४) । सम्बद्ध पाठ्यक्रमको सफलता-असफलता, पाठ्यवस्तुको उपयुक्तता-अनुपयुक्तता, शिक्षणविधिको प्रभावकारिता-अप्रभावकारिता र समग्र उद्देश्यको वैधताको परीक्षण गर्ने महत्त्वपूर्ण आधार मूल्याङ्कन नै हो । पाठ्यक्रम स्वयंमा एउटा कार्यक्रम भएकाले यसको प्रभावकारिता, उपलब्धिको लेखाजोखा गर्ने समग्र प्रक्रिया नै मूल्याङ्कन हो (पौडेल, २०७३, पृ.८०) । यसले उद्देश्य, पाठ्यवस्तु, शिक्षणविधि र सिकाइ उपलब्धिलाई एकआपसमा जोड्न र समग्र कार्यक्रमको उपयुक्तताको परीक्षण गर्न सघाउ पुऱ्याउँछ ।

मूल्याङ्कन (१) निर्माणात्मक, (२) निर्णयात्मक र (३) निदानात्मक गरी तीन प्रकारका हुन्छन् । पाठ्यक्रममा समावेश गरिएका प्रत्येक पाठ तथा पाठ्यवस्तुको अन्त्यमा विद्यार्थीहरूका सिकाइ उपलब्धिको मात्रा निर्धारण गर्नु निर्माणात्मक मूल्याङ्कन हो (जबरा, २०६७, १४८) । विद्यार्थीले कति सिके, कति सिक्न सकेनन् र किन सिक्न सकेनन् भन्ने कुरा

जानकारी लिँदै शिक्षकले निरन्तर रूपमा विद्यार्थीको ज्ञान, सिप, क्षमता र दक्षता वृद्धिका लागि गृहकार्य, कक्षाकार्य, आन्तरिक परीक्षा, एकाइ परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा, प्रश्नोत्तर, अवलोकन आदिका माध्यमबाट तिनका सिकाइस्तरमा सुधार तथा पृष्ठपोषण प्रदान गर्ने मूल्याङ्कन नै समग्रमा निर्माणात्मक मूल्याङ्कन हो। वार्षिक वा सत्र प्रणालीको पाठ्यक्रममा निर्धारित शैक्षिक सत्रका अन्त्यमा गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो। कक्षा परीक्षा, एकाइ परीक्षा, कक्षा उपस्थिति, टर्म पेपर जस्ता पक्षको प्रयोगले सिकाइमा प्रभाव पारे पनि प्रश्नका प्रकृति तथा संज्ञानका सबै तहलाई समेटेर प्रश्न निर्माण गर्ने, निरन्तर मूल्याङ्कनलाई सिकाइ प्रक्रियासँग जोड्ने तथा वैज्ञानिक परीक्षण प्रणालीको कार्यान्वयनको भने अभाव रहेको छ (भट्टराई, २०७३, पृ.३-३)। निर्णयात्मक मूल्याङ्कनले विद्यार्थीका सिकाइ उपलब्धिका आधारमा कुनै पनि पाठ्यक्रमका उद्देश्य र शैक्षिक प्रक्रियाको प्रभावकारिताका बारेमा निर्णय दिन्छ (जबरा, २०६७, पृ.१४९)। विद्यार्थीका समस्या पहिचान गरी तिनको समाधान गर्ने मूल्याङ्कन निदानात्मक मूल्याङ्कन हो। निदानात्मक मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कनको एउटा स्वरूप हो।

मूल्याङ्कन पाठ्यक्रमको उद्देश्यअनुरूप हुनु आवश्यक हुन्छ। परीक्षणीय वस्तुको छनोट गरी ज्ञान, बोध, प्रयोग र उच्च दक्षताको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ। विद्यार्थीलाई हामीले के सिकाउँछौँ भन्दा पनि विद्यार्थी के सिक्न चाहन्छन् भन्ने कुराको निर्धारण गरी मूल्याङ्कनको ढाँचा निर्माण गर्नुपर्छ (भट्टराई, २०७३, पृ.९)। परीक्षणीय वस्तु र युक्तिका बिचमा उपयुक्त तालमेल मिलेमा मात्र मूल्याङ्कन प्रभावकारी हुन्छ। मूल्याङ्कनका लागि पूर्वयोजना र परीक्षणका साधन वा युक्तिमा विविधता हुनु आवश्यक हुन्छ। विशेषतः भाषिक मूल्याङ्कनमा मौखिक, लिखित र प्रयोगात्मक गरी अनेक प्रकारका युक्ति हुन्छन्। लिखितअन्तर्गत पनि विषयगत निबन्धात्मक, विषयगत सङ्क्षिप्त, विषयगत अतिसङ्क्षिप्त र वस्तुगत (बहुवैकल्पिक आदि) प्रकारका प्रश्नको समावेश हुनु आवश्यक हुन्छ (प्रधान, २०६६, पृ.२४१)। मूल्याङ्कनका लागि प्रश्न र तिनका स्वरूप, तिनको अङ्कविभाजन, मापनविधि र मूल्याङ्कनका अन्य साधन (जाँचसूची, श्रेणीमापक आदि) को उपयोग व्यवस्थित ढङ्गले गरिएको हुन्छ (पौडेल, २०७३, पृ.८१)। प्रत्येक पाठ्यक्रममा मूल्याङ्कनका लागि कुनकुन पाठ्यवस्तुबाट केकस्ता, केकति, कति अङ्कका प्रश्न सोध्ने भन्ने कुरा उल्लेख भएको विशिष्टीकरण तालिकाको अनिवार्य उल्लेख हुनुपर्दछ। विशिष्टीकरण तालिकाका अभावमा मूल्याङ्कन कार्य प्रभावकारी, योजनाबद्ध र आधिकारिक हुन सक्दैन।

## नतिजा र विमर्श

शिक्षणविधि र मूल्याङ्कन पद्धति वर्ष प्रणाली र सत्र प्रणालीको पाठ्यक्रमका बिचको भिन्नता छुट्ट्याउने सबैभन्दा महत्त्वपूर्ण आधार हुन्। यसबाट कक्षाकोठामा विद्यार्थीले सैद्धान्तिक तथा प्रायोगिक कार्यका लागि केकति उत्प्रेरणा र पृष्ठपोषण पाउँछन् र त्यसबाट विद्यार्थीको सिकाइ उपलब्धिमा केकस्तो स्तरीयता प्राप्त हुन्छ भन्ने कुराका साथै त्यसको मापनको औचित्यपूर्ण, स्तरीय र वैज्ञानिक मापदण्ड तयार हुन्छ एवं त्यसको प्रयोग केकसरी भएको छ भन्ने कुरा पनि निर्धारित हुन्छ। तुलनात्मक विश्लेषण गर्नुपूर्व वर्ष र सत्र प्रणालीका पाठ्यक्रमका आधारभूत मान्यता र तिनको मूल भिन्नताको पहिचान गर्नु आवश्यक ठानिएको छ।

### वर्ष प्रणालीको पाठ्यक्रम

वर्ष प्रणालीको पाठ्यक्रम परम्परित प्रणालीमा आधारित छ। विशेषतः वर्षभरि शिक्षणसिकाइ प्रक्रिया सञ्चालन गरी वर्षको अन्त्यमा गरिने निर्णयात्मक मूल्याङ्कनलाई आधार बनाएर यस प्रकारको पाठ्यक्रम निर्माण गरिएको हुन्छ। यस प्रकारको पाठ्यक्रममा पाठ्यांश वा पाठ्यवस्तु र पाठ्यसूचीको आधिक्य रहन्छ। यस प्रकारको पाठ्यक्रममा शिक्षणसिकाइ प्रक्रिया विशेषतः शिक्षककेन्द्री हुन्छ। सम्पूर्ण पाठ्यांशको स्मृतिबाट अन्तिम परीक्षा दिनुपर्ने भएकाले यस प्रकारको पाठ्यक्रमले

विद्यार्थीलाई बढी बोझ दिन्छ । विद्यार्थीको अनेक क्षमतालाई यसले त्यति ध्यान दिँदैन र एकै प्रकारको पाठ्यक्रम, एकै प्रकारका निर्देशित कार्य र मूल्याङ्कन पद्धति हुने हुनाले विद्यार्थीको ज्ञान, स्तर र सिकाइक्षमताको विविधतालाई यस प्रकारको पाठ्यक्रमले सम्बोधन गर्न सक्दैन । यसमा दुई वा दुईभन्दा बढी पाठ्यवस्तुलाई संयोजन गरी एउटा प्रश्न निर्माण गरिने र यसै प्रकारका अनिर्धारित प्रश्नहरूबाट प्रश्नपत्र निर्माण गरिने भएकाले विद्यार्थीले अधिकतर आफ्नो बोध क्षमताको प्रदर्शन गर्नुपर्ने बाध्यता हुन्छ। पाठ्यसूचीमा रहेका सबै पाठ्यांशबाट प्रश्न दिन नसकिने भएकाले यसमा त्यस पाठ्यसूचीका सबै पाठ्यांशको उपोगिता पुष्टि हुन सक्दैन । पाठ्यक्रमका सामान्य उद्देश्यलाई केन्द्रित गरिए पनि मूल्याङ्कनमा विशिष्ट सबै उद्देश्यहरूको परिपूर्ति हुने सम्भावना कम हुन्छ ।

विशेषतः स्नातकोत्तर तहमा पाठ्यांशको अधिक भारका कारण प्रत्येक वर्ष उस्तै प्रकारका प्रश्नहरू दोहोरिने समस्या यसमा रहन्छ । वर्ष प्रणालीको पाठ्यक्रममा स्नातकोत्तर तहलाई मूलतः दुई वर्षमा विभाजन गरी प्रत्येक वर्षमा समावेश गरिएका पाठ्यक्रमका पाठ्यांशहरू सिकाउने र वर्षको अन्त्यमा मात्र सीमित समयमा त्यसको मूल्याङ्कन गर्ने गरिन्छ । शिक्षणविधिको विविधतालाई सैद्धान्तिक रूपमा समावेश गरिए पनि व्यावहारिक रूपमा त्यस्तो सम्भावना कम रहन्छ किनभने शिक्षक र विद्यार्थी दुवैलाई पाठ्यांशको शिक्षण एवं पठन र बोधमै अल्झिइरहनु पर्ने बाध्यता आइपर्छ । मूल्याङ्कनका लागि विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय नै सर्वेसर्वा रहन्छ र मूल्याङ्कनमा शिक्षकको भूमिकालाई परिभाषित गर्न र मूल्याङ्कनमा सबै विषयशिक्षकलाई समावेश गर्न सकिँदैन । यसले गर्दा परीक्षा नियन्त्रण कार्यालयबाट हुने विभिन्न प्रकारका त्रुटिहरूप्रति विषयशिक्षकको जवाफदेहिता कम रहन गई शिक्षक-विद्यार्थीको प्राज्ञिक सम्बन्ध सुमधुर बन्न सक्दैन ।

वर्ष प्रणालीमा कक्षाकोठामा गरिने पठनपाठनमा शिक्षक र विद्यार्थीको दुवैको ध्यान केन्द्रित हुँदैन भने अतिरिक्त समयमा शिक्षकले ट्युसन लिने, सन्दर्भसामग्रीका लागि गाइड र गेसपेपरमा भर पर्नुपर्ने, विद्यार्थीको कक्षासहभागितामा अनियमितता देखिने, निरन्तर मूल्याङ्कन नहुने हुँदा विद्यार्थीले वर्षभरि पढेको कुरा तीन वा चार घन्टा लेखाइ सिपका माध्यमबाट अभिव्यक्त गरे पुग्ने समस्याहरू यस प्रकारको पाठ्यक्रममा रहन्छन् । कक्षामा भन्दा परीक्षामा विद्यार्थीको सङ्ख्या अधिक हुने हुनाले तथा निश्चित पाठ्यांशबाट मात्र प्रायः परीक्षामा प्रश्न सोधिने भएकाले परीक्षामा व्यापक अनियमितता रहने हुन्छ । कहिल्यै कक्षामा उपस्थित नहुने विद्यार्थी पनि परीक्षा हलमा उपस्थित हुने हुनाले कुन वास्तविक परीक्षार्थी हो र कुन नक्कली परीक्षार्थी हो भन्ने कुरा छुट्याउन समस्या हुन्छ ।

वर्ष प्रणालीमा विशेषतः विद्यार्थीलाई बढी भार हुन्छ भने शिक्षक र मूल्याङ्कनका लागि परीक्षा सञ्चालन गर्ने कार्यालय र समूहलाई बढी सहजता हुन्छ । वर्षको एकपटक मूल्याङ्कन गरिने हुनाले विश्वविद्यालयलाई अतिरिक्त आर्थिक भार पर्दैन । प्रश्ननिर्माण, प्रश्नसुधार, उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण, नतिजाका लागि अङ्कको तालिकीकरण र नतिजा प्रकाशनका लागि प्रशस्त समय उपलब्ध हुन्छ । विश्वविद्यालयले वार्षिक शैक्षिक तालिकालाई पूर्णतः पालना गर्नसक्ने हुन्छ । प्रशस्त समय हुने हुनाले उत्तरपुस्तिकाको परीक्षणमा गुणस्तरीयता ल्याउन सघाउ पुग्छ । सीमित परीक्षक र परीक्षाबाट पनि मूल्याङ्कन गर्न सकिन्छ भने कार्यतालिकालाई पूर्णतः लागू गरिएमा नतिजा पनि समयमै गर्न सकिने हुन्छ । तर विश्वविद्यालयको अभ्यासलाई हेर्दा वर्ष प्रणालीको नतिजा निकाल्न एक वर्षभन्दा बढी समय लगाएको देख्न सकिन्छ भने दुई वर्षका लागि निर्धारण गरिएको तह उत्तीर्ण गर्न निर्धारित अवधिभन्दा बढी समय लाग्ने गरेको देखिन्छ । यसरी वर्ष प्रणालीको पाठ्यक्रमका सबल र दुर्बल दुवै पक्ष छन् । गुणस्तरीय र प्रयोगिक ढङ्गले शिक्षणसिकाइ गर्न नसक्नु र शिक्षक तथा विद्यार्थी दुवैलाई कर्तव्यपरायण एवं जिम्मेवार गराउन नसक्नु, शिक्षककेन्द्री शिक्षणसिकाइ हुनु, मूल्याङ्कनमा वैज्ञानिकता नहुनु, अनियमितता हुनु, प्रायःजसो विद्यार्थी सिक्नका लागिभन्दा सक्नका लागि केन्द्रित हुनु, तीव्र राजनीतिक दवाब र हस्तक्षेप हुनु यस प्रणालीका सीमा हुन् । निरन्तर मूल्याङ्कनमा शिक्षक र विद्यार्थी सहभागी हुनु नपर्ने हुँदा दुवै पक्षलाई कार्यभार कम पर्नु, शिक्षणसिकाइ र मूल्याङ्कन प्रक्रियामा विश्वविद्यालयलाई कम आर्थिक दायित्व हुनु, बारम्बार प्रश्ननिर्माण, प्रश्नसुधार, उत्तर

पुस्तिका परीक्षण तथा सम्परीक्षणको झन्झट नहुनु, परीक्षा प्रक्रियाका लागि प्रशस्त समय हुनु, नियमित र चुस्त कार्यतालिका हुनु यसका सबल पक्ष हुन् । विद्यार्थीको सर्वाङ्गीर्ण विकास तथा बजारका लागि योग्य जनशक्तिको उपलब्धताका दृष्टिले वर्ष प्रणालीको पाठ्यक्रम उपयोगी देखिँदैन । वर्ष प्रणालीको पाठ्यक्रम मूलतः संज्ञानात्मक (कग्नेटिभ) प्रकृतिको हुन्छ ।

**सत्र प्रणालीको पाठ्यक्रम**

दुई वर्षको स्नातकोत्तर कार्यक्रमलाई निर्धारित अवधिमा विभाजन गरी नियमित रूपमा परीक्षाका माध्यमबाट मूल्याङ्कन गरिने ढाँचाको पाठ्यक्रम सत्र प्रणालीको पाठ्यक्रम हो । यस प्रकारको पाठ्यक्रम र शैक्षिक पद्धतिको प्रारम्भ अमेरिकामा भएको हो र यसले समग्र युरोपको शिक्षा प्रणालीलाई प्रभाव पारेको छ साथै अस्ट्रेलिया र एसियाका विभिन्न मुलुकहरूमा अहिले यसै प्रणालीको पाठ्यक्रम र शैक्षिक पद्धतिको अनुसरण गरिएको देखिन्छ । वर्ष प्रणालीको पाठ्यक्रमका तुलनामा यो निकै गुणस्तरीय हुने र अपेक्षित लक्ष्यअनुसारको जनशक्ति उत्पादन हुने भएकाले अहिले संसारभरि यस प्रकारको शैक्षिक प्रणालीले लोकप्रियता पाइरहेको छ । पाठ्यक्रमको ढाँचा र संरचनामा उति फरक नभए पनि मूल्याङ्कन/परीक्षा प्रणालीमा पूर्णतः भिन्न भएकाले यसमा लक्षित वर्गले सबैभन्दा बढी फाइदा प्राप्त गर्दछ ।

तीन महिनामा जाँच लिइने ट्राइमिस्टर, चार महिनामा जाँच लिइने क्वाटर्ली र छ महिनामा जाँच लिइने अर्धवार्षिक गरी अनेक प्रकारका परीक्षाप्रणाली र तदनुरूपका पाठ्यक्रम सत्र प्रणालीमा प्रचलित छन् । विशेषतः सत्र प्रणाली हुनका लागि १५ देखि १७ हप्ताको पढाइ हुनैपर्छ । एक क्रेडिट आवरका लागि विद्यार्थीले ७५० मिनेट (१२.५ घन्टा) को औपचारिक कक्षा लिएकै हुनुपर्दछ र त्यसको दोब्बर मिनेट बराबरको सोही कक्षाको पढाइसँग सम्बद्ध स्वाध्ययन गरेकै हुनुपर्छ (कोइराला, २०७३, पृ.६) । स्नातकोत्तर तहमा जम्मा चारओटा सत्र र ६२ क्रेडिट आवरको पाठ्यक्रम अध्ययन गर्नु आवश्यक हुन्छ । यस प्रकारको पाठ्यक्रममा पाठ्यांशको भार कम हुन्छ । एउटा पत्रमा अनेक प्रकारका पाठ्यशीर्षकहरू हुन्छन् ।

सत्र प्रणालीको पाठ्यक्रममा विशेषतः सामान्य र विशेष दुई किसिमका शिक्षणविधि निर्धारण गरिएको हुन्छ । सामान्य विधिमा व्याख्यान/प्रवचन, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, सङ्क्षिप्त परियोजना कार्य आदि कार्यकलापका माध्यमबाट शिक्षण गरिन्छ भने विशेष विधिमा प्रायोगिक प्रकृतिका पाठ्यवस्तुको व्यावहारिक शिक्षण गरिन्छ । यसमा अध्ययनपत्र लेखन, समूहकार्य, कक्षाप्रस्तुति, परियोजनापत्र र गोष्ठीपत्र लेखन आदि अनेक प्रकारका प्रायोगिक कार्यकलाप गराइन्छ । सत्र प्रणालीको विशेष विशेषता मूल्याङ्कन वा परीक्षा प्रणालीमा विशिष्टता हुनु हो । यसमा आन्तरिक र सत्रान्त मूल्याङ्कन गरी दुई प्रकारका मूल्याङ्कन पद्धतिको व्यवस्था हुन्छ । यसमा प्रत्येक पत्रको ४० प्रतिशत अङ्कभार आन्तरिक मूल्याङ्कनलाई छुट्याइएको हुन्छ । आन्तरिक मूल्याङ्कनलाई पनि १०+२०+१० प्रतिशतमा छुट्याइएको हुन्छ । पहिलो १० प्रतिशतअन्तर्गत गृहकार्य, पुस्तकालय कार्य, पुस्तक वा लेख पुनरावलोकन, कक्षाकार्य, आन्तरिक सुधार परीक्षाजस्ता क्रियाकलाप निर्धारण गरिएको हुन्छ । प्रमोदकुमार झा (२०७३) ले सत्र प्रणालीका लागि अङ्गीकार गरिएका आधारलाई निम्नलिखित बुँदामा प्रस्तुत गरेका छन् :

१. गुणस्तरीय पठनपाठन, नियमित विद्यार्थीहरूसँगको सम्पर्क, अग्रगामी प्रतिस्पर्धात्मक सोच,

२. अन्तरविषयक पाठ्यक्रमलाई प्रोत्साहन,

३. स्नातकोत्तर तहमा चार सेमेस्टरको कोर्स,

४. प्रत्येक समेमेस्टरमा १४ देखि १६ सप्ताह पठनपाठन,

५. १४ देखि २० ओटा पत्रको व्यवस्था,

६. १ देखि ५ क्रेडिडका पेपर,

७. प्रति क्रेडित १५ देखि २५ अङ्कभारका पत्र,

८. विभागभित्र मात्र पठनपाठनको व्यवस्था (अन्तरविभागीय क्रेडिट स्थानान्तरणको अभाव),
९. सैद्धान्तिक र प्रयोगात्मक विषयहरूको भारमा अन्तर (२० देखि ४० प्रतिशत),
१०. अनुसन्धान (थेसिस) को अनिवार्यता,
११. अध्ययनपत्र, सेमिनार, समूहगत छलफल, प्रस्तुतीकरण, परियोजना कार्य, क्षेत्रकार्यलाई पनि समावेश,
१२. आन्तरिक मूल्याङ्कनको व्यवस्था,
१३. कक्षामा विद्यार्थीको ८० प्रतिशत उपस्थिति अनिवार्य,
१४. विद्यार्थीको अध्ययनकोटा निर्धारण,
१५. आधुनिक शिक्षणविधि र प्रविधिको उपयोग आदि । (पृ.२)

उपर्युक्त आधारमा पाठ्यक्रमको निर्माण गरिने भएकाले यस प्रणालीमा वर्ष प्रणालीमा भन्दा बढी वैज्ञानिकता रहेको छ र यसले विद्यार्थी, शिक्षक, विश्वविद्यालय, बजार, सरोकारवाला आदि सबैलाई बहुमुखी फाइदा पुऱ्याउने देखिन्छ ।

सत्र प्रणालीको पाठ्यक्रमले विद्यार्थी र शिक्षकलाई निरन्तर व्यस्त राख्दछ । विशेषतः यस प्रकारको पाठ्यक्रम निर्माणका लागि व्यवस्थित पाठ्यक्रम ढाँचालाई आधार बनाएर शिक्षक र विद्यार्थीलाई निरन्तर अभिमुखीकरण गर्ने अवधारणा राखिएको हुन्छ । यसमा विद्यार्थीहरूले आफूले अध्ययन गर्ने विषयवस्तु र गर्ने कामको गहिराइ थाहा पाउन सक्छन्, अध्ययन सामग्रीको प्रकृति र आयाम थाहा पाउँछन्, मूल्याङ्कनका आयाम एवं प्रश्नको प्रकृति पनि थाहा पाउँछन् । शिक्षकलाई दिइने तालिमका कारण गतिशील ढङ्गले शिक्षण गर्ने र विषयवस्तुप्रति अद्यावधिक हुने प्रेरणा मिल्छ । आधुनिक विज्ञान तथा प्रविधिको भरपूर उपयोग गरेर शिक्षणसिकाइ गर्ने प्रक्रियाका बारेमा जानकारी प्राप्त हुन्छ ।

वर्ष प्रणालीको पाठ्यक्रमका तुलनामा सत्र प्रणालीको पाठ्यक्रम बढी वैज्ञानिक मानिन्छ । यसले विद्यार्थीको सिकाइको गुणस्तर उच्च बनाउने हुँदा बजारमा आवश्यक परेका दक्ष शैक्षिक जनशक्तिको सहज आपूर्तिका लागि सम्भव बनाउँछ । निरन्तरका मूल्याङ्कनले विद्यार्थीमा सिकाइप्रति अभिप्रेरणा जागृत भइरहन्छ भने उनीहरूको ज्ञान र सिप पनि धारिलो हुँदै जान्छ । विद्यार्थीका प्राज्ञिकतासँग सम्बद्ध अधिकांश आवश्यकता र रुचि पूरा हुने भएकाले संसारभरका विद्यार्थीले यसै प्रणालीको पाठ्यक्रमलाई मन पराएको देखिन्छ । शिक्षकका लागि यो बढी झन्झटिलो भए पनि यसले गुणस्तरीय शिक्षा प्रदान गर्नमा सक्षम हुने भएकाले त्यसलाई बढीभन्दा बढी सिर्जनात्मक ढङ्गले उपयोग गर्न सक्दछन् । विश्वविद्यालयलाई बारम्बार परीक्षा लिनुपर्ने भएकाले खर्चिलो अवश्य हुन्छ । विद्यार्थीले पनि अतिरिक्त समय विभिन्न प्रकारका परियोजना कार्य, गृहकार्य, पुस्तकालयीय कार्यमा बिताउने भएकाले जागिर खाँदै पढ्न सक्ने वर्ष प्रणालीको जस्तो सुविधा प्राप्त नगर्न सक्छन् । यो विद्यार्थीका लागि समेत तुलनात्मक रूपमा बढी खर्चिलो हुन्छ । कर्मचारीलाई पनि बारम्बारका परीक्षाको अभिलेखीकरण गर्न झन्झटिलो हुन्छ । यी यस पाठ्यक्रमका सीमा हुन् ।

**शिक्षणविधिको तुलना**

शिक्षणविधि पाठ्यक्रमको आधारभूत तत्त्व हो । हरेक प्रकारका पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तु कसरी शिक्षण गर्ने भन्ने कुराको निर्देशन अनिवार्य रूपले हुनु आवश्यक हुन्छ । मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर नेपाली विषयको वर्ष प्रणाली र सत्र प्रणालीको पाठ्यक्रममा समावेश गरिएका पाठ्यांश र पाठ्यवस्तुको शिक्षणका लागि केकस्तो शिक्षणविधिको व्यवस्था गरिएको छ भन्ने कुराको विमर्श यसअन्तर्गत गरिएको छ ।

वर्ष प्रणालीको स्नातकोत्तर नेपाली पाठ्यक्रममा शिक्षणविधिको उल्लेख गरिएको देखिँदैन । यस पाठ्यक्रमको आरम्भिक खण्ड र मूलपाठ खण्ड कतै पनि कस्तो शिक्षणविधि र प्रक्रिया अवलम्बन गर्ने भन्ने कुराको कुनै उल्लेख पाइँदैन । यसबाट वर्ष प्रणालीको पाठ्यक्रमको निर्माण व्यवस्थित योजना र ढाँचाका आधारमा भएको होइन भन्ने कुरा प्रमाणित

हुन्छ । वि.सं. २०६७ सालमा पाठ्यक्रम विकास केन्द्रबाट फोटोकपी कागजमा लुज बाइन्डिङमा बिक्री-वितरण गरिएको स्नातकोत्तर नेपाली पाठ्यक्रममा शिक्षणविधिको उल्लेख नै नहुनुले पाठ्यक्रम निर्माण गर्न लगाउने त्रिभुवन विश्वविद्यालय, प्राज्ञिक परिषद्, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पाठ्यक्रम निर्माणको अनुगमन गर्ने पाठ्यक्रम विकास केन्द्र, पाठयक्रम निर्माणमा प्राज्ञिक भूमिका खेल्ने निर्माता नेपाली विषय समिति तथा पाठ्यक्रम निर्माणमा संलग्न प्राध्यापकको बेहोसियारी र लापरबाही रहेको कुरा पुष्टि गर्दछ । विषय समितिको प्रत्यक्ष प्राज्ञिक संलग्नतामा निर्माण भएको यस तहको पाठ्यक्रममा शिक्षणविधिको उल्लेख नहुनुमा कसको कति दोष हो भन्ने कुरा प्राज्ञिक-प्रशासनिक खोजीको विषय भएकाले यहाँ त्यस विमर्शतर्फ लाग्नु आवश्यक ठानिएको छैन । पाठ्यक्रम निर्माणका क्रममा प्राविधिक कारणले शिक्षणविधि छुट्न गएको पनि हुन सक्ने सम्भावना पनि उत्तिकै छ । सम्बद्ध संस्था, निकाय र व्यक्तिले समावेश गर्दागर्दै पनि टाइपिङ, प्रिन्टिङ, प्रुफिङ आदि कार्यप्रक्रियाका क्रममा त्यो छुट्न गएको हुन सक्छ । यी सम्भावनाहरू भए पनि पाठ्यक्रममा शिक्षणविधिको उल्लेख नै नभएकाले यो पाठ्यक्रम व्यवस्थित, योजनाबद्ध र वैज्ञानिक नभएको ठहर गर्न सकिन्छ ।

सत्र प्रणालीको पाठ्यक्रमको आरम्भिक खण्डमा शिक्षणविधिको स्पष्ट उल्लेख गरिएको छ । यस पाठ्यक्रमको आरम्भिक खण्डअन्तर्गत नेपाली विषयको पाठ्यक्रमको रूपरेखापछि '४. शिक्षणविधि' उपशीर्षक राखेर यसको उल्लेख गरिएको छ। शिक्षणविधिको सामान्य परिचय दिँदै त्यहाँ यस्तो उल्लेख गरिएको छ– "यस पाठ्यक्रमको अध्ययन अध्यापनका क्रममा प्रयोग हुने शिक्षणविधिलाई दुई भागमा वर्गीकरण गरिएको छ । अधिकांश पाठ्यवस्तुहरू अध्यापन गर्न प्रयोग गरिने शिक्षणविधिलाई साधारण शिक्षणविधिमा राखिएको छ भने कुनै निश्चित एकाइअन्तर्गतका पाठ्यवस्तुको अध्यापन गर्न प्रयोग गरिने शिक्षणविधिलाई विशिष्ट शिक्षणविधिअन्तर्गत राखिएको छ (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.४) । उपर्युक्त कथनले स्नातकोत्तर तहका पाठयवस्तुको पठनपाठनका लागि साधारण र विशिष्ट गरी दुई प्रकारका शिक्षणविधि निर्धारण गरेको कुरा स्पष्ट पार्दछ । विशेषतः पाठ्यक्रमका अधिकांश पाठ्यवस्तुहरू सामान्य शिक्षणविधिका आधारमा अध्ययन अध्यापन गराइने कुरा पनि यसले सङ्केत गरेको छ । साधारण शिक्षणविधिलाई यस पाठ्यक्रममा निम्नानुसार उल्लेख गरिएको देखिन्छ– "प्रत्येक एकाइमा आवश्यकतानुसार व्याख्यान, प्रश्नोत्तर, छलफल तथा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य एवम् प्रस्तुतीकरणविधिको उपयोग गरिने छ । एकाइको प्रकृतिअनुरूप पाठ्यपुस्तक, सहायक पुस्तक, सन्दर्भ पुस्तक, तालिका र आरेखहरूको पनि उपयोग गरिनेछ" (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.४) । उपर्युक्त कथनले यस पाठ्यक्रमले साधारण शिक्षणविधिअन्तर्गत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण आदिलाई समावेश गरेको देखिन्छ । यी पाठ्यवस्तुको शिक्षणका प्रक्रिया वा कार्यकलाप पनि हुन् । कुनकुन एकाइका लागि कुनकुन शिक्षणविधि वा कार्यकलापको प्रयोग गर्नु उपयुक्त हुन्छ भन्ने कुरा यसमा नभए पनि यसले मूलतः उपर्युक्त कार्यकलापलाई साधारण शिक्षणविधिका रूपमा प्रयोग गर्न सकिनेतर्फ इङ्गित गरेको देखिन्छ ।

सत्र प्रणालीको पाठ्यक्रममा विशिष्ट शिक्षणविधिलाई प्रायोगिक कार्यका लागि शिक्षण क्रियाकलाप/विधिका रूपमा प्रस्तुत गरेको देखिन्छ । यसको थप व्याख्या गर्दै त्यहाँ यस्तो उल्लेख गरिएको छ :

> ताराङ्कित (*) पाठ्यवस्तु प्रायोगिक कार्यबाट पूरा गरिने छ । विभागले हप्ताको कुनै एक दिन विद्यार्थीहरूबाट गरिने प्रायोगिक कार्य (समूह कार्य, कक्षाप्रस्तुति, परियोजना कार्य र गोष्ठीपत्र, अध्ययनपत्र लेखन, छलफल र प्रस्तुति, द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन आदि) का लागि तालिका बनाई विषय शिक्षकको व्यवस्था गर्नेछ । प्रायोगिक कार्यअन्तर्गत हुन कक्षा क्रियाकलाप निर्देशन, संयोजन, अभ्यास कक्षा, सम्पर्क कक्षा, सुधारात्मक कक्षा आदिको सञ्चालनमा शिक्षकको भूमिका रहनेछ (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.४) ।

माथिको उद्धरणमा स्नातकोत्तर तहका पाठ्यांश शिक्षण गर्दा गरिने विशिष्ट शिक्षणविधि र कार्यकलापको विवरण प्रस्तुत छ । यसमा विशेषतः समूह कार्य, कक्षाप्रस्तुति, परियोजना कार्य, गोष्ठीपत्र, अधययनपत्र लेखन, छलफल र प्रस्तुति, द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन आदि कार्यकलापलाई विशिष्ट शिक्षणविधिअन्तर्गत समावेश गरिएको देखिन्छ । साधारण शिक्षणविधिमा उल्लेख गरिएका छलफल, परियोजना कार्य र प्रस्तुतीकरण एवं विशिष्ट शिक्षणविधिमा समावेश गरिएका छलफल, परियोजना कार्य र प्रस्तुतिमा केकस्तो अन्तर छ र तिनलाई कसरी सञ्चालन गर्ने भन्ने कुराको निश्चितता नभए पनि पाठ्यक्रममा ताराङ्कित पाठ्यवस्तुको शिक्षणमा मात्र यी विधिप्रक्रियाको अवलम्बन गर्नुपर्दछ भन्ने कुरालाई माथिको कथनले निर्क्यौल गर्दछ । विशिष्ट शिक्षणविधि सञ्चालन गर्नका लागि हप्ताको एउटा कक्षा पर्ने गरी छुट्टै विषय शिक्षक निर्धारण गर्ने र उसले कक्षामा निर्देशन, संयोजन, प्रशिक्षण आदि कार्य सञ्चालन गर्ने भएकाले यस विधिको प्रयोगबाट विद्यार्थीहरू आफूले प्राप्त गरेको सैद्धान्तिक ज्ञान, सिप र क्षमतालाई अध्ययनपत्र, गोष्ठीपत्र, परियोजना कार्य आदिमा प्रायोगिक रूपमा उतार्न सक्षम हुने देखिन्छ । शिक्षकको प्रत्यक्ष निगरानीका आधारमा गराइने यस प्रकारका प्रायोगिक कार्य नै वर्ष प्रणालीका आधारमा भिन्न र विशिष्ट रहेका छन् ।

सत्र प्रणालीको पाठ्यक्रममा विशिष्ट शिक्षणविधिअन्तर्गत नै सञ्चालन गरिने प्रायोगिक कार्यकलाप र शिक्षणविधिको थप स्पष्टीकरणको नमुना यसप्रकार प्रस्तुत गरेको देखिन्छ :

तालिका सङ्ख्या १

सत्र प्रणालीको पाठ्यक्रमका प्रायोगिक क्रियाकलाप र शिक्षणविधि

| एकाइ | पाठ्यवस्तु | प्रायोगिक क्रियाकलाप र शिक्षणविधि |
|---|---|---|
| एक | * | अध्ययनपत्र लेखन |
| दुई | * | समूहकार्य र कक्षाप्रस्तुति |
| तीन | * | परियोजना कार्य र गोष्ठीपत्र |
| चार | * | अध्ययनपत्र लेखन (व्यक्तिगत र समूहगत) |
| पाँच | * | छलफल र प्रस्तुति |
| छ | * | द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन |
| सात | * | समूहकार्य र कक्षाप्रस्तुति |

*(स्रोत : सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३ )*

माथिको तालिकामा सत्र प्रणालीको पाठ्यक्रमका पाठ्यांशहरूमा ताराङ्कित पाठ्यवस्तुमा केन्द्रित प्रायोगिक शिक्षणविधि र प्रक्रियाको विवरण प्रस्तुत गरिएको छ । यसबाट उपर्युक्त सात प्रकारका प्रायोगिक कार्यकलाप वा शिक्षणविधि स्नातकोत्तर तहको प्रत्येक पाठ्यांशमा सञ्चालन गरिन्छ भन्ने कुरा स्पष्ट भएको छ ।

ताराङ्कित पाठ्यवस्तुलाई बढी महत्त्व दिइएका भए पनि प्रत्येक पाठ्यांशमा ताराङ्कन नगरिएका पाठ्यवस्तुको आधिक्य रहेको देखिन्छ र त्यसका लागि साधारण वा परम्परागत र प्रचलित शिक्षणविधिमा शिक्षकले सिर्जनात्मक ढङ्गले उपयोग गर्नसक्ने ढोकालाई भने यस पाठ्यक्रमले खुलै छोडेको देखिन्छ । यसरी समग्रमा वर्ष प्रणालीको पाठ्यक्रममा शिक्षणविधिको उल्लेख नै गरिएको छैन भने सत्र प्रणालीको पाठ्यक्रममा साधारण र विशिष्ट शिक्षणविधि र तिनका कार्यसञ्चालनका प्रक्रियासमेत निर्देश गरिएको छ । शिक्षणविधिका आधारमा वर्ष प्रणालीको पाठ्यक्रमका तुलनामा सत्र प्रणालीको पाठ्यक्रम अत्यन्त उच्च र वैज्ञानिक रहेको छ ।

**मूल्याङ्कन पद्धतिको तुलना**

वर्ष प्रणाली र सत्र प्रणालीका पाठ्यक्रमको तुलनाको अर्को महत्त्वपूर्ण आधार मूल्याङ्कन पद्धति पनि हो । यसलाई परीक्षा प्रणाली पनि भन्ने गरिन्छ । वर्ष र सत्र दुवै प्रणालीको पाठ्यक्रममा मूल्याङ्कन पद्धतिका विषयमा निश्चित प्रावधान राखिएको छ । यी दुवै प्रणालीका पाठ्यक्रममा राखिएको मूल्याङ्कन पद्धति र तिनका समानता र भिन्नताको तुलनात्मक विश्लेषण यहाँ गरिएको छ ।

वर्ष प्रणालीको पाठ्यक्रमको आरम्भिक खण्डको उपशीर्षक ५ अन्तर्गत 'परीक्षा प्रणाली तथा श्रेणी विभाजन' शीर्षकमा मूल्याङ्कन पद्धतिको व्यवस्था केकस्तो हुने भन्ने कुरा उल्लेख गरिएको छ । त्यसमा उल्लेख गरिएको प्रावधान यसप्रकार रहेको छः

दुई वर्षको एम.ए. नेपाली विषयमा प्रत्येक वर्षको शैक्षिक सत्रको अन्त्यमा वार्षिक परीक्षा प्रणालीअनुसार त्रिभुवन विश्वविद्यालयले परीक्षा सञ्चालन गर्नेछ । प्रत्येक वर्षको प्रत्येक पत्रमा न्यूनतम ४५ ५ अङ्क प्राप्त गरी उत्तीर्ण हुने विद्यार्थीको कुल प्राप्ताङ्कको श्रेणी विभाजन निम्नानुसार हुनेछ ः

७५ ५ वा सोभन्दा बढी– विशिष्ट श्रेणी

६० ५ वा सोभन्दा बढी– प्रथम श्रेणी

५० ५ वा सोभन्दा बढी– द्वितीय श्रेणी । (नेपाली एम.ए.को पाठ्यक्रम, २०६७, पृ.६)

उपर्युक्त अनुसार वर्ष प्रणालीको पाठ्यक्रममा दुई वर्षको अवधिमा पहिलो र दोस्रो वर्ष गरी दुईओटा शैक्षिक सत्र हुने व्यवस्था गरिएको छ । प्रत्येक वर्षको अन्त्यमा त्रिभुवन विश्वविद्यालयले वार्षिक परीक्षा सञ्चालन गर्ने व्यवस्था यसमा रहेको देखिन्छ । यसको अर्थ वर्ष प्रणालीअनुसार वर्षभरि पठनपाठन हुने र वर्षको अन्त्यमा शैक्षिक सत्र परीक्षामार्फत् समाप्त हुने देखिन्छ । यसरी एक वर्षभरि पठनपाठन मात्र हुने र वर्षान्तमा परीक्षा हुने व्यवस्थाले विद्यार्थीमा पढाइप्रति उति सारो आकर्षण पैदा हुने सम्भावना देखिँदैन । अर्कातिर वर्षभरि विद्यार्थीहरू अन्य काममा व्यस्त भए पनि परीक्षाको मुखैमा विभिन्न प्रकारका तयारी सामग्रीहरू पढेर वा रटेर परीक्षा दिने हुनाले विद्यार्थीले अङ्क धेरै ल्याए पनि उनीहरूमा वास्तविक ज्ञान, सिप र दक्षताको विकास हुने देखिँदैन ।

वर्ष प्रणालीअनुसार स्नातकोत्तर तह उत्तीर्ण हुनाका लागि ४५ ५ अङ्क प्राप्त गर्नैपर्ने व्यवस्था गरेको देखिन्छ । यसले ४५५ भन्दा बढी अङ्क प्राप्त गरेर उत्तीर्ण भएका विद्यार्थीका द्वितीय, प्रथम र विशिष्ट गरी तीन श्रेणी निर्धारण गरेको छ जसअनुसार ६० ५ भन्दा कम अङ्कलाई द्वितीय श्रेणी, ७५५ भन्दा कम अङ्कलाई प्रथम श्रेणी र ७५ ५ भन्दा बढी अङ्कलाई विशिष्ट श्रेणी मानिएको छ । यसरी वर्ष प्रणालीको पाठ्यक्रमअनुसार प्रत्येक वर्षको अन्त्यमा परीक्षा हुने, उत्तीर्ण हुनका लागि कम्तीमा ४५% अङ्क ल्याउनैपर्ने र त्यसभन्दा माथिको अङ्कलाई क्रमशः द्वितीय, प्रथम र विशिष्ट श्रेणी मान्ने व्यवस्था गरेको देखिन्छ ।

सत्र प्रणालीको पाठ्यक्रममा आरम्भिक खण्डअन्तर्गत 'मूल्याङ्कन प्रक्रिया' उपशीर्षकमा स्नातकोत्तर तहको मूल्याङ्कन पद्धतिका बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको छ । यसअनुसार मूल्याङ्कन प्रक्रिया (१) आरन्तरिक मूल्याङ्कन र (२) सत्रान्त परीक्षा गरी दुई प्रक्रियाबाट मूल्याङ्कन गर्ने व्यवस्था रहेको देखिन्छ (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.५) । यस पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि ४०% अङ्कभार छुट्ट्याइएको देखिन्छ भने त्यसलाई सम्पन्न गर्नाका लागि निर्दिष्ठ पाठ्यवस्तुअन्तर्गत निम्नलिखित आधारहरू अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छः

(क) उपस्थिति– ५ अङ्क

(ख) शिक्षणसिकाइमा सहभागिता– ५ अङ्क

(ग) *पहिलो आन्तरिक मूल्याङ्कन– १० अङ्क

(घ) *दोस्रो आन्तरिक मूल्याङ्कन– २० अङ्क । (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.५)

माथिको सन्दर्भअनुसार आन्तरिक मूल्याङ्कनका लागि कक्षाकोठामा विद्यार्थीको नियमित उपस्थिति, शिक्षणसिकाइमा विद्यार्थीको सक्रिय सहभागिता, पहिलो र दोस्रो आन्तरिक परीक्षा आदि युक्ति वा आधारहरू प्रयोग गर्ने गरिन्छ । यसमा आन्तरिक परीक्षाका लागि छुट्ट्याइएको ४०% अङ्कलाई चारओटा आधारमा विभाजन गरिएको देखिन्छ । यसअनुसार पहिलो र दोस्रो आन्तरिक मूल्याङ्कनका लागि शिक्षकले निम्नलिखित कार्य गर्नुपर्ने प्रावधान राखिएको छ :

(क) पहिलो आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य/पुस्तकालय कार्य/पुस्तक वा लेख पुनरावलोकन, कक्षागत सुधार परीक्षा,

(ख) दोस्रो आन्तरिक मूल्याङ्कनका लागि परियोजना कार्य, अवस्था/घटनाको अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन, द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन, पूर्वाध्ययन, पुनरवलोकन र अभिलेखीकरण तथा आन्तरिक परीक्षा आदि । (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.५)

उपर्युक्त दुईओटा कार्यसमूहमा प्रस्तुत गरिएका गृहकार्य, पुस्तकालय कार्य, पुस्तक वा लेख पुनरवलोकन, कक्षा परीक्षा तथा परियोजना कार्य, गोष्ठी, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन, द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन, पूर्वाध्ययनको पुनरवलोकन र अभिलेखीकरण तथा दोस्रो कक्षा परीक्षाको व्यवस्था आदि कार्यकलापहरू शिक्षणविधिमा उल्लेख गरिएका कार्यकलापसँग मेल खाने देखिन्छन् भने अवस्था/घटनाको अध्ययन (केस स्टडी) शिक्षणविधिमा उल्लेख गरिएका कार्यकलापसँग मेल खाने देखिँदैन । यसरी शिक्षण कार्यकलापसँग असम्बद्ध कुरालाई मूल्याङ्कनको आधार बनाइनु यसको सीमा भए पनि आन्तरिक मूल्याङ्कनलाई व्यवस्थित बनाउनका लागि अवलम्बन गरिएका उपर्युक्त आधारहरूका दृष्टिले यो पाठ्यक्रमको मूल्याङ्कन प्रक्रिया निकै व्यवस्थित र वैज्ञानिक रहेको देखिन्छ । “उपर्युक्त पहिलो तथा दोस्रो आन्तरिक मूलयङ्कनका निम्ति विषयको प्रकृति हेरी सम्बद्ध शिक्षकले कुनै एक वा एकभन्दा बढी पद्धतिको निर्धारण गर्नसक्नेछन् । आन्तरिक मूल्याङ्कनमा प्रायोगिक कार्यका निम्ति निर्धारित पाठ्यांशबाट सोध्न सकिनेछ” (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.५) भन्ने वाक्यहरूले शिक्षकले उक्त आधारहरूको प्रयोग कसरी गर्ने भन्ने बारेमा अझै स्पष्ट पारेको देखिन्छ । यस प्रक्रियालाई ‘टिप्पणी’ बाट “आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सत्रान्त परीक्षामा प्राप्त अङ्कको २० प्रतिशतभन्दा बढी भएमा २० प्रतिशतको अन्तरभित्रै समायोजन गरिने छ” भन्ने वाक्यले आन्तरिक परीक्षा तथा सत्रान्त परीक्षाको आपसी सम्बन्ध र समन्वयलाई जोडेको देखिन्छ । यसको अर्थ आन्तरिक परीक्षाका सापेक्षमा सत्रान्त परीक्षा र सत्रान्त परीक्षाका सापेक्षमा आन्तरिक परीक्षाको अङ्क समायोजन गर्ने वैज्ञानिक प्रणाली यस पाठ्यक्रमले अँगालेको देखिन्छ ।

सत्र प्रणालीको पाठ्यक्रममा सत्रान्त परीक्षासम्बन्धी छुट्टै र विशिष्ट प्रावधान राखेको देखिन्छ । सत्रान्त परीक्षा लिने संस्था, सत्रान्त परीक्षामा संलग्न हुनाका लागि आवश्यक शर्त, विद्यार्थीको उपस्थिति, परीक्षा अवधि, सोधिने प्रश्नका प्रकृति र क्षेत्र आदिलाई स्पष्ट पार्नका लागि यस पाठ्यक्रममा निम्नलिखित बुँदा प्रस्तुत गरिएको छ :

(क) सत्रान्त परीक्षा त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट लिइनेछ ।

(ख) सत्रान्त परीक्षामा सहभागी हुनका लागि सबै आन्तरिक मूल्याङ्कन परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

(ग) सत्रान्त परीक्षामा सहभागी हुनका लागि ८०% उपस्थिति अनिवार्य हुनेछ ।

(घ) ३ क्रे.आ. र सोभन्दा माथिका पाठ्यांशको सत्रान्त परीक्षाको समय तीन घन्टाको हुनेछ ।

(ङ) सत्रान्त परीक्षाका लागि विस्तृत उत्तरात्मक, सङ्क्षिप्त उत्तरात्मक, प्रायोगिक/बोधात्मक/सप्रसङ्ग व्याख्यात्मक

तथा वस्तुगत प्रकृतिका प्रश्नहरू सोधिनेछन् ।

(च) विस्तृत उत्तरात्मक तथा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूमा वैकल्पिक प्रश्नहरू रहनेछन् भने प्रायोगिक/बोधात्मक/सप्रसङ्ग व्याख्यात्मक प्रश्नमा वैकल्पिक प्रश्नहरू रहनेछैनन् । एउटा उत्तरका लागि दुईओटा, दुईओटा प्रश्नका लागि तीनओटा र तीनओटा प्रश्नका लागि पाँचओटाको अनुपातमा वैकल्पिक प्रश्नहरूको व्यवस्था हुनेछ ।

(छ) सप्रसङ्ग व्याख्याका लागि दिइने प्रश्नहरूमा स्रोतसन्दर्भ खुलाइनेछ ।

(ज) ताराङ्कित पाठ्यवस्तुबाट निबन्धात्मक प्रश्न सोधिनेछैन । (सत्र प्रणालीमा आधारित एम.ए. नेपालीको पाठ्यक्रम, २०७३, पृ.५-६)

उपर्युक्त आठओटा बुँदाहरूले ६०% अङ्कका लागि लिइने सत्रान्त परीक्षाका आधारभूत शर्तका साथै त्यस परीक्षामा सोधिने प्रश्नको प्रकृति, प्रकार र क्षेत्रलाई निर्धारण गरेको देखिन्छ । उपर्युक्त बुँदाहरूमध्ये (ङ), (च), (छ) र (ज) बुँदालाई यस पाठ्यक्रमको विशिष्टीकरण तालिकाको सामान्य रूप पनि मान्न सकिन्छ । यस पाठ्यक्रममा विवशिष्टीकरण तालिका समावेश नगरिएका भए पनि यसै प्रावधानलाई आधार बनाएर शिक्षकले सत्रान्त परीक्षाका लागि प्रश्न निर्माण गर्नसक्ने देखिन्छ ।

सत्र प्रणालीको पाठ्यक्रमले वर्ष प्रणालीको पाठ्यक्रमका तुलनामा निकै भिन्न ढङ्गले विद्यार्थीको श्रेणी निर्धारण गर्ने व्यवस्था गरेको देखिन्छ । सत्रान्त परीक्षा प्रणालीमा लिइने परीक्षामा विद्यार्थीको स्तर निर्धारण अक्षर प्रणाली (ग्रेडिङ सिस्टम) अनुसार गरिने प्रावधान राखिएको छ भने वर्ष प्रणालीको पाठ्यक्रममा अङ्क प्रणालीलाई आधार बनाइएको देखिन्छ । सत्र प्रणालीले प्रत्येक पाठ्यांशमा उत्तीर्ण हुनाका लागि न्यूनतम ५०% अङ्क प्राप्त गर्नेपर्ने प्रावधान रोखेको देखिन्छ तर वर्ष प्रणालीमा न्यूनतम ४५% अङ्क प्राप्त गर्नुपर्ने व्यवस्था देखिन्छ । वर्ष प्रणालीमा विशिष्ट, प्रथम र द्वितीय गरी तीनओटा मात्र श्रेणी रहेकामा सत्र प्रणालीमा A, $A^-$, $B^{\pm}$, $B^-$, $C^{\pm}$, $C^-$ जस्ता विभिन्न श्रेणी निर्धारण गरेको देखिन्छ र यसका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको विद्यापरिषद्‌ले निर्धारण गरेको प्रावधानलाई पछ्याउने उल्लेख गरको देखिन्छ । यसरी श्रेणाी निर्धारणमा पनि वर्ष प्रणाली र सत्र प्रणालीका पाठ्यक्रमका बिचमा निकै भिन्नता रहेको देखिन्छ ।

**निष्कर्ष**

शिक्षणविधि र मूल्याङ्कन पद्धति वर्ष प्रणाली र सत्र प्रणालीको पाठ्यक्रमका बिचमा भिन्नता छुट्ट्याउने मुख्य आधार हुन् । शिक्षणकेन्द्री शिक्षणविधिका अपेक्षा विद्यार्थीकेन्द्री र समस्याकेन्द्री शिक्षणविधिको प्रयोगबाट नै वर्ष प्रणाली वा सत्र प्रणालीको पाठ्यक्रम छुट्टिन्छ । मानविकी स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रममा पनि त्यसको प्रत्यक्ष झलक देखिन्छ । वर्ष प्रणालीको सबैभन्दा पछिल्लो पाठ्यक्रममा शिक्षणविधिको उल्लेख नै नगरिएकाले पाठ्यक्रमका आधारभूत शर्तलाई यस पाठ्यक्रमले पूरा गरेको देखिँदैन । यस पाठ्यक्रममा समावेश गरिएका पाठ्यांशअनुसारका पाठ्यवस्तु शिक्षकले कसरी अध्यापन गराउने भन्ने कुरामा कुनै निर्देशन दिएको देखिँदैन । त्यसैले यस पाठ्यक्रमको निर्माणमा विज्ञहरूले लापर्बाही वा बेहोसियारी देखाएको पाइन्छ । यसका तुलनामा सत्र प्रणालीको पाठ्यक्रममा त्यसको व्यवस्थित उल्लेख गरिएको देखिन्छ । सत्र प्रणालीको पाठ्यक्रममा साधारण र विशिष्ट शिक्षणविधिको व्यवस्था गरिएको छ । यस पाठ्यक्रमले ताराङ्कन नगरिएका पाठ्यवस्तुको शिक्षणमा साधारण शिक्षणविधि (व्याख्यान, छलफल, प्रश्नोत्तर, गृहकार्य, कक्षाकार्य, परियोजना कार्य आदि शिक्षणसिकाइ कार्यकलाप) सञ्चालन गर्न निर्देश गरेको छ भने ताराङ्कन गरिएका पाठ्यवस्तुमा विशिष्ट शिक्षणविधि (व्यक्तिगत र समूहगत अध्ययनपत्र लेखन, समूहकार्य र कक्षाप्रस्तुति, परियोजना कार्य र कक्षाप्रस्तुति, छलफल र प्रस्तुति, द्वितीय स्रोतसामग्रीमा आधारित अध्ययनपत्र लेखन आदि प्रायोगिक कार्यकलाप) सञ्चालन गरी विद्यार्थीको ज्ञान, सिप र

दक्षताको अभिवृद्धि गर्न निर्देश गरेको छ । वर्ष प्रणालीको पाठ्यक्रमका तुलनामा सत्र प्रणालीको पाठ्यक्रममा मूल्याङ्कन प्रक्रियाको निकै व्यवस्थित, पद्धतिपूर्ण र प्रक्रियापूर्ण विधि निर्धारण गरिएको देखिन्छ । वर्ष प्रणालीको स्वभावअनुसार यसले वर्षमा एउटै मात्र परीक्षा सञ्चालन गर्ने प्रावधान रहेको देखिन्छ भने सत्र प्रणालीको प्रावधानअनुसार एउटा सत्रमा आन्तरिक तथा सत्रान्त दुवै गरी अनेक पटक सैद्धान्तिक एवं प्रायोगिक प्रकारका परीक्षाहरू नियमित रूपमा भइरहने व्यवस्था रहेको देखिन्छ । सत्र प्रणालीले निरन्तर मूल्याङ्कन प्रणालीको अवधारणाअनुरूप पाठ्यक्रम निर्माण गरी त्यसको मूल्याङ्कन प्रक्रिया पनि निर्धारण गरेको देखिन्छ भने यसका तुलनामा वर्ष प्रणालीको पाठ्यक्रम परम्परागत र कमजोर देखिन्छ । समग्रमा शिक्षणविधि र मूल्याङ्कन पद्धतिका आधारमा वर्ष प्रणालीको पाठ्यक्रमभन्दा सत्र प्रणालीको पाठ्यक्रम बढी व्यवस्थित, वैज्ञानिक र व्यवहारोपयोगी देखिन्छ ।

**सन्दर्भग्रन्थसूची**


अधिकारी, बालाकृष्ण (२०७३, असोज १७). *सेमेस्टर प्रणालीको पाठ्यक्रम निर्माणका आधार र प्रयोग पक्ष.* त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्रद्वारा आयोजित दुई दिने अन्तर्क्रियात्मक कार्यशाला गोष्ठीको कार्यक्रम प्रतिवेदन ।

अधिकारी, हेमाङ्गराज (२०६७). *नेपाली भाषाशिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

निबन्ध र समालोचनाको परिचयका सन्दर्भमा निबन्धात्मक समालोचना र समालोचनात्मक निबन्धका सम्बन्धमा पनि चर्चा गर्न आवश्यक देखिन्छ। नेपालीमा निबन्ध र समालोचना दुवैका विशेषताले युक्त लेखनलाई नैबन्धिक समालोचना वा निबन्धात्मक समालोचना भन्ने गरिए पनि निबन्धगत र समालोचनागत विशेषताको मात्राका आधारमा छुट्ट्याउँदा निबन्धतत्त्व धेरै रहेको लेखनलाई समालोचनात्मक निबन्ध र समालोचनाका विशेषता धेरै भएको लेखनलाई निबन्धात्मक समालोचना भन्न उपयुक्त हुन्छ। यी दुवै प्रकारका लेखनमा सिर्जनात्मक लेखनमा पाइने भाषिक विशिष्टता एवं समालोचनात्मक लेखनमा पाइने विवेचनात्मकताजस्ता विशेषता पाइन्छन् (पौड्याल, २०७८, पृ.७) तर तिनको मात्रा भने फरक रहेको हुन्छ। समालोचनात्मक निबन्धमा निबन्धको मात्रा बढी रहेको हुन्छ भने निबन्धात्मक समालोचनामा समालोचनाको मात्रा अधिक रहेको हुन्छ। यिनका बिच उद्देश्यमा पनि भिन्नता रहेको हुन्छ। उदाहरणका लागि निबन्धका शैलीमा लेखिए पनि समालोचना गर्ने उद्देश्य राखिएकाले लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा* नामक कृतिभित्रका लेखहरू निबन्धात्मक समालोचना हुन् भने लक्ष्मी निबन्धसङ्ग्रहभित्रका साहित्यकारसम्बन्धी निबन्धहरू समालोचनात्मक निबन्ध हुन् (पौड्याल, २०७८, पृ.७)। यी दुवै प्रकारका लेखनमा निबन्ध र समालोचनाका विशेषता पाइने भए पनि निबन्धात्मक समालोचनामा समालोचनाका विशेषता बढी पाइने र उद्देश्य पनि समालोचना गर्ने रहेको हुँदा निबन्धात्मक समालोचना निसमालोचनाका निकटको लेखन मानिन्छ। यही लेखन निसमालोचनाका तत्त्व र प्रवृत्तिगत विशेषताले युक्त भएमा स्वतः निसमालोचना बन्दछ।

**निसमालोचनाको अर्थ र स्वरूप**

निसमालोचना स्थापित सिद्धान्त नभई समालोचना गर्ने पद्धतिसम्बन्धी नवमान्यता हो। आजभन्दा धेरै दशकअघिदेखि नै निसमालोचनाको स्वरूपसँग मिल्ने लेखनको थालनी भएको पाइए पनि तिनलाई निसमालोचना नै भनिएको पाइँदैन र यसको स्वरूपबारे स्पष्ट रूपमा उल्लेख गरिएको पनि देखिँदैन। निसमालोचनासम्बन्धी सैद्धान्तिक अवधारणा भर्खर स्थापित हुँदै छ।

निसमालोचना समालोचनाका अगाडि नि लागेर बनेको शब्द हो। विशेष प्रकारले भन्ने अर्थ जनाउने 'नि' संस्कृतको उपसर्ग हो तापनि यहाँ 'नि'लाई निबन्धको सङ्क्षिप्त रूपका अर्थमा लिइएको छ। यसलाई विशेष प्रकार भन्ने अर्थमा पनि

लिन सकिन्छ । निबन्धको संङ्क्षिप्त रूपका अर्थमा लिँदा जसरी यात्रामा 'नि' लागेर नियात्रा र वार्तामा 'नि' लागेर निवार्ता बनेको हो त्यसरी नै निसमालोचना पनि समालोचनामा 'नि' लागेर बनेको हो । यसले निबन्धात्मक समालोचना भन्ने अर्थ दिन्छ । समालोचनामा 'नि' उपसर्ग लगाउँदा पनि निसमालोचना शब्द बन्दछ तर यस शब्दले निबन्धात्मक समालोचना भन्ने अर्थ नबुझाएर विशेष प्रकारको समालोचना भन्ने अर्थ बुझाउँछ । यहाँ विशेष प्रकार भन्नाले निश्चित ढाँचा अवलम्बन गरी वस्तुपरक रूपमा लेखिने परम्परागत समालोचनाभन्दा भिन्न प्रकारको समालोचना भन्ने अर्थ बुझ्नुपर्दछ । यो पूर्ण रूपमा निबन्धजस्तो हुँदैन र वस्तुगत रूपमा लेखिने समालोचनाजस्तो मात्र पनि हुँदैन । यो सिर्जनात्मक प्रकृतिको हुन्छ । यसलाई निबन्धात्मक समालोचना, समालोचनामूलक निबन्ध, नैबन्धिक समालोचना वा यस्तै अन्य कुनै संज्ञा दिनभन्दा एउटै शब्द निसमालोचना भन्न उपयुक्त भएकाले यो नाम दिइएको हो । यसको भाषाशैली निबन्धको जस्तो र उद्देश्य समालोचना गर्ने भएका कारण यसलाई निसमालोचनाको संज्ञा दिनु उपयुक्त हुने देखिन्छ । यसको स्वरूपका सम्बन्धमा बुझ्नका लागि तत्त्व र विशेषताबारे पनि चर्चा गर्न आवश्यक देखिएकाले तल तिनको उल्लेख गरिएको छ ।

**निसमालोचनाका तत्त्व**

निसमालोचना समालोचनाको नयाँ शैलीमा आधारित पद्धति भएकाले यसका आवश्यक तत्त्व पनि मौलिक किसिमका छन् । शब्द सुन्दा पुरानै भए पनि तिनको प्रयोगमा नवीनता पाइन्छ । यसको स्वरूपसंरचना मौलिक भएका कारण तत्त्वमा पनि नवीनता हुनु स्वाभाविक मानिन्छ । सूक्ष्म किसिमले हेर्दा यसका तत्त्व वा संरचक घटक धेरै देखिन सक्ने भए पनि मुख्य घटकका रूपमा शीर्षक, भाषाशैली र उद्देश्य गरी तीनवटा रहेका छन् । यहाँ तिनका बारेमा छोटकरीमा चर्चा गरिन्छ ।

'शीर्षक' साहित्यका सबैजसो विधाको अनिवार्य तत्त्व मानिन्छ । हुन ता तीन हरफे हाइकु, चार हरफे मुक्तक, आठदस हरफमा संरचित गजल आदि विधाका फुटकर रचनामा शीर्षक नराख्ने गरेको पाइन्छ तापनि अन्य विधाका रचनाका लागि शीर्षकयोजना अनिवार्य ठानिन्छ । सङ्ग्रहका रूपमा आउँदा भने शीर्षक नराखिने उपर्युल्लिखित विधाका कृतिमा पनि शीर्षक अनिवार्य नै ठानिन्छ । निसमालोचनाको शीर्षक यस्तो नै हुनुपर्दछ भन्ने कुनै कठोर नियम छैन तथापि समालोचना गरिने विषयक्षेत्र वा पक्षसँग सम्बन्धित हुनुपर्दछ । यसको शीर्षक समालोचनाको जस्तै अभिधामूलक हुन सक्दछ तापनि निबन्धको जस्तो आलङ्कारिक वा प्रतीकात्मक अथवा व्यङ्ग्यात्मक हुनु राम्रो हुन्छ । दृष्टान्तका लागि भूपी शेरचनको "यो हल्लै हल्लाको देश हो" शीर्षकको कविताको समालोचना गर्दा "अझै हल्लाले छोडेको छैन भूपी" वा "हल्लामा बाँचेको देश" अथवा यस्तै अन्य शीर्षक राख्न सकिन्छ । शीर्षक जस्तोसुकै राखे पनि त्यो छोटो, निबन्धको जस्तै आकर्षक र आलङ्कारिक हुनु राम्रो मानिन्छ ।

निसमालोचनाको भाषाशैली पनि शीर्षकजस्तै रोचक हुनुपर्दछ । साहित्यमा भाषा र शैली जुनसुकै विधाका लागि आवश्यक मात्र मानिँदैनन् अनिवार्य नै ठानिन्छन् । त्यसमा पनि निसमालोचना निबन्ध र समालोचना दुवैका विशेषताले युक्त भएका कारण अझ महत्त्वपूर्ण ठानिन्छ । कृतिका गुणदोषलाई निबन्धको भाषाशैलीका माध्यमले प्रस्तुत गरिने हुँदा अन्य विधाको भन्दा निसमालोचनाको भाषाशैली फरक हुनु स्वाभाविक र अनिवार्य छ । यसमा आलङ्कारिक भइकन पनि सरल भाषा चयन, एकाधिक दृष्टिबिन्दुको प्रयोग, निबन्धको जस्तै संवादात्मक, आख्यानात्मक, पत्रात्मक, व्यङ्ग्यात्मक, एकालापीय आदि किसिमको शैली, पदक्रम विचलनयुक्त भाषा, आत्मपरकता इत्यादि भाषाशैलीसँग सम्बन्धित कुरामा विशेष ध्यान दिनुपर्दछ ।

यसको तेस्रो तत्त्व उद्देश्य हो । समालोचनाको उद्देश्य गृहीत कृति, व्यक्ति वा विषयका सबल र दुर्बल पक्षको निरूपण गरी पक्षपातरहित किसिमले मूल्यनिर्णय प्रस्तुत गर्नु हो (त्रिपाठी, २०६६, पृ.३१-३४) । निसमालोचना सिर्जनात्मक

ढाँचाको लेखन भए पनि मूलतः समालोचना नै भएकाले यसको ध्येय पनि तटस्थ रूपमा विश्लेषण गर्नु हो । सङ्क्षेपमा भन्दा निसमालोचनाको उद्देश्य एकातर्फ कृति वा विषयको तटस्थ रूपमा विश्लेषण गर्नु हो भने अर्कातर्फ समालोचना पढ्दा पाठकलाई सिर्जनात्मक रचना पढेको अनुभूति दिनु हो । परम्परित समालोचनाबाट विमुख हुन लागेका पाठकलाई समालोचनातर्फ आकर्षित गराउनु र समालोचकहरूलाई पनि आफ्नो अनुभूतिसहित आआफ्नै शैलीमा समालोचना गर्न सकिन्छ भनी यसको क्षेत्र विस्तार गरेर देखाउनु हो । अतः निसमालोचनाले लेखक र पाठकलाई निकट तुल्याउने उद्देश्य राखेको हुन्छ ।

**निसमालोचनाका प्रवृत्तिगत विशेषता**

विशेषता भनेको कुनै पनि व्यक्ति वा वस्तुको परिचयात्मक अभिलक्षण हो । निसमालोचनाको लेखनशैली निबन्धको जस्तो हुने र उद्देश्य समालोचना गर्ने भएका कारण यसका केही विशेषता निबन्धसँग र केही समालोचनासँग मिल्दछन् । खासमा यो स्थापित दुई विधाका योगबाट बनेको नयाँ विधा भएका कारण यसका केही विशेषता मौलिक प्रकृतिका छन् । यसका खास खास विशेषता निम्नलिखित सातवटा छन्ः

क) समालोचकीयता

निसमालोचना भन्ने नामले नै यसलाई समालोचनाको एक प्रकार भन्ने बुझाएको छ । यो समालोचना भए पनि निबन्धका निकटको रचना भएकाले निबन्धात्मक विशेषताले युक्त हुन्छ । मूलतः यो समालोचना भएकाले यसले कृति, व्यक्ति, सिद्धान्त, प्रवृत्ति आदि कलापक्षसँग सम्बन्धित व्यापक विषयक्षेत्रको समालोचना गर्दछ । यसले साहित्यिक कृतिको विश्लेषण गर्दा पूर्वीय तथा पाश्चात्य कुनै वाद वा प्रणाली अवलम्बन गर्न पनि सक्दछ र विधातत्त्वलाई आधार बनाउन पनि सक्दछ । जुन विषयको समालोचना गरे पनि र जुन आधारमा गरे पनि यसले समालोचकीय धर्म पालना गर्दछ । यसले लेखनको शैली आत्मपरक भए पनि तथ्यपरकतालाई छोड्दैन ।

ख) निबन्धात्मकता

निसमालोचनाको खास विशषेता भनेको नै निबन्धात्मकता हो । यही गुणले समालोचनालाई सिर्जनात्मक रचनाका नजिक पुऱ्याउँछ र पाठकलाई निरस समालोचना होइन, सरस सिर्जना पढेको अनुभूति दिलाउँछ । निबन्धका ढाँचामा लेखिने समालोचना भएको हुँदा यो नवीन अर्थात् मौलिक स्वरूपको हुन्छ । परम्परित समालोचनामा जस्तो यसमा विषयपरिचय, पृष्ठभूमि, निष्कर्ष आदि शीर्षक रहँदैनन् । निबन्धमा जस्तै यसमा विषयको उठान जसरी पनि गर्न सकिन्छ । यसको लेखनढाँचा पत्रात्मक, संवादात्मक आदि जुनसुकै प्रकारको हुन सक्दछ । मपात्रकै अनुभव र अनुभूतिमा आधारित भएर लेखिने यो समालोचना सिर्जनाधर्मी समालोचना हो । यही निबन्धात्मक विशेषताले गर्दा नै यसको नाम निसमालोचना रहेको हो ।

ग) तुलनात्मकता

तुलना निसमालोचनाको एउटा विशेषता हो । हुन ता नेपाली साहित्यका क्षेत्रमा तारानाथ शर्माका निबन्ध एवं समालोचना र रामकृष्ण शर्माका समालोचनामा तुलना गरी विषयलाई रोचक बनाइएको पाइन्छ तर त्यो व्यक्तिको इच्छामा भर पर्ने कुरा हो । निबन्ध र परम्परित समालोचनामा यसको अनिवार्य आवश्यकता पर्दैन । निसमालोचनामा भने प्रामाणिक र रोचक बनाउन तुलनाको पनि आवश्यकता पर्दछ । निसमालोचनामा विवेच्य कृति वा स्रष्टाका विशेषता वा कमजोरीलाई मिल्दो अन्य विषयसन्दर्भसँग तुलना गरी प्रभावकारी रूपमा प्रस्तुत गरिन्छ । "तुलना गर्दा विषय, शैली, प्रवृत्ति आदि कुनै एक वा बहुपक्षको गर्न सकिन्छ" (पौड्याल, २०७८, पृ.१३) । यसबाट कृति वा स्रष्टाको स्तरीयता मापन गर्न सहयोग पुग्दछ ।

खास खास सन्दर्भमा तुलना गर्दा निसमालोचना आकर्षक बन्दछ भने यसको अत्यधिक प्रयोगले रचनाको सुन्दरतामा बाधा पुऱ्याउँछ। अतः तुलना गर्दा औचित्य, प्रासङ्गिकता र रोचकतामा ध्यान दिन आवश्यक छ।

घ) सन्दर्भस्रोतको उल्लेख

लेखनशैली निबन्धको भए पनि निसमालोचना समालोचनाकै एक प्रकार भएको हुँदा यसमा कुनै मान्यताको खण्डन-मण्डन गरी आफ्नो भनाइलाई पुष्टि गर्नका लागि सन्दर्भसामग्री प्रयोग गरिन्छ र त्यसको स्रोत पनि खुलाइन्छ। सन्दर्भको उल्लेख प्रत्यक्ष वा परोक्ष दुवै किसिमले गर्न सकिन्छ। स्रोतसन्दर्भ उल्लेख गर्दा कुन पद्धति अवलम्बन गर्ने भन्ने कुरा लेखकको इच्छामा भर पर्दछ। निबन्धात्मक शैलीको लेखन भए पनि यसमा सन्दर्भ उल्लेख गरेका सामग्रीको विवरण सन्दर्भग्रन्थसूचीमा उल्लेख गरी आधिकारिकता दिइन्छ।

ङ) व्यङ्ग्यात्मकता

मुख्यतः समालोचना व्यङ्ग्यात्मक विधा होइन। खासमा व्यङ्ग्य निबन्धको एक शैली हो। निसमालोचना निबन्ध र समालोचना दुवैका विशेषताले युक्त रचना भएका कारण यसमा व्यङ्ग्य रहन्छ। यसले लेखाइलाई आकर्षक वा प्रभावकारी बनाउन मद्दत गर्दछ। निबन्धमा प्रायः व्यङ्ग्यसँगै हास्यको पनि उपस्थिति रहेको पाइन्छ भने निसमालोचनामा मुख्यतः व्यङ्ग्यको महत्त्व हुन्छ। यसमा प्रयुक्त व्यङ्ग्य ठाडो वा व्यक्तिलाई घोचपेच गर्ने किसिमको नभई व्यञ्जनात्मक वा आलङ्कारिक हुन्छ।

च) अनौपचारिक शैली

निसमालोचना अनौपचारिक शैलीमा लेखिन्छ। यहाँ "अनौपचारिकताले एकातिर निश्चित शैली वा एकै किसिमको ढाँचामा बाँधिएर लेखिने वस्तुपरक समालोचनालेखनका विपरीततालाई बुझाउँछ भने अर्कातिर सोझो रूपमा वर्णन गरिने भाषा वा अभिधाप्रधान प्रबन्धलेखनका विपरीततालाई बुझाउँछ" (पौड्याल, २०७८, पृ.१५)। यसको थालनीदेखि अन्त्यसम्म यस्तै हुनुपर्दछ भन्ने निश्चित ढाँचा हुँदैन। लेखकले आफ्नो रुचिअनुसार आफूलाई उपस्थित गराएर वा नगराएर विषयलाई जसरी पनि विश्लेषण गर्न सक्दछ। यसमा अन्य पुरुषको प्रयोग गरिए पनि म-हामीका रूपमा प्रथप पुरुषले पनि उत्तिकै स्थान पाउन सक्दछ। यसमा समालोचनामा जस्तो उनी, तिनी, छन् आदि सामान्य आदर बुझाउने शब्दका साथै वहाँ, हजुर, लेख्नुहुन्छ आदि उच्च आदर बुझाउने शब्दको पनि प्रयोग गर्न सकिन्छ। यही अनौपचारिक शैलीका कारण निसमालोचनामा निबन्धका विशेषता समाहित भएका हुन्छन् र समालोचनाले परम्परित ढाँचाबाट छुट्टिई सिर्जनात्मक स्वरूप प्राप्त गरेको हुन्छ। निसमालोचना सिर्जनाको अनुवर्ती मात्र नभई सिर्जनात्मक पनि हुन्छ।

छ) सरलता, सरसता र रोचकता

समालोचना बढी ढाँचाबद्ध भयो, बढी प्राध्यापकीय वा जटिल भयो, व्यक्तिगत गन्थनले भरिएका कारण समालोचना समालोचनाजस्तै भएन आदि किसिमका अभिव्यक्ति सुनिने गरेका सन्दर्भमा निसमालोचनाको अवधारणा ल्याइएकाले स्वतः नै यो लेखिँदै आइएको समालोचनाभन्दा बढी सरल, सरस र रोचक हुन आवश्यक छ। तसर्थ यसमा प्रयोग गरिने भाषाशैली सरल हुन आवश्यक छ। सरल शब्दावलीको थुप्रो लगाएर मात्र कुनै पनि रचना सुन्दर हुँदैन, विषयभावअनुसार उपयुक्त र रोचक पनि हुन आवश्यक छ। यस कुरालाई दृष्टिगत गरी निसमालोचनामा सरल भाषाशैलीको प्रयोग गरिन्छ। निसमालोचनामा पाठकले लेखनकलाबाट सिर्जनाका तहको आनन्द लिन सकुन् र आनन्द लिँदालिँदै विश्लेषित सामग्रीको सार सजिलैसँग ग्रहण गर्न सकुन् भन्ने अपेक्षा गरिने हुँदा यसको भाषाशैली सरल, सरस र रोचक हुन आवश्यक छ।

अन्तर्वार्ता, सम्बोधन, एकालाप, व्यङ्ग्य आदि फरक फरक शैलीमा लेख्न सकिने हुँदा निसमालोचना निश्चित ढाँचामा लेखिने परम्परित समालोचनाभन्दा स्वतः रोचक हुन्छ ।

यिनै विशेषताका कारण निसमालोचना समालोचक र सामान्य पाठकका लागि पनि कविता, कथा आदि सिर्जनात्मक विधाजस्तै रुचिको विषय हुने अपेक्षा गरिएको छ । करिब निसमालोचाकै ढाँचाका रचना वा लेख लक्ष्मीप्रसाद देवकोटा, तारानाथ शर्मा आदि स्रष्टाबाट लेखिँदै आएका देखिन्छन् र तिनका रचना रुचिका साथ पढिएका पाइन्छन् । यसबाट पनि आगामी दिनमा निसमालोचनाप्रति आकर्षण बढ्दै जाने देखिन्छ ।

**निसमालोचनाको प्रायोगिक ढाँचा**

निसमालोचना अन्तर्वार्तात्मक, चिठीपत्रात्मक, संस्मरणात्मक आदि फरक फरक ढाँचा अवलम्बन गरेर लेख्न सकिन्छ । यहाँ देवकोटालाई तिमी भनी सम्बोधन गरेर थालनी गरिएको छ र उनको *मुनामदन* खण्डकाव्यको समालोचना गरिएको छ । कृतिको समालोचनाका क्रममा भने मदनपात्रलाई तिमी भनी सम्बोधन गरिएको छ र उनैका केन्द्रीयतामा विषयवस्तु अध्ययन गरिएको छ । समालोचना गर्दा कृतिका विविध पक्षको उद्घाटन गर्न सकिने भए पनि यहाँ सहरमा बस्ने निम्नवर्गीय पात्र मुना र मदनको वियोगजन्य अवस्थालाई आधार बनाई गरिबको नियति आज पनि उस्तै रहेको छ भन्ने कुरा जनाइएको छ । यससँगै वर्तमान परिवेशमा देखिएका विसङ्गत पक्षको पनि प्रसङ्ग जोडिएर आएको छ । कुनै पनि सिर्जनाको शीर्षक बिचमा राख्ने चलन भएकाले यहाँ पनि बायाँपट्टि नराखी यसरी बिचमा नै राखिएको छ :

**अझै जिउँदो छ मुना र मदनको नियति**

महाकवि !

तिम्रो उचाइ थप्नका लागि भीमकाय *शाकुन्तल*को अवश्य ठुलो भूमिका छ । *सुलोचना* र *कुञ्जिनी*ले पनि सघाएका छन् । *सावित्री सत्यवान्* र *चम्पा*हरूको सहयोग पनि अविस्मरणीय रहेको छ । त्यसो त तिमीलाई *भिखारी*हरूले पनि सघाएकै हुन्, गुन नबिर्सनू । सबैको सहयोग छ तापनि तिमीलाई हरेकका मन मनमा बसाउन र शिखरमा पुऱ्याउनमा सबभन्दा ठुलो हात तिम्रा उही परम हितैषी मुना र मदनको छ । उनीहरूको आफ्नो जीवन सुखद रहेन तर तिम्रो नाम चम्काउन उनीहरूले कुनै कसर बाँकी राखेनन् । तिम्रो यस विचारदृष्टिलाई उनीहरूले कार्यान्वयन गरेर देखाइदिए :

के हो अहो ! अमृत त्यो सुरदेव पान ?
सच्चा कमाइ गरिखानु भनेर जान ।
खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?
आफू मिटाइ अरूलाई दिनू जहाँ छ ।
(*भिखारी*, 'प्रश्नोत्तर' पृ.२२)

हो, तिमीले भनेजस्तो उनीहरूले न आत्मिक सुख पाए न भौतिक तर आफू मेटिए पनि तिमीलाई त बँचाए नि । भानुभक्त आचार्यलाई मोतीराम भट्टले जस्तै तिमीलाई मुना र मदनले परिचित मात्र गराएनन्, उचाइ पनि थपिदिए । सायद यस कुरामा तिम्रो पनि विश्वास र सहमति छ, नत्र किन भन्थ्यौ-"मेरा सबै कृति जलाइदिनू, 'मुनामदन' मात्र रहिरहोस्" (देवकोटा, २०५८, पृ.३९२) । यसरी लेखकलाई आफ्नो लेखनप्रति विश्वास हुनु भनेको पाठकप्रतिको न्याय पनि हो । उनीहरूको योगदान केवल तिमीलाई माथि उठाउनमा मात्र सीमित छैन, नेपाली साहित्यको एउटा धारा (स्वच्छन्दतावादी) प्रवर्तन गर्नमा पनि छ (अवस्थी, २०६८, पृ.१०) । खोज्ने हो भने अरू पनि भेटिन्छन् उनीहरूका विशेषता ।

आज यस संसारमा न तिम्रो भौतिक शरीर छ, न मुना र मदनको तर तिम्रो कार्यपरिणति एवम् मुना र मदनले तिमीप्रति लगाएको गुनका कारण तिमी पनि अमर छौ अनि छन् मुना र मदन (यसपछि दुवैलाई बुझाउन मुनामदन भनिने) पनि । तिमीलाई धेरै जनाले धेरै धेरै सम्झिरहेका छन् परन्तु मुनामदनलाई अरूहरूले कम सम्झेका हुँदा आज म उनैलाई सम्झिरहेको छु ।

मदन !

तिमीले पारिवारिक दायित्वबोधका कारण जुन किसिमको दुःख पायौ, त्यसका लागि हृदयतः सहानुभूति प्रकट गर्दछु । मुना र आमासहित तीन जनाको छोटो परिवार भए पनि र राजधानी निवासी भए पनि तिम्रो दैनिकी ठिकसँग चल्न सकिरहेको थिएन । राजधानी भनेर मात्र हुँदो रहेनछ । त्यहाँ त आकाश छुने महलका मालिक पनि हुँदा रहेछन् र अति विपन्न सर्वहारा पनि हुँदा रहेछन् । धेरै खाएर हजम गर्नका लागि पाचक खाने पनि हुँदा रहेछन्, खानै नपाएर जीवनदेखि हरेस खाने पनि हुँदा रहेछन् अनि नबाँच्नका लागि कोसिस गर्नेहरू पनि हुँदा रहेछन् । त्यसो त गाउँघरमा पनि पैसा सितिमिति प्रवेश गर्दैन । दाउरा प्रशस्त पाइने भए पनि हतपत्ती चुलो बल्न मान्दैन । सायद सम महोदयले यही देखेर लेखेका होलान्- *चिसो चूह्लो* । गाउँघरमा ओबानाभन्दा चिसा चुला धेरै भेटिन्छन् ।

तिमीलाई चुलो तताउन मन लाग्यो । तीन बिस हिउँद खाएकी आमाको धारा तथा पाटीपौवा बनाउने इरादा पूरा गर्न र उनलाई मिठोचोखो खुवाउन मन लाग्यो । मुनालाई पनि सुनका गहना लगाइदिने मन भयो । साहुको ऋण तिरेर सुखसन्तोषका साथ जीवन बिताउने रहर जाग्यो । यसरी सबै जनाको रहर पूरा गर्नका लागि तिम्रो मन धनमा अड्केको रहेछ र त तिमीले मुनाको यस अनुरोधलाई स्वीकार गरेका रहेनछौ :

हातका मैला सुनका थैला के गर्नु धनले ?  
साग र सिस्नु खाएको वेश आनन्दी मनले ! (*मुनामदन*, पृ.२)

बिचरा ! न मुनाको अनुरोध गलत थियो न तिम्रो अठोट । यो हामी तमाम निम्नवर्गका नेपाली दाजुभाइ र दिदीबहिनीहरूको नियति हो । यो आज (*मुनामदन* प्रकाशनवर्ष) देखिको समस्या होइन, धेरै अघिदेखि हामीले भोग्दै आएको समस्या हो । नवविवाहिता श्रीमतीलाई छोडेर रणमैदानका लागि वा कालापहाडमा कठिन परिश्रमका लागि प्रस्थान गर्दाको पीडा अचानोबाहेक अरूलाई के थाहा ! सासको आसमा अनिश्चित भविष्यसम्म प्रतीक्षामा बस्छु भनी मुक स्वीकृति दिनुपर्दाको वेदना खुकुरीलाई के थाहा !

धन नै कमाउनुपर्दछ भन्ने छैन, साग-सिस्नो खाएर भए पनि आनन्दसँग सँगै बसौँ भन्ने मुनाको आदर्शवचन नराम्रो होइन तर आजको समाजमा धन सबथोक नभए पनि केही न केही अवश्य हो । "छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी" भन्ने उखान त्यसै बनेको होइन । यसमा समाजको वास्तविकता प्रतिबिम्बित छ । तिमीमा पढाइको योग्यता कति थियो थाहा भएन तर व्यवहारको योग्यताभने पूर्ण रहेछ । यसैले तिमीले आजको सुख त्यागेर भोलिका लागि भोट जाने निधो गरी मुनासँग भनेका थियौ :

उचालिहालेँ पयर ऐले इच्छाले उठायो ।  
ईश्वरमाथि मुटु छ साथी जङ्घार तरूँला  
असल गर्दा झन् बिघ्न परे बाटैमा मरूँला ।  
पृथिवीपारि स्वर्गमा फेरि हे प्यारी भेटौँला । (पृ.३)

कुनै पनि काम गर्दा दोमनले गर्न हुँदैन । सफलता प्राप्त गरिछाड्छु भन्ने व्यक्तिमा एकलव्यको जस्तो मनमा विश्वास र अठोट पनि हुनुपर्दछ । गीतामा कृष्णले अर्जुनलाई भनेका थिए कि अर्जुन अब दोमन नगरी हतियार उठाऊ, विजय भए

पृथ्वीको राज्य भोग गर, मृत्यु भए स्वर्गलोक प्राप्त हुनेछ ( श्रीमद्भगवद्गीता, २/३७) । तिमीले पनि यही सोचेर मरिएछभने बरु पृथ्वीपारि भेटौँला तर आँटेपछि नगई छोड्दिन भनेका थियौ । तिम्रो यस निर्णयलाई म सलाम गर्छु । तिमी त कम्तिमा पनि यस धनयात्रामा स्वतन्त्र थियौ । हाम्रा कैयौँ दाजुभाइहरू रणमैदानमा जाँदा पनि यसरी नै आत्मबल बोकेर जानेगरेका थिए र त्यो क्रम आज पनि जारी छ । यसरी हातमुख जोर्नका लागि वा केही गर्नका लागि उत्तरतिर वा दक्षिणतिर पस्नुपर्ने नेपालीहरूको बाध्यात्मक चलन दुईअढाइ शताब्दीपूर्वदेखि चलिरहेकै छ। अन्ततः हाम्रा मुनाहरू “सवारी हवस् अँध्यारो पारी घर र शहरमा” (पृ.३) भन्न विवश छन् ।

ल्हासा जानु त्यो पनि श्रम-व्यापारका लागि । यो सामान्य कुरा थिएन । बाटो र मौसम उस्तै कठिन । छसात महिनासम्म नफर्किँदा घरमा मुना र आमा चिन्तित भए पनि तिमीभने उता कमाइधमाइमा भुलिरहेका थियौ । व्यापार फस्टाएको थियो । यसैबिच एक जना धनी लामालाई तिमीले घरेलु उपचार गरी ठिक बनाइदिएपछि उसले तिमीलाई सोचेभन्दा धेरै धनदौलत दिएको थियो । त्यसपछि तिमी धनदौलत (सुन, कस्तूरी आदि) लिई प्रफुल्ल भएर साथीहरूसँग घर फर्किँदै थियौ । त्यतिबेला तिम्रो मन धेरै फुलेल भएको थियो । त्यसको कुनै उपमा नै छैन ।

यसैबिच कालो बादलले पूरा आकाशै ढाक्यो । ल्हासाको आकाश मात्र ढाकेन, मुना र आमाको आकाश पनि ढाक्यो । उनीहरूको भविष्य एवं सपना नै छोपियो । आधुनिक सभ्यताको खोलभित्र लुकेको सुकुलगुन्डाले मदन मरेको भन्ने नक्कली चिठी पठाएर मुनाको घर, मन र तन सबै बर्बाद गऱ्यो भने उता प्राकृतिक प्रकोप हैजाले तिमीलाई बिचबाटामै जङ्गलभित्र इन्तु न चिन्तु बनाई लडायो । तिमीले साथीहरूसँग सहयोगको याचना नगरेका होइनौ :

यो घाँटी सुक्यो, यो छाती पोल्यो, यो आँसु पुछन  
अझ छ सास, अझ छ आस, यो दर्द बुझन ।  
आशिष देलिन्, ती बूढी आमा, मलाई बचाओ  
मानिसको आँसु, मानिसले पुछ्नु, सबैको धर्म हो । (पृ.१९)

तर उनीहरूमा कलियुग प्रवेश गरिसकेकाले सुनेनन् । वर्ग उही भए पनि हावा सहरको लागेको थियो । हामीले भन्दा धेरै कमायो भन्ने कतै ईर्ष्या पनि हुँदो हो उनीहरूका अन्तस्तलमा । उनीहरूले होमा हो मिलाउँदै भने :

के गर्छौ भाइ ! टाढाको घर बाटाको जङ्गल  
यो हैजा हाम्ले कुऱ्हेर बसे हुँदैन मङ्गल । (पृ.१९)

सहरका अपेक्षा गाउँघरमा मानिसजस्तै मानिस धेरै भेटिन्छन्, मानवता भेटिन्छ, मानवधर्म भेटिन्छ । गाउँमा लोभ राख्ने भाँडो साँघुरो हुन्छ। स्वार्थका धन्सारभन्दा दया राख्ने भकारी ठुला भेटिन्छन् । दानवभन्दा धेरै देव भेटिन्छन् । तिमी इन्तु न चिन्तु हुँदै रात पर्न लागेका बेला आमा र मुनालाई सम्झँदै जीवनका अन्तिम घडी गनिरहेका समयमा तिनै देवताले उद्धार गरेका थिए जो न परिचित थिए, न तिम्रा साथी थिए, न छिमेकी थिए अनि उनको न जात मिल्थ्यो तिमीसँग न धर्म । उनी थिए- मानवईश्वर- भोटे । जात, धर्म, वर्ग, क्षेत्र आदि सबै सबै साँघुरा घेरादेखि माथिका सच्चा मानव । तिम्रो त्यो अवस्था सम्झँदा मलाई भूपिनको *मैदारो*का तिनै नदीनपात्रको याद आयो जो पाँच वर्षसम्म एक्लै ओडारमा बसेका थिए । सायद मानिसलाई समयले पनि पाठ सिकाउँदो रहेछ। त्यतिबेला सबै किसिमका घेराबाट माथि उठेर तिमीले उद्धारक भोटेसँग भनेका थियौ :

क्षेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन  
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन । (पृ.२०)

मैले त तिमीभन्दा पनि भोटेलाई अझ अब्बल देखेँ । तिमीले ‘मानिस जातले होइन, दिलले ठुलो हुन्छ’ भन्नुपूर्व नै

उनले स्वार्थविना तिम्रो उपचार गरेर व्यावहारिक रूपमा नै मानिस दिलले ठुलो हुन्छ भन्ने कुरा देखाइसकेका थिए। उनले सुन वा धनका लोभले तिम्रो उपचार गरेका थिएनन्। हिँड्ने बेलामा तिमीले सुन दिएर गुन तिर्न खोज्यौ र भन्यौ :

दुइटा मैला सुनका थैला वनमा गाडेको
यौटा हो तिम्रो यौटा हो मेरो गुनले बाँडेको
यो तिमी लेऊ बिदाइ देऊ म घर हिँड्दछु
यो तिम्रो गुन सधैँको सम्झी अगाडि बढ्दछु। (पृ.२९)

तिमीले प्रकट गरेको कृतज्ञता र कर्तव्य प्रशंसनीय नै छ तर तिमीलाई जुन अवस्थाबाट उद्धार गरेर भोटेले बँचाए त्यो अझै सीमातीत प्रशंसनीय छ। यो उनको महानता हो। यसरी कुनै लोभलालचको भावना नराखी स्वार्थरहित किसिमले सेवा गर्नु भनेको ठुला ठुला ठेली पढेर अरूलाई मानवाताको पाठ पढाउनु र जीवनमुक्तिका लागि धार्मिक प्रवचन दिँदै हिँड्नुभन्दा असल कर्म हो। यो सबभन्दा ठुलो धर्म हो। मानिस सहरबाट जतिजति टाढा बस्छ, उसमा त्यति त्यति मानवताको पालुवा पलाउँदै र झाङ्गीँदै जाँदो रहेछ। भोटेले हामीलाई यो पाठ सिकाए। नदीका मुहानमा बस्ने र हिमालको उज्यालो ताप्नेहरूको मन पनि नदीको मुहानजस्तै पवित्र र हिउँजस्तै कञ्चन हुन्छ भन्ने पनि देखाए। सच्चा मानवतावादीहरूले सुनलाई होइन गुनलाई महत्त्व दिँदा रहेछन्। तिम्रो प्रस्तावलाई उनले कसरी अस्वीकार गरेका थिए, याद होला नि :

..... ........के गर्छ मैले पहेँलो सुनले ?
रोपेर सुन उम्रन्न क्यार के गर्छ सुनले ?
....... ....... .....
यो केटाकेटी खाँदैन सुन लाउँदैन गहना
आकाशमाथि जहान मेरो बादल छ गहना।
........ ....... .......
..... ...... मौकाले पायो त्यो गुन लाउन
गुनको सट्टा लिँदैन हामी सम्झेर जाऊ न। (पृ.२९-३०)

समाजमा एकातर्फ यस्ता पवित्र आत्मा छन् भने अर्कातर्फ अर्काका घरमा आगो लगाएर ताप्दा आनन्द मान्ने दुरात्माहरू पनि छन्। मदन ! तिमी मरेको नक्कली चिठी पठाएर मुनाको जीवन लिने सहरको त्यो गुन्डो दुरात्माहरूको प्रतिनिधि पात्र हो। आमालाई मृत्युशय्या पुऱ्याउने पनि उही हो। म महसुस गर्छु कि तिमी हैजाबाट बाँची त्यत्रो सुनको थैलो लिएर घर पुग्दा आमा हेर्नमात्र सक्ने, बोल्न नसक्ने अवस्थामा हुनु कति पीडादायी भएहोला। मुना यस संसारमा नभएको कुरा सुनेपछि तिमीमा परेको चोटको के कुरा ! त्यसलाई जस्ताको त्यस्तै उतार्न भाषा अक्षम छ। आमासँग दोहोरो कुराकानी नभए पनि तिमीले भन्न त भन्यौ :

सुनका थैला लिएर आएँ चढाएँ पाउमा
पाटी र धारा बन्ने छ तिम्ले भनेको ठाउँमा। (पृ.३५)

तर सपना चकनाचुर भयो। न मुनाले सुनका बाला लगाउन पाइन्, न तिमीले साहुको ऋण तिरेर ढुक्कसँग जीवन व्यतीत गर्न पायौ, न आमाको इच्छा नै पूरा गर्न सक्यौ। तिमीहरू तीनै जनाले सोचाइका विपरीत जुन नियति भोग्न परेको थियो आज पनि तिमीजस्ता कैयौँ छोरा, छोरी, आमा, बा र बुहारीहरूले भोग्न परिरहेको छ। मदन ! करिब नब्बे वर्षसम्म पनि किन नफेरिएको होला हामीहरूजस्ताको जीवन ? यसको उत्तर कससँग मागौँ ? उत्तर नपाएर अन्यमनस्क भएका बेला एउटा भनाइको याद आयो। जाँ पाल सार्त्रले भनेका थिए रे : "मान्छेलाई निर्देशित गर्ने मान्छेबाहेक अरू कुनै अतिरिक्त सत्ता,

मूल्य वा आदर्श छैन, आफ्नो पथको निर्माता र आफ्नो नियतिको स्रष्टा मान्छे स्वयं आफै हो । मान्छे परिस्थितिबिच सधैँ सङ्घर्षशील छ र यही सङ्घर्षशीलता नै उसको अस्तित्वको प्रमाण पनि हो" (जोशी, २०६६, पृ.११५) । मलाई पनि लाग्दछ कि मानिसले आफू हिँड्ने बाटो आफैले खन्नुपर्दछ । हुन त ऊ अर्काले खनेको बाटो प्रयोग गर्न पनि स्वतन्त्र छ तर त्यसमा गुनासो गर्न पाइँदैन । सार्त्रका कुरा मानेर नै तिमीले आफ्नो परिवार हिँडाउने बाटो खन्न ल्हासा गएका थियौ र इमान्दार भएर काम गरी धनदौलत पनि ल्याएका थियौ तर कुन कारणले तिम्रो परिवार दुर्घटित भयो ? यो नियति पूर्वनिर्धारित थियो कि तिम्रा त्रुटिका कारण भोग्नुपरेको हो अथवा समाजका कारण यस्तो दुःखद अवस्था सिर्जना भएको हो ? यसको ठेट उत्तर मसँग छैन तर मलाई लाग्छ ती साथीहरूले नछोडेका भए, गुन्डाले नक्कली चिठी नपठाएको भए र समाजले तिम्रो परिवारको मनोविज्ञान बुझ्ने र उनीहरूको असहजता सम्बोधन गरेका भए परिवार दुर्घटित हुँदैनथ्यो । कसैलाई लाग्न सक्दछ कि मुनाको अनुरोध स्वीकार गरेका भए यो अवस्था आउँदैनथ्यो तर एक युवा (युवती पनि) घरपरिवारका तमाम समस्याको समाधान नगरी कसरी मूकदर्शक भएर बस्न सक्दछ, सक्दैन । बसेकै भए पनि यस्तो घटना नघट्ने कुनै निश्चितता थियो ? थिएन । साहु लाग्न सक्थे, कसैका पनि इच्छा पूरा गर्न नसकेकामा तिम्रै मन र जीवन पनि कसरी बित्थ्यो कुन्नि ! आर्थिक अभावका कारण सिर्जना हुने गृहकलहले कुन रूप लिन सक्थ्यो के थाहा ! यस्तो हुँदा समाजमा कुरा काट्ने कति हुन्थे होला ? यसर्थ तिमी कर्तव्यपथबाट चुकेका छैनौ । भन्नेले जेसुकै भने पनि मदन ! तिमीले समाजको एक सदस्यका हिसाबले, मानवका नाताले, सन्तानले गर्नुपर्ने कर्तव्यका दृष्टिले र पतिका सम्बन्धले जे गऱ्यौ, त्यसका लागि धन्यवाद छ । बरु दुःख कुन कुरामा छ भने तिम्रो परिवारले त्यो कष्ट भोगेको करिब नौ दशक हुन लाग्दा पनि यहाँ बा, आमा, छोरी, छोरा, बुहारी र नाति-नातिनीको अवस्थामा खासै परिवर्तन आएको छैन । बाले खेतमा हाड घोटेका छन् तर खान पुग्दैन । आमाले झन्डा लिएर भाषण गर्न जुलुस जान पाएकी छन् तर घरमा आएर भात उनैले पकाउन पर्दछ । छोराछोरीलाई आमाबाले एक छाक खाएर भए पनि पढाएका छन् तर जागिरका अभावमा दैनिक लर्को लागेर ल्हासाको चिसोमा होइन अरबको तातो बालुवा पेल्न बाध्य छन् । तिम्रो त आमाले साससम्म देखेकी थिइन् तर आजभोलि त कतिलाई लास देख्नु पनि सास देख्नुजत्तिकै हुनेगरेको छ । आजभोलि त नक्कली चिठी पठाउने झन्झट गर्दैनन्, एकैचोटि हिंस्रक व्यवहार गर्दछन् र निर्मला बनाउँछन् अनि म कसरी भनूँ, समाजमा मुना र मदनले बेहोरेको नियति आज कसैले पनि बेहोरेका छैनन् भनेर !

**निष्कर्ष**

निसमालोचना समालोचना लेखनसम्बन्धी नयाँ अवधारणा हो । सैद्धान्तिक दृष्टिले नयाँ अवधारणा भए पनि यस किसिमको लेखन धेरै अघिदेखि सुरु भएको हो । यो खासगरी निबन्धका शैलीमा लेखिने अनौपचारिक ढाँचाको समालोचना हो । अतः यसको शैली निबन्धको जस्तो हुन्छ भने उद्देश्य समालोचना गर्नु रहेको हुन्छ । यसकारण निसमालोचना निबन्ध र समालोचना दुवैका विशेषताले युक्त नवलेखन हो । समालोचना गर्नु मुख्य उद्देश्य भएका कारण यसलाई समालोचनात्मक निबन्ध भन्नुभन्दा निबन्धात्मक समालोचना भन्नु उपयुक्त हुन्छ । शीर्षक, उद्देश्य र भाषाशैली यसका तत्त्व हुन् भने समालोचकीयता, निबन्धात्मकता, तुलनात्मकता, सन्दर्भस्रोतको उल्लेख, व्यङ्ग्यात्मकता, अनौपचारिक शैली र सरलता, सरसता एवं रोचकता यसका प्रवृत्तिगत विशेषता हुन् । यस लेखनको उद्देश्य एकातर्फ कृति वा व्यक्तिका प्रवृत्तिको तटस्थ रूपमा समालोचना गर्नु रहेको छ भने अर्कातर्फ पाठकले सिर्जनात्मक रचना पढेको अनुभव गरी समालोचना पठनप्रति रुचि बढाऊन् भन्ने रहेको छ । यसबाट लेखक, लेखन र पाठकका बिच निकट सम्बन्ध स्थापित हुने विश्वास लिइएको छ । यसअघि निसमालोचनालेखनको अभ्यास भएको र यसलाई निसमीक्षा, नैबन्धिक समालोचना, निसमालोचना आदि संज्ञा दिएको पाइन्छ । यस क्रममा निसमालोचनालाई सिद्धान्तीकरण गर्ने उद्देश्यले *निसमालोचना : सिद्धान्त र प्रयोग* नामक कृति

प्रकाशनमा ल्याइएको देखिन्छ । यस अनुसन्धानात्मक लेखमा त्यस कृतिमा भएका अपूर्णता र अस्पष्टतालाई पूर्णता दिने र स्पष्ट पार्ने काम भएका कारण यसले निसमालोचनाको सैद्धान्तिक अवधारणा बुझ्न थप सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

**सन्दर्भग्रन्थसूची**


अवस्थी, महादेव (२०६८). लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यात्मक योगदानको आकलन, *महाकवि देवकोटा : समय र सन्दर्भ*, तेस्रो संस्क., सम्पादक, नेत्र एटम, तन्नेरी प्रकाशन ।

कँडेल, घनश्याम (२०५५). *नेपाली समालोचना*, साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०६६). *पाश्चात्य साहित्यका प्रमुख वाद*, साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६६). *साहित्य सिद्धान्त : शोध तथा सृजनविधि*, पाठ्यसामग्री पसल ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५१). *भिखारी*, पन्ध्रौं संस्क., साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५२). *मुनामदन*, बाइसौं संस्क., साझा प्रकाशन ।

पौड्याल, एकनारायण (२०७८). *निसमालोचना : सिद्धान्त र प्रयोग*, भाषा, कला तथा संस्कृति प्रतिष्ठान नेपाल ।

बन्धु, चूडामणि (२०५८). *देवकोटा*, तेस्रो संस्क., साझा प्रकाशन ।

वर्मा, धीरेन्द्र (प्रधानसम्पादक) (२०२०). *हिन्दी साहित्य कोश- भाग एक*, दोस्रो संस्क., ज्ञानमण्डल लि. ।

*श्रीमद्भगवद्गीता*, (२०७३). दुईसयौं पुनर्मुद्रण, गीताप्रेस ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# चितवनको कृषिक्षेत्रको बदलिँदो स्वरूप र भावी चुनौतीहरू

कपिलदेव सुवेदी (विद्यावारिधि)

***Article History :*** *Submitted 8, Nov. 2023.; Reviewed: 17, Jan. 2024; Revised : 2, Feb. 2024*
***Corresponding Author :*** *Kapil Deb Subedi* ***E-mail :*** *kapilsubedi11@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65888*

**सारसङ्क्षेप**

*कृषि मूलश्चः जीवनूम अर्थात् कृषि नै जीवनको मूल आधार हो भन्ने कुरा हाम्रा शास्त्रहरूमा मात्र उल्लेख छैन। पछिल्ला वैज्ञानिक खोज अनुसन्धानहरूबाट निसृत विकास साहित्य (Development Literatures) हरूमा समेत कृषिको रूपान्तरणबिना कुनै पनि देशको आर्थिक विकास र प्रगति सम्भव छैन भन्ने पुष्टि भइसकेको छ। पछिल्लो समय चितवनको भौतिक पूर्वाधार, पर्यटन, शिक्षा, स्वास्थ्य र सेवाक्षेत्रमा भइरहेको परिवर्तन र मानवविकासको आधार यहाँको कृषिक्षेत्रको रूपान्तरण र विकास नै हो भन्ने प्रशस्त प्रमाणहरू भेटिन्छन्। तसर्थ यस आलेखमा चितवनको कृषि क्षेत्रको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदै कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा राप्ती दुन विकास योजनाको जग्गा वितरण नीति, यहाँको सिँचाइ प्रणालीको विकास, आधुनिक प्रविधिको प्रयोग र बाली विविधीकरणको प्रभावका विषयमा छलफल गरिएको छ, साथै चितवनको कृषिको दिगो विकासका लागि देखिएका भावी चुनौतीहरूका बारेमा समेत थप विषयहरू उठान गरिएको छ।*

**शब्दकुञ्जी** : कृषि उत्पादकत्व, राप्ती दुन विकास योजना, वीज प्रविधि, सिँचाइ प्रणाली, बाली विविधीकरण

## विषयपरिचय

कृषि परापूर्वकालदेखि नै मानवजीवनको अभिन्न अङ्ग थियो। चितवनमा थारूहरूले घुमन्ते जीवन बिताउँदादेखि नै कृषिबाटै जीवनयापन गर्दै आएका थिए। वि.सं. २०४७ को जनगणनासम्म आइपुग्दासमेत चितवनका ७६ प्रतिशत मानिसहरूको मुख्य पेसा कृषि नै थियो भने थारूसमुदायका हकमा यो झन्डै शतप्रतिशत नै थियो (Muller-Boker,1999) चितवनमा बस्ती विकास योजना लागु हुनुपूर्व यहाँ विशाल घाँसेमैदानले ढाकिएको प्रशस्तै जग्गा खाली थियो जसलाई सजिलै खेतीयोग्य बनाउन सकिन्थ्यो। आदिवासी थारूहरूले उक्त समयसम्म स्थिर भएर एउटै जमिनमा स्थायी खेती गरेर बस्दैनथे। त्यसैले त्यतिबेला 'सारीखेती' प्रचलनमा थियो। जमिनको उर्वरा शक्तिअनुसार एक ठाउँबाट अर्को ठाउँ सर्दै खेती गर्ने भएकाले उनीहरूको स्थायी बसोबास पनि थिएन। नदी या खोलाको कटान क्षेत्रभन्दा उच्च भागमा रहेका तर सिँचाइ राम्रो हुन सक्ने जमिन खेतीका लागि प्राथमिकतामा पर्दथ्यो। जमिनको उब्जनी हुने क्षमता हेरी खेतीयोग्य जमिनलाई थारूहरूले विभिन्न नाम उपनाम दिएका थिए। कुलो वा नहरको पानी लाग्ने व्यवस्था भएको जमिनलाई *ढवार* भनिन्थ्यो भने प्राकृतिक रूपमै सिँचाइ हुने खेतलाई *गहेरी* भनिन्थ्यो। यो धान खेतीका लागि उपयुक्त थियो। सुख्खा जमिनलाई *सरहेद* भनिन्थ्यो, जसमा खेतीका लागि आकासेपानीको भर पर्नुपर्थ्यो। ढिलो मात्र पाक्ने धान वा फसललाई *एगहानी* भनिन्थ्यो र चरनक्षेत्रलाई *चहार* भन्ने चलन थियो। नदीको *धाप* वा बाढीग्रस्त क्षेत्र र जङ्गली जनावरबाट बाली नष्ट पार्ने भूभाग खेतीका लागि राम्रो मानिँदैनथ्यो। सिञ्चित क्षेत्रमा लगाइने धान र सुख्खा क्षेत्रमा लगाइने धानका अनुवंश फरकफरक थिए।

*Copyright 2024© the Author(s)*

लामो सिता भएको 'भिनुवा' धान *धाप* खेतका लागि उपयुक्त मानिन्थ्यो भने सुख्खा धान (घैयाँ) सिँचाइ नहुने वा कम हुने *सरहेद* क्षेत्रमा प्रचलित थियो । सुख्खा क्षेत्रमा धानका अतिरिक्त तोरी तथा सुर्तीको पनि खेती हुन्थ्यो। धान लगाएपछि प्रायः त्यसको गोडमेल गरिँदैनथ्यो अनि एकैचोटि बाली पाकिसकेपछि काट्ने चलन थियो । बाली काटिसकेपछि पनि त्यसलाई महिनौँसम्म त्यहीँ खलीयामै राखिन्थ्यो र फुर्सदअनुसार दाईँ गरेर बाली भित्र्याइन्थ्यो (शर्मा र मल्ल, २०१८) । जमिन उर्वर नै भए तापनि पर्याप्त स्याहारसुसार र मलजलको अभावमा उत्पादकत्व गतिलो थिएन । एक बिगाह खेतमा करिब १०-१५ मुरी मात्रै धानको उत्पादन हुने गर्थ्यो । किसानसँग प्रशस्त जमिन भए तापनि परिवार ठुलो हुने हुनाले उत्पादित सबै धान खाएरै सिद्धिन्थ्यो । तोरी, सुर्तीजस्ता अन्य नगदेबालीबाट किसानहरूले केही नगद आम्दानी गर्दथे र यही आम्दानी नै वर्षभरिका लागि चाहिने लत्ताकपडा र अन्य किनमेलमा प्रयोग गरिन्थ्यो । खेती गर्दै जाँदा जमिनको उर्वराशक्ति घट्दै जाने, विभिन्न किसिमका झारपातहरूले बाली फस्टाउन नदिने आदि कारणले केही वर्ष खेती गरेपछि उक्त जग्गालाई बाँझै छोड्ने चलन थियो र यसरी बाँझिएका प्लटहरू नै पछि चरनक्षेत्रका रूपमा विकास हुँदै जाने गर्थे । कतिपय भागमा जमिन बाँझिदै गएपछि पुरै गाउँ काँसेमैदानमा परिणत हुन्थ्यो र गाउँ नै सर्नुपर्ने परिस्थिति बन्दथ्यो, तर वि.सं.२००७ सालपछि भने जमिनको सर्भे भयो र जग्गादर्ता गरेर भूस्वामित्व निश्चित हुन थालेपछि ठाउँ सरीसरी खेती गर्ने प्रणाली विस्थापित हुनपुग्यो । वनसम्बन्धी ऐनहरू जारी भएपछि जथाभावी वनक्षेत्र फडान गरी आवादी गर्न बञ्चित गरियो जसबाट थारू र पहाडिया समुदाय एकै स्थानमा खेती गर्न बाध्य भए, जसको कारण परम्परागत खेतीप्रणालीमा परिवर्तन आयो । उत्पादन र उत्पादकत्व सुधार नगरी खान लाउन नपुग्ने अवस्था सिर्जना हुन थाल्यो । वि.सं. २०१२ पछि भने चितवनमा राप्ती दुन विकास योजना लागु गरी बसोबास खुल्ला गरियो । बसाइसराइको तीव्र वृद्धिसँगै जनसङ्ख्या बढ्दै जाँदा कृषिमा निर्भर हुनेहरूको चाप बढ्न थाल्यो जसको कारण सिँचाइ प्रणाली र नयाँ नयाँ प्रविधिको विकास गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धिका प्रयासहरू सुरु भयो ।

**समस्याकथन**

चितवनमा देखिएको विगत ७ दशकको आर्थिक परिवर्तन र विकासमा यहाँको कृषिक्षेत्रको महत्त्वपूर्ण भूमिका छ। ऐतिहासिक सन्दर्भहरू केलाउँदा २००७ सालअघिसम्म पनि चितवनका आदिवासी थारूहरूले परम्परागत ***सारी*** खेतीमार्फत निर्वाहमुखी कृषि गरेर जीवनयापन गरिरहेकामा २००७ सालपछि जमिनको सर्भेपश्चात् सरकारी दर्ता गरेर भूस्वामित्व निश्चित गर्न थालेपछि ठाउँ सरीसरी खेती गर्ने प्रणाली विस्थापित हुनपुग्यो र स्थायी रूपमा एउटै जमिनमा खेती गर्ने प्रचलन सुरू भयो। २०१३ सालको राप्ती दुन विकास योजनाले पहाडबाट किसानहरूलाई चितवनमा बसाइँ सर्न प्रोत्साहित मात्र गरेन, किसानको क्षमताअनुसार खेतीका लागि जग्गा वितरण गर्ने काम गऱ्यो । अर्कातर्फ खगेरी नहरसहितका सिँचाइ प्रणालीको विकासबाट पश्चिम चितवनका हजारौँ हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध हुनपुग्यो र रामपुरमा कृषि क्याम्पसको स्थापना गरी नयाँनयाँ उन्नत बिउहरूको विकास गर्ने नीतिसँगै यहाँको कृषिमा परिवर्तनहरू देखा पर्न थाले तर यी प्रयत्नहरूवाट कृषि उत्पादकत्वमा के कस्तो प्रगति भयो र कृषि विविधिकरणमा के कति सुधार आयो, त्यसको प्रभावको अध्ययन खासै नभेटिएकाले यस आलेखबाट केही हदसम्म उक्त खाडल पूरा गर्ने उद्देश्य राखिएको छ।

**अध्ययनको उद्देश्य**

चितवनको कृषिक्षेत्रको विकासमा यहाँको समथर भूभाग, उर्वर जमिन, सडक सञ्जालहरूको अन्तर्आवद्धताका कारण विकसित बजार उत्प्रेरणाजस्ता बाह्य कारणका अतिरिक्त भूस्वामित्वको वितरण, सिँचाइ प्रणालीको विस्तार, कृषि प्रसार एवम् आधुनिक प्रविधिको प्रयोगजस्ता आन्तरिक कारण प्रमुख रहेका सन्दर्भमा यस अध्ययनले पछिल्लो समय कृषिमा भएका आन्तरिक प्रयासहरू र यसले कृषि उत्पादन र उत्पादकत्वमा पारेको प्रभाव सम्बन्धमा विश्लेषण गर्ने मुख्य उद्देश्य

राखेको छ। अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न छन् ः

१) कृषि क्षेत्रको विकासमा राप्ती दुन विकास परियोजनाको भूवितरण नीतिको विवेचना गर्ने,

२) चितवनमा सिँचाइ प्रणालीको विकास र यसले कृषिमा पारेको प्रभावको विश्लेषण गर्ने,

३) कृषिको व्यवसायीकरण र उत्पादकत्व वृद्धिको सम्बन्ध केलाउने

**अध्ययनको विधि**

यस शोधकार्यका लागि द्वितीय तथ्याङ्कहरूको प्रयोग गरिएको छ। शोधसामग्री सङ्कलन र विश्लेषणका लागि द्वितीय स्रोतका रूपमा साहित्य समीक्षा, पूर्वप्रकाशित सरकारी प्रतिवेदन र तथ्याङ्कहरूको विश्लेषण विधि अपनाइएको छ। चितवनका सम्बन्धमा लेखिएका विभिन्न पुस्तकहरू, शोधपत्रहरू, जर्नलका लेखहरू र पत्रपत्रिकाहरूमा प्रकाशित समाचारहरूको सङ्कलन गरी मेटा अध्ययन र विश्लेषण विधि प्रयोग गरिएको छ।

**तथ्याङ्क प्रस्तुति, विश्लेषण र छलफल**

**१) राप्ती दुन विकास परियोजना र चितवनको कृषि**

राप्ती दुन विकास परियोजना लागु भएपछि नेपाल नापी गोश्वाराद्वारा राप्ती दुनको कित्ता सर्भे गरिएको थियो। तत्कालीन राप्ती दुन विकास परियोजनाका सहनिर्देशक कृष्ण बम मल्ल लिखित *राप्ती उपत्यका* (२०१८) पुस्तकका अनुसार २०१३ सालमा १८१ गाउँको कित्ता सर्भे गरी नक्सा बनाउने काम पूरा भएको थियो। मल्ल (२०१८) का अनुसार त्यतिखेर १८१ मौजाभित्र जम्मा २२,४६० विघा जमिन रहेकामा १९९५ बिघा मात्र दर्ता भएर खेती गरिएको थियो भने २०४५ बिघा दर्ता नभई खेती गरिएको थियो। यस्तै खेती हुनसक्ने पर्ति जमिन ६५८५ बिघा र बाटो, नदीनाला, पोखरीले चर्चेको जमिन २७६५ बिघा भेटिएको थियो। तत्कालीन राप्ती दुन विकास परियोजना तराईमा बस्ती विकास र भूवितरण सम्बन्धी नेपालमा लागु भएको पहिलो योजना थियो।२०१३ साल माघ ८ गते प्रकाशित नेपाल गजेट भाग-३, खण्ड-६ अन्तर्गत प्रादेशिक विकास योजनाअन्तर्गत राप्ती दुन विकासको स्पष्ट लिखित नियमहरू बनाइएको थियो। ती नियमहरू प्रादेशिक विकास योजना कार्यान्वयन गर्ने ऐन २०१३ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी सरकारले बनाएको थियो। यस परियोजनमा जग्गा वितरणका लागि ३ प्रकारका फारामहरू प्रयोग गरिएका थिए। ४ बिगाहदेखि वढीमा १० बिगाहसम्म जमिन भएका फारामलाई सानो फाराम भनिन्थ्यो र कुल वितरण योग्य जमिनको ६०५ सानो फारामलाई छुट्याइएको थियो। सानो फारमको मूल्याङ्कन प्रतिबिगाहा रू २५ नघटाई हुने व्यवस्था गरिएको थियो। सानो फाराम किन्ने व्यक्तिले फारामको २०५ मूल्य राप्ती दुन विकास परियोजना कार्यलयमा तुरुन्त भुक्तानी गर्नुपर्ने र बाँकीको प्रतिवर्ष २०५ का दरले बुझाउनुपर्ने नियम थियो। सानो फारामको मालपोत असुल गर्ने तरिकाबारे राप्ती दुन विकास विभागले कित्ता सर्भे गरी सो कित्ता सर्भेको रिपोर्टको आधारमा मनासिब व्यवस्था गर्ने भनिएको थियो। साना फारामलाई पहिलो पटक बाँझो जमिन जोत्न सरकारले नै सहायता गर्ने व्यवस्था थियो, तर जोत्दा लागेको खर्च फारम धनीले किस्ताबन्दीमा २ वर्षभित्र बुझाउन पर्ने प्रावधान थियो। ११ बिगाहादेखि बढीमा २५ बिगाहासम्म क्षेत्रफल भएको खन्डलाई मझौला फाराम भनिएको थियो र कुल जमिनको ३०५ अंश मझौला फारामलाई छुट्याइएको थियो। मझौला फारामको मूल्याङ्कन प्रति बिगाहा रू. ५० कायम गरिएको थियो। मझौला फाराम किन्ने व्यक्तिले फारम मूल्यको १०५ तुरून्त भुक्तानी गर्नुपर्ने र बाँकी मूल्य १० वटा वार्षिक किस्तामा मालअड्डामा बुझाउनुपर्ने व्यवस्था थियो। घटीमा २६ बिगाहादेखि बढीमा ५० बिगाहासम्म जमिन भएको प्लटलाई ठुला फाराम भनिएको थियो र कुल जमिनको १० ५ यस्तो फारामका लागि छुट्याइएको थियो। यस्तो फाराम किन्ने व्यक्तिले प्रतिबिगाहा रू ५० बुझाउनुपर्थ्यो। यसरी फाराम किन्नेले आफूले किनेको जमिनमध्ये ७५ प्रतिशत जमिनमा खाद्यान्नको

खेती गर्नैपर्ने व्यवस्था थियो । राप्ती दुन परियोजनाले जमिन किन्न पाउने अधिकार र प्राथमिकतासमेत निर्धारण गरेको थियो । विकास क्षेत्रभित्रको जमिन नेपाली नागरिकले मात्रै किन्न पाउँथे । ज्याला मजदुरी लिई विकास क्षेत्रमा काम गर्ने, भूमिहीन, कृषिको अनुभव भएका व्यक्ति, बाढी प्रकोपले भूमिहीन भएका किसान, असल चरित्र, असल स्वास्थ्य, कृषिको ज्ञान र शिक्षा लिएका, बहालवाला सरकारी कर्मचारी, जागिरबाट निवृत भएका व्यक्तिहरूलाई क्रमशः जग्गा खरिदमा प्राथमिकता निर्धारण गरिएको थियो । यसैगरी कुनै व्यक्ति वा संस्थाले आफ्नो योजना र कार्यक्रम पेस गरी जमिन किन्न दर्खास्त पेस गरेमा त्यस्ता व्यक्ति वा संस्थालाई ५० बिगाहाको २ प्लटसम्म जग्गा बिक्री गर्ने व्यवस्था गरिएको थियो र यसको लागि कुल १८०० बिगाहा क्षेत्रफल छुट्याइएको थियो । यद्यपि जग्गा वितरणको यो नीति लागु हुनुपूर्व वितरणयोग्य जमिनको ४० प्रतिशत ५ देखि ८ एकडको टुक्रा बनाई साना किसान र भूमिहीनलाई बाड्ने र बाँकी ६० प्रतिशत जमिन ४० देखि ८० एकडको प्लट बनाएर धनी र सम्पन्न व्यक्तिलाई बेच्ने ताकि उनीहरूले आधुनिक कृषि उपकरण प्रयोग गरी खेती गरून् भन्ने नेपाली अधिकारीहरूको मत थियो तर परियोजनामा अमेरिकी प्रतिनिधि पाउल रोजलगायतको धारणा सबै जमिन साना र भूमिहीन किसानलाई वितरण गर्नुपर्छ भन्ने थियो । त्यसैले मध्यमार्गी बाटोको रूपमा तीन पे प्लट बनाई वितरण गरिएको थियो (रोवर्टसन, २०१८) तर राप्ती दुन विकास परियोजनाले परिकल्पना गरेको व्यवस्था र नीतिबमोजिम किसानहरूलाई जमिनको वितरण भने हुन सकेन कतिपय उर्वर जमिनमाथि तत्कालीन शासक वर्ग, तिनका नातेदार, राप्ती दुन परियोजनाका कर्मचारीले नै आँखा गाढे र तिनै टाठाबाठाहरूले हात लगाए, तर पनि सच्चा किसानको हातमा पुगेको उर्वर जमिनमा उब्जनी भएको बालीको उत्पादकत्व अन्य पहाडी क्षेत्रको उत्पादनभन्दा उच्च थियो । त्यसैले एकजना नेपाली योजनाकारले चितवनको यो प्रगतिलाई अर्थशास्त्री रोस्टोको आर्थिक विकासको तेस्रो चरणसँग तुलना गर्दै भनेका थिए, ‘टेक अफ भयो’ (प्रधान, २०१६) । यसरी भूमिवितरणको योजनाबद्ध नीति लागु भएसँगै चितवनमा कृषि विकासको आधुनिक युग सुरू भयो र यहाँको कृषिमा आधारभूत परिवर्तनको प्रक्रिय प्रारम्भ भयो ।

## २) चितवनमा सिँचाइको विस्तार र कृषि

जग्गा वितरणको नीतिले यहाँ बसाइँसराइँ आउने क्रम उच्च भएसँगै उत्पादन वृद्धिका लागि सिँचाइ प्रणालीको विकास जरुरी बन्नपुग्यो । यद्यपि पूर्वी चितवनका कुमरोज, कठार, भुवानीलगायतका दक्षिणी भेगहरूमा स्थानीय कृषकहरूले आफ्नै प्रयासमा सदियौँदेखि सिँचाइ प्रणालीहरू विकास गरेका थिए । वि.सं. १९०० भन्दा अघिदेखि नै कठारक्षेत्रमा सिँचाइ प्रणाली सञ्चालनमा थियो । जस्तै : २००७ सालअघि तीन मौजे (१९१५), जनकपुर (१९२०), कपिया (१९४८), जीवनपुर (१९५२) जस्ता सिँचाइ प्रणाली सञ्चालित थिए तर त्यस बाहेकका मूलतः पश्चिम चितवनको विशाल खेतीयोग्य भूभाग सिँचाइ सुविधाबाट वञ्चित थियो (Khjtri, Mishrj,Tiwjri, Shivjkoti, & Shuklj, 1984) । यस्तो अवस्थामा राप्ती दुन विकास आयोजना लागु भएपछि पश्चिम चितवनको विशाल भू-भागमा कृषि कार्यका लागि थप सिँचाइ आयोजनाहरू आवश्यक पऱ्यो । वि.सं. २०१७ सालसम्म राप्ति विकास परियोजनाले चितवनमा ५२३३ परिवारलाई २७,७५९ हेक्टर जमिन वितरण गरिसकेको थियो तर समग्र भूभाग सिँचाइबाट वञ्चित नै थियो । तसर्थ एसियाली विकास बैंकलगायतका दातृनिकायको सहयोगमा खगेरी सिँचाइ आयोजना, नारायणी लिफ्ट सिँचाइ आयोजनालगायतका ठुला सिँचाइ प्रणालीको विकास गरी पश्चिम चितवनमा सिँचाइ सुरु गरियो भने पूर्वी राप्ती, पिठुवा, पञ्चकन्या, ढुङ्ग्रेखोलाबाट किसानले व्यवस्थापन गरेका सिँचाइ प्रणालीलाई पछि स्वीस परियोजना तथा एडिविको सहयोगमा नहरहरूको मर्मत र डाइक निर्माण गरी व्यवस्थित गरियो, साथसाथै डीप वोरसहितका सिँचाइ प्रणाली र कृषकबाट व्यवस्थापन गरिएका अन्य नहर प्रणालीहरू सञ्चालनमा ल्याइयो, जसको परिणामस्वरूप चितवनको कृषि उत्पादनमा ठुलो परिवर्तन आयो । वि.सं. २०७६ सम्मको तथ्याङ्कमा चितवनको खेती गरिएको जमिनको कुल स्वामित्व सङ्ख्यामध्ये ८४०० जमिनमा सिँचाइ सुविधा उपलब्ध भइसकेको छ भने

बाँकी १६०० जमिन सिँचाइबाट वञ्चित छ। सिञ्चित जमिनहरूमध्ये ४२०० भूमिगत सिँचाइ प्रणालीमा आबद्ध छ भने २६०० जमिनमा कुलो, नहर वा ड्यामबाट सिँचाइ सुविधा उपलब्ध छ। सिँचाइ प्रणालीको कमाण्डक्षेत्रमा हासिल भएको कृषि उत्पादकत्व प्रभावकारी छ। सिँचाइ सुविधा विस्तारसँगै वर्षको तीनै सिजन खेती गर्ने अभ्यासको थालनी भएकाले क्रपिङ इन्टेन्सिटी ३०० प्रतिशतले वृद्धि भएको छ। खेतबारीमा रासायनिक र कम्पोस्ट मलको प्रयोगले उत्पादनमा सकारात्मक प्रभाव परेको छ। स्थानीय सहकारीहरूबाट रासायनिक मल र उन्नत बिउहरू बिक्री वितरण र तत्कालीन जिल्ला कृषि विकास कार्यालय र हालको कृषि ज्ञान केन्द्रका प्राविधिकहरूबाट उन्नत बिउको प्रयोगसम्बन्धी तालिमहरू पनि सञ्चालनमा आएका छन्, जस्को प्रभाव कृषि उत्पादनमा देखिन्छ।

### ३) चितवनमा वीज सुधार र कृषि

चितवनको कृषि उत्पादकत्व वृद्धिमा वीज प्रविधिको विकास र प्रसारको पनि उच्च भूमिका देखिन्छ। प्रमाणहरूले देखाउँछ कि विगत ५० वर्षमा बाली उत्पादनमा विश्वव्यापी वृद्धिको लगभग ५० प्रतिशत वृद्धि वीज प्रजननमा भएको आनुवंशिक प्रगति र वीज गुणस्तर सुधार, कृषि सुधार र वनस्पतीय स्वच्छ (फाइटोसेनेटरी) उत्पादनको प्रयोग संयोजनमा प्राप्त भएको छ (JDB, 2013)। राम्रो जातको गुणस्तरीय बिउको ताजा प्रयोगले उत्पादन मात्र बढाउँदैन, उत्पादन लागत पनि घटाउँछ किनभने बिउको उच्च शक्ति, आनुवांशिक शुद्धता र रोगमुक्त अवस्थाका कारण गुणस्तरीय बिउको प्रयोग दर समेत कम हुन्छ। नेपाल सरकारले सन् १९५० को दशकको अन्त्यबाट बालीका प्रजातिहरूको विकास, विमोचन र प्रवर्धन सम्बन्धी अनुसन्धान औपचारिक रूपमा सुरु गरेको थियो। सन् १९५९ मा पहिलोपटक चैते ४५ जातको धानको बिउ उत्पादन र सिफारिस गरेर राष्ट्रिय धानमा सूचीकृत गर्ने प्रणाली सुरूवात गरिएको थियो। सन् २०१५ सम्म नेपालमा राष्ट्रिय कृषि अनुसन्धान र विस्तार प्रणालीमा अनुसन्धान सुरू गरेदेखि ६५ जातका बालीहरूको कुल ६०५ प्रजातिहरू विकास, परीक्षण र आधिकारिक रूपमा जारी र दर्ता गरेको भेटिन्छ। यसरी वीज विकास गर्ने कार्यको थालनी राप्ती दुन विकास परियोजनासँगै भएको थियो। यो परियोजना लागु भएपछि किसानहरूलाई उन्नत जातको सुधारिएको बिउहरू वितरण गरिएको थियो, त्यस्तो बिउ प्रवर्धनका लागि बारा जिल्लाको पर्वानीपुरस्थित कृषि प्रयोग केन्द्र समेत खोलिएको थियो भने पछि २०३० सालमा चितवनको रामपुरमा कृषि क्याम्पसको स्थापनासगै नयाँ नयाँ प्रविधिका बिउहरूले किसानको खेतीबारीमा प्रयोग हुन पाए। पहिले पहिले थारूहरूले लगाउने भिन्हुवा, घैया प्रजातीका धानहरूको ठाँउ मनसुली, राधाचार, हर्दिनाथलगायतका नयाँ वर्णशङ्कर अनुवंशहरूले लिँदै गए। चितवनका खेतमा भेटिने हिजोका रैथाने मधुकर, दुधराज, मप्रासी, गोला, आगा, भिनु, सत्तरीजस्ता प्रजातिका धानका अनुवंश अहिले चितवनका खेतमा छैनन्। यिनका सट्टा राधा ४, सावित्री, लोकतन्त्र, हर्दिनाथ, यु.यस. ३, यु.यस. १२ जस्ता उन्नत जातका धानहरूको प्रयोग बढ्दै गएको छ। आयतित वर्णशङ्कर बिउहरूको प्रयोगले बालीको उत्पादकत्व वृद्धि हुँदै गएको देखिए पनि परम्परागत रैथाने धानहरू लोप हुँदै जानुले स्थानीय बिउ संरक्षणमा चुनौती र चिन्ता थपिदो छ।

### ४) कृषिमा विविधीकरण र उत्पादकत्व सुधार

चितवन जिल्लामा २०१२ सालपछि योजनाबद्ध बसोबास सुरु हुँदै गर्दा जिल्लाको कुल जनसङ्ख्या ४२,७२४ थियो र जनसङ्ख्या वृद्धिदर ४५ थियो (जनगणना वि.सं.२०११-०१४)। जनघनत्व प्रतिवर्ग कि.मी. १९ जना मात्र थियो। वि.सं. २००८ साल अघिसम्म चितवनमा जग्गाको स्वामित्वसमेत जग्गाधनीको नाममा जारी नगरिएका कारण तत्कालीन थारूसमुदायमा सारी खेती प्रचलनमा थियो। जति श्रमशक्ति उपलब्ध थियो प्रायः सबैको रोजगारीको क्षेत्र कृषि नै थियो (Muller-Boker, 1999)। २०४६ सालको राजनैतिक परिवर्तनको अवधिसम्म आइपुग्दासमेत चितवनको आर्थिक

सरंचनागत प्रवृतिमा तात्विक परिवर्तन आएको देखिँदैन । २०४८ सालको जनगणनाअनुसार चितवनका ७६५ मानिसको संलग्नता कृषिक्षेत्रमै रहेको देखिन्छ तर त्यसयताको तीन दशकको अवस्था भने बिल्कुलै भिन्न छ। चितवनको कृषि सर्भेक्षण (२०७६) ले देखाएअनुसार कृषिक्षेत्रमा संलग्न जनसङ्ख्या आर्थिक रूपले सक्रिय जनसख्यांको ४४.०३५ मात्रै छ र कृषिक्षेत्रको चरित्र, स्वरूप र उत्पादकत्वमा समेत निकै परिवर्तन आएको छ। विगत ५ दशकमा धानको उत्पादकत्व वृद्धि दुई गुणाले बढेको छ। वि.सं. २०२४/२५ मा प्रतिहेक्टर २.०२ मे.ट. धान उत्पादन भइरहेकोमा २०४४/०४५ मा आइपुग्दा यो दर बढेर ३.०७ मे.ट. प्रतिहेक्टर पुगेको देखिन्छ भने २०७४/०७५ मा प्रतिहेक्टर उत्पादकत्व ४.२३ मे.ट. पुगेको देखिन्छ। यो उत्पादकत्व दर भारत, चिन, भियतनामजस्ता प्रमुख धान निर्यातक देशहरूका तुलनामा भने ज्यादै कम छ। ती देशहरूमा अहिले धानको उत्पादकत्व ६-६.५ मे.ट. प्रति हेक्टर पुगिसकेको छ। अर्कोतर्फ सिँचाइ सुविधाको वृद्धि र हिउँदे धान लगाउने प्रवृत्ति बढेकाले पनि उत्पादन वृद्धिमा सहयोग पुगेको हुनसक्छ तर समग्रमा भने २०६८ को तुलनामा २०७६ मा धान खेती गरिएको क्षेत्रफल भने घटेको देखिन्छ। एक दशकअघि ३६,५८८ हेक्टरमा धान खेती गरिएकामा अहिले यसमा झन्डै २५% ले कटौती भई २७,३०७ हेक्टरमा मात्र धान खेती भएको देखिन्छ *(Pilot Agriculture Integrated Survey-2019)* । चितवनका अन्य प्रमुख कृषि उत्पादनहरू मकै, गहुँ र तेलहनको उत्पादकत्वमा पनि विगत दशकहरूका तुलनामा सुधार भएको देखिन्छ। २०४४/०४५ मा प्रतिहेक्टर १.४३ मे.ट. गहुँ उत्पादन गरिरहेको चितवन अहिले प्रतिहेक्टर २.६५ मे.ट. प्रतिहेक्टर उत्पादन गर्दैछ तर बाली लगाइएको क्षेत्रफलमा भने प्रशस्त सङ्कुचन आएको छ। तीन दशकअघि ८,६४० हेक्टरमा गहुँ खेती गरिएकामा अहिले २,२६९ हेक्टरमा मात्र गहुँ खेती गरिएको छ। अहिले मकैको उत्पादकत्व प्रतिहेक्टर ३.०७ मे.ट. देखिन्छ। यस्तो उत्पादन तीन दशकअघि प्रति हेक्टर ०.६३ मे.ट. मात्र थियो।

विगत ५० वर्षमा चितवनको कृषिमा केही सरंचनागत परिवर्तन पनि भएको देखिन्छ। परम्परागत खेतीबाट कृषकहरू उच्च मूल्यबालीहरू (high yields crops) तर्फ आकर्षित हुँदै गएका छन् र कुल उत्पादनमा यसको योगदान बढ्दो छ। धान, मकै, गहुँ, कोदो, आलु, तोरीलगायतका परम्परागत खेतीका अतिरिक्त पछिल्लो दशकमा चितवनमा केरा, आँप, तरकारी, गेडागुडीलगायतका खेतीहरूप्रतिको आकर्षण बढ्दो छ। वि.सं. २०६६/०६८ मा १३७७.२ हेक्टरमा आँप, केरा लगायतका वहुवर्षीय खेती गरिएकामा २०७५/०७६ मा आइपुग्दा १७८४.२ हेक्टरमा यस्तो खेती गरिएको छ। पछिल्लो समय चितवनमा केरा, मेवा, कागती, आँपजस्ता फलफूल खेती फस्टाइरहेको छ। तालिका १ मा विगत ५० वर्षमा प्रमुख बालीहरू लगाइको क्षेत्रफल र उत्पादनको अवस्थामा आएको परिवर्तनलाई देखाइएको छ।

**तालिका नं. १**

**प्रमुख बालीहरू लगाइको क्षेत्रफल र उत्पादनको अवस्था**

| | वि.स.२०२४/२०२५ | | | वि.स.२०४४/०४५ | | | वि.स.२०७४/०७५ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रमुख वालीहरू | क्षेत्रफल हेक्टर | उत्पादन मे.ट. | उत्पादकत्व प्रति हेक्टर | क्षेत्रफल | उत्पादन | उत्पादकत्व प्रति हेक्टर | क्षेत्रफल | उत्पादन | उत्पादकत्व प्रति हेक्टर |
| धान | २२५०० | ४५४५० | २.०२ | २८५०० | ८७६५० | ३.०७ | २७३०७ | ११५७१४ | ४.२३ |
| गहुँ | ३५०० | ३६३५ | १.०३ | ८६४० | ११९२० | १.४३ | २२६९ | ५०२१ | २.६५ |
| तेलहन | १५००० | ८८५० | ०.५९/ | २२६०० | १४६९० | ०.६३ | ११४१९ | ८७३५ | ०.८ |

*Source: Nepal Agriculture Stjtistics, 1990, jnd Pilot Jgriculturjl Integrjted Survey- 2019*

वि. सं.२०७४ बाट चितवनलाई सरकारले 'केरा र मौरी जोन' को रूपमा विकास गर्ने घोषणा गरेको छ भने एक गाउँ, एक उत्पादन (ओ.भि.ओ.पि.) कार्यक्रमअन्तर्गत केरा खेती प्रवर्धनका लागि विभिन्न कार्यक्रमहरू संचालित छन् । हाल चितवनमा २६०० बिगाहा जमिनमा केरा खेती भइरहेको छ भने केरा खेतीबाट कृषकहरूले प्रतिहेक्टर ४७.५३ मे.ट. उत्पादन लिइरहेका छन् । यसको उत्पादकत्व धानका तुलनामा ११ गुणाले बढी छ भने मकै र गहुँ बालीका तुलनामा झन्डै १५ गुणाले बढी देखिन्छ । साथसाथै यस्तो बालीको बजारमूल्यसमेत धान, गहुँभन्दा धेरै हुने भएकाले कृषिको कुल मूल्य अभिवृद्धिमा यस्ता उच्च मूल्य बालीहरूको महत्त्व झनै बढेको छ । केरापछि चितवनमा आँप र कागती खेतीमा किसानहरूको आकर्षण देखिन्छ । चितवनमा वार्षिक ४०० मे.ट. भन्दा बढी कागती र २६०० मे.ट. आँपको उत्पादन भइरहेको तथ्याङ्क छ । यी बालीहरूको अतिरिक्त हाल चितवनमा एभोकाडो, ड्रयागन फ्रुट्स, स्ट्रबेरी जस्ता उच्च मूल्य रहेका फलफूलहरूको खेती सुरु गरिएको छ तर यसको यकिन तथ्याङ्क भने उपलव्ध हुन सकेको छैन ।

पछिल्ला दशकमा चितवन दुध, मासु, अन्डालगायतका पशुजन्य उत्पादनहरूमा आत्मनिर्भर मात्र होइन, देशकै अग्रणी जिल्लाका रूपमा उदाएको छ । यो चितवनको कृषि विविधीकरणको अर्को महत्त्वपूर्ण पक्ष हो । यस जिल्लालाई देशकै ठुलो पोल्ट्री हवका रूपमा समेत लिने गरिएको छ । अन्डा एवम् कुखुरा उत्पादनमा समग्र राष्ट्रिय उत्पादनको झन्डै ६०५ अंश चितवनको रहेको दाबी गरिएको छ । अण्डामा मात्र नभई दुध र माछा उत्पादनमा पनि जिल्लाको प्रगति उत्कृष्ट छ । एक दशकअघि गाईपालक कृषक परिवार २९०८६ रहेकामा अहिले यो सङ्ख्या ३६५ ले बढेर ४२८८२ पुगेको छ । यसै गरी विगत १ दशकमा मात्रै कुखुराको उत्पादन ४७५ ले बढेको देखिन्छ तर भैँसी, बाख्रा, बङ्गुर र हाँसको सङ्ख्या भने क्रमशः ३५, १७५, ५९५ र ६५ ले घटेको देखिन्छ, तर कोभिडपछिको आर्थिक दबाबका कारण पोल्ट्री, मत्स्यपालन, केरा, दुधलगायतका व्यावसायिक क्षेत्रहरूमा शिथिलता देखिएको भए तापनि यसको वास्तविक प्रभावको तथ्याङ्क भने उपलब्ध हुन सकेको छैन ।

## ४) चितवनमा कृषिको भविष्य

पछिल्लो समय चितवनको कृषिक्षेत्रमा सकारात्मक परिवर्तनहरू आएका छन् तर यो परिवर्तनको दीगोपनामा प्रश्न चिन्हहरू छन् । अहिले यहाँको अधिकतर सिँचाइ प्रणाली भूमिगत (४२५) पानीको स्रोतहरूमा भर परिरहेको देखिन्छ । जलवायु परिवर्तनका नकारात्मक परिणामस्वरूप पानीको सतह तलतल सर्दै जाँदा यस्ता प्रणालीहरूको प्रभावकारितामा अहिलेदेखि नै कमजोरी देखिँदै जानु र नदीस्रोतका मुहानहरूमा समेत वनविनाश र जलाधार संरक्षणको अभावका कारण बाह्रै महिना दिगो जल प्रवाह हुन नसक्नुले भइरहेका कुलो र नहरमा आधारित सिँचाइ प्रणाली (२६५) को स्थायित्वमा समेत शङ्का बढ्दै गएकाले कृषिको भविष्यमाथि नै जोखिम देखिएको छ । पछिल्ला वर्षहरूको लामो खडेरीमा हाम्रा सिँचाइ प्रणालीले यथेष्ट काम गर्न नसक्नु र किसानका खेतहरू बाँझै रहनुले पनि कृषिको दिगोपनामा प्रश्नहरू उठ्न थालेका छन् । कृषि उत्पादनको बजारीकरणको लागि स्थायी प्रकृतिका कृषकमैत्री आपूर्ति शृङ्खलाको अभाव, मूल्य शृङ्खलाको विकास र कृषिभण्डारणको पर्याप्त व्यवस्था नहुनुले देखिएको बजारमूल्यको उतारचढाव (Downside Risk) का कारण समेत कृषिमा जोखिम बढ्दो छ । कृषि जमिनको बढ्दो खण्डीकरणका कारण व्यवसायीकरण र यान्त्रीकरणमा समेत समस्या विद्यामान छ । जिल्लाभित्रै कृषि तथा वनविज्ञान विश्वविद्यालय भए तापनि स्थानीय कृषिका समस्यमा आधारित कार्यमूलक अनुसन्धान (Applied Research) को सर्वथा अभावले कृषकले झेल्नु परेका रोग, किरा र अन्य प्रकोपको समाधान भेट्न सकिएको छैन । अनुसन्धानकै अभावमा कुनै समय फस्टाउदो केरा खेती अहिले गिर्दो अवस्थामा छ भने अन्य उच्च मूल्यका बालीहरूमा समेत कुनै नवीनतम प्रयोग हुन सकेको छैन । सूचना प्रविधिलाई कृषि उत्पादन र बजारीकरणमा जोड्न नसक्दा उत्पादन लागत बढ्न गई भारतीय उत्पादनसँग हाम्रा उत्पादन प्रतिस्पर्धी हुन सकेका छैनन् । हरेक वर्षजस्तो देखिने रासायनिक

मलको चरम अभाव, सहुलियतपूर्ण कृषि कर्जामा वास्तविक किसानको न्यून पहुँच, बढ्दो वैदेशिक रोजगारीका कारण कृषि श्रमिकको अभाव र उच्च श्रमलागत आदिका कारण कृषिमा थप नयाँ कृषकहरूको आकर्षण बढ्न सकेको छैन भने कृषिमा आबद्ध भइरहेकाहरूसमेत तीव्र रूपमा पलायनतर्फ जाँदै छन् । कृषिमा प्रयोग भइरहेको अत्यधिक कीटनाशक विषादिको प्रयोग दिगो कृषि विकासको लागि अर्को चिन्ताको विषय बन्दै छ । कृषि विमा, कृषक परिचयपत्र, कृषक पेन्सनजस्ता विषयहरू सरकारी घोषणामा मात्र सीमित हुँदा यस क्षेत्रमा विकर्षण बढ्दै जानुले चितवनको कृषिको भविष्यमा चुनौती थपिएको छ ।

**निष्कर्ष**

ऐतिहासिक रूपमा चितवन थारूहरूको सीमित आवाद र बाँकी घाँसेमैदान र जङ्गलले ढाकिएको भूभाग थियो । समग्र कृषि परम्परागत थियो । जमिनको कित्तासर्भे र सरकारी दर्तासमेत नभएकाले स्थायी प्रकृतिको खेतीपातीको प्रचलन थिएन । एउटा जग्गाको उर्वराशक्ति घट्दै गएपछि अर्को जग्गामा सरेर खेती गर्ने प्रचलन थियो । राप्ती दुन विकास योजना लागु भएपछि डि.डि.टि. छरेर मलेरिया उन्मूलन गरियो । त्यसपछि भने चितवनमा बसोबासका लागि थप आकर्षण बढ्न थाल्यो । योजनाको जग्गा वितरण नीतिसँगै पहाडीय मूलका मानिसहरू बसाइँ सरी चितवन आउने क्रम तीव्र भयो । यसरी जनसङ्ख्याको उच्च वृद्धिसँगै यहाँ कृषि उत्पादन र उत्पादकत्व बढाउन दबाब पर्न थाल्यो । यसको परिणामस्वरूप यहाँ व्यवस्थित सिँचाइ प्रणालीको विकास, आधुनिक प्रविधिको प्रयोग र उन्नत एवम् वर्णशङ्कर वीजहरूको प्रयोग बढ्न थाल्यो र योसँगै चितवनको कृषिले फड्को मारेको देखिन्छ तर पछिल्लो समयमा देखिएको जलवायू परिवर्तन, तीव्र शहरीकरण र वातावरण विनाशका कारण चितवनको कृषिमा सङ्कट चुलिँदै गएको छ । यसको संरक्षण र दिगो व्यवस्थापनका लागि सरकारबाट आवश्यक स्रोत, साधन र कार्यक्रमसहित नीतिगत हस्तक्षेप जरुरी देखिन्छ भने चितवनवासी सबैले यहाँको कृषिलाई जोगाउनु अपरिहार्य छ किनकि कृषि नै जीवनको मूल आधार हो । *कृषि मूलश्चः जीवनम् ।*

**सन्दर्भग्रन्थसूची**


प्रधान, ऐश्वर्यलाल (२०१६). *राप्ती दुन विकास योजना, गोरखापत्र,* माघ १ ।

शर्मा, जनकलाल र मल्ल, कृष्णबम (२०१८). *राप्ती उपत्यका,* मञ्जरी प्रकाशन ।

सुवेदी, कपिलदेव (२०७८). चितवनको आर्थिक विकास, *चितवन दर्पणः इतिहास, वर्तमान र परिकल्पना,* जिल्ला समन्वय समितिको कार्यालय पृ. ७०१-७६४ ।

ADB (2013). Asia's Economic Transformation: Where to, How, and How Fast Key Indicators for Asia and the Pacific 2013 Special Chapter, JDB, 9-14

Bhandari, P. (1985). Fragmentation of landholding size in Chitwan: an analysis of land records from 1964 to 1983. *Economic Journal of Nepal,* 8(4): 21-28.

Central Bureau of Statistics & Ministry of Agriculture and Livestock Development (2020). *Pilot Agricultural Integrated Survey: Statistical Report* (2019), Chitwan, Nepal.

GON, National Planning Commission, Central Bureau of Statistics (2021). *National Economic Census 2018*. Nepal

HMG (1967). Rapti Valley Development Area Land (Sale and Distribution) Arrangement Act 1967. Nepal Rajapatra. 17(29J) (Extraordinary), Kartik 6, 2024 (October 23,1967).

HMG (1968). Soil survey of Chitwan division. Forest Resources Survey Publications (5). Ministry

of Forest.

HMG, Central Bureau of Statistics (1975). Population census - 1971. Nepal. Vol. 4, National Planning Commission Secretariat.

Khatri, T.B., Mishra, N.K., Tiwari S.N., Shivakoti, G.P., & Shukla, J. (1984). Lessons from inventory preparation of irrigation systems of Budhi rapti river, Chitwan, Nepal. *Journal of the Institute of Animal Science*, 5:71-82.

Muller-Boker, U. (1999). *Chitwan Tharus in Southern Nepal. An Ethnoecological Approach.* Translated into English by Philip Pierce.

Ojha, D. P. (1983). History of Land Settlement in Nepal Terai. *Contribution to Nepalese Studies* 11(1)

Robertson, T.B. (2018). DDT and the Cold War Jungle: American Environmental and Social Engineering in the Rapti Valley of Nepal. *Journal of American History.* Vol. 104 (4)

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा विश्वदृष्टि

कृष्णप्रसाद सापकोटा (विद्यावारिधि)

***Article History :*** *Submitted 14, Nov. 2023.; Reviewed: 16, Jan. 2024; Revised : 9, Feb. 2024*
***Corresponding Author :*** *Krishna Prasad Sapkota* ***E-mail :*** *kpsakota23@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65878*

**सारसङ्क्षेप**

*'बाबुको काँधमा छोरो सुतिरहेको देश' महेशविक्रम शाहको 'छापामारको छोरो' सङ्ग्रहमा सङ्कलित कथा हो । यस कथालाई लुसिए गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा विश्लेषण गरिएको छ । समाजशास्त्रका विभिन्न मान्यताहरूमध्ये विश्वदृष्टि पनि एक हो । यस कथामा देशमा प्रजातन्त्रको पुर्नस्थापनापश्चात् दसवर्षे जनयुद्धको समयमा सर्वसाधारण नेपाली जनताका छोराछोरी कसरी मारिन्थे भन्ने कुराको सन्दर्भ प्रस्तुत भएको छ । नेपालमा दसवर्षे जनयुद्धको एउटा कालखण्डमा कहालीलाग्दो र त्रासद वातावरण सिर्जना भएको थियो । सामान्यरूपमा भन्दा पनि यातना दिएर, त्रासद वातावरणको सिर्जना गरेर व्यक्तिहत्या भएको थियो । व्यक्तिविशेषलाई झुन्ड्याएर, घिसारेर, गोली हानेर र घाँटी छिनाएर शरीर एकातिर र टाउको अर्कोतिर बनाएर छोड्ने घटना दिनानुदिन भएका थिए । यस्तो परिस्थिति सिर्जना हुनुमा युद्धरत माओवादी नेतृत्व पनि दोषी देखिन्छ भने युद्धलाई दबाउने र माओवादीलाई सिध्याउने नाममा सर्वसाधारणको हत्यामा संलग्न सेना पनि दोषी देखिन्छ । दुवै बन्दुकधारीको मार सर्वसाधारणले खेपेका थिए । अन्यायमा पर्ने व्यक्तिले कुनै निकायबाट पनि न्याय पाएका थिएनन् । न्याय दिने निकाय निरीह अवस्थामा थियो । उनीहरू कुनै पनि काम आफूबाट पन्छाएर अर्को निकायलाई टाँसो लगाउन अग्रसर थिए । देशको यस्तो स्थितिले सर्वसाधारण नेपाली जनतामा तनाव र दबाबको स्थिति सिर्जना गरेको थियो । शरीर नभएको छोराको टाउको बोकेर अनेकौँ ठक्कर खाँदै हिँडेको बाबुले विभिन्न निकायमा गुहार्दा पनि न्याय पाउन सकेको थिएन एकातिर भने अर्कोतिर खुलेर उसको समर्थन गर्ने आँट पनि सर्वसाधारणमा नभएको कुरालाई कलात्मक र कथात्मक रूप दिँदै अबको दिनमा यस्तो स्थिति देशमा सिर्जना हुनुहुँदैन भन्ने कुरालाई कथाले देखाएको छ । सबैले सहज रूपमा बाँच्न पाउनुपर्दछ, हाँस्न पाउनुपर्दछ र अन्यायमा पर्नेले न्याय र अन्याय गर्नेले सजाय पाउनुपर्दछ । छाडातन्त्र हुनुहुँदैन अनि मात्र सुखी नेपाली र समृद्ध नेपाल बन्न सक्दछ भन्ने दृष्टिकोणलाई कथाले विश्वदृष्टिका रूपमा प्रस्तुत गरेको छ ।*

**शब्दकुञ्जी** : चेतना, परावैयक्तिक, वर्गचेतना, समानधर्मिता, समृद्ध, सार्थक, संरचना ।

## विषयपरिचय

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाका रचयिता महेशविक्रम शाह (२०२२) आधुनिक नेपाली कथालेखनका सशक्त कथाकार हुन् । उनका *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *ज्याक्सन हाइट* (२०६९) जस्ता थुप्रै कथासङ्ग्रहहरू प्रकाशित छन् । यी विभिन्न कथासङ्ग्रहहरू विभिन्न पुरस्कारबाट पुरस्कृत पनि भएका छन् भने *छापामारको छोरो* कथासङ्ग्रहले नेपालको सर्वोत्कृष्ट पुरस्कारका रूपमा स्थापित

*Copyright 2024© the Author(s)*

मदनपुरस्कार प्राप्त गरिसकेको छ । कथालेखनको प्रारम्भमा आञ्चलिकतालाई महत्त्व दिने शाहले वर्तमानसम्म आइपुग्दा मानवजीवनमा पार्ने विभिन्न समस्याका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्का घटनाहरूले मानवजीवनमा पारेको प्रभावलाई गहिरिएर खोतल्दै त्यसको माध्यमबाट जीवन अमूल्य छ, त्यसलाई कसैले कसैको जीवनमाथि खेलवाड गर्नुहुँदैन भन्ने विचारका कथाहरू लेखेका छन् । कथाकार शाहले मूलतः आफ्ना कथामा नेपाली धर्तीप्रतिको मोह र यहाँको माटोप्रतिको श्रद्धालाई विशेषरूपमा प्रस्तुत गरेका छन् । विशेषतः आफ्नै आञ्चलिक जनजीवनलाई प्रस्तुत गर्न रुचाउने शाहले केही हदसम्म विदेशी पृष्ठभूमि र त्यहाँका समस्या अनि भयावह जनजीवनको यथार्थतालाई पनि मार्मिकरूपमा नै प्रस्तुत गरेको भेटिन्छ । उनका कथामा विदेशमा बस्ने नेपाली जनजीवनको चित्रणमा पनि नेपाली धर्ती, नेपाली मुटुको धड्कन र नेपाली संस्कृतिको सुगन्धलाई स्पष्टरूपमा अनुभूत गर्न सकिन्छ । उनका अधिकांश कथाले र यस कथाले पनि नेपाली जीवनको सुख र सामाजिक परिवर्तनका लागि भनेर बारम्बार चलाइएका आन्दोलनको मूल्याङ्कन गर्दै विभिन्न नाममा आएका परिवर्तन वा व्यवस्थाले नेपाली जनताको वास्तविक अवस्थालाई सम्बोधन गर्न नसकेको गुनासो देखिन्छ । यथार्थमा उनका कथाले मानवजीवनका घात, प्रतिघात, हिंसा, दमन र प्रतिरोधका घटनालाई यथार्थरूपमा चीरफार गर्दै नेपाली जीवनको यथार्थ मर्मलाई बुझेर अगाडि बढेमा मात्र जीवन सुखद बन्न सक्ने सन्देश दिएको पाइन्छ ।

यिनै प्रवृत्ति र विशेषतालाई बोक्ने शाहको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्गृहीत उत्कृष्ट कथाहरूमध्येको एक हो । प्रस्तुत कथालाई विविध पक्षहरूमा चर्चा गरिएको भए पनि विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा चर्चा भएको पाइँदैन, त्यसैले समाजशास्त्रीय व्याख्याता लुसिए गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार बनाएर विश्लेषण गरिएको छ । समाजशास्त्रीय अध्ययनका विभिन्न आधार भए पनि यसमा विश्वदृष्टिलाई नै मुख्य आधार मानिएको हुँदा यही नै यसको सीमा पनि हो ।

**अध्ययनको समस्या**

नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् देशमा अनेकौँ प्रकारका विकृति र विसङ्गतिको प्रारम्भ भयो । दसवर्षे जनयुद्धले सर्वसाधारण नेपाली जनताले अनेकौँ यातना भोग्नुपरेको र आफ्ना छोराछोरीलाई गुमाउनुपर्दाको पीडालाई आधार बनाएर लेखिएको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा विश्वदृष्टिको मान्यताका आधारमा विश्लेषण गर्दा महत्त्वपूर्ण र सशक्त रहेको पाइन्छ । युद्धकालीन समयमा भएका त्रासदयुक्त घटना सर्वसाधारण नेपाली जनताको सोचभन्दा भिन्न घटना र माओवादी, सेना र उच्च ओहदामा बस्ने व्यक्तिका क्रियाकलापको कथामा वर्णित घटनासन्दर्भलाई विश्लेषण गर्दा कथामा तत्कालीन परिवेश कस्तो थियो ? उनीहरूले के कस्ता कार्य गरे ? त्यसबाट सर्वसाधारण नेपाली जनताले के कस्ता पीडा खेप्नुपऱ्यो भन्ने प्राज्ञिक जिज्ञासा उत्पन्न भएको छ । यस अध्ययनमा यस्ता विविध कार्यको यथार्थ विश्लेषण गर्दै तत्कालीन परिवेशमा सर्वसाधारण नेपाली जनतामा देखापरेका समस्यालाई नै अध्ययनको समस्या बनाइएको छ ।

**अध्ययनको उद्देश्य**

युद्धकालीन परिवेशको यथार्थ स्थितिलाई अगाडि राखेर विश्वदृष्टिका आधारमा महेशविक्रम शाहको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको अध्ययन गर्नु नै यस अध्ययनको मूल उद्देश्य हो । त्यसक्रममा कथाको घटनासन्दर्भ र लेखकीय कोणबाट स्पष्ट हुन आएका युद्धकालीन समयका परिस्थितिले सिर्जित गरेका समूह र व्यक्तिविशेषका पीडा, युद्धरत पक्ष र अन्य पक्षबाट भएका घटनाको विश्लेषणसहित मूल्याङ्कन गरी अध्ययनको उद्देश्यलाई स्पष्ट पारिएको छ ।

**अध्ययनविधि**

यो अध्ययन साहित्यको समाजशास्त्रीय विधिमा आधारित छ । यसका लागि आवश्यक प्राथमिक तथा द्वितीयक सामग्रीहरूको सङ्कलन गर्दा पुस्तकालयलाई मुख्य आधार बनाइएको छ। विवेच्य ‘बाबुको काँधमा छोरो सुतिरहेको देश’ कथा यस अध्ययनको प्राथमिक सामग्रीका रूपमा रहेको छ भने समाजशास्त्रीय चिन्तन र विश्वदृष्टिसँग सम्बन्धित मान्यता, पूर्ववर्ती अध्ययन-अनुसन्धानात्मक सन्दर्भग्रन्थ, लेख-रचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। मूलतः समाजशास्त्रीय मान्यताअन्तर्गतको विश्वदृष्टिका आधारमा विश्लेषण गरिएको यस अध्ययनमा बढी मात्रामा निगमनात्मक विधिको प्रयोग गरिएको छ भने आवश्यकताअनुरूप पाठपरक व्याख्यात्मकरूपमा साक्ष्यहरूको पहिचान गर्दै तिनको विश्लेषणबाट निष्कर्ष निकालिएको छ।

**विश्लेषणको सैद्धान्तिक आधार**

लुसिए गोल्डमान (इ. १९१३-१९७१) विश्वप्रसिद्ध फ्रान्सेली साहित्यिक व्यक्तित्व हुन् । यिनको साहित्यलेखनको इतिहास त्यति लामो नभए पनि यिनले दर्शन, मनोविज्ञान, समाजशास्त्र आदि विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। गोल्डमान साहित्यलेखनको प्रारम्भमा मार्क्सवादी मान्यताबाट प्रभावित रहे पनि पछिल्लो समयमा त्यस विचारभन्दा भिन्न दृष्टिकोण राख्दै यिनले आफ्नै खालको साहित्यिक मान्यतालाई अगाडि बढाउने कार्य गरेको देखिन्छ। त्यसैले यिनलाई विश्वसाहित्यमा साहित्यिक समाजशास्त्रका प्रमुख व्याख्याता भनेर लिने गरेको पाइन्छ।

साहित्यको समाजशास्त्रको यथार्थ उद्देश्य समाज र साहित्यका बिचको सम्बन्धको खोज हो । समाज र साहित्यका बिचको सम्बन्धको खोजमा गोल्डमानले एउटा नवीन चिन्तन र विश्लेषणको खोज गरेका हुन् । यिनको सिद्धान्त वा मान्यतालाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ। यिनले यो मान्यता विकास गर्दा “लुकाचको समग्रता, विश्वदृष्टि र परावैयक्तिक चेतना, पिजेको सार्थक संरचना, प्रकार्य तथा चेतना र वस्तुबिचको सम्बन्ध एवम् संरचनावादको समानधर्मिताको धारणाबाट प्रभाव ग्रहण गरेको पाइन्छ” (पाण्डेय, इ. २००६, पृ. १५१) । यिनले त्यसको उपयोग र व्याख्यामा भने आफ्नै दृष्टिकोण लगाएको भनेका छन् । त्यसरी नै भण्डारीले गोल्डमानका विश्वदृष्टिसम्बन्धी मान्यताको चर्चा गर्ने क्रममा “कृतिकारले कुनै मान्यता, स्थापना वा कथनलाई प्रतिपादन गर्न कृतिको रचना गरेको हुन्छ र त्यस्तो कथन कृतिका प्रारम्भ, मध्य वा अन्त्य भागमा प्रक्षेपण गरिएको हुनसक्छ” (२०६८, पृ. ८७) भनेका छन् । उनको भनाइले कृतिभित्र लेखकले धेरै वा कुनै एउटा ठाउँमा विश्वदृष्टिको मान्यता राखेको हुन्छ । त्यो मान्यताले अधिकांशमा प्रभाव पार्‍यो भने वा अधिकांश विचारसँग त्यो मान्यताको दृष्टिकोण मिल्न गएमा त्यो नै विश्वदृष्टि हुन्छ भन्ने कुराले गोल्डमानको विश्वदृष्टिको मान्यतालाई केही रूपमा बुझ्न सहयोग पुग्दछ । त्यसरी नै उप्रेतीले भनेका छन्, “एउटै साहित्य पढ्दा एउटै शब्द प्रयोग गर्दा पनि विभिन्न मानिसले त्यस साहित्यको र शब्दको अर्थलाई केही न केही रूपमा भए पनि फरक किसिमले बुझेका हुन सक्दछन् । त्यस फरक बुझाइमा पनि अधिकांशको बुझाइ वा मान्यतामा एक रूपता आएमा विश्वदृष्टि हुन्छ” (२०६८, पृ. १५) । उनको यस भनाइबाट पनि विश्वदृष्टिको मान्यतालाई केही रूपमा बुझ्न सकिन्छ । उनले सबै पाठकले कृतिलाई एउटै रूपमा नबुझेर फरकरूपमा बुझ्न सक्दछन् । अधिकांशको बुझाइ र मान्यता नै विश्वदृष्टिको मान्यता हो भन्ने दृष्टिकोण रहेको पाइन्छ । विश्वदृष्टिका सम्बन्धमा गोल्डमानले हरेक कृति लेखकको सृजना हो, त्यसले लेखकका विचार वा अनुभूतिलाई कलात्मकरूपमा व्यक्त गरेको भए पनि त्यो लेखकको नितान्त आफ्नो मात्र भने हुँदैन, त्यसैले साहित्यिक कृतिमा व्यक्तिविशेषका छुट्टाछुट्टै प्रकारका दृष्टिकोण रहन सक्छन् । लेखकले जीवनमा आफूले देखेका, भोगेका, सुनेका, अनुभूत गरेका विचारबाट ऊ प्रभावित हुन्छ भनेका छन् । पाण्डेयले गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई अझ प्रस्ट पार्दै आफ्ना दृष्टिकोणहरूलाई यसरी प्रस्तुत गरेका छन् ः

लेखकले समाजका व्यक्तिहरूका विचार वा भावसँग जोडेर कृतिमा आफ्ना विचार व्यक्त गर्ने हुनाले कृति लेखकको निजी निर्मित होइन । सामाजिकवर्गका अन्य व्यक्तिहरू पनि विश्वदृष्टिमा सहभागी हुन्छन् । एउटा वर्ग वा समुदायको पूर्णतया सम्भावित चेतनाबाट विश्वदृष्टिको निर्माण हुन्छ भन्ने मान्यता नै यसको प्रमुख मान्यता हो । (सन् २००६, पृ. १४८)

गोल्डमानले प्रस्तुत गरेको विश्वदृष्टिसम्बन्धी मान्यतालाई नारङ्गले यसरी व्यक्त गरेका छन्, "कला वा साहित्यले कुनै न कुनै रूपमा जीवनलाई नै व्यक्त गर्दछ तर त्यो जीवन एउटा व्यक्तिविशेष वा साहित्यकारको नहुन पनि सक्छ। त्यसलाई हेर्ने दृष्टिकोणमा अधिकांशको विचार मिल्न सक्छ" (सन् २००२, पृ. ७७) । उनका अनुसार विश्वदृष्टिको मान्यतालाई बुझ्न सकिन्छ । विश्वदृष्टिको मान्यता सर्वव्यापी छ । समाजशास्त्रकै मान्यतामा आधारित भए पनि यसको छुट्टै र आफ्नै किसिमको दृष्टिकोण पनि छ। गोल्डमानले एउटा वर्ग वा समूहको जीवन-जगत्का सम्बन्धमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । विश्वजनित परिवेशमा एउटा समूह वा वर्गले अर्को समूह वा वर्गसँग कुनै न कुनै रूपको सम्बन्ध राखेको हुन्छ। त्यही सामूहिक भाव वा विचारको एउटा व्यवस्थाले संरचनाको निर्माण गर्दछ (सन् १९८१, पृ. ९८) भनेका छन् । उनका अनुसार कृतिहरू अर्न्तवैयक्तिक सम्बन्धका जटिल तन्त्र हुन् । व्यक्ति वा समाज नै कृतिको विषय हुन्छ तर नितान्त एक्लो व्यक्ति वा मान्छे कृतिको विषय हुन सक्दैन । जैनले "व्यक्ति वा लेखकले आफूले भोगेको समाज, आफूले देखे-भोगेका वा अनुभूत गरेका कुराबाट नै एउटा कृतिको निर्माण गर्दछ" (सन् १९९२, पृ. ४७) भनेकी छन् । उनको यस भनाइबाट विश्वदृष्टिको यथार्थ र वास्तविक मर्मलाई बुझ्न सकिन्छ। समाजमा भिन्नभिन्न पेसा, वर्ग, परिवार, परिचित, अपरिचित, राष्ट्रिय वा अन्तर र्राष्ट्रिय क्षेत्रका व्यक्ति वा समूह बसेका हुन्छन् । तिनले एकअर्काको चेतनामा प्रभाव पारेका हुन्छन् । त्यही प्रभावबाट लेखकमा एउटा अनौठो, जटिल तथा विशृङ्खलित संरचनाको निर्माण हुन्छ तर यसको विपरीत जब एकै प्रकारका सामाजिक समूहका व्यक्तिहरूको ठुलो सङ्ख्यामा अध्ययन गरिन्छ तब त्यसबाट अद्‌भूत मनोवैज्ञानिक तत्त्वले एकअर्कालाई भिन्न देखाउँछन् । त्यसपछि पुनः चेतनामा एउटा सुसम्बद्ध सशक्त चेतनागत संरचनाको विकास हुन्छ। यही सशक्त र सुसम्बद्ध चेतना नै यथार्थमा रचनाको विषय बन्दछ। यही सुसम्बद्ध विषय स्रष्टाका माध्यमबाट कृतिसँग जोडिन्छ र त्यसबाट साहित्यिक कृतिको अन्तिम अर्थ प्राप्त हुन्छ। क्षत्रीले "समाजमा वर्ग वा समूहको मानसिक संरचनामा आन्तरिक एकता रहेजस्तै स्रष्टाका कृतिमा व्यक्ति, विश्वदृष्टि र समाजको विश्वदृष्टिमा एकात्मकता रहेको हुन्छ" (२०६४, पृ. ५०) भन्नुले पनि विश्वदृष्टिको मान्यतालाई केही रूपमा बुझ्न सकिन्छ । उनले कुनै पनि कुरालाई हेर्ने दृष्टि व्यक्ति र समूहको अलगअलग हुनसक्छ र त्यसमा अधिकांशको सोच वा दृष्टिकोण मिल्यो भने मात्र त्यो विश्वदृष्टि बन्दछ भन्ने दृष्टिकोण राखेको पाइन्छ।

विश्व वाङ्मयका क्षेत्रमा देखिएका अनेकौँ रचनामा विश्वदृष्टि हुन्छ । दर्शन, कला, साहित्यमा भिन्नाभिन्नै रूपमा विश्वदृष्टि प्रकट भए पनि यथार्थमा विश्वदृष्टि एउटै हुन्छ । यस किसिमको विश्वदृष्टि एउटा निश्चित कालखण्डमा एउटा वर्गको विचार, अनुभूति र व्यवहारको समग्रमा प्रकट हुन्छ (पाण्डेय, सन् २००६, पृ. १४८) । उनको यो भनाइले साहित्यमा मात्र नभएर विभिन्न क्षेत्रका विभिन्न विधामा पनि विश्वदृष्टि रहेको हुन्छ। विश्वदृष्टिको खोज वा त्यस समयलाई बुझ्न त्यस समयका व्यक्तिलाई जान्न, त्यस समयका कृतिको अध्ययन गर्नुपर्दछ भन्ने विचार व्यक्त गरेका छन् । गोल्डमानले के कुरा पनि भन्दछन् भने कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुन्छ । एउटा समाजशास्त्रीले यही समानधर्मिताको खोज गर्नु आवश्यक हुन्छ। उनका विचारमा एउटा व्यक्तिको विचार वा अनुभव यति सानो र सीमित हुन्छ कि त्यसबाट सार्थक मानसिक संरचना/ विश्वदृष्टिको विकास सम्भव हुँदैन। कुनै पनि कृति पढ्दा कहीँ त्रासदीय दृष्टि, कहीँ विद्रोहको चेतना, कहीँ घृणाको भाव किन र कसरी आउँछ भन्ने कुरामा साहित्यको समाजशास्त्रीले समाधानको गहन अध्ययन गर्नुपर्दछ। यसमा उनको विचार के रहेको पाइन्छ भने समाजशास्त्रीले अध्ययनको विषय बनाउँदा कृतिलाई रूपको दृष्टिकोणबाट नहेरेर अर्थको दृष्टिकोणबाट हेर्नुपर्दछ।

यसरी लुसिए गोल्मानले कुनै पनि साहित्य र इतिहासका बिच विश्वदृष्टिका स्तरमा संरचनात्मक सम्बन्धको खोज गरेका छन् । प्रस्तुत अध्ययनमा पनि गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार मानेर 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको विश्लेषण गरिएको छ ।

**'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको विश्लेषण**

प्रस्तुत लेखमा कथाकार महेशविक्रम शाहको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको विश्लेषण गरिएको छ । विश्लेषणका सन्दर्भमा उक्त कथामा के कस्तो परिवेश र परिस्थितिहरूले काम गरेका छन् र ती परिवेश र परिस्थितिका घटनासन्दर्भहरूले नेपाली जनमानसमा युद्धले पारेको प्रभाव र उनीहरूका मानसपटलमा उब्जिएका भावनाको अनि युद्धमा आफ्ना परिवारका सदस्य गुमाउन पर्दाको क्षणको दृष्टिकोण के छ ? त्यसलाई के कसरी हेरिएको छ भन्ने कुराका साथै त्यसरी चित्रित घटनाक्रमले समाजमा के कस्तो प्रभाव पार्न सक्दछ भन्ने सन्दर्भमा कथालाई विभिन्न आधारमा विश्लेषण गर्न सकिने भए पनि प्रस्तुत आलेखमा विश्वदृष्टिको मान्यताबाट हेर्ने प्रयास गरिएको छ ।

**'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाको घटनासन्दर्भ**

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यसमा बाह्रवर्षे युद्धले सामान्य परिवारमा पारेको प्रभावको चित्रण गरिएको छ । नेपालमा परिचालित द्वन्द्व त्यस समयमा एउटा उत्कर्षविन्दुमा चलिरहेको थियो भने लेखकको कथासाधनाले पनि एउटा उत्कर्षता हासिल गरिरहेको थियो । कथालेखनको समयमा नेपालमा नेकपा माओवादीद्वारा सञ्चालित सशस्त्र युद्ध पनि उत्कर्षतातिर नै उन्मुख भएकाले यस परिस्थितिमा भएका घातप्रतिघातले समाजका व्यक्ति, समुदाय तथा सिङ्गो राष्ट्रलाई नै प्रभावित पारिरहेको थियो । यस्तो परिस्थितिमा उनीहरूका क्रियाकलापबाट प्रभावित नेपाली जनताको मानसिकता र हरेक परिवारमा प्रायःजसो हुने यस्ता घटना र त्यसले पार्ने प्रभाव नै कथाको विषयवस्तु बनेको छ । यस कथाका लेखक स्वयम् त्यस समयमा नेपाल प्रहरी अधिकृतको रूपमा काम गरेका हुनाले त्यस समयमा घटेका कारुणिकलगायत प्रायः सबैखालका घटनालाई उनले कलात्मकरूपमा मूर्तरूप दिएको देखिन्छ । कथामा आफ्नो एक्लो छोरो लामो समयसम्म घरमा नआएपछि उसको खोजीमा निस्किएको बाबुले गाउँ-सहरमा खोज्न नगएर जङ्गलमा खोज्न जानुबाट पनि तत्कालीन परिवेशलाई बुझ्न सकिन्छ । खोज्न जाँदा जङ्गलमा छोराको टाउकोमात्र फेला पार्दछ । उसको शरीर धुइँपत्ताल लगाएर खोज्दा पनि फेला नपारेपछि कयौँ दिनदेखि सडेको दुर्गन्धित छोराको टाउको बोकेर हत्यारालाई हतकडी लगाउने सोचमा बाबुले सोच्दछ - "उसको छोराको हत्याराले पक्कै पनि कानुनबमोजिम सजाय पाउनेछ । उसको देशले बुझ्नेछ, उसको पीडा, टाउको छिनालिएको एकमात्र छोराको बाबुको पीडा" (पृ. १९) । तर यथार्थमा यसो भएको छैन । तत्कालीन परिवेशमा देशका कुनै पनि निकाय सक्रीय छैनन् । जिम्मेवार छैनन् । कसैले पनि उसको पीडालाई बुझ्न सक्दैनन् । अचानोको चोट खुकुरीले जान्दैन भनेझैँ तत्कालीन समयमा जसले जे जस्तो दुर्गति भोग्यो त्यसले मात्र अनुभूत गर्ने परिस्थिति देशमा सिर्जित छ भन्ने विश्वदृष्टि कथामा पाइन्छ । २०५२ सालदेखि सञ्चालित माओवादी द्वन्द्वका कारण कुनै पनि निकायलाई कसैको चिन्ता थिएन । सबै निकाय आफूसँग आएको घटनालाई अर्को निकायमा टाँसो लगाएर आफूबाट पन्छाउने काममा मात्र दत्तचित्त छन् । सर्वसाधारणको पीडामा राहत दिने सोच कसैमा छैन, आफूमात्र बच्ने र अरूलाई दोष लगाउने सोचको विश्वदृष्टि तत्कालीन परिवेशमा रहेको यथार्थतालाई कथाको घटनासन्दर्भले देखाएको छ । जुनसुकै परिस्थितिमा र जुनसुकै पक्षले भए पनि मानवको हत्या गर्नु हुँदैनथ्यो, तर त्यस परिस्थितिमा त्यस्तो थिएन । विनाकारण विभिन्न निहुँमा मार्ने र सजाय दिने काम भएको थियो । यस्तो परिस्थितिमा सन्तानको मृत्युले निम्त्याउने बाबुआमाको मानसिकतालाई बुझ्न सक्ने सामर्थ्य कुनै पनि निकायमा बस्ने पदाधिकारीमा प्रायः सून्य थियो । छोराको टाउको

भेटेपछि एउटा निरीह बाबुको स्थितिलाई कथाकारले कथामा यसरी व्यक्त गरेका छन् :

> अन्ततः हिलो, धूलो र आलो रगतले लतपतिएको छोराको टाउको छातीमा च्यापेर ऊ भक्कानो छोडेर रोयो । ऊ चौपट्टै रोयो जङ्गली जनावरहरूलाईसमेत आतङ्कित पार्ने गरी रोयो । जङ्गलको एकलास ठाउँमा आफ्नो छोराको मृत अनुहारलाई चुम्दै धेरै बेरसम्म जमिनमा घोप्टो परेर विलाप गरिरह्यो । (पृ. १८)

प्रस्तुत सन्दर्भमा व्यक्त भएको अभिव्यक्ति कथाकारको परिकल्पनामात्र नभएर तत्कालीन समयको वास्तविकतासँग पनि सम्बन्धित छ । यो यथार्थ पनि हो । यथार्थमा व्यक्ति वा समाज नै कृतिको विषय हुन्छ तर नितान्त एक्लो व्यक्ति वा मान्छे कृतिको विषय हुन सक्दैन भनेर गोल्डमानले भनेझैँ यो परिस्थितिमा भए-गरेका अनेकौँ त्रासदीय घटना व्यक्तिविशेषको वा लेखकको परिकल्पनामात्र नभएर सिङ्गो नेपाली समाजको विश्वदृष्टि वा यथार्थ पनि हो । दश वर्षसम्म नेपाली समाजमा चलेको माओवादी सशस्त्र युद्धले नेपाली विकट ग्रामीण समाजमा बढी प्रभाव पारेको थियो । यस समयमा युद्ध गर्ने र युद्ध दबाउने दुवै पक्षले एकअर्काका नाउँमा सर्वसाधारणलाई नै यातना दिएका थिए । दुवै बन्दुकधारीहरूका बिचमा सर्वसाधारण नेपाली जनताहरू, परिवारका सदस्यहरूलाई गुमाउँदै समाजमा आफूलाई असहाय टुहुरो र एक्लो महसुस गर्न पुगेको यथार्थ चित्रण विश्वदृष्टिका रूपमा कथामा घटनासन्दर्भसँग जोडिएर आएको देखिन्छ ।

प्रस्तुत कथामा वर्णित घटना अत्यन्तै त्रासद छ । यसले जो कोहीको पनि मुटु हल्लाउन सक्छ एकातिर भने अर्कोतिर लेखकले नेपालको प्राकृतिक सौन्दर्यको पनि त्यत्तिकै खुलेर मिहिन र कलात्मकरूपमा चित्रण गरेका छन् । प्राकृतिक वा अन्य कुनै पनि सौन्दर्य मानिसले त्यतिबेलामात्र अनुभूत गर्न सक्छ, जहाँ ऊ रमेको हुन्छ । उसको मन चञ्चलताले भरिएको हुन्छ र उसले आफूलाई पूर्णरूपमा निस्फिक्री र सुरक्षित महसुस गरेको हुन्छ । एक्लो छोरोको मृत्यमा विह्वल बनेको बाबुले मनोरम सौन्दर्यले परिपूर्ण भएको प्रकृतिलाई पनि अनुभूत गर्न सक्दैन । परिवर्तन प्रकृतिको मात्र नभएर मानवीय स्वभाव पनि हो । मानवीय अस्तित्त्वका लागि र विकासका लागि परिवर्तन अपरिहार्य वस्तु भए पनि परिवर्तनको नाममा कसैको जीवन नै समाप्त पार्ने खेल खेल्ने अधिकार धर्तीमा कसैलाई छैन । मानव विकासको लागि मानवजीवनलाई नै समाप्त पार्ने खेल कुनै पनि सन्दर्भमा मान्य हुँदैन । मानवजीवनको विकास, समृद्धि र परिवर्तनका लागि सङ्घर्ष गर्ने हो भने हाम्रा कर्मशील र चेतनशील योद्धाहरूको जीवन समाप्त पारेर होइन, उनीहरूलाई अझ बढी कर्मशील र चेतनशील बनाएर गर्नुपर्दछ । मानवजीवनको विनास गरेर आउने परिवर्तनले त केवल नेतृत्वमा पुग्ने र सत्ताको आडमा आफ्नो र आफ्नाको स्वार्थ सिद्ध गर्ने कार्य मात्र गर्दछ । यही वास्तविकतालाई युद्धरत पक्षको नेतृत्व गर्नेहरूले बुझ्न नसकेको अवस्था पनि हो । भौतिक जीवनलाई समाप्त पारेर स्वर्गको परिकल्पना गर्नु त भौतिकवाद नभएर आध्यात्मिक चिन्तन हो । सिङ्गो नेपाल, सम्पूर्ण नेपाली समाजलाई नै अपाङ्ग बनाएर परिवर्तनको कल्पना गर्नु वा परिवर्तनको नाममा परिवारभित्रका व्यक्ति वा समाजलाई गाउँ निकाला गर्नु, जीवनलाई मृत्युको भयावह खेतीमा सामेल गराउनु, भयावह र डरलाग्दो परिवेशमा बाँचेकाले पनि भित्रभित्रै आफूलाई बारम्बार मार्नु, लक्ष्यविहीन भएर एकमुठी श्वासको घिड्घिडो थामिरहनुजस्ता सामाजिक यथार्थलाई कथाले देखाएको छ, यसमा तत्कालीन परिवेशमा सर्वसाधारणको सङ्ख्या ठुलो थियो र यो मान्यतामा धेरैको सहमति रहेकाले गोल्डमानले भनेझैँ अधिकांशको सोच, दृष्टिलाई साहित्यले समात्न सक्नु पर्दछ भन्ने मान्यता नै यहाँ विश्वदृष्टि बनेर आएको छ । यसमा परिवर्तनको नाममा मृत्युको खेतीमा संलग्न व्यक्तिलाई कसैको मृत्युले नछोए पनि सम्बन्धित पक्ष र त्यससँग सम्बन्धित पक्षको आशा अनि भविष्यको धरोहर ढलेको हुन्छ । उनीहरूमा जीवनप्रतिको आशा र भविष्य अस्ताएका हुन्छन् भन्ने कुरालाई यसरी कथामा व्यक्त गरिएको छ :

> उसले आकाशतिर मुन्टो फर्कायो र ताराहरूलाई हेर्दै भन्यो - "ती ताराहरू तिम्रो भविष्य हुन् तर मेरो भविष्य भने तिमी नै हौ मेरो छोरा ।" उसको मनमा हर्षको झरी दर्क्यो । उसले आफ्नो छोरालाई काँधबाट माथि उफार्‍यो छोराको मृत टाउको उसका अगाडि भुइँमा भ्यात्त खस्यो । उसले ट्वाल्ल परेर आफ्नोअगाडि भुइँमा बज्रेको

> छोराको निर्जीव टाउकोलाई हेऱ्यो । त्यहाँ उसको भविष्य र देशको एउटा तारा अस्ताएको थियो । (पृ. १९)

यसरी माथिको अभिव्यक्तिले जीवनको नमिठो यथार्थलाई देखाएको छ । सन्तानप्रति बाबुआमाले र बाबुआमाप्रति सन्तानले अनेकौँ सपना देखेका हुन्छन् । सन्तानको अनाहकको मृत्युले उनीहरूका सपनालाई चकनाचुर बनाएको हुन्छ । आशा र भरोशा गर्ने ठाउँ रहँदैन । बाँच्ने आधार समाप्त हुँदाहुँदै पनि न्यायको खोजीमा अपाहिज बाबु विक्षिप्त बन्दै हरेक निकायमा पुग्छन् तर न्याय दिने संस्थाले त्यस्तो असमान्य घटनालाई सामान्य रूपमा लिएर आफूबाट पन्छाएर अर्को संस्थालाई भिडाउने कार्य गर्दा देशमा सर्वसाधारणले न्याय नपाउने कुरालाई कथाले एकातिर देखाएको छ भने अर्कोतिर पीडितलाई न्याय र उसको घाउमा मलमपट्टी लगाउनुपर्ने ठाउँमा नुन-खुर्सानी छर्ने कार्य पनि तत्कालीन परिवेशमा भएको पाइन्छ । युद्धको त्रासद वातावरणले सबैलाई गाँजेको भए पनि नागरिकलाई सुरक्षाको ग्यारेन्टी दिन्छौँ भनेर बसेका ठुलाठाला भनाउँदा व्यक्तिहरूले आफूलाई मालिक र नागरिकलाई नोकरका रूपमा हेर्ने परिवेश हिजो पनि थियो र आज पनि छ । नागरिकले तिरेको करको पैसा खाएर समाजसेवाको नाममा लुटको खेती गर्नेहरूमाथि पनि नागरिकले न्यायको आशाको ज्योति जगाइरहेजस्तै उसको मनमा पनि न्याय पाउने कुराप्रति दृढ अठोट पलाएको थियो । "किनकि ऊ पनि यस देशको नागरिक हो र यस देशको कानुनले उसको संरक्षण गर्नेछ" (पृ. १९) भन्ने उसको अभिव्यक्तिले यो कुराको पुष्टि गरेको छ । यसरी देश र कानुनमाथि सर्वसाधारण नागरिकले विश्वास गरे पनि यथार्थमा र कथामा पनि त्यसो हुन सकेको छैन भन्ने कुरालाई कथामा यसरी पनि देखाइएको छ :

> गाउँको प्रतिनिधि अध्यक्षले आफ्नो पीडा बुझ्न नचाहेकोमा उसको छाती चरक्क चिरियो । ऊ अध्यक्षका अगाडि आफ्नो मनको बह पोखेर दुःख बाँड्न चाहन्थ्यो तर अध्यक्षले उसको दुःखलाई भन्दा उसको छोराको मृत टाउकोबाट आइरहेको दुर्गन्धलाई बढी अनुभूत गरेको थियो । (पृ. २१)

प्रस्तुत भनाइले सर्वसाधारण नेपाली जनता आफैले भोट दिएर जिताएका प्रतिनिधिबाट गरेको आशा र उसले देखाएको व्यवहारलाई मार्मिकरूपमा प्रस्तुत गरेको छ । अध्यक्षले देखाएको व्यवहार जुनसुकै निकायमा बस्ने माथिल्लो तहका व्यक्तिले सर्वसाधारणलाई गर्ने व्यवहार पनि हो । एउटा अत्यन्तै पीडामा परेको, मृत छोराको टाउको बोकेर हिँडेको बाबुले गरेको आशा र विश्वास कथामा जसरी भत्किएको छ त्यसरी नै युद्धका सन्दर्भमा होस् वा अन्य सन्दर्भमा होस्, सर्वसाधारणका आशा र विश्वास त्यसरी नै भत्किएका छन् । यहाँ मृत छोराको टाउको बोकेर हिँड्ने बाबु त प्रतिनिधि पात्र मात्र हो । त्यस्ता र त्योभन्दा जटिल घटना दिनानुदिन घटेका छन् तर त्यसमा सम्बन्धित निकायको कुनै चासो छैन । त्यसैले गोल्डमानको दृष्टिकोणअनुसार कुनै पनि कुरा वास्तविक नभएर छद्‍म हुन्छ । यस सन्दर्भमा पाण्डेयले "सत्य र मान्छे, सत्य र भाषा यिनका बिच साँचो एकत्व/मेल सम्भव छैन" (२०६८, पृ. ४३) भनेका छन् । उनले विविध कारणले धेरै मानिस वा वर्गसमूहलाई कुनै कुरा सत्य लाग्न सक्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । यसैक्रममा गोल्डमानले वर्गलाई आर्थिकवर्गका रूपमा भन्दा सामाजिकवर्गका रूपमा हेर्दछन् । समाजशास्त्रको लक्ष्य भनेको कृतिको आन्तरिक एकतामा उसको विश्वदृष्टिको खोज र त्यस विश्वदृष्टिमा मूलभूत रूपमा सामाजिक समूहको विवेचना हो भनेझैँ समाज परिवर्तनको नाममा भएका युद्धले नेपाल र नेपाली समाजलाई क्षतविक्षत तुल्याएको थियो । नेपालीहरूको गिर्दो मानसिकता भएकाले उनीहरूले आफ्नो र परिवारको उज्ज्वल भविष्यको परिकल्पना गर्न सकेका थिएनन् । त्यसको प्रभाव समाजमा अध्यावधि पनि विद्यमान छ । देशमा सुशासन छैन । हिजोजस्तै नभए पनि मर्ने र मार्ने कार्य रोकिएको छैन । जनताका इच्छा र चाहनाअनुरूप कार्य भएका छैनन् । समाज परिवर्तनको नाममा जनतालाई सिध्याएर भएका विविध खेलबाट तिनै व्यक्तिहरू सत्तामा पुग्दा पनि युद्धमा नै होमिएका जनताले समेत परिवर्तनभन्दा पनि असुरक्षा महसुस गर्ने परिस्थिति सिर्जित छ । देशमा कसरी शान्ति कायम गर्ने भन्ने सोचमा कुनै पनि पक्ष लागेको देखिँदैन । यसको बदलामा बरु राजनीति गर्ने व्यक्तिहरू आफ्नो कुर्ची कसरी जोगाउने र आफ्ना मान्छेलाई कसरी माथिल्लो तहमा पुऱ्याएर सुख-सुविधा उपभोग गर्ने वातावरण बनाउने भन्ने कुरामा नै उनीहरू

लागेको देखिन्छ । त्यसैले सत्तामा बस्ने र माथिल्लो पदलाई ओगट्ने भन्ने व्यक्तिहरूबाट सर्वसाधारण जनताले न्यायको आशा गर्नु बेकार बनेको छ । विधिसम्मत रूपमा नभएर पहुँचको आधारमा, भागबण्डाको आधारमा पद हत्याउने व्यक्तिबाट जनताले सोचेजस्तो र चाहेजस्तो विधिको शासन भएको छैन । त्यस्तोमा मनपरीतन्त्र नै मौलाउँछ र साँढेको जुधाइ, बाच्छाको मिचाइ भनेझैँ सर्वसाधारण जनता अन्यायको सिकार भइरहन्छन् । हत्यारा खुलेआम घुमिरहन्छन् । न्याय खोज्न जानेलाई आफू पन्छिदै अर्को निकायमा टाँसो लगाउने र अन्तिममा पुगेपछि न्याय खोज्ने व्यक्ति नै धक्का खाएर बाटामा पछारिने नियति नै वर्तमानमा नेपाली जनताले भोगेको यथार्थता हो । कथाको घटनासन्दर्भले यसलाई राम्रोसँग पुष्टि गरेको देखिन्छ । त्यसैले जनताका प्रतिनिधि सम्बन्धित निकायमा बस्ने ठुलाठालु आफ्नो स्वार्थभन्दा माथि उठेर राष्ट्र र नेपालीहरूको चाहना, सुख, सुविधाको र जिम्मेवारीको चिन्ता हुनुपर्नेमा त्यसो नभएकाले दिनानुदिन विभिन्न खालका हत्या, हिंसा, अपराधका घटना मौलाउँदै गएको र सर्वसाधारणले अत्यन्तै भयावह सास्ती खेप्नुपरेको यथार्थ संस्कृतिको दृष्टिकोण विश्वदृष्टिको रूपमा कथामा आएको महसुस गर्न सकिन्छ ।

प्रस्तुत कथामा दसवर्षे युद्धले नेपाली समाजमा पारेको प्रभाव र त्यसको भयावह त्रासदीय पीडाको नमिठो यथार्थलाई देखाइएको छ । कथामा वर्णित घटनाले तत्कालीन समयमा सर्वसाधारण व्यक्तिहरू कसरी मारिन्थे र आफ्ना सन्तति गुमाउँदा बाबुआमाको सोच कस्तो हुन्छ भन्ने मानसिकताको यथार्थ चित्रण गरेको छ । युद्धका नाममा भएका विभिन्न घटनाले कैयौँ परिवारलाई आज पनि निरीह र विक्षिप्त बनाएको छ । जनताका हक र अधिकारका नाममा जनतालाई नै सिध्याउने र यातना दिने कार्यले कसैको भलो नहुने यथार्थतालाई पनि साङ्केतिक रूपमा व्यक्त गरेको छ । जबसम्म विधिको शासन र सुशासनको सर्वसाधारणले अनुभूत गर्न सक्दैनन्, तबसम्म देशको विकास सम्भव छैन भन्ने कुरालाई कथाले मार्मिक रूपमा उठाएको छ । यिनै विविध घटनासन्दर्भमा कथाको निर्माण भएको छ अनि त्यसै परिवेशमा विश्वदृष्टि पनि कथामा व्यक्त भएको पाइन्छ । समाजको रूपान्तरण अन्य प्रक्रियाबाट होस् वा हत्या, हिंसाबाट होस् नामको परिवर्तन हुँदैमा जनताका इच्छा र चाहना पुरा हुँदैनन् । त्यसको लागि सम्बन्धित निकायमा पद सह्मालेर बस्नेहरूले दृढ विश्वासका साथ काम गर्नुपर्दछ । देशमा सुशासन कायम गर्दै जनतालाई अगाडि राखेर विश्वासका साथ मिलेर काम गर्न सकेमा मात्र जनताले हिजोको पीडा बिर्सने छन् र पुनः परिवर्तनको नाममा आफ्ना सन्तान गुमाउनुपर्ने र पुनः मर्नु नपर्ने कुराको अन्त्य भएको महसुस गर्दै देशमा नै रम्ने र एकअर्कासँग हातेमालो गर्दै विकास गर्न सकिने कुराको आशा र विश्वासको अभिव्यक्ति नै कथामा सिर्जित परिस्थिति, घटनासन्दर्भ र विश्वदृष्टिको रूपमा अभिव्यक्त भएको छ ।

**'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा विश्वदृष्टि**

प्रस्तुत कथाको घटनासन्दर्भलाई हेर्दा के कुरा स्पष्ट हुन्छ भने 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथा दसवर्षे माओवादी युद्धसँग सम्बद्ध छ । त्यसैले स्वाभाविकरूपमा यस कथामा विश्वदृष्टिको सन्दर्भ र प्रसङ्ग पनि सोही युद्धसँग जोडिएर आएको देखिन्छ । देशमा लामो समयदेखि चलेको युद्धको त्रासद परिवेशले सिर्जना गरेको कहालीलाग्दो परिस्थितिबाट निर्मित र विकसित चेतनाबाटै प्रस्तुत कथामा विश्वदृष्टि निर्माण भएको छ । नेपालको भूराजनीतिमा लामो समयसम्म राजतन्त्रको शासन चल्यो । यो शासन वा व्यवस्थाले नेपाल र नेपाली जनताको हित हुन सकेन भन्ने कुराको अनुभूत गर्दै सम्पूर्ण नेपाली आन्दोलनमा होमिएपश्चात् प्रजातन्त्रको पुनर्स्थापना भयो । यसले सम्पूर्ण नेपालीमा आशा र भरोसा जगायो तर थोरै समयमा नै विभिन्न प्रकारका विकृति र विसङ्गतिहरू देखा पर्नथाले । जसको परिणाम विभिन्न किसिमका माग राख्दै माओवादी पक्षबाट सशस्त्र द्वन्द्वको घोषणा हुन पुग्यो तर प्रजातन्त्रको पुनर्स्थापनापश्चात् देशमा विकास, शान्ति र सुशासनको ग्यारेन्टी हुन्छ भन्ने चेतना जनतामा थियो भने हाम्रो कारणले प्रजातन्त्र आयो भन्ने दम्भ शासकवर्गमा विद्यमान हुन पुग्यो । जसले गर्दा थोरै समयमा नै विभिन्न प्रकारका विकृति र विसङ्गतिहरू देखा पर्नथाले । माओवादी सशस्त्र

युद्धको घोषणापश्चात् देशको अवस्था कहालीलाग्दो देखियो । तत्कालीन समयमा एकातिर सशस्त्र विद्रोहमार्फत नै राज्यसत्ता कब्जा गरेर मुक्ति पाइन्छ भन्ने सोच बनेको थियो भने अर्कोतर्फ जुनसुकै रूपमा पनि विद्रोहीलाई र विद्रोहलाई दबाउनुपर्दछ भन्ने चेतनाको विकास भएको थियो । यो सोच राख्ने दुवै पक्षसँग बन्दुक थियो । दुवै बन्दुकधारीका चापमा सोझासाझा नेपाली जनता पिल्सिएको चेतना समूहको थियो । देशमा विद्यमान यस्तो स्थितिमा सर्वसाधारण जनताले तनाव र दबाबको अवस्थामा अनेकौँ यातना भोग्नुपरेको हुनाले उनीहरू निरीह, हतास र असहायको अनुभूति गरिरहेका थिए । सत्तापक्ष, विद्रोही र सर्वसाधारणले देशमा भएको हिंसात्मक आन्दोलनलाई हेर्ने विश्वदृष्टि भने आ-आफ्नै किसिमका थिए । सत्तापक्ष विद्रोहको कारण खोज्नतिर नलागेर बलमिचाइका रूपमा अगाडि बढेको थियो भने विद्रोही हिंसाले नेपाली जनमानसमा कस्तो प्रभाव पारेको छ, यसले सर्वसाधारण जनता कसरी हताहत भएका छन् र यसको दूरगामी प्रभाव कस्तो पर्दछ ? भन्ने कुरा बुझ्न चाहेको थिएन । हिंसाविना पनि विरोध गर्न सकिन्छ । सङ्घर्षको रूप हिंसात्मक नै हुन आवश्यक छैन । मार्ने र मर्ने कुराले कसैको हित हुँदैन । सङ्घर्षमा होमिएका र विनाकारण मारिएका युवाहरूलाई सही बाटोमा लगाएर अहिंसात्मक आन्दोलनले पनि परिवर्तन गर्न सकिन्छ भन्ने सोच विद्रोहीमा थिएन । सर्वसाधारण अनाहकमा मरिरहेका थिए । दुवै पक्षको लुकेर विरोध गरे पनि अगाडि आएर विरोध गर्नसक्ने सामर्थ्य सर्वसाधारणमा थिएन । यसरी तत्कालीन समयमा नेपालमा तीन पक्ष थिए र तीनै पक्षको आ-आफ्नै विश्वदृष्टि थियो । यी तीन पक्षमा सर्वसाधारणको सङ्ख्या ठुलो थियो तर पनि युद्धको दोहोरो मारमा सर्वसाधारण नै पिल्सिएका थिए, मारिएका थिए, काटिएका थिए र बाध्यताको जिन्दगी बाँचेका थिए भन्ने कुरालाई "यो आफै मरेको होइन, मारिएको हो हजुर ! जङ्गलमा मेरो छोरालाई हत्याराले गर्धन छिनालेर दुई टुक्रा पाऱ्यो । मेरो कलिलो छोरो यो एक्लो बाबुलाई बेसहारा बनाएर गयो । म अब एक्लै कसरी बाँचूँ हजुर" (पृ. २०) भन्नुबाट बुझ्न सकिन्छ । तत्कालीन परिवेश र त्यसले सर्वसाधारणलाई पारेको प्रभावलाई पनि यसबाट थाहा पाउन सकिन्छ ।

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथाले बोकेको घटना वा विषयवस्तु हाम्रै आँखाअगाडि र हाम्रै टोलछिमेकका कथा-व्यथाको प्रस्तुति हो भने यसका घटनासन्दर्भमा आएका कतिपय कुराहरू धेरै नेपाली दाजुभाइ, दिदीबहिनीहरूले अनुभूत गरेका कुरा हुन् । गोल्डमानले साहित्यको विषय एउटा व्यक्ति हुँदैन र उसको नितान्त व्यक्तिगत विचार पनि होइन भनेझैँ धेरैका अनुभूतिहरू नै प्रस्तुत कथाको विषय बनेको स्पष्ट अनुभूत हुन्छ । देशमा दसवर्षे युद्ध भयो । युद्धमा जुनसुकै पक्षबाट भए पनि संलग्न भएकाहरूको एकप्रकारको मान्यता रह्यो । जसको कारण हजारौँ-हजार मानिसहरूको अकालमा नै ज्यान गयो । कैयौँ मानसिक र शारीरिकरूपमा अपाहिज बने । कयौँ चेलीहरूको इज्जत लुटियो । समाजमा भय र त्रासद वातावरण सिर्जित भयो । बुढेसकालको सहाराका रूपमा बढे-हुर्केका सन्तानको आफ्नैअगाडि, आफ्नै घरमा अनि पाखा-पखेरा र जङ्गलमा निर्ममतापूर्वक हत्या भयो । कयौँ दिनदेखि सडेका लास वा टाउको बाबुले बोक्नुपर्ने परिस्थिति सिर्जित भयो । अन्याय र अत्याचारको सिकार बन्दै बन्दुकेहरूको आक्रमण वा अपहरणको त्रास खेप्नुपर्ने अवस्था सिर्जित भयो । मान्छेले मान्छेलाई डरलाग्दो पशुको रूपमा देख्न थाले । मान्छेले वा ओहोदामा बस्ने व्यक्तिले मान्छेका भावना बुझ्न छाडे । मान्छेका पीडा उनीहरूका लागि हास्यास्पद बन्न थाले । उनीहरूका पीडालाई बुझ्ने कोही हुँदैनन् । त्यस्ता पीडित व्यक्तिको पीडा र व्यथाको अनुभूति गर्दै भट्टराईले भनेका छन्, "मृत छोराको गिँडिएको टाउको शिरमा बोकेर एउटा पात्र विक्षिप्त भई कुद्छ, रुन्छ, कराउँछ, गुहार माग्छ तर ऊ चारैतिर अन्धकारसिवाय केही देख्दैन" (पृ. ङ) । यस अभिव्यक्तिबाट पनि तत्कालीन परिवेश र सर्वसाधारणको विश्वदृष्टि अनि उनीहरूले बेहोरेको परिस्थितिलाई बुझ्न सकिन्छ ।

विश्वदृष्टिका मान्यताका आधारमा हेर्दा कथामा जुन त्रासदीय वातावरण सिर्जित भएको छ । त्यो तत्कालीन समयको यथार्थता पनि हो । मानिसलाई मार्ने कुरा सामान्य बनेको समय पनि हो । त्यस परिस्थितिमा जीवन, जीवन नरहेर मृत्यु बनेको परिवेश पनि हो । सधैँ आफ्नो र आफन्तको जीवन रक्षाका लागि लुकामारी खेल्नुपर्ने परिस्थिति सिर्जित भएको अवस्थाको समय पनि हो । आफ्नै आँखाअगाडि आफ्नाहरू लासमा परिणत भएको देख्दादेख्दै पनि मुख र आँखा बन्द गरेर बसेको

स्थिति पनि हो । एक-दुई दिन घरमा सन्तानहरू नआउँदा जङ्गलै-जङ्गल छोराको मृत लास खोज्न बाबुआमा हिँडेको अवस्था पनि हो । यिनै अवस्थालाई भोगेका नेपाली समाजको दृष्टिकोण तत्कालीन परिवेशमा व्यक्तिविशेषको नभएर समूह वा वर्गविशेषको चेतनाको उपजका रूपमा आएको छ। देशमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् एउटा कालखण्डमा सर्वव्यापी रूपमा यस्तै भएको धारणा आमसमाज र वर्गविशेषको चेतनाले अनुभूत गरेको हुनाले त्यो कुरा कथामा विश्वदृष्टिको रूपमा आएको छ । तत्कालीन समयमा मृत्युको खेती मौलाएको छ । मान्छेलाई मार्ने कुरा सामान्य बनेको छ । सर्वसाधारणको अनाहकमा र निर्ममतापूर्वक दिनानुदिन हत्या भएको छ भन्ने कुरा ठुला ओहदामा बस्ने सबैलाई थाहा छ, तर उनीहरूलाई त्यस कुराले नछोएको कुरालाई कथामा यसरी व्यक्त गरिएको छ, "आजकल जङ्गलीहरू हरेक दिनजसो मान्छे मारिरहेका छन् । जङ्गलका पशुलाई भन्दा पनि मान्छे मार्नु सामान्य हुन थालेको छ। पुलिस अधिकारीले यसरी भन्यो मानौँ उसलाई यस्ता घटनाहरूका बारेमा पूर्ण जानकारी छ" (पृ. २१) ।

प्रस्तुत अभिव्यक्तिमा आएका कुरा यथार्थ पनि हुन् । तत्कालीन समयमा माओवादी र नेपाली सेनाले विभिन्न निहुँमा सर्वसाधारणलाई अनावश्यक रूपमा दुःख दिने र आफूले भनेजस्तो नभएमा मानिसको हत्यासमेत गर्ने गरेको कुरा पनि यथार्थ हो । युद्धको समयमा पशुलाई भन्दा पनि मान्छेलाई मार्नु सामान्य बनेको थियो । सर्वसाधारणको दिनानुदिन अनाहकमा मृत्यु भएको छ भन्ने कुरा माओवादी, सेना, प्रहरी, राजनीति गर्नेहरू, नागरिक समाजका अगुवा सबैसबैलाई थाहा थियो तर सर्वसाधारणको जीवन रक्षा कसरी गर्ने र गर्न सकिन्छ भनेर कसैको चासो थिएन। आफै मौन बसेर उनीहरूले जे भने त्यो काम गरेर वा भागेर जीवनको सुरक्षा गर्नुबाहेक सर्वसाधारणको अर्को उपाय थिएन । यति हुँदाहुँदै पनि कसैलाई खाना खुवाएको निहुँमा, कसैलाई चन्दा दिएको निहुँमा, कसैलाई छोरा वा छोरी माओवादीमा पठाएको निहुँमा, कसैलाई अटेरी गरेको निहुँमा, कसैलाई सेनामा भर्ती भएको निहुँमा दिनानुदिन सर्वसाधारणको हत्या भएको थियो । यिनै विविध कारणमा आफ्नाको सडेको लास बोकेर हिँड्नुपर्ने परिस्थिति सिर्जित भएको थियो । आफूले आफ्नै सोचेका व्यक्तिले पनि धोका दिएका थिए । मानिस शत्रुविहीन हुन सक्दैन भन्ने भाष्यले काम गरेको थियो । को आफ्नो र को पराइ कसैसँग मनको बह पोख्ने हिम्मत गर्दैनथे । त्यही द्वन्द्वका कारणले उब्जिएको र मानिसमा पारेको घाउलाई कथाकारले कथामा कलात्मक रूपमा उतारेका छन् । सबैका आ-आफ्नै दृष्टिकोण र गुनासा छन् । सबैका आ-आफ्नै पीडा छन् । सर्वसाधारण जनताका पनि आफ्नै अनुभूति र पीडाहरू छन् । परिवारको आशा र भरोसाका केन्द्रमा रहेका छोराको मृत्युले बाबुमा पारेको प्रभाव र पीडालाई अत्यन्तै संवेदनशील रूपमा कथामा देखाइएको छ। यो संवेदनशिलता सर्वसाधारण र समूहले गरेको अनुभूति पनि हो र कथामा रहेको विश्वदृष्टि पनि हो । कथामा छोरो मर्नुको वा मारिनुको आफ्नै खालको पीडा छ भने छोराको मृत्युजस्तो संवेदनशील पक्षमा न्यायालय वा न्याय गर्ने निकायमा बस्ने व्यक्तिहरूबाट न्याय नपाउँदा वा उनीहरूले गरेको व्यवहारको आफ्नै खालको पीडा छ। अन्य कुरामा न्याय नपाउनुभन्दा पनि छोराको मृत्युजस्तो कुरामा अन्यायमा पर्दा र अपहेलित भएर फर्कनुपर्दाको अनुभूति र पीडा पनि आफ्नै खालको छ। जसलाई पऱ्यो, पऱ्यो भन्ने भाष्यले पनि यहाँ काम गरेको छ। आफूलाई र आफ्नालाई हुने पीडा र अनुभूति अरूलाई हुन सक्दैन भन्ने विश्वदृष्टिको मान्यताले पनि यहाँ काम गरेको कुरालाई कथामा कथाकारले यसरी देखाएका छन् :

> आफ्नो देशमा भए पनि ऊ विदेशमा भएझैँ असहाय र एक्लो छ। उसको छोराको मृत्युको पीडालाई अनुभूत गर्ने ऊबाहेक अर्को मान्छे कोही छैन । उसको छोराको काटिएको टाउकोमाथि दुई थोपा आँसु झार्ने उसका आँखाहरूबाहेक अरू आँखाहरू कतै भेटिएनन् । यस अनुभूतिले ऊ मर्माहत भयो। हातले आफ्ना जगल्टा लुछ्दै ऊ क्वा, क्वा रुन थाल्यो । उसले आफ्नो निर्बल शरीरलाई आफ्नो पकडबाट मुक्त गऱ्यो र ऊ काटिएको रुखझैँ डगमग गर्दै जमिनमा गर्ल्याम्म ढल्यो । उसको हातबाट छोराको निर्जीव टाउको फुत्क्यो र ढुनमुन गर्दै ढुङ्गामा डङ्ग्रङ्ग बजारियो । (पृ. २२)

यसरी प्रस्तुत कथामा तत्कालीन समयमा माओवादी, सेना, प्रशासन र सर्वसाधारणको अवस्था कस्तो थियो भन्ने कुरामा लेखकले जे जस्ता कुरा देखे, भोगे, अनुभूत गरे त्यसलाई कथात्मकरूप दिए । यसमा लेखकले परिवर्तनका लागि विरोध हुनुपर्दछ तर जीवन समाप्त पारेर होइन भन्ने दृष्टिकोण राख्दै जीवन सबैको प्यारो हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । एउटा जीवनसँग अनेकौँ व्यक्तिका आशा र भरोसा जोडिएका हुन्छन् । त्यस्तो अवस्थामा सबैमा तनाव र दबाबको अवस्था सिर्जित हुन्छ र बचाउन चाहने तथा न्याय खोज्न जाने पनि समाप्त भएर संसार उजाड हुन्छ । यसले जनता र राष्ट्रिको हित गर्दैन भन्ने दृष्टिकोणका साथै मानवजीवनको संरक्षण गर्दै परिवर्तन गर्न सकेमा मात्र राष्ट्र, समाज र जनताको सर्वोपरि विकास हुन्छ भन्नु नै कथामा अभिव्यक्त समूह र वर्गचेतनाको विश्वदृष्टि पनि हो ।

**निष्कर्ष**

'बाबुको काँधमा छोरो सुतिरहेको देश' महेशविक्रम शाहको *छापामारको छोरो* (२०६३) सङ्ग्रहमा सङ्कलित कथा हो । यस कथालाई समाजशास्त्रका विभिन्न हाँगाहरूमध्ये लुसिए गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिका आधारमा विश्लेषण गरेर हेर्दा कथाकारले प्रस्तुत कथामा युद्धले कुनै न कुनै रूपमा मानव विनास गर्ने हुँदा परिवर्तनको लागि युद्ध नभएर अन्य बाटो अवलम्बन गर्नु आवश्यक हुन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । जहाँ सम्पूर्ण कार्यमा नेपाली जनताले भित्रैबाट नै आफ्नो पनि सहभागिता जनाउन सकेमा परिवर्तन सबैको साझा विषय हुन सक्दछ । परिवर्तनका नाममा हुने लुटपाट र मृत्युको कारणबाट जीवनमा तनाव र दबावको स्थिति सिर्जित हुन्छ अनि कहिल्यै सन्चो नहुने घाउ बन्न सक्दछ । त्यस्तो स्थितिमा युद्धको कारणबाट आउने परिवर्तनले केहीका स्वार्थ परिपूर्ति भए पनि सम्पूर्ण जनताका इच्छा, आकाङ्क्षा परिपूर्ति गर्न सक्दैन भन्ने कुरा पनि कथामा पाइन्छ त्यसरी नै छोरालाई गुमाएर आएको परिवर्तनले बाबुलाई र बाबुलाई गुमाएर आएको परिवर्तनले छोरालाई सम्बोधन गर्न सक्दैन । आफ्नो भएको सम्पूर्ण सम्पत्ति छोडेर अर्को मुलुक जानुपर्ने परिस्थिति सिर्जित युद्धबाट भएको परिवर्तनले पनि जीवनलाई सम्बोधन गर्न सक्दैन भन्ने  कुरा पनि कथामा आएको छ । आफ्नै आँखाअगाडि दिदीबहिनीको अस्मिता लुटिएको हेर्नुपर्ने परिस्थिति निर्माण गरेको युद्धले सम्पूर्ण देशवासीलाई जस्तोसुकै परिवर्तनले पनि सम्बोधन गर्न सक्दैनन् भन्ने कुरालाई कथाले मार्मिक रूपमा देखाएको छ । यस्तो अवस्थामा ठुलाबडा र सत्तासीन व्यक्तिको सुरक्षामा मात्र सम्बन्धित निकायका व्यक्तिहरूको चिन्ता हुन्छ । सर्वसाधारणलाई न्याय दिनुपर्दछ । उनीहरूको आवाजलाई सुन्नुपर्दछ । उनीहरूका समस्यालाई बुझ्नुपर्दछ भन्ने सोच कसैमा रहेको हुँदैन । यस्तो अवस्थामा न्याय खोज्दा-खोज्दै थाकेर न्याय माग्ने व्यक्तिको नै मृत्यु भएको स्थितिलाई देखाएर लेखकले कथाका माध्यमबाट नेपालीले नेपालीलाई नै मारेर परिवर्तन गर्ने युद्धभन्दा अन्य तरिकालाई अपनाएर अन्याय, अत्याचार र शोषणको अन्त्यका लागि गरिने परिवर्तन हजारौँ गुणा महत्त्वपूर्ण हुन्छ भन्ने कुरा देखाउँदै न्याय सबै नेपालीको पहुँचमा हुनुपर्दछ । अन्यायको कारणले कसैले मर्नु हुँदैन । आत्मसम्मानका साथ बाँच्न पाउने वातावरण देशमा सिर्जित हुन सकोस् । यही नै तत्कालीन अनि आजको पनि आवश्यकता हो र कथाको कथ्य र विश्वदृष्टि पनि हो ।

**सन्दर्भग्रन्थसूची**

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा,* अक्षर क्रियासन्स ।

क्षत्री, उदय (२०६४). 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन', अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

गोल्डमान, लुसिए (सन् १९८१). *मेथड्स इन द सोसोलोजी अफ लिटरेचर,* अक्सफोर्ड विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९९२). *साहित्यकी समाजशास्त्रीय चिन्तन* (दो.सं.), दिल्ली विश्वविद्यालय ।

नारङ्ग, गोपीचन्द्र (सन् २००२). *संरचनावाद, उत्तर संरचनावाद एवम् प्राच्य काव्यशास्त्र,* साहित्य अकादमी ।

पाण्डेय, ताराकान्त (२०६८). *अर्थको आनन्द,* विवेक सिर्जनशील प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २००६). *साहित्यकी समाजशास्त्रकी भूमिका,* साहित्य अकादमी ।

भट्टराई, गोविन्दराज (२०६३). ‘यी अभिघातका कथाले मुटु हल्लाउन थाल्छन्’, “भूमिका”, *छापामारको छोरो,* महेशविक्रम शाह, साझा प्रकाशन ।

भण्डारी, गोपालप्रसाद (२०६८). ‘नाभिकीय समालोचना’, *रत्न समालोचनासङ्ग्रह,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार ।

शाह, महेशविक्रम (२०६३). *छापामारको छोरो,* साझा प्रकाशन ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# Teachers' Academic Behaviors on Students' Academic Achievement

Kusum Raj Subedi PhD, Sita Kumari Shrestha & Suprabha Subedi

***Article History :*** *Submitted 21, Nov. 2023.; Reviewed: 8, Jan. 2024; Revised : 1, Feb. 2024*
***Corresponding Author :*** *Kusum Raj Subedi* ***E-mail :*** *kusumrajsubedi@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65906*

**Abstract**

*Teacher's behavior plays a vital role in academic achievement. A teacher's behavior can affect student's capacity to learn as well as others students' learning environment. Teachers are the role models for their students and their behavior meaningfully influence students' personal and academic life. Keeping in view the significant influence of teachers on the students' academic achievement, the study aimed to investigate the influence of teachers' behavior on students' academic achievement at affiliated campuses. This article explores the correlation between teachers' actions, methods, attitudes, and behaviors in the academic setting and how they impact students' academic performance and achievement. It delves into the importance of teacher-student interactions, instructional strategies, feedback mechanisms, and classroom management techniques in shaping students' learning outcomes. This research article discusses the Influence of Teachers' Behavior on Students Academic Achievement of Higher Level. The respondents were the teachers and students were associated to the campuses affiliated to Tribhuvan University. From the 15 public colleges, 60 teachers and 600 students from five departments were selected as a sample. Two questionnaires were developed and validated through pilot testing and administered to the sample for the collection of data. The researcher personally visited the respondents, thus 100% data were collected. The collected data were tabulated and analyzed by using chi-square and Pearson's product moment coefficient of correlation (r). The major conclusions of the study were that teachers felt proud to be teachers; they adjusted themselves with the prevailing situation and circumstances, and they used different motivational techniques for teaching. Students were found to be satisfied with the positive behavior of their teachers. The relationship between the teachers' behavior and corresponding academic achievement (marks) revealed a highly positive significant correlation*

***Keywords:*** Influence, teachers' behavior, academic achievement, higher level.

## Introduction

Any noticeable actions or conduct displayed by a teacher that could determine the outcome of teaching, whether it leads to success or failure, is

*Copyright 2024© the Author(s)*

teacher behavior. The methodology deliberately excludes instructional components that seem to be executed in a manner deemed suitable for the majority of teachers. Academic achievement refers to the evaluation of a student's performance across many academic areas. Teachers and education officials typically evaluate students' achievements based on their achievement in the classroom, graduation rates, and results on standardized tests.

Ryan (1969) defined teacher behavior as the activities of a teacher that are done as and when required for guiding and directing pupils learning. Teacher behavior may be regarded as a function of the characteristics of a teacher, his environment, and the task in which he is engaged.

Teacher behavior is a key factor when it comes to ensuring quality education for all (Poisson, 2009). Teachers' interactions with children, parents, coworkers, and staff management are directly impacted by their behavior. The term "teacher's behavior" describes how educators act, assist, and interact with pupils while they pursue knowledge. It is the combination of both verbal and non-verbal acts that teachers display and propagate during the teaching learning process. Teachers use different behaviors in giving education to their students. Some provide supportive learning environment for students while few others just teach. This approach is the significant determiner of students’ academic achievement and is called the behavior of teachers (Uddin et al., 2018).

Unlike institution’s achievement that is measured through graduation rates, students’ academic achievement, which is the extent to which a student or institution has achieved either short or long term educational goals that may be measured through students’ grade point average. Students’ academic achievement is the combination of their academic achievement that is showing good score in exam, mastering the learning content, doing well on tests, complete assigned tasks in time and meet standards set by the teachers and the respective level of education (Ding & Sherman, 2006). Students’ achievement is generally referred to their way of performing in the examination or tests (Ulug, Ozden, & Eryilmaz, 2011).

Researchers have identified the significant influence of teachers’ behavior on the academic achievement of students studying at affiliated campuses. Teachers are the pillars of support for the high and satisfactory achievement of students (Hamachek, 1969). They determine the learning of their students by setting high standards for the education of their students and provide conducive and healthy environment for their education. They are a source of motivation for the academic achievement of students. The friendly behavior of teachers directs the potentials and energies of their students for high academic (Tschannen-Moran & Hoy, 2001). Teachers’ behavior helps in the

fulfilling of educational requirement for healthy academic achievement of students (Bailey & Drummond, 2006).

Teachers' behavior is the product of instruction inside the class and the assistance that they provide outside the class (Garrett & Steinberg, 2015). Moreover, when teachers are clear about the learning outcomes of students and they provide friendly teaching and learning strategies, these always result in the better and health academic achievement of students. Similarly, Stiggins (2007) highlighted that teachers are the best guides of their students and they guide them through teaching intervention that determines the academic achievement of students.

The academic achievement of students is closely associated with the behavior of their teachers. The behavior and actions of teachers have significant impact on the academic achievement of students. Students are influenced in their academic achievement in the way teachers provide them with various teaching method, create classroom environment and their friendly attitude for students (Carroll et al., 2009). Teachers' pedagogical skills and classroom environments need to be supportive and friendly to ensure the maximum academic achievement of students (Hattie, 2012). Wenglinsky (2000) found that when teachers use novel ideas, encourage students and set high standards for their students then their students show high academic achievement and learning of skills. He further found those teachers who were having empathy, responsive, reflective and positive attitude, and their students showed good academic achievement in exams. Teachers with little care for their students resulted in the low academic achievement of students (Gecer, 2013).

Iqbal (1996) found that teachers are the significant figures in the determination of academic achievement of students. They are the guides and resource persons for the academic achievement of students. The teachers who are positive and mature their students always show good academic achievement. Gauthier et al., (1984) described that the academic achievement of students was enhanced by the positive and friendly behavior of their teachers.

लोकमा जुन अङ्गावयव ॠकार पहिला ओष्ठ्यपूर्व वर्ण छ तदन्त धातुका ॠकारका स्थानमा उकार आदेश हुन्छ भने वेदमा त्यस किसिमको उकार आदेश बहुल रूपमा हुने (पा.,अ. ७।१।१०३) भएकाले ततुरिः र जगुरिः शब्दको निर्माण हुन्छ।

**एकारको आत्व र ऐकार आदेश**

वेदमा खिद् धातुका एकारको विकल्पले आत्व हुने (पा.,अ. ६।१।५२) भएकाले चिखाद/चिखिद वैकल्पिक शब्दको सिद्धि हुन्छ भने लोकमा चिखेदे बन्दछ। त्यसैगरी वेदमा लेट् लकारसम्बन्धी अन्य एकारका स्थानमा विकल्पले ऐकार आदेश हुने (३।४।९६) भएकाले ईशै, गृह्यान्तै जस्ता शब्दको सिद्धि हुन्छ भने लोकमा लेट् लकारको प्रयोग नै हुँदैन।

**स्वरवर्णको प्लुत र ओम् आदेश**

वेदमा पृष्टप्रतिवचन अर्थात् प्रश्नको उत्तरमा भनिएको वाक्यको अवयव हि शब्दका टिसंज्ञक इकारको विकल्पले प्लुत हुने (पा.,अ. ८।२।९३) भएकाले अकार्षं हि३ सिद्ध हुन्छ भने प्लुत नभएका पक्षमा अकार्षं हि हुन्छ। त्यस्तै "गुरोर नृतोऽनन्त्यस्याप्येकैकस्य प्राचाम्" इत्यादि सूत्रहरूले विधान गरेको दूराह्वाननिमित्तक ऐच् (ऐ र औ) को प्लुतत्व प्राप्त भएमा ऐच्का अवयव इकार र उकारको प्लुत हुने (पा.,अ. ८।२।१०६) भएकाले ऐ३तिकायन र औ३पगव दुवै शब्दमा प्लुत स्वर सिद्ध हुन्छ। यसैगरी दूराह्वानदेखि भिन्न प्रसङ्गमा प्रगृह्यसंज्ञा नभएका एच्को प्लुत प्राप्त भएमा एकार र ऐकारको पूर्वार्द्धका स्थानमा प्लुत आकार र उत्तरार्द्धका स्थानमा इकार तथा ओकार र औकारको पूर्वार्द्धका स्थानमा प्लुत आकार र उत्तरार्द्धका स्थानमा उकार आदेश (प्लुत विकार) हुने (पा.,अ. ८।२।१०७) हुने र यस्तो नियम प्रश्नान्त, अभिपूजित, विचार्यमाण, प्रत्यभिवाद र याज्यान्त अर्थमा प्रवृत्त हुने (का.,म.भा. ८।२।१०७।२) भएकाले अगमः३ पूर्वा३न्ग्रामा३न् अग्निभूता३ इ, भद्रं करोषि पटा३ उ, होतव्यं दीक्षितस्य गृहा३ इ र आयुष्मानेधि अग्निभूता३ इ वाक्यहरू बन्दछन्। त्यसैगरी वेदमा यज्ञकर्म गर्ने बेलामा प्रयोग गरिने ये शब्दका एकारको प्लुत उदात्त हुने (पा.,अ. ८।२।८८) भएकाले ये३ यजामहे बन्दछ। त्यस्तै वेदमा अभ्यादान अर्थात् स्वाध्याय आदिको प्रारम्भमा रहेको ओम् शब्दका ओकारको प्लुत उदात्त हुने (पा.,अ. ८।२।८७) भएकाले ओ३म् अग्निमीले पुरोहितम् सिद्ध हुन्छ।

वेदमा आमन्त्रितसंज्ञक (सम्बोधनको एकवचन) शब्दका टिसंज्ञक वर्णको प्लुतविकार हुने (का.,म.भा. ८।२।१०७।३) भएकाले अग्ना३ इ पत्नी वः वाक्यमा प्लुतविकार सिद्ध हुन्छ। यसैगरी वेदमा याज्याकाण्डमा पढिने याज्या नामक मन्त्रहरूका अन्तिम टिसंज्ञक वर्णको यज्ञकर्ममा प्लुत हुने (पा.,अ. ८।२।९०) भएकाले जिह्वामग्ने चकृषे हव्यवाहा३म् सिद्ध हुन्छ। त्यसैगरी वेदमा यज्ञकर्ममा प्रयोग गरिने ब्रूहि, प्रेष्य, श्रौषट्, वौषट् र आवह शब्दहरूका आद्य अच्वर्णको प्लुत हुने (पा.,अ. ८।२।९१) भएकाले अग्नयेऽनुब्रू३हि, अग्नये गोमयानि प्रे३ष्य, अस्तु श्रौ३षट्, सोमस्याग्ने व्रीहौ वौ३षट् र अग्निमा३वह प्रयोगमा प्लुत स्वर सिद्ध हुन्छ।

वेदमा अग्नीत् नामक ऋत्विज्लाई प्रेषण अर्थात् कुनै काममा लगाउने अर्थमा प्रयोग गरिएको पदका आद्य अच् वर्णको र त्यसदेखि अव्यवहित उत्तरवर्ती अच् वर्णको पनि प्लुत हुने (पा.,अ. ८।२।९२) भएकाले ओ३श्रा३वय शब्द सिद्ध हुन्छ। त्यस्तै वेदमा आफ्नो मतद्वारा परास्त गरेर अर्काको मतलाई प्रकाशन गर्ने वाक्यको अन्तिम टिसंज्ञक वर्णको विकल्पले प्लुत हुने (पा.,अ. ८।२।९४) भएकाले अद्यामावास्येत्यात्थ३ वाक्य बन्दछ भने प्लुत नभएका पक्षमा अद्यामावास्येत्यात्थ हुन्छ। यसैगरी वेदमा भर्त्सन अर्थात् हप्काउनका लागि गरिएको द्वित्वको परिणामस्वरूप द्वित्वयुक्त दुवै शब्दका टिसंज्ञक वर्णको प्लुत हुने (पा.,अ. ८।२।९५) भएकाले दस्यो३ दस्यो३ घातयिष्यामि त्वाम् र चौर३ चौर३सिद्ध हुन्छन्।

वेदमा हप्काउने विषयमा अङ्ग शब्दले युक्त वाक्यका साथमा रहेको आकाङ्क्षा राख्ने तिङन्त पदका अन्त्य अचको प्लुत हुने (पा.,अ. ८।२।९६) भएकाले अङ्ग कूज३ इदानीं ज्ञास्यसि जाल्म सिद्ध हुन्छ। त्यसैगरी वेदमा प्रमाणहरूद्वारा वस्तुको तात्त्विक रूपमा विचारपूर्वक परीक्षण गरिने वाक्यहरूको अन्तिम टिसंज्ञक वर्णको प्लुत हुने (पा.,अ. ८।२।९७) भएकाले होतव्यं दीक्षितस्य गृहे३ र न होतव्य३म् वाक्य सिद्ध हुन्छन्। त्यस्तै लौकिक प्रयोगमा त विचार्यमाण विषयक वाक्यमध्ये पूर्ववर्ती वाक्यका टिसंज्ञक वर्णको प्लुत हुने (पा.,अ. ८।२।९८) भएकाले अहिर्नु३ रज्जुर्नु सिद्ध हुन्छ।

प्रतिश्रवण भन्नाले अभ्युपगम (स्वीकृति), प्रतिज्ञान (प्रतिज्ञा गर्नु) एवम् श्रवणाभिमुख्य (सुन्नका लागि प्रवृत्त हुनु) भन्ने बुझिने र यी तीनवटै अर्थ बुझाउने सन्दर्भमा प्रयोग गरिएको वाक्यका टिसंज्ञक वर्णको प्लुत हुने (पा.,अ. ८।२।९९) भएकाले गां मे देहि भो३, हन्त ते ददामि३, नित्यः शब्दो भवितुमर्हति३ र दत्त किमात्थ३ वाक्यमा प्लुत स्वर सिद्ध हुन्छ। यसैगरी प्रश्नवाक्यको अन्तमा प्रयोग गरिएको पदको र अभिपूजित अर्थका वाक्यको टिसंज्ञक वर्णको अनुदात्त प्लुत हुने (पा.,अ. ८।२।१००) भएकाले अग्निभूता३ इ, पटा३ उ र शोभनः खल्वसि माणवक३ प्रयोगहरू सिद्ध हुन्छन्। त्यस्तै उपमा अर्थमा प्रयोग गरिएका खण्डमा चित् शब्दले युक्त वाक्यको अन्तिम टिसंज्ञक वर्णको प्लुत अनुदात्त हुने (पा.,अ. ८।२।१०१) भएकाले अग्निचिद्भाया३त् सिद्ध हुन्छ।

वेदमा उपरिस्विदासीत् यस वाक्यका टिसंज्ञक वर्णको प्लुत अनुदात्त हुने (पा.,अ. ८।२।१०२) भएकाले उपरिस्विदासी३त् सिद्ध हुन्छ। त्यसैगरी वेदमा असूया (गुणमा दोष देख्नु वा ईर्ष्या), सम्मति (समर्थन), कोप (क्रोध) र कुत्सन (निन्दा) अर्थ बुझिँदा आम्रेडितसंज्ञक शब्द पर भएमा पूर्ववर्ती द्विरुक्त शब्दका टिसंज्ञक वर्णको स्वरित प्लुत हुने (पा.,अ. ८।२।१०३) भएकाले अभिरूपक३ अभिरूपक, रिक्तं ते आभिरूप्यम्, अभिरूपक३ अभिरूपक, शोभनोऽसि, अविनीतक३ अविनीतक, इदानीं ज्ञास्यसि जाल्म र शाक्तीक३ शाक्तीक, रिक्ता ते शक्तिः यी वाक्यहरूमा स्वरित प्लुत स्वर सिद्ध हुन्छ। त्यस्तै वेदमा क्षिया शब्दले आचारको उल्लङ्घन, आशीः शब्दले प्रार्थनाविशेष वा आशीर्वाद र प्रैष शब्दले कसैलाई काममा लगाउनु भन्ने अर्थ बुझिएमा आकाङ्क्षाले युक्त भएको तिङन्त पदका टिसंज्ञक वर्णको स्वरित प्लुत हुने (पा.,अ. ८।२।१०४) भएकाले स्वयं ह रथेन याति३ उपाध्यायं पदातिं गमयति, पुत्राँश्च लप्सीष्ट३ धनं च तात र कटं कुरु ग्रामं गच्छ यी वाक्यहरूमा स्वरित प्लुत स्वर सिद्ध हुन्छ। यसैगरी वाक्यद्वारा प्रश्न र आख्यान (उत्तर) अर्थ बुझिएमा अनन्त्य र अन्त्य सबै पदका टिसंज्ञक वर्णको स्वरित प्लुत हुने (पा.,अ. ८।२।१०५) भएकाले अगमः३ पूर्वा३न्ग्रामा३न् र अगम३म् पूर्वा३न्ग्रामा३न् यी दुवै वाक्यमा स्वरित प्लुत स्वर सिद्ध हुन्छ।

वेदमा यज्ञकर्म गर्ने बेलामा प्रयोग गरिएका शब्दको टिसंज्ञक वर्णका स्थानमा ओ३म् आदेश हुने (पा.,अ. ८।२।८९) भएकाले जिन्वति शब्दका अन्त्य इकारका स्थानमा ओ३म् आदेश भएर अपां रेतांसि जिन्वतो३म् सिद्ध हुन्छ।

**द्विस्वरवर्णादेश नियम र प्रयोगमा पार्थक्य**

पूर्वान्त स्वर र पराद्य स्वर दुवैका स्थानमा स्वरवर्णको परिवर्तन हुने प्रक्रियालाई द्विस्वरवर्णादेश भनिन्छ। पाणिनीय व्याकरणमा द्विस्वरवर्णका रूपमा गण+ईशः =गणेशः जस्ता प्रयोगहरूको पूर्वान्तमा ऐकार र औकारबाहेकका ११ प्रकारका आदेशी स्वरवर्णको उपस्थिति रहनसक्ने र परादिमा सबै १३ प्रकारका आदेशी स्वरवर्णको उपस्थिति हुनसक्ने हुँदा पूर्वान्त-पराद्य दुवै स्वरवर्णका स्थानमा सबै १३ प्रकारका स्वरवर्णको आदेश सम्भव देखिन्छ (ढकाल, २०६७, पृ. २५२-२७०)। तीमध्ये पाणिनीय वैदिक प्रक्रियामा पूर्वसवर्णदीर्घ र पूर्वरूपका सन्दर्भमा पूर्वान्त ईकार र पराद्य अकार तथा औकारका स्थानमा ईकार हुने र पररूपका सन्दर्भमा पूर्वान्त आकार र पराद्य एकार तथा ओकारका स्थानमा क्रमशः एकार र ओकार हुने दुई नियम प्रवृत्त भएको पाइन्छ।

**पूर्वान्त इकार र पराद्य अकार/औकारको आदेश**

वेदमा दीर्घदेखि जस् प्रत्यय र इच् पर भएमा पूर्वसवर्णदीर्घ (पा.,अ. ६।१।१०६), अम् पर भएमा पूर्वरूप र सम्प्रसारणसमेत विकल्पले हुने भएकाले वाराही/वाराह्यौ, मानुषीः/मानुष्यः, शमीम्/शम्यम्, गौरीम्/गौर्यम्, इज्यमानः/यज्यमानः बन्दछन् भने लोकमा वाराह्यौ, मानुष्यः, शमीम्, गौरीम्, इज्यमानः शब्दको मात्र प्रयोग गरिन्छ।

**पूर्वान्त आकार र पराद्य एकार/ओकारको आदेश**

वेदमा एमन्, ओद्मन् आदि शब्द पर रहेमा पूर्ववर्ती अच्को पररूप हुने (का.,म.भा. ६।१।९४।६) भएकाले आकारको एकारसँग पररूप भएर त्वेमन् शब्द तथा आकारको ओकारसँग पररूप भएर त्वोद्मन् शब्द सिद्ध हुन्छन् भने लोकमा यस किसिमका शब्दमा पररूप आदेश भएको देखिँदैन।

**व्यञ्जनवर्णादेश नियम र प्रयोगमा पार्थक्य**

पाणिनीय व्याकरणमा ङकार र ञकारबाहेकका ३१ प्रकारका व्यञ्जनवर्णका स्थानमा ८ प्रकारका स्वरवर्णको; सबै ३३ प्रकारका व्यञ्जनवर्णको; २ प्रकारका अयोगवाहको; एउटाद्विवर्णका; ८ प्रकारका अक्षरको र एउटा शब्दको मात्र परिवर्तन भएको भेटिन्छ (ढकाल, २०६७, पृ. ३४८-३४९)। तीमध्ये पाणिनीय वैदिक प्रक्रियामा व्यञ्जनवर्णादेशका रूपमा क्, न्, म्, य्, रेफ, व्, स् तथा ह् आठ वर्णका स्थानमा आ, उ, ऋ, च्, ण्, त्, भ्, र्, व् र ष् १० वटा वर्ण र एउटा रु अक्षरको परिवर्तन भएको देखिन्छ। यस किसिमका व्यञ्जनवर्णादेशका लागि २९ वटा वैदिक नियमहरूको प्रवृत्ति भएको पाइन्छ।

**ककारको चुत्व आदेश निषेध**

वेदमा यङ् प्रत्यय पर भएमा कृष् धातुको अभ्यासका ककारका स्थानमा चुत्व आदेश नहुने (पा.,अ. ७।४।६४) भएकाले करीकृष्यते शब्दको निर्माण हुन्छ भने लोकमा अभ्यासका ककारको चुत्व भएर चरीकृष्यते शब्द सिद्ध हुन्छ।

**नकारको आकार, णकार र रेफ आदेश**

वेदमा उत्तरपद पर भएमा अष्टन् शब्दका नकारको आत्व हुने (पा.,अ. ६।३।१२६) भएकाले अष्टापदी शब्द सिद्ध हुन्छ भने लोकमा अष्टन् शब्दका नकारको लोप भएर अष्टपदी प्रयोग हुन्छ।

वैदिक संहितामा अलग पढिएका वा अलग पढ्न योग्य शब्दलाई अवग्रह र वेदमा ऋकार अन्तमा हुने अवग्रह पूर्वपददेखि पर रहेका नकारको णत्व हुने (पा.,अ. ८।४।२६) भएकाले पितृयाणम् शब्दमा णत्व सिद्ध हुन्छ। त्यस्तै वेदमा धातुमा रहेका निमित्त र् वा ष् वर्णदेखि, ऊरु शब्ददेखि र षु शब्ददेखि पर रहेका नस् शब्दका नकारका स्थानमा णत्व हुने (पा.,अ. ८।४।२७) भएकाले रक्षा णः, शिक्षा णः, उरु णः, अभीषु णः र मो षु णः शब्दहरू सिद्ध हुन्छन्।

वेदमा क्वनिप् र वनिप् प्रत्ययका नकारको रुत्व हुने (का.,म.भा. ८।३।१।१) भएकाले प्रातरित्वः शब्द बन्दछ। ऋचाहरूको प्रयोगमा अम् प्रत्याहार पर हुने छव् प्रत्याहार पर भएमा नकार अन्तमा हुने पदका नकारको विकल्पले रुत्व हुने (पा.,अ. ८।३।८) भएकाले पशूँस्ताँश्चक्रे सिद्ध हुन्छ भने नकारको विकल्पले रुत्व नभएका पक्षमा पशून् तान् चक्रे बन्दछ। यसैगरी वेदमा यदि दुवै निमित्त (अट्) र निमित्ती अर्थात् कार्य (पदान्त न्) एउटै ऋचाको पाउमा रहेका छन् भने अट् प्रत्याहार पर भएमा दीर्घ स्वरदेखि उत्तरवर्ती पदान्त नकारका स्थानमा विकल्पले रु हुने (पा.,अ. ८।३।९) हुँदा देवाँ अच्छा सुमती र महाँ इन्द्रो य ओजसा वाक्य सिद्ध हुन्छन्। त्यसैगरी पायु शब्द पर रहेमा स्वतवान् शब्दका नकारका स्थानमा विकल्पले रुत्व हुने (पा.,अ. ८।३।११) भएकाले स्वतावाँः पायुः बन्दछ।

**मकारको वकार आदेश**

वेदमा इवर्ण अन्तमा हुने शब्द र रेफ अन्तमा हुने शब्ददेखि पर रहेको मतुप् प्रत्ययका मकारको वकार आदेश हुने (पा.,अ. ८।२।१५) भएकाले हरिवते, गीर्वान्, त्रिवती, हरिवः, अधिपतिवती, अग्निवान्, आरेवान्, सरस्वतीवान्, भारतीवान्, दधीवान्, धूर्वान्, आशीर्वान् आदि वैदिक शब्द सिद्ध हुन्छन् भने लोकमा मकारको वत्व नहुने भएकाले हरिमते, गीर्मान्, त्रिमती, हरिमः, अधिपतिमती, अग्निमान्, आरेवान्, सरस्वतीमान्, भारतीमान्, दधीमान्, धूर्मान्, आशीर्मान् आदि शब्द बन्दछन्।

**यकारको सम्प्रसारण (इकार) आदेश**

वेदमा मतुप् प्रत्यय पर भएमा रयि शब्दका यकारको बहुल प्रकारले सम्प्रसारण (इकार) हुने (का.,म.भा. ६।१।३७।६) भएकाले रेवान् र अप्रवृत्ति हुँदा रयिमान् शब्द बन्दछ।

**रेफको उकार र सम्प्रसारण (ऋकार) आदेश**

वेदमा रुह् धातु पर भएमा स्वर् शब्दका रेफको उत्व हुने (का.,म.भा. ६।३।१०९।५) भएकाले स्वो रोहाव प्रयोगको सिद्धि हुन्छ। त्यस्तै वेदमा ऋच् शब्द पर भएमा त्रि शब्दका रेफको सम्प्रसारण (ऋकार) र उत्तरपदको आदिमा रहेका अक्षरको लोप हुने (का.,म.भा. ६।१।३७।५) भएकाले तृचम् शब्द सिद्ध हुन्छ।

**वकारको सम्प्रसारण (उकार) आदेश**

वेदमा ह्वेञ् धातुका वकारको बहुल प्रकारले सम्प्रसारण हुने (पा.,अ. ६।१।३४) भएकाले आहुवे शब्द सिद्ध हुन्छ भने लोकमा आह्वये शब्द बन्दछ।

**सकारको तकार, रुत्व, रेफ र षकार आदेश**

वेदमा भकार आदिमा हुने प्रत्यय पर भएमा मास् शब्दका सकारको तकार आदेश हुने (का.,म.भा. ७।४।४८।१) भएकाले माद्भिः शब्द सिद्ध हुन्छ भने लोकमा माभिः शब्दको प्रयोग गरिन्छ। त्यस्तै वेदमा भकार आदिमा हुने प्रत्यय पर

भएमा स्ववस्, स्वतवस् र उषस् शब्दका सकारका स्थानमा तकार आदेश हुने (का.,म.भा. ७।४।४८।२) भएकाले स्ववद्भिः, स्वतवद्भिः र समुषद्भिः शब्दको निर्माण हुन्छ भने लोकमा स्ववभिः, स्वतवभिः र समुषभिः शब्दको प्रयोग गरिन्छ। त्यसैगरी वेदमा सम्बुद्धिसंज्ञक सु विभक्ति पर भएमा मतुप् प्रत्यय अन्तमा हुने शब्दका नकारको र वसु प्रत्यय अन्तमा हुने शब्दका सकारको रुत्व हुने (पा.,अ. ८।३।१) भएकाले मरुत्व इह र हरिवो मेदिनं त्वा वाक्य सिद्ध हुन्छन् ।

वेदमा अम्नस्, ऊधस् र अवस् शब्दका सकारका स्थानमा विकल्पले रु आदेश र रेफ आदेश दुवै हुने (पा.,अ. ८।२।७०) भएकाले अम्न एव/अम्नरेव, ऊध एव/ऊधरेव र अव एव/अवरेव सिद्ध हुन्छन् भने लोकमा नित्य रूपमा रुत्व हुने भएकाले अम्न एव, ऊध एव र अव एवको मात्र प्रयोग गरिन्छ। यसैगरी लोकमा र वेदमा समेत राजन् शब्द पर भएमा प्रचेतस् शब्दका सकारको विकल्पले रुत्व र रेफादेश दुवै हुने (का.,म.भा. ८।२।७०।१) भएकाले प्रचेतो राजन् र प्रचेता राजन् दुवै प्रयोग सिद्ध हुन्छन् । त्यस्तै वेदविषयक प्रयोगमा महाव्याहृति स्वरूपको भुवस् शब्दका सकारका स्थानमा रु आदेश र रेफ आदेश दुवै हुने (पा.,अ. ८।२।७१) भएकाले भुव इति र भुवरिति दुवै सिद्ध हुन्छन् भने लोकमा नित्य रूपमा रुत्व हुने भएकाले भुव इति मात्र प्रयोग गरिन्छ।

लोक र वेदमा समेत (भट्ट, १८८२, पृ. २००२) अनासेवन अर्थात् बारम्बर तताउनु भन्ने अर्थ नबताउने तप् धातुद्वारा निर्मित क्रियापद पर भएमा निस् उपसर्गका सकारका स्थानमा मूर्धन्य षकार आदेश हुने (पा.,अ. ८।३।१०२) भएकाले निष्टप्तम् र निष्टप्ताः शब्दहरूको निर्माण हुन्छ। त्यस्तै युष्मद् शब्दका स्थानमा विधान गरिएका त्वम्, त्वा, ते र तव आदेशतथा तकार आदिमा हुने तत् र ततक्षुस् शब्दहरू पर भएमा वेदविषयक ऋचाको मध्य पाउमा रहेको सकारका स्थानमा षत्व हुने (पा.,अ. ८।३।१०३) भएकाले त्रिभिष्ट्वम्, तेभिष्ट्वा, आभिष्ट्वा र सधिष्टव शब्दहरू सिद्ध हुन्छन् । यसैगरी यजुर्वेदका विषयमा केही आचार्यका मतमा युष्मद् शब्दका स्थानमा विधान गरिएका त्वम्, त्वा, ते र तव आदेश तथा तकार आदिमा हुने तत् र ततक्षुस् शब्दहरू पर भएमा पूर्ववर्ती शब्दमा रहेका सकारका स्थानमा षत्व हुने र केही आचार्यका मतमा भनिएकाले अन्य आचार्यका मतमा षत्व नहुने (पा.,अ. ८।३।१०४) भएकाले अर्चिभिष्ट्वम्, अग्निष्टे र अर्चिभिष्टतक्षुः शब्दहरू सिद्ध हुन्छन् भने षत्व नभएका पक्षमा अर्चिभिस्त्वम्, अग्निस्ते र अर्चिभिस्ततक्षुः शब्दहरूको पनि निर्माण हुन्छ। त्यसैगरी वेदमा स्तुत र स्तोम शब्द पर भएमा पूर्ववर्ती शब्दका सकारको विकल्पले षत्व हुने (पा.,अ. ८।३।१०५) भएकाले नृभिष्टुतस्य र गोष्टोमम् शब्द बन्दछन् भने षत्व नभएका पक्षमा नृभिः स्तुतम् र गोः स्तोमम् शब्दको निर्माण हुन्छ। त्यस्तै वेदमा पूर्वपदमा रहेका निमित्त अर्थात् इण् प्रत्याहार र कवर्गदेखि पर रहेका सकारका स्थानमा विकल्पले षत्व हुने (पा.,अ. ८।३।१०६) भएकाले दिविष्ठः शब्द बन्दछ भने षत्व नभएका पक्षको उदाहरणका रूपमा युवं हि स्थः उल्लेख गरिएको पाइन्छ। वेदमा पूर्वपदका निमित्तदेखि पर रहेका सुञ् निपात शब्दका सकारका स्थानमा षत्व हुने (पा.,अ. ८।३।१०७) भएकाले ऊषु णः र अभी षु णः प्रयोगहरू सिद्ध हुन्छन् । यसैगरी वेदमा इण् प्रत्याहार र कवर्गदेखि पर रहेका नकार अन्तमा नहुने सन् धातुका सकारको षत्व हुने (पा.,अ. ८।३।१०८) भएकाले गोषा र नृषा शब्दहरू सिद्ध हुन्छन् । त्यसैगरी पृतना, ऋत र ऋति शब्ददेखि पर रहेका सह् धातुका सकारको षत्व हुने (पा.,अ. ८।३।१०९) भएकाले पृतनाषाहम्, ऋताषाहम् र ऋतीषाहम् शब्दहरू सिद्ध हुन्छन् । त्यस्तै वेदमा अट् आगमले व्यवधान भए पनि नि, वि र अभि उपसर्गदेखि पर रहेका सकारको विकल्पले षत्व हुने (पा.,अ. ८।३।११९) भएकाले न्यषीदत्, व्यषीदत् र अभ्यष्टौत् शब्दहरू सिद्ध हुन्छन् भने षत्व नभएका न्यसीदत्, व्यसीदत् र अभ्यस्तौत् शब्दहरूको निर्माण हुन्छ।

**हकारको भकार आदेश**

वेदमा हृ र ग्रह् धातुका हकारका स्थानमा भकार आदेश हुने (का.,म.भा. ३।१।८४।१) भएकाले गृभाय, गृभ्णामि, जभार आदि शब्द सिद्ध हुन्छन् भने लोकमा यिनको सट्टा क्रमशः गृहाण, गृह्णामि, जहार आदि शब्दको प्रयोग गरिन्छ।

यसप्रकार ककारका स्थानमा चकार, नकारका स्थानमा आकार, णकार र रेफ, मकारका स्थानमा वकार, रेफका स्थानमा उकार, वकारका स्थानमा उकार, सकारका स्थानमा तकार, रुत्व, रेफ र षकार तथा हकारका स्थानमा भकारको परिवर्तन गरी सातवटा व्यञ्जनवर्णका स्थानमा आ र उ दुई स्वरवर्णको तथा च्, ण्, त्, भ्, र्, व् एवम् ष् छ व्यञ्जनवर्णको परिवर्तन भएको देखिन्छ।

**पाणिनीय वैदिक तथा लौकिक अयोगवाहादेश नियम र प्रयोगमा पार्थक्यपाणिनीय**

व्याकरणमा अनुस्वार ( ं ) र विसर्ग (ः) दुई प्रकारका अयोगवाहको सानुनासिक आठ प्रकारका व्यञ्जनवर्णमा, निरनुनासिक दुई प्रकारका व्यञ्जनवर्णमा र तीन प्रकारका अयोगवाहमा विकार भएको देखिन्छ (ढकाल, २०६७, पृ. ३४२-३४७)। तीमध्ये पाणिनीय वैदिक प्रक्रियामा विसर्ग (ः) का स्थानमा सकारको आदेश गर्ने छवटा नियमहरू प्रवृत्त भएको पाइन्छ।

वेदमा प्र शब्दका र आम्रेडितसंज्ञक शब्दका कवर्ग र पवर्गलाई छाडेर अन्य कवर्ग र पवर्ग पर भएमा विसर्गका स्थानमा विकल्पले सकार आदेश हुने (पा.,अ. ८।३।४९) भएकाले ऋतस्कविः र विश्वतस्पृथुः शब्द सिद्ध हुन्छन्। त्यस्तै वेदमा कः, करत्, करति, कृधि र कृत शब्द पर भएमा अदिति शब्ददेखि भिन्न शब्दहरूसँग सम्बद्ध विसर्गका स्थानमा सकार आदेश हुने (पा.,अ. ८।३।५०) भएकाले अपस्कः, वस्यस्करत्, सुपेशस्करति, उरु णस्कृधि र नस्कृतम् शब्दहरूको निर्माण हुन्छ। यसैगरी वेदमा माथि हुने भन्ने अर्थमा रहेको परि शब्द पर भएमा पञ्चमी विभक्तिसम्बन्धी विसर्गका स्थानमा सकार आदेश हुने (पा.,अ. ८।३।५१) भएकाले दिवस्परि शब्द सिद्ध हुन्छ।

वेदमा पा धातु पर रहेमा पञ्चमी विभक्तिसँग सम्बद्ध विसर्गका स्थानमा बहुल प्रकारले सकार आदेश हुने (पा.,अ. ८।३।५२) भएकाले दिवस्पातु शब्द सिद्ध हुन्छ। त्यसैगरी वेदमा पति, पुत्र, पृष्ठ, पार, पद, पयस् र पोष शब्द पर भएमा षष्ठी विभक्तिसँग सम्बद्ध विसर्गका स्थानमा सकार आदेश हुने (पा.,अ. ८।३।५३) भएकाले वाचस्पतिम्, दिवस्पुत्राय, दिवस्पृष्ठम्, तमसस्पारम्, इलस्पदे, दिवस्पयः र रायस्पोषम् शब्दहरूको निर्माण हुन्छ। त्यस्तै वेदमा पति, पुत्र, पृष्ठ, पार, पद, पयस् र पोष शब्द पर भएमा इडा शब्दको षष्ठी विभक्तिसँग सम्बद्ध विसर्गका स्थानमा विकल्पले सकार हुने (पा.,अ. ८।३।५४) भएकाले इलायास्पुत्रः र इलायास्पदे सिद्ध हुन्छन् भने विकल्पले सत्व नभएका पक्षमा विसर्ग नै रहने भएकाले इलायाः पुत्रः र इलायाः पदे शब्दहरू सिद्ध हुन्छन्।

**पाणिनीय वैदिक तथा लौकिक प्रकृत्यादेश नियम र प्रयोगमा पार्थक्य**

प्रकृतिभूत धातु वा प्रातिपदिकका स्थानमा अनेक वर्णका रूपमा परिवर्तन गरिने शब्दलाई प्रकृत्यादेश भनिन्छ। पाणिनीय व्याकरणका प्रकृत्यादेशलाई धात्वादेश र प्रातिपदिकादेश गरी मुख्यतः दुई प्रकारमा विभाजन गर्न सकिन्छ।

**धात्वादेशका नियम र प्रयोगमा पार्थक्य**

पाणिनीय व्याकरणमा अद् आदि ३४ प्रकारका धातुका स्थानमा जग्ध् आदि ३९ प्रकारका धात्वन्तरको आदेश सम्भव देखिन्छ (ढकाल, २०८०, पृ. ६७)। तीमध्ये पाणिनीय वैदिक प्रक्रियामा अद्, चाय्, ह्वृ र ओहाक् चार धातुका स्थानमा क्रमशः घस्लृ, की, ह्रु र हि गरी चार प्रकारको धात्वन्तरको आदेशका लागि चार वैदिक नियमको प्रवृत्ति भएको पाइन्छ।

लोकमा लुङ् र लिट् लकार तथा सन्, घञ् र अप् प्रत्यय पर भएमा मात्र अद् धातुका स्थानमा घस्लृ हुन्छ (पा.,अ. २।४।३७, ३८, ४०) भने वेदमा अद् धातुका स्थानमा बहुल प्रकारले घस्लृ आदेश हुने (पा.,अ. २।४।३९) भएकाले क्तिन्

आदि प्रत्यय पर हुँदा पनि घस्लृ आदेश भएर सग्धिश्च जस्ता वैदिक प्रयोगहरू सिद्ध हुन्छन् । यसैगरी वेदमा चाय् धातुका स्थानमा बहुल प्रकारले की आदेश हुने (पा.,अ. ६।१।३५) भएकाले चिक्युः, निचिक्युः शब्दको निष्पत्ति हुन्छ । त्यस्तै वेदमा निष्ठासंज्ञक प्रत्यय पर भएमा ह्वृ धातुका स्थानमा ह्रु आदेश हुने (पा.,अ. ७।२।३१) भएकाले अह्रुतम् शब्दको निर्माण हुन्छ भने लोकमा अह्वृतम् प्रयोग गरिन्छ । त्यसैगरी लोकमा क्त्वा प्रत्यय पर भएमा ओहाक् (हा) धातुको नित्य रूपमा हि आदेश भएर हित्वा शब्दको मात्र प्रयोग गरिन्छ भने वेदमा ओहाक् धातुको विकल्पले हि आदेश हुने (पा.,अ. ७।४।४४) भएकाले हित्वा र हीत्वा दुवै शब्द प्रयोग गरिन्छन् ।

**प्रातिपदिकादेशका नियम र प्रयोगमा पार्थक्य**

पाणिनीय व्याकरणमा इदम् आदि ७३ प्रकारका प्रातिपदिकका स्थानमा अश् आदि ८४ प्रकारका प्रातिपदिकान्तरको आदेश सम्भव देखिन्छ (ढकाल, २०८०, पृ. ७७) । तीमध्ये पाणिनीय वैदिक व्याकरणमा अपर, दन्त, समान, सह, कु, शिरस्, दुष्ट, द्रविण, वृष र रिष्ट गरी १० वटा प्रातिपदिकका स्थानमा क्रमशः पश्च/पश्चा, दतृ, स, सध, कव/का, शीर्षन्, दुरस्, द्रविणस्, वृषण् र रिषण् आदेश गरी १२ प्रकारका प्रातिपदिकान्तरको आदेश भएको पाइन्छ । यीमध्ये पश्च, पश्चा, शीर्षन्, दुरस्, द्रविणस्, वृषण् र रिषण् आदेश निपातन नियमसँग सम्बद्ध रहेका कारण तिनको यहाँ चर्चा गरिएको छैन । दतृ, स, सध, कव र का पाँचवटा प्रातिपदिकादेशका लागि प्रवृत्त हुने निपातनेतर चारवटा वैदिक नियमहरू निम्नलिखित छन् :

वेदमा बहुव्रीहि समासको चरमावयव दन्त शब्दका स्थानमा दतृ आदेश हुने (पा.,अ. ५।४।१४२) भएकाले उभयतोदतः शब्द सिद्ध हुन्छ भने लोकमा उमेर बताएका खण्डमा मात्र दन्त शब्दका स्थानमा दतृ आदेश गरिन्छ । त्यसैगरी वेदमा मूर्धन्, प्रभृति र उदर्क शब्दमध्ये कुनै उत्तरपदमा नरहेमा समान शब्दका स्थानमा स आदेश हुने (पा.,अ. ६।३।८४) भएकाले सगर्भ्यः शब्द सिद्ध हुन्छ । त्यस्तै वेदमा माद र स्थ पर भएमा सह शब्दका स्थानमा सध आदेश हुने (पा.,अ. ६।३।९६) भएकाले सधमादे र सधस्थम् शब्द बन्दछन् । यसैगरी वेदमा पथिन् शब्द पर भएमा कु शब्दका स्थानमा विकल्पले कव र का आदेश हुने (पा.,अ. ६।३।१०८) भएकाले कवपथः, कापथः, कुपथःसमेत तीन शब्दहरू सिद्ध हुन्छन् भने लोकमा उष्ण शब्द पर भएमा बाहेक कु शब्दका स्थानमा कव आदेश नहुने भएकाले कापथः र कुपथःदुई शब्दको मात्र प्रयोग गरिन्छ।

**पाणिनीय वैदिक तथा लौकिक प्रत्ययादेश नियम र प्रयोगमा पार्थक्य**

प्रकृतिभूत धातु वा प्रातिपदिकदेखि विधान गरिने विभिन्न किसिमका प्रत्ययका स्थानमा प्रत्ययान्तरका रूपमा आदेश हुने शब्दलाई प्रत्ययादेश भनिन्छ । पाणिनीय व्याकरणका प्रत्ययलाई मुख्यतः सात प्रकारमा विभाजन गर्न सकिन्छ : १. सुप्प्रत्यय, २. तिङ्प्रत्यय, ३. धात्वंशप्रत्यय, ४. तद्धितप्रत्यय, ५. कृत्प्रत्यय, ६. स्त्रीप्रत्यय र ७. विकरणप्रत्यय (ढकाल, २०७३, पृ. १२६) । यी प्रत्ययहरूमध्ये पाणिनीय वैदिक प्रक्रियामा सुप्प्रत्यय, तिङ्प्रत्यय, कृत्प्रत्यय र विकरणप्रत्यय गरी चार प्रकारका प्रत्ययअन्तर्गतका सु, औ, जस्, अम् (सुप्) टा, भिस्, भ्यस्, ङि, सुप्, इरेच्, हि, अम् (तिङ्) ध्वम्, त, लिट्, च्लि र श्ना गरी १७ वटा प्रत्ययका स्थानमा सु, आ, आत्, शे, या, डा, ड्या, याच्, याल्, इया, डियाच्, ई, आङ्, अयाच्, अयार्, ऐस्, अदड् रे, धि, मश्, ध्वात्, तात्, तप्, तनप्, तन, थन, कानच्, क्वसु, चङ्, अङ् र शायच् गरी ३१ वटा प्रत्ययान्तरको आदेश भएको पाइन्छ । त्यसका लागि १९ वटा वैदिक नियमहरू प्रवृत्त भएका देखिन्छन् ।

**सुप्प्रत्ययादेशका नियम र प्रयोगमा पार्थक्य**

सु, औ, जस् आदि सुप् प्रत्ययका स्थानमा प्रत्ययान्तरका रूपमा आदेश गरिने सु, आ, आत् आदि शब्दलाई सुप्प्रत्ययादेश भनिन्छ । पाणिनीय वैदिक प्रक्रियामा मुख्यतः सु, औ, जस्, अम्, टा, भिस्, भ्यस्, ङि र सुप् गरी नौवटा

सुप्प्रत्ययका स्थानमा सु, आ, आत्, शे, या, डा, ड्या, याच्, याल्, इया, डियाच्, ई, आङ्, अयाच्, अयार्, ऐस् र अदड् १७ वटा प्रत्ययान्तरको आदेशसम्बन्धी पाँचवटा नियम र तदन्तर्गतका प्रयोगको चर्चा भएको देखिन्छ।

वेदमा बहुल प्रकारले भिस्का स्थानमा ऐस् आदेश हुने (पा.,अ. ७।१।१०) भएकाले ऐस् आदेशको अप्रवृत्ति हुँदा देवेभिः, कर्णेभिः, सर्वेभिः आदि प्रयोगहरू सिद्ध हुन्छन् भने लोकमा ऐस् आदेशको अप्रवृत्ति वा निषेध नहुने भएकाले देवैः, कर्णैः, सर्वैः जस्ता शब्दहरूको प्रयोग हुन्छ। यसैगरी वेदमा इतर शब्ददेखि विहित सु र अम् प्रत्ययका स्थानमा अदड् आदेश नहुने (पा.,अ. ७।१।२६) भएकाले इतरम् शब्द बन्दछ भने लोकमा इतर शब्ददेखि अदड् आदेशको निषेध नहुने भएकाले इतरत् शब्द सिद्ध हुन्छ।

वेदमा सु, औ, जस् आदि विभक्तिहरूका स्थानमा सु आदेश, आ, आत्, शे, या, डा, ड्या, याच् र याल् आदेशहरू हुने (पा.,अ. ७।१।३९) भएकाले पन्थाः, यदा, दिविस्पृशा, सुरथा, रथीतमा, उभा, देवा, अश्विना, नतात्, या, ता, युष्मे, अस्मे, उरुया, धृष्णुया, नाभा, अनुष्ठ्या, साधुया र वसन्ता शब्दहरू सिद्ध हुन्छन् भने लोकमा क्रमशः पन्थानः, यौ, दिविस्पृशौ, सुरथौ, रथितमौ, उभौ, देवौ, अश्विनौ, नतम्, यम्, तम्, युष्मासु, अस्मभ्यम्, उरुणा, धृष्णुना, नाभौ, अनुष्ठया, साधु र वसन्ते शब्दको प्रयोग गरिन्छ। त्यसैगरी वेदमा सुप् प्रत्ययहरूका स्थानमा इया, डियाच्, ईकार, आङ्, अयाच् र अयार् आदेशहरू हुने (का.,म.भा. ७।१।३९।३-४) भएकाले उर्विया, दार्विया, सुक्षेत्रिया, सरसी, बाहवा, स्वप्नया र नावया शब्द सिद्ध हुन्छन् भने लोकमा उरुणा, दारुणा, सुक्षेत्रिणा, सरसि, बाहुना, स्वप्नेन र नावा शब्द बन्दछन्।

**तिङ्प्रत्ययादेशका नियम र प्रयोगमा पार्थक्य**

तिप्, तस्, झि आदि तिङ् प्रत्यय वा तिनका स्थानमा आदेश गरिएका इरेच्, हि, अम् आदि प्रत्ययान्तरका स्थानमा आदेश गरिने रे, धि, मश् आदि शब्दलाई तिङ्प्रत्ययादेश भनिन्छ। पाणिनीय वैदिक प्रक्रियामा मुख्यतः इरेच्, हि, अम्, ध्वम् र त गरी पाँचवटा तिङ्प्रत्ययका स्थानमा रे, धि, मश्, ध्वात्, तात्, तप्, तनप्, तन र थन नौवटा प्रत्ययान्तरको आदेशसम्बन्धी सातवटा नियम र तदन्तर्गतका प्रयोगको चर्चा गरिएको पाइन्छ।

वेदमा लिट् लकारको झ तिङ्प्रत्ययका स्थानमा आदेशभूत इरेच्प्रत्ययका स्थानमा बहुल प्रकारले रे आदेश हुने (पा.,अ. ६।४।७६) भएकाले दध्रे शब्द सिद्ध हुन्छ भने लोकमा रे आदेशको अप्रवृत्ति हुने हुँदा दध्रिरे शब्दको प्रयोग हुन्छ। यसैगरी लोकमा हु धातुदेखि र झलन्त धातुदेखि पर रहेका लोट् लकारको सिप् तिङ्प्रत्ययका स्थानमा आदेशभूत हिका स्थानमा धि आदेश हुन्छ भने वेदमा श्रु, शृणु, पृ, (दीर्घ), कृ र वृ धातुदेखि पर रहेका तिङ्प्रत्ययका स्थानमा आदेशभूत हिका स्थानमा पनि धि आदेश हुने (पा.,अ. ६।४।१०२) भएकाले श्रुधी/शृणुधी, पूर्धि, कृधि र अपावृधि शब्द बन्दछन् भने लोकमा शृणु, पिपूर्हि, कुरु र अपवृणु शब्दको प्रयोग गरिन्छ। त्यसैगरी वेदमा ङिद्वद्भाव नगरिएका हिका स्थानमा पनि धि आदेश हुने (पा.,अ. ६।४।१०३) भएकाले रारन्धि, प्रयन्धि र युयोधि शब्द बन्दछन् भने लोकमा रमस्व, प्रयच्छ र युहि शब्दको प्रयोग गरिन्छ।

वेदमा मिप् प्रत्ययका स्थानमा आदेश भएका अम्को मश् आदेश हुने (पा.,अ. ७।१।४०) भएकाले वधीम् शब्द सिद्ध हुन्छ भने लोकमा अवधिषम् बन्दछ। त्यस्तै वेदमा ध्वम् प्रत्ययका स्थानमा ध्वात् आदेश हुने (पा.,अ. ७।१।४२) भएकाले वारयध्वात् शब्दको निर्माण हुन्छ भने लोकमा ध्वात् आदेश नहुने भएकाले वारयध्वम् शब्दको निष्पत्ति हुन्छ। यसैगरी वेदमा लोट् लकारको मध्यम पुरुषको बहुवचनसम्बन्धी तका स्थानमा तात्, तप्, तनप्, तन र थन आदेश हुने (पा.,अ. ७।१।४४, ७।१।४५) भएकाले कृणुतात्, गमयतात्, शृणोत, सुनोतन, दधातन, जुजुष्टन, यतिष्ठन शब्द बन्दछन् भने लोकमा तात् आदेश नहुने भएकाले कृणुत, गमयत, शृणुत, सुनुत, धत्त र जुषध्वम् शब्दको प्रयोग गरिन्छ।

**कृत्प्रत्ययादेशका नियम र प्रयोगमा पार्थक्य**

तिप्, तप्, झि आदि १८ प्रकारका तिङ्प्रत्ययलाई छाडेर धातुदेखि विधान गरिने लट्, तव्यत्, ण्वुल् आदि सबैजसो प्रत्ययलाई कृत्प्रत्यय भनिन्छ (पा.,अ. ३।१।९३) । पाणिनीय वैदिक प्रक्रियामा लिट् कृत्प्रत्ययका स्थानमा कानच् र क्वसु तथा क्त्वा प्रत्ययका स्थानमा क्त्वा आदेशको विधान गर्ने तीनवटा नियम र तदन्तर्गतका प्रयोगहरूको चर्चा गरिएको छ।

वेदमा लिट् लकारका स्थानमा विकल्पले कानच् आदेश हुने (पा.,अ. ३।२।१०६) भएकाले चक्राणा, चिक्यानः, सुषुवाणः जस्ता शब्द सिद्ध हुन्छन् । त्यसैगरी वेदमा लिट् लकारकै स्थानमा विकल्पले क्वसु आदेश पनि हुने (पा.,अ. ३।२।१०७) भएकाले अररिवाँ, जक्षिवान्, पपिवान् जस्ता शब्दको निष्पत्ति हुन्छ। त्यस्तै वेदमा क्त्वा प्रत्ययका स्थानमा क्त्वा र ल्यप् पनि आदेश हुने (पा.,अ. ७।१।३८) भएकाले परिधापयित्वा शब्दको निर्माण हुन्छ भने लोकमा क्त्वा प्रत्ययको आदेश नहुने भएकाले परिधाप्य शब्दको प्रयोग गरिन्छ।

**विकरणप्रत्ययादेशका नियम र प्रयोगमा पार्थक्य**

प्रकृतिभूत धातु र तिङ्प्रत्ययका बीचमा विधान गरिने शप्, श्यन्, श आदि प्रत्ययलाई विकरणप्रत्यय भनिन्छ भने त्यस्ता विकरणप्रत्ययका स्थानमा प्रत्ययान्तरका रूपमा आदेश गरिने शब्दलाई विकरणप्रत्ययादेश भनिन्छ। पाणिनीय वैदिक प्रक्रियामा च्लि र शानच् दुईवटा विकरणप्रत्ययका स्थानमा चङ्, अङ् र क्स तथा श्ना प्रत्ययका स्थानमा शायच् आदेशका रूपमा विकरणप्रत्ययादेशको विधान गर्ने चारवटा नियम र तदन्तर्गतका प्रयोगहरूको चर्चा गरिएको पाइन्छ।

वेदमा गुप् धातुदेखि विधान गरिएको च्लि प्रत्ययका स्थानमा विकल्पले चङ् आदेश हुने (पा.,अ. ३।१।५०) भएकाले अजूगुपतम्, अगौप्तम्, अगोपिष्टम् र अगोपायिष्टम् चारवटा रूपको प्रयोग भएको देखिन्छ भने लोकमा चङ् नहुने भएकाले अगौप्तम्, अगोपिष्टम् र अगोपायिष्टम् तीनवटा मात्र रूपको प्रयोग भएको पाइन्छ । त्यसैगरी वेदमा ण्यन्त ऊन्, ध्वन्, इल् र अर्द् धातुदेखि विधान गरिएको च्लि प्रत्ययका स्थानमा चङ् आदेश नहुने (पा.,अ. ३।१।५१) भएकाले ऊनयीः, ध्वनयीत् जस्ता वैदिक प्रयोगहरू सिद्ध हुन्छन् भने लोकमा चङ् आदेश निषेध नहुने भएकाले चङ् आदेश भएर यिनको सट्टा औनिनः, अदिध्वनत् (घटादि) र अदध्वनत् (चुरादि) शब्दको प्रयोग गरिन्छ। त्यस्तै वेदमा कृ, मृ, दृ र रुह् धातुदेखि विधान गरिएको च्लि प्रत्ययका स्थानमा विकल्पले अङ् आदेश हुने (पा.,अ. ३।१।५९) भएकाले अकरम् अमरत्, अदरत् र अरुहत् शब्दहरू सिद्ध हुन्छन् भने लोकमा अङ् आदेश नभई सिच् आदेश हुने भएकाले यिनको सट्टा अकार्षम्, अमृत, अदारीत् अरुक्षत् शब्दको प्रयोग गरिन्छ। यसैगरी लोकमा लोट् लकारको सिप् प्रत्ययका स्थानमा आदेश भएको हि प्रत्यय पर भएमा हल्देखि परवर्ती श्ना प्रत्ययका स्थानमा शानच् आदेश हुन्छ (पा.,अ. ३।१।८३) भने वैदिक प्रयोगमा उक्त अवस्थामा श्ना प्रत्ययका स्थानमा शायच् र शानच् दुवै आदेश (पा.,अ. ३।१।८४) हुन्छन् ।

**निष्कर्ष**

पाणिनीय व्याकरणको वैदिक प्रक्रियाका वर्णादेश, अयोगवाहादेश, प्रकृत्यादेश र प्रत्ययादेश गरी चार प्रकारका आदेशका लागि ११९ निपातेतर नियमहरू प्रवृत्त भएका छन् । तीमध्ये ५७ नियमहरूले लृबाहेकका १२ वटै स्वरवर्णका स्थानमा आँ, आ, इ, ई, उ, ऋ, ए, ओ, ऐ, य्, र्, व्, अद्रि, अनङ्, इयङ्, उवङ् आदेशका साथै सबै स्वरवर्णको प्लुत स्वर निर्धारण गरेका छन् भने २९ नियमहरूले क्, न्, म्, य्, रेफ, व्, स्, तथा ह् आठवटा व्यञ्जनवर्णका स्थानमा आ, उ, ऋ, च्, ण्, त्, भ्, द्, व् र ष् १० वर्ण तथा एउटा रु अक्षरमा परिवर्तन गरेका देखिन्छन् । यसैगरी छवटा नियमले विसर्गका स्थानमा सकार आदेश गरेका छन् भने प्रकृत्यादेश र प्रत्ययादेशमा प्रवृत्त हुने २७ वटा नियमले अद्, चाय्, ह्वृ र ओहाक् धातुका स्थानमा क्रमशः घस्लृ, की, ह्रु र हि आदेश; दन्त, समान, सह र कु प्रातिपदिकका स्थानमा क्रमशः दतृ, स, सध र कव/का आदेश;

सु, औ, जस्, अम् (सुप्), टा, भिस्, भ्यस्, ङि, सुप्, इरेच्, हि, अम् (तिङ्), ध्वम्, त, लिट्, च्लि र श्ना प्रत्ययका स्थानमा सु, आ, आत्, शे, या, डा, ड्या, याच्, याल्, इया, डियाच्, ई, आङ्, अयाच्, अयार्, ऐस्, अनङ्, रे, धि, मश्, ध्वात्, तात्, तप्, तनप्, तन, थन, कानच्, क्वसु, चङ्, अङ् र शायच् प्रकृत्यन्तरको परिवर्तन गरेको पाइन्छ। यस किसिमका आदेशात्मक परिवर्तनहरू पाणिनीय व्याकरणका लौकिक नियम र प्रयोगहरूसँग पृथक् रहेका देखिन्छन्।

**सन्दर्भग्रन्थसूची**


ढकाल, मतिप्रसाद (२०६७). *लोप, आगम र वर्णविकारका दृष्टिले पाणिनीय व्याकरणका नियम र प्रयोगको समीक्षण* (अप्रकाशित विद्यावारिधिस्तरीय शोधप्रबन्ध), नेपाल संस्कृत विश्वविद्यालय।

ढकाल, मतिप्रसाद (२०७३). 'पाणिनीय व्याकरणमा अनुबन्धको प्रयोजन', *प्रज्ञालोक*, वर्ष २, अङ्क २, पृ. १२२-१३५, नेपाल प्राध्यापक संघ कालिका संस्कृत विद्यापीठ एकाइ समिति।

ढकाल, मतिप्रसाद (व्या. २०८०). *स्वरवैदिकी प्रक्रिया* (शोधपूर्ण नेपाली व्याख्यासहित), आगम ढकाल।

ढकाल, मतिप्रसाद (२०८०). *पाणिनीय व्याकरणको अनुशीलन*, आस्था ढकाल।

दीक्षित, भट्टोजि (१९५१ सन्). *वैयाकरणसिद्धान्तकौमुदी*, चतुर्थो भागः, सम्पा. गिरिधर शर्मा र परमेश्वरानन्द शर्मा, मोतीलाल बनारसीदास।

पतञ्जलि, (२००४ सन्). *व्याकरणमहाभाष्यम्*, प्रथमः खण्डः, सम्पा. भार्गव शास्त्री जोशी, चौखम्बा संस्कृत प्रतिष्ठान।

पाणिनि (१९७७ सन्). *अष्टाध्यायीसूत्रपाठः*, व्या. नारायण मिश्र, चौखम्बा ओरियन्टालिया।

पौडेल, नारायणप्रसाद (व्या. २०६८). *वैदिकी प्रक्रिया*, सरल नेपाली व्याख्या विभूषिता, कमला लम्साल (पौडेल)।

भट्ट, नागेश (१८८१ सन्). *लघुशब्देन्दुशेखरः*, तत्पुरुषसमासतो लिङ्गानुशासनप्रकरणपर्यन्तम्, व्या. भैरव मिश्र, वाराणसेय संस्कृत विश्वविद्यालय।

भट्ट, नागेश (१८८२ सन्). *बृहच्छब्देन्दुशेखरः*, तृतीयो भागः, सम्पा. सीताराम शास्त्री, वाराणसेय संस्कृत विश्वविद्यालय।

सुवेदी, शालिग्राम (व्या. २०७१). *स्वरवैदिकी प्रक्रिया*, रञ्जना नेपाली व्याख्या संवलित, स्याङजा साहित्य प्रतिष्ठान।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# *मोक्ष* उपन्यासमा वर्गपक्षधरता

प्रभा मरहट्टा कोइराला

***Article History :*** *Submitted 15, Nov. 2023.; Reviewed: 17, Jan. 2024; Revised : 12, Feb. 2024*
***Corresponding Author :*** *Prabha Marahatta* ***E-mail :*** *koiralaprabha@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65908*

**सारसङ्क्षेप**

*२०५२ सालबाट नेपाल कम्युनिस्ट पार्टी माओवादीले सुरुवात गरेको जनयुद्धलाई केन्द्रीय विषयबस्तु बनाइएका मोक्ष उपन्यासमा उत्पीडित वर्गीय विद्रोहलाई मोक्ष कि मृत्यमा आधारित बनाएर गरिएका वैचारिक सङ्घर्ष, वर्गीय द्वन्द्वका सन्दर्भ र घटनाहरू वर्णन गरिएको छ । यसमा नेपाली अर्धसामन्ती तथा अर्धपुँजीवादी समाजका विभिन्न प्रकृतिका विभेद, हिंसा, दलन र शोषणबाट मोक्ष वा मुक्तिको खाजी गर्दै वर्गीय सङ्घर्षमा आवद्ध भएका पात्रहरू प्रयोग गरी सामाजिक, आर्थिक तथा राजनीतिक अन्तरविरोधहरू सशक्त रूपमा चित्रण गरिएको छ । उपन्यास विधामा अझै स्पष्टसँग वर्गचेतना, वर्गसङ्घर्ष तथा वर्गपक्षधरता चित्रण गरिएको हुन्छ । उपन्यासमा वर्गचेतना तथा वर्गपक्षधरता प्रस्तुत गर्ने माध्यम नै पात्रहरू हुन् । मार्क्सवादी साहित्यमा श्रमजीवी तथा सर्वहारा वर्गीय पक्षधरता हुन्छ । पात्रहरूमा देखिएको वर्गीय सचेतना तथा वर्गीय पक्षधरताले वर्गीय उत्थानका निम्ति वैचारिक अन्तर्विरोध तथा द्वन्द्वको स्थिति निर्माण गर्छ । यस लेखमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणअनुसार मोक्ष उपन्यासका पात्रहरूमा रहेको वर्गचेतनाले निमार्ण गरेको वैचारिक पक्षधरता तथा वर्गीय पक्षधरताको अभिव्यक्ति केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञाशा समाधान गर्नु नै मुख्य उद्देश्य राखिएको छ । यसर्थ यस्तो अध्ययन गुणात्मक प्रकृतिको हुने हुँदा पुस्तकालयीय विधिको उपयोग गरी अध्ययन र विश्लेषण गरिएको छ । यस अध्ययनबाट उपन्यासमा मूलभूत रूपमा उत्पीडित वर्गीय गरिब, निमुखा, दलित, श्रमजीवी तथा सर्वहारा पक्षीय सशक्त वैचारिक पक्षधरता, वैचारिक प्रतिरोध तथा द्वन्द्व रहेको निष्कर्ष निकालिएको छ । उपन्यासमा जनयुद्धमा प्रत्यक्ष रूपमा सहभागी भएका निम्नवर्गीय छापामारहरू, जनयोद्धाहरू र वर्ग दुश्मनबाट नयाँ चिन्तन तथा आदर्श सुरुवात हुनासाथ दमन गरिहाल्नुपर्छ भन्ने पुँजीवादी-सामन्ती राज्यसत्ताका संयन्त्रका मतियारहरूका बिचमा सशस्त्र वर्गीय सङ्घर्ष भएका घटनाहरू संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रायः निम्नवर्गीय शोषित, उत्पीडित पात्रहरू सङ्गठित रूपमा वैचारिक तथा वर्गीय पक्षधरताका साथ सशक्त विद्रोह तथा प्रतिरोधमा उत्रिएका छन् । यस लेखमा आमूल परिवर्तनको खोजीमा क्रान्ति यात्रामा लागेका वर्गीय पात्रहरू प्रयोग गरी समतामूलक तथा न्यायमूलक समाज निर्माणका लागि अझै क्रान्तिकारी अभियान चलाउनु पर्ने रहस्य उद्घाटन यस उपन्यासले गरेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : क्रान्ति, पक्षधरता, प्रतिरोध, वर्गसङ्घर्ष, वैचारिकता ।

**विषयपरिचय**

*मोक्ष* उपन्यास २०७८ सालमा साङ्ग्रिला बुक्स प्रा.लि.ले प्रकाशन गरेको हो । यो उपन्यास २०५२ सालबाट नेपाल कम्युनिस्ट पार्टी माओवादीले सुरुवात गरेको जनयुद्धकालीन घटना, परिवेश, चरित्र तथा सौन्दर्यमा आधारित छ । यस उपन्यासका रचनाकार सिर्जन अविरल हुन् । नेपाली साहित्य र सञ्चारका क्षेत्रमा सक्रिय सिर्जन अविरलको यो पहिलो

*Copyright 2024© the Author(s)*

उपन्यास हो । उपन्यासमा जनयुद्धकालीन विभिन्न घटना, परिस्थिति, जनयुद्धका छापामारहरूका आशा, विश्वास, साहसपूर्ण क्रियाकलापहरू तथा उनीहरूमाथि राज्यसत्ताबाट गरिएका विभिन्न किसिमका शोषण, यातना, दमन आदि विषयवस्तुहरूलाई संस्मरणात्मक शैलीमा आख्यानीकरण गरिएको छ । यस उपन्यासभित्र आठवटा उपशीर्षकहरू राखी आख्यानलाई पूर्णता दिएको छ। *मोक्ष* मूलशीर्षक रहेको यस उपन्यासभित्रका उपशीर्षकहरूमा 'समयको कथा', 'नसकिने युद्ध', 'थवाङमा शारदा', 'कारागारमा बा', 'रेडियो समय', 'कन्टेनर', 'स्मृति कोलाज', 'इच्छाको बाटो', 'आविष्कारको कथा', 'निरीह अदालत', ' पलायन', 'समयको साक्षी, 'दुःखको गीत', 'आमाको अनुहार', 'फरक बाटो', 'कठोर समय', 'मोक्ष', 'सुनाउन नपाएको कथा' आदि रहेका छन् । उपन्यासमा उत्पीडित वर्गीय बहुल पात्रहरूलाई नायकत्व प्रदान गरी निम्नवर्गीय समस्या, विद्रोहपूर्ण सङ्घर्ष र उनीहरूमाथि गरिएका अन्याय, दमन, शोषण चित्रणलाई प्रथमिकता दिइएको छ ।

यस उपन्यासमा उत्पीडक वर्गीय र उत्पीडित वर्गीय बहुल पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासमा प्रयोग गरिएका सक्रिय पात्रहरू कोही माओवादी जनयुद्धसँग जोडिएका छन भने कोही शोषणमुखी राज्यव्यवस्थाका संयन्त्रहरूसँग जोडिएका छन् । उपन्यासमा जनयुद्धकालीन परिवेश र घटनाक्रमलाई पात्रसँग जोडर आख्यानीकरण गरी परिवेशसँग मिल्ने खालका जीवन्त चरित्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म रहेका मुख्य पात्रहरूमा आदित्य, उसका बा-आमा, शारदा, देव, इच्छा, आविष्कार आदि रहेका छन् । गौण पात्रहरूमा विक्रम पाण्डे, व्यारेकका कर्नेलहरू, पुलिसहरू, सिपाहीहरू, आनन्द, कृष्ण सेन, खुशीराम, सलिना, अम्बिका आदि रहेका छन् । उपन्यासको समाख्याता आदित्य रहेको छ । उसले संस्मरणात्मक शैलीमा उपन्यासका हरेक पात्रहरूका क्रियाकलापहरू आफैले देखे जसरी वर्णन गरेको छ । ऊ उपन्यासकारका वैचारिक चिन्तन, दर्शन, पक्षधरता, उद्देश्य तथा सन्देशको संवाहक बनेर पनि उपन्यासमा उपस्थित भएको छ । यस उपन्यासमा धेरैजसो पात्रहरू आख्यान वर्णनका क्रममा आवश्यकता र सन्दर्भअनुसार बिचैमा तानिएर आएका छन् र बिचमा नै हराएका पनि छन् । उपन्यास २०५२ देखि २०६२/०६३ सालसम्म कम्युनिस्ट पार्टी माओवादीले सञ्चालन गरेका जनयुद्धकालीन घटनाक्रममा आधारित छ । यसमा प्रयोग गरिएका पात्रहरू वर्गीयचेतना, पक्षधरता तथा वैचारिक द्वन्द्वका साथ वर्गयुद्धमा प्रत्यक्ष रूपमा जोडिएका देखिन्छन् । यसले नेपाली समाजमा घटेका वर्गद्वन्द्व, प्रतिद्वन्द्वका घात-प्रतिघात, हिंसा-प्रतिहिंसा आदिलाई पनि उद्घाटन गरेको छ । जनयुद्धले उद्‌बोधन गरेका तथ्यपूर्ण तथा यथार्थपूर्ण घटनाक्रमलाई आख्यानीकरण गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको उपयोग गरी जनयुद्धको सर्वदर्शी बनेको आदित्यलाई मुखपात्रका रूपमा उपयोग गरिको छ । यस उपन्यासमा रहेका वर्गीय पात्रहरू जनयुद्धलाई सफल बनाउन सक्रिय रहेका छन् भने केही सत्तासंयन्त्रबाट परिचालित पात्रहरू जनयोद्धा तथा छापामारहरूलाई दमन गरी उनीहरूका नयाँ विचार, क्रान्तिकारी आवाज तथा क्रियाकलापहरू सदाका लागि बन्द गर्न सक्रिय रहेका छन् । उपन्यासमा प्रयोग गरिएका पात्रहरू नै वर्ग पक्षधरता अध्ययनका प्रमुख त्त्व हुन् ।

वर्गीय समाजमा फरक स्वार्थ, आवश्यकता, उद्देश्य र विशेषता रहेका वर्गहरूका बिचमा निरन्तर वर्गसङ्घर्ष चलिरहन्छ र यसले वर्गीय पक्षधरता सबल बनाउँछ । शक्तिशाली वर्गले जहिले पनि शक्तिहीन वर्गलाई अन्याय, अत्याचार, शोषण, दमन गर्न खोज्छ वा गरिरहेको हुन्छ । चर्को शोषण, दमनमा परेका शक्तिहीन वर्गले आफ्नो गाँस, बासको व्यवस्थासमेत जुटाउन नसक्ने स्थिति सिर्जना भएपछि तीव्र विरोध गर्दछन् । आक्रोशका साथ ज्यानको माया मारेर शक्तिशाली वर्गका शोषण, दमन, अन्याय गर्ने प्रवृत्तिमाथि प्रहार गर्न थाल्दछ । समाजमा रहेको शक्तिशाली वर्ग जहिले पनि सत्ता र राज्यसंयन्त्रसँग जोडिएको हुन्छ । त्यसैको आडमा यही वर्गले आम श्रमजीवी, सर्वाहारा तथा निमुखा वर्गमाथि अन्याय, शोषण र दमन गरिरहने मेसो मिलाएको हुन्छ, यही कारण उत्पीडितवर्गका व्यक्तिले एक्लै विद्रोह गरे भने चर्को दमनमा गरी जिउ, धन नै समाप्त पारिदिने स्थिति सिर्जना हुनसक्छ । यस्ता कुरा ख्याल गरेर उत्पीडनमा परेका न्यायप्रेमी जनताहरूले एक्लै भिड्दाका अनुभवहरूका आधारमा साङ्गठानिक रूपमा वैचारिक पक्षधरता तथा वर्गीय पक्षधरताका साथ वर्गसङ्घर्षको सुरुवात गर्दछन् । शोषक

र शासकवर्गले उनीहरूमाथि जति दमन गर्छ त्यति नै बढी उनीहरूमा वर्गीय प्रेम र विपरीत वर्गप्रति घृणाभाव पनि सिर्जना हुन्छ । यसले शक्तिशाली तथा शसस्त्र वर्गद्वन्द्वको स्थिति सिर्जना गर्छ । प्रस्तुत उपन्यास पनि जनयुद्धकालीन युद्ध सौन्दर्यलाई विषयवस्तु बनाई रचना गरिएको हुँदा वर्गीय चेतनाबाट निर्देशित वैचारिक द्वन्द्वमा सक्रिय भएका पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासलाई अन्य दृष्टिकोणहरूबाट पनि अध्ययन र विश्लेषण गर्न सकिन्छ तर यस लेखमा चाहिँ मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणअनुसार पात्रहरूमा रहेको वर्गीय चेतनाले निर्माण गरेको वर्गपक्षधरता के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा समाधानमा मात्र केन्द्रित गर्नु नै अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस उपन्यासका बारेमा सामान्य अध्ययन भए तापनि मार्क्सवादी दृष्टिकोणबाट वर्गपक्षधरता अध्ययन नभएको तथा यस लेखमा पात्रमा निहित वर्गचेतनाका आधारमा वर्गपक्षधरता पहिचान र विश्लेण गरिएको हुँदा यो लेख औचित्यपूर्ण रहेको छ ।

**अध्ययन विधि**

प्रस्तुत लेखमा कृति अध्ययन र विश्लेषण लागि पुस्तकालय विधि प्रयोग गरिएको छ । *मोक्ष* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ भने वर्गचेतना, वर्गपक्षधरता तथा वैचारिक द्वन्द्वसँग सम्बन्धित मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी अवधारणा तथा *मोक्ष* उपन्यासका बारेमा गरिएका टीका-टिप्पणी, लेख, रचना द्वितीय सामग्रीका रूपमा पुस्तकालयबाटै सङ्कलन गरी सूक्ष्म अध्ययन गरेर आवश्यकताअनुसार उपयोग गरिएको छ । कृति अध्ययन र विश्लेषण प्रक्रिया गुणात्मक प्रकृतिको हुने हुँदा निगमनात्मक तथा आगमनात्मक पद्धतिको प्रयोग गरेर समस्या समाधानका उपायहरूको खोजी गरी निष्कर्ष निकालिएको छ । यस लेखमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी मूल्य, मान्यता र अवधारणालाई मुख्य अध्ययन तथा विशेषण विधिका रूपमा प्रयोग गरिएको छ ।

**उपन्यासमा वर्गपक्षधरतासम्बन्धी मार्क्सवादी सैद्धान्तिक आधार**

जीवन र जगत्‌लाई नजिकैबाट नियाल्ने र स्पर्श गर्ने विधा उपन्यास हो । मार्क्सवादी उपन्यासमा सामाजिक जनजीवन र निम्नवर्गीय समस्या, दमन, शोषण, अन्याय र उत्पीडनलाई प्रथामिकता दिएर चित्रण गरी समाधानका उपायसमेत खोजी गरिएको हुन्छ । यसर्थ यस्ता उपन्यासमा उत्पीडित वर्गीय पक्षधरताका साथ निम्नवर्गीय जीवनशील, न्यायप्रेमी, सङ्घर्षशील पात्रलाई नायकत्व प्रदान गरी प्रतिनिधिमूलम पात्रहरूकै माध्यमबाट वर्गीय शोषण, दमन, विद्रोह, प्रतिरोध स्पष्ट पारेर उत्पीडित वर्गीय सचेतना विकासमा जोड दिइएको हुन्छ । वर्गीय समाजमा वर्गीय पक्षधरता उत्पादनका साधनमाथिको पहुँच हुने र नहुनेका बिचमा हुने अन्तर्विरोध तथा वैचारिक द्वन्द्वबाट सिर्जना हुन्छ यसर्थ मार्क्सवादी साहित्य समाजको वर्गसंरचना तथा वर्गहितहरूको परिणाम स्वरूप उत्पन्न वर्गीय मनोविज्ञानजस्ता मध्यवर्ती सम्बन्धसूत्रमाथि निर्भर हुन्छन् (चापागाई, २०६७, पृ.६९) । वर्गीय समाजमा हुने वर्गद्वन्द्व कै कारण स्रष्टामा वर्गक्षधरता सचेत वा असचेत रूपमा प्रतिविम्बन भएको हुन्छ । फरक उद्देश्य र आवश्यकता भएका वर्गहरूका विचमा विचार नमिल्नु स्वाभाविक हो । विचार नमिलेपछि वैचारिक टकराब सुरुवात हुन्छ र त्यसैले वर्गद्वन्द्वको स्थिति सिर्जना गर्छ र त्यसले समाजका कला र कृतिलाई पनि प्रभावित बनाउँछ ।

वर्गचेतना तथा वर्गद्वन्द्व मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी सौन्दर्य चिन्तनको केन्द्रीय अवधारणा हो । मानव समाजमा हुने द्वन्द्व निरन्तर प्रक्रिया हो र द्वन्द्वले नै मानवीय सभ्यतालाई आजको उचाइमा पुऱ्याएको मान्ने मार्क्सवादले मानव समाजको इतिहास नै वर्गद्वन्द्वको इतिहासमा मान्छ । हरेक समाजमा पक्षधरताकै कारण शासक र शासित, शोषक र शोषित, उत्पीडक र उत्पीडित, धनी र गरिब आदिजस्ता मुख्य दुई वर्गहरू रहेका हुन्छन् । वर्गविहीन अवस्था साम्यवादी समाजमा मात्र हुन्छ तर त्यस्तो स्थिति लामो समय टिक्न सक्दैन । विभेद सिर्जना हुनासाथ वर्ग जन्मिहाल्छन् । मार्क्सवादको मुख्य यात्रा तथा उद्देश्य समाजलाई साम्यवादसम्म पुऱ्याउनु हो (आफानासूयेभ, २०७८, पृ.२७) । समाजमा रहेका वर्गहरूका

बिचको अन्तरविरोध समाप्त भयो भने मात्र साम्यवादलाई टिकाउन सकिन्छ। त्यो साम्यवादसम्म पुग्नुभन्दा अगाडि समाजमा कयौँपटक वर्गसङ्घर्षहरू सक्रिय वा निष्क्रिय रूपमा, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चलिरहेका हुन्छन् । वर्गचेतना तथा वैचारिक सङ्घर्ष समाज र सामाजिक व्यवस्था सापेक्ष हुन्छ। समाजमा कस्ता प्रकृतिका उद्देश्य, स्वार्थ र आवश्यकता भएका वर्गहरू छन्, सोहीअनुसार वर्गद्वन्द्वले आफ्नो स्वरूप निर्धारण गर्दछ। दुई विपरीत स्वार्थ, उद्देश्य आवश्यकता भएका वर्गहरूका बिचमा टकरावको स्थिति सुरुवात हुनासाथ त्यसले सानो-ठूलो वैचारिक सङ्घर्षको पनि सुरुवात गर्दछ। वर्गहरूमा हुने अन्तर्विरोधी सङ्घर्षमा राज्य व्यवस्था नै प्रायः शक्तिशाली वर्गको पक्षमा लागि चर्को दमन हुन पनि सक्छ । समाजमा रहेका शोषक, सामन्तहरूकै शक्तिशाली वर्ग हुन्छ र त्यही वर्ग जहिले पनि राज्यसत्ताको नजिक हुन्छ। तिनीहरूकै सल्लाह र संयन्त्रहरूमा राज्यव्यवस्था टिकेको हुन्छ। त्यसैले शक्तिशाली वर्ग राज्य व्यवस्थासँग मिलेर समाजका आम गरिब, निमुखा, श्रमजीवी, सर्वहारा वर्गका नयाँ विचारमाथि चर्को दमन र शोषण गरी उनीहरूलाई मौन बस्न बाध्यता पारिरहन खोज्छन् । सत्तापक्षीय वर्गले पनि आफ्ना सबै संयन्त्रहरू प्रयोग गरी निम्नवर्गमाथि आफ्नो प्रभुत्व र नियन्त्रण कायम राख्छन् । आम गरिब, निमुखा, श्रमजीवी, सर्वहारा वर्गका विद्रोहहरूलाई दमन गरी न्याय पाउनमा बाधा सिर्जना गर्दछन् । जतिजति चर्को दमन र शोषण बढ्दै जान्छ, त्यति नै बढी आम निमुखा श्रमजीवी सर्वहारा जनता आक्रोशित हुँदै जान्छन् । गर या मरको स्थितिमा पुगेपछि शोषक, सामन्त, शासकहरूका शोषण, दमनका विरुद्धमा प्रतिरोधमा आउँछन् । वर्गीय ध्रुवमा संलग्न जनता र जनयुद्ध समसामयिक आख्यानमा प्रतिविम्बन हुने हुँदा तिनै कुरा पात्रका माध्यमबाट सृष्टाले वर्गीय सचेतनालाई अत्याधिक प्रखर, प्रभावी बनाएर घनीभूत ढङ्गले अभिव्यक्त गरेका हुन्छन् (चैतन्य, २०६४, पृ. २४ देखि २५) । श्रमको उचित ज्याला नपाउनु, उत्पादनका स्रोत र साधनमाथि श्रमजीवी वर्गको पहुँच नहुनु, जति उत्पादन गरे पनि नाफा पुँजीपति सामन्त वर्गको हातमा पुग्नुजस्ता अत्याचारले आम श्रमजीवी, सर्वहारा वर्गले विद्रोही तथा प्रतिरोधी आवाज उठाउन बाध्य बनेका सत्यतथ्य घटनाहरू प्रगतिवादी तथा जनवादी साहित्यमा उद्घाटन गरी उनीहरूको वैचारिक चेत सवल बनाउने प्रयास गरिएको हुन्छ।

कुनै पनि वस्तुको उत्पादन गर्दा शोषक र शासित दुवै वर्ग संलग्न हुन्छन् । शोषक वर्ग शक्तिशाली हुन्छ र सधै शक्तिहीन वर्गमाथि दमन र शोषण गर्छ (अर्याल, २०६८, पृ.६३) । शोषक वर्गले फुटाऊ र राज गरको नीति लिएर जसले शोषको विरोध गर्छ, उसैलाई बढी दमन गर्ने वा कामबाटै निकालिदिने गर्न सक्छन् । एक्लै विद्रोह गर्दा कुनै व्यक्ति शोषक वर्गको चर्को दमनमा परी जीवनकै क्षति हुने स्थिति पनि सिर्जना हुन्छ। यसबाट श्रमजीवी, सर्वहारा वर्गमा वर्गीय चेतना, वर्गीय प्रेम तथा विपरीत वर्गप्रति घृणा भाव सिर्जना हुन्छ। यसबाट शिक्षा लिई प्रगतिवादी साहित्यमा वर्गीय चेतना र पक्षधरतालाई सबल रूपमा प्रस्तुत गरिएको हुन्छ। पटकपटकको दमनका अनुभवले निम्नवर्गमा पनि साङ्गठानिक रूपमा विद्रोह र प्रतिरोध गर्नुपर्छ भन्ने चेतनाको विकास हुन्छ। उनीहरूले आफूमाथि थोपरिएको शोषण, दमन तथा अत्याचार बुझ्दै जान्छन् र तीव्र आक्रोश उत्पन्न भएपछि सशक्त जनक्रान्ति गर्ने सहास गर्दछन् । यसरी सुरुवात भएको विचारद्वारा निर्देशित, वर्गीय पक्षधरता सहितको वर्गद्वन्द्वलाई नै जनयुद्ध भनिन्छ। यस्तो वर्गद्वन्द्वले पुँजीपति तथा सामन्त वर्गका हितमा रहेका परम्परित संयन्त्रहरू, मूल्य, मान्यता र आदर्शहरू भत्काएर समतामूलक तथा न्यायमूलक हक, अधिकार स्थापित हुने नवीन मूल्य, मान्यताहरू निर्माण गर्ने उद्देश्य राखेको हुन्छ। यही कारण आफ्नो सेवा, सुविधा खोसिने डरले पुँजीपति, शोषक शासक तथा सामन्त वर्ग निम्न वर्गमाथि चर्को दमनमा उत्रन्छन् । शोषण, दमनबाट मुक्तिका लागि सङ्घर्षशील जनता र त्यससित सम्बद्ध रचनाशीलताको प्रगतिमा सहायक हुने विचारलाई र त्यस्तो विचारलाई सहयोग गर्ने कृतिलाई मात्र मार्क्सवादी समालोचनाले सान्दर्भिक र लाभदायी ठान्दछ (चापागाई, २०६७, पृ. ७१) । यही नै मार्क्सवादी समालोचनाको मुख्य मापदण्ड रहेको हुँदा यस्तो समालोचनामा साहित्यले सर्वहारा वर्गको उन्नति र सचेतना बिस्तारमा सहायक भूमिका खेल्ने वा नखेल्ने कुरा पनि अध्ययन गरिन्छ।

मार्क्सवादका अनुसार वर्गद्वन्द्वका कारण नै पुराना र खराब नीति, नियम, पद्धति र मान्यताहरू भत्कन्छन् अनि नयाँ

मूल्य, मान्यता, नीति, नियमहरू स्थापित हुँदै जान्छन् । त्यसैले वर्गसङ्घर्षको इतिहास नै मानव सभ्यता विकासको कडी मानिएको हो । शोषक, साहुहरूले कम ज्यालामा अधिकतम काम लगाउन खोज्दा सर्वहारा वर्गलाई बिहान बेलुकाको गाँस जुटाउन पनि समस्या हुन्छ अनि चर्को शोषणका विरुद्धमा जनस्तरबाटै विद्रोहको सुरुवात हुन्छ । आम गरिबी र अभावमा बाँचेका निम्नवर्गीय जनतामा समान, हक, अधिकार र स्वतन्त्रताको खोजी आफैँ गर्नुपर्ने चेतनाको विकास भएपछि वर्गसङ्घर्षको सुरुवात गरेका हुन्छन् । मार्क्सवादका अनुसार यसलाई अग्रगमनका लागि जनस्तरबाट भएको क्रान्ति पनि भनिन्छ । क्रान्तिकारीहरूको विकास त्यस विपरीत ध्रुवमा रहेका हरेक अवसरवादीहरूको विरुद्धको सङ्घर्षका विचबाट नै हुन्छ (वैद्य, २०६८, पृ. २४९) । समाजमा शोषक तथा सामन्त वर्गले निम्न वर्गीय श्रमजीवी तथा सर्वहारा वर्गलाई आफ्नो नियन्त्रणमा राखेर सधै अन्याय, शोषण, दमन गरी रहने संयन्त्रहरू निर्माणमा सहयोग गरेका हुन्छन् । यस्ता समाज विरोधी चरित्रहरू समानता तथा सामाजिक न्याय विरोधी चरित्रहरूका विरुद्धमा प्रतिरोधी आवाज उठाउनु तथा प्रतिरोधी क्रान्ति गर्नुपर्ने चेतना विकास प्रगतिवादी साहित्यले गर्नुपर्छ । तसर्थ प्रगतिवादी मार्क्सवादी साहित्यमा सबै खालका उत्पीडन तथा विभेदहरूबाट मुक्ति पाउनका लागि न्यायप्रेमी तथा सङ्घर्षशील पात्रको प्रयोग गरिएको हुन्छ । साहित्यलाई शोषित, उत्पीडित जनताहरूले सङ्गठित भएर योजनाबद्ध रूपमा समाजका विकृति, विसङ्गति तथा बेथितिहरूप्रति बिद्रोह गर्नु पर्ने स्थिति सिर्जना गरी चरम वर्गसङ्घर्षको इतिहाससँग जोडिएको हुन्छ । वर्गद्वन्द्वको परिणामस्वरूप खराब चरित्र, मूल्य, मान्यता, नीति, नियम सबैको अन्त्य गरी नयाँ मूल्य, मान्यता, नीति, नियमहरू स्थापित गरिएको हुन्छ । यसले समाजलाई अग्रगमनतर्फ लैजान्छ । यसै सन्दर्भमा लेलिनका विचारमा राजकीय संयन्त्र चकनाचुर पार्नु मजदुर र किसानहरूको हितानुकूल हुन्छ, परजीवीहरूलाई हटाएर नयाँ कुरा स्थापित गर्ने कार्यभार उनीहरूमा छ (लेनिन, २०६३, पृ. ३९) । वर्गसङ्घर्षको लडाईंमा शोषण, उत्पीडनमा परेका किसान र श्रमजीवी वर्ग नै अगाडि हुन्छन् । सामाजिक रूपान्तरणमा वर्गीय चेतना र वर्गसङ्घर्षको निकै महत्त्व हुन्छ । प्रगतिवादी आख्यानमा रुढिवादी, अन्धविश्वासी, तथ्यहीन कुराहरू नमान्ने पात्रहरूको प्रयोग गरी सबै प्रकारका विभेदको विरोध गरिएको हुन्छ । सचेत पात्रहरूले सामाजिक, सांस्कृतिक रूपान्तरणको खोजीमा सङ्घर्ष गरिरहेका हुन्छन् । समतामूलक तथा न्यायमूलक समाज निर्माणमा क्रान्तिकारी पात्रहरूको प्रयोग गरिएको हुन्छ । वर्गचेतना प्रतिबिम्बन भएको साहित्यमा वर्गीय हित र उद्देश्यलाई सर्वोपरी बनाइएको हुन्छ । सचेत रूपमा रचना गरिएका कला, साहित्यले निश्चित वर्गको सेवा गरिरहेका हुन्छन् । प्रगतिवादी आख्यानका चरित्रले निश्चित वर्गको प्रतिनिधित्व गरेका हुन्छन् र उत्पीडित वर्गीय पक्षधरता हुन्छ । यही करण प्रगतिवादी साहित्यमा मुख्य पात्रहरू शोषित, उत्पीडित वर्गबाट चयन गरिएका हुन्छन् । यी पात्रहरूले सामाजिक विभेद र बेथितिको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि सङ्घर्ष गरिरहेका हुन्छन् । *मोक्ष* उपन्यासमा पनि यस्तै प्रवृतिका पात्रहरू प्रयोग गरिएको हँदा यही अवधारणाअनुसार उपन्यासका पुरुष पात्रहरूमा रहेका वर्गचेतना र वर्गद्वन्द्व निर्माण गरेको वर्गपक्षधरता मात्र अध्ययन यस लेखमा गरिएको छ । अन्य दृष्टिकोण्बाट अध्ययन गरिएको छैन, यही नै यस लेखको सीमा पनि हो ।

**'मोक्ष' उपन्यासमा वर्गपक्षधरता अध्ययन**

*मोक्ष* शीर्षकको यस उपन्यासले २०५२ सालदेखि २०६२ सालसम्मको जनयुद्धकालीन समयका वर्गद्वन्द्वलाई समेटेको छ । वर्गीय स्वार्थ र उद्देश्य बोकेर, वर्गीय समस्या, आवश्यकताहरू पूरा गर्ने हेतुले बुझेर वा नबुझेर नेकपा-माओवादी पार्टीले सुरुवात गरेको जनयुद्धमा लामबद्ध भएका नेपालीहरूका प्रतिनिधि पात्रहरू यस उपन्यासमा प्रयोग गरिएका छन् । यस उपन्यासको मुख्य पात्र आदित्य आख्यानकारको मुखपात्र पनि रहेको देखिन्छ । ऊ तत्कालीन अवस्थामा राज्यपक्षबाट हुन सक्ने सम्भावित खतराबाट पनि बच्न खोज्ने तथा जनयुद्धबाट पर्न सक्ने समस्याबाट पनि बच्न खोज्ने पात्रका रूपमा उपन्यासमा उपस्थित भएको छ् । उसले नै उपन्यासमा उपयोग गरिएका अन्य पात्रहरू र घटनाका बारेमा प्रत्यक्ष देखेर जसरी

वा पात्रसँगै आफू पनि सहभागी भए जसरी वर्णन गरेको छ। ऊ उपन्यासमा अन्य पात्रहरूको परिचय दिने, उनीहरूले देखेका, भोगेका र अनुभूति गरेका कुराहरू आफैले देखेको, भोगेको जसरी वर्णन गर्ने तथा आख्यानकारका जीवन दर्शनसमेत प्रस्तुत गर्ने, उपन्यासको सुरुदेखि अन्त्यसम्म रहेको पात्र हो । यस उपन्यासमा अन्य थुप्रै पात्रहरू प्रयोग गरिएका छन् । यस लेखमा तिनै पात्रहरूमार्फत वर्गीय तथा वैचरिक पक्षधरता अध्ययन तल गरिएको छ।

**उपन्यासमा वर्गीय चेतनाले निर्माण गरेको वैचारिक पक्षधरता**

*मोक्ष* उपन्यास विचारप्रधान उपन्यास हो । यस उपन्यासमा उत्पीडित वर्गीय सचेतनालाई विकासलाई प्राथमिकता दिइएको छ। बहुल पात्रहरू प्रयोग गरिएको यस उपन्यासमा उत्पीडित वर्गीय उत्थानमा आबद्ध भएका पात्रहरूका सङ्घर्षशील जीवन भोगाइसँग सम्बन्धित विद्रोही तथा प्रगतिशील विचारहरूलाई प्राथमिकताका साथ वर्णन गरिएको छ । प्रगातिवादी उपन्यासमा पात्रका माध्यमबाट मार्क्सवादी उन्नत विचारहरूलाई प्राथमिकता दिएर पाठकको संसारलाई बुझ्ने र बदल्ने सचेतना (अर्याल, २०६८, पृ. ८३) थपिदिने उद्देश्य राखिएको हुन्छ । यस उपन्यासमा प्रमुख पात्र आदित्यका वैचारिक चिन्तन, सङ्घर्षशील जीवनदर्शन तथा अनुभूतिलाई विशेष स्थान दिइएको छ। अन्य पत्रहरू शारदा, इच्छा, आदित्यका बा-आमा, आदित्यको साथी देव, सलिना, आविष्कार वि.क., अम्बिका, आनन्द, विद्रोह, आकृति आदि पात्रहरूका सङ्घर्षशील जीवनदर्शन र भोगाइका अनुभूतिले खरिएका विद्रोही भावना तथा वैचारिक सङ्घर्षपूर्ण चिन्तन प्रायः आदित्यमार्फत नै प्रस्तुत गरिएको छ। उपन्यासमा गौण पात्रका रूपमा खुशीराम पाख्रिन, कृष्णसेन इच्छुक, कर्णेल, सिपाइहरू, विक्रम पाण्डे, एफ.एम.को गेटपाले आदि पात्रहरूका बारेमा आवश्यकताअनुसार आदित्यले नै टिप्पणी गरेको छ र आवश्यकताअनुसार आख्यानमा आउँदै, हराउँदै गएका छन् । यस उपन्यासमा आदित्य राज्यसत्ताले गरेका अन्याय, शोषण, दमन र माओवादी जनयुद्धमा भएका कमजोरीहरूका प्रत्यक्षदर्शी भएर पनि निष्पक्ष र स्वतन्त्र बन्न खोजेको देखिन्छ। यो पनि एक किसिमको सबै वर्ग र शक्तिसँग साखुल्ले बन्न खोज्ने रणनीति तथा वैचारिक द्वन्द्व नै जस्तो देखिन्छ। लेलिनका अनुसार मौन बस्न खोज्ने पात्रले पुँजीवादी, सामन्ती राज्य व्यवस्थालाई नै पक्षपोषण गरेको हुन्छ भन्ने कुरो आदित्यमाथि लागु हुन्छ। उसको विचार उपन्यासमा यसरी आएको छ :

> “नचाहेर पनि युद्धमा मुछिदै गयो हाम्रो परिवार। माओवादी पनि चाहन्थ्यो यस्तै। कुनै न कुनै रूपमा प्रयोग गर्ने एउटा सदस्य र अशान्त बनाउने पुरै परिवार। ढुङ्गा हान्थ्यो शान्त तलाउमा र तरङ्गित बनाउँथ्यो वातावरण। प्रत्येक ठाउँ अस्तव्यस्त बनाउने रणनीति थियो उसको।” (मोक्ष, २०७८, पृ. १२३)

लेनिनका अनुसार सत्ताको अधीनमा रहेर निम्न वर्गीय उत्पीडन र स्वतन्त्रताको सपना देख्नु बकबास मात्र हो (लेनिन, २०६३, पृ. ८२) । यस उपन्यासको मुख्य पात्र आदित्यले आफू स्वतन्त्र रहेर अन्य पात्रका जीवनमा घटेका सबै घटना र सङ्घर्षहरू देखे जसरी वर्णन गरेको छ। कतै उसको झुकाव जनयुद्धतिर देखिन्छ भने कतै उसको झुकाव सामन्ती राज्यसत्ताका संयन्त्रतिर पनि रहेको देखिन्छ। उसलाई विद्रोहभन्दा मुर्दा शान्ति मनपर्ने कुरा यसले स्पष्ट पारेको छ। उसका बा भने माओवादी जनयुद्धको सहयोगी भूमिकामा रहेको देखिन्छ। यही कारण भूमिगत भएका तथा कारागारको सजाय भोगेका छन् । कार्यालय बाका नामबाट चिनिने आदित्यका बा वर्गीय चेतना तथा वैचारिक प्रतिबद्धता भएका पात्र हुन् । उनी र शारदाकै सक्रियतामा चितवनमा पनि युवावर्ग माओवादी जनयुद्धमा आबद्ध भएको देखिन्छ् । शारदाको वर्गचेतना उपन्यासमा आएको कथ्यांश “सांस्कृतिक फाँटमा विचारको पाठ पढाउँथिन् शारदा। युवाहरूको कलिलो मस्तिष्कमा विचार भरेर बनाउँथिन् पूर्णकालीन छापामार” (पृ. २७) ले प्रस्ट पारेको छ। आदित्यका बा र शारदा मिलेर घरलाई कार्यालयजस्तो बनाएर जनयुद्धमा सहभागी हुने विचारले प्रशिक्षण लिन आएकाहरूलाई वर्गीय प्रेमले सुम्सुम्याउँदै समग्र सामाजिक विभेद र सामन्ती राज्यसत्ताका विभेदकारी नीति, उत्पीडनका प्रकृतिहरू सबै बुझाएर त्यसका विरुद्ध सङ्घर्ष गर्ने साहस र हिम्मत भरेर

पठाउने गरेको देखिन्छ। छापामारहरूलाई प्रशिक्षित गरी सचेत बनाउने क्रममा कार्यालय बाका वर्गीय चेतयुक्त अभिव्यक्तिहरू उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "आफ्नै चेतनाले हेर्नुहोस, आफू हिँड्ने बाटो। कहीँ पुगिँदैन अरूको सपना र विचारमा बगेर। युद्धमा हिँड्ने हो भने आफ्नै सपना बनाउनुहोस् युद्धलाई। यो युद्ध कठिन बाटो हो जीवनको। ब्यूँझाउनुहोस् दुनियाँलाई गहिरो निद्राबाट। र, त्यसका लागि ब्यूँझनुहोस् पहिले आफैं।" (पृ. ६४)

उपन्यासमा जनयुद्धमा लामबद्ध हुन आएका युवा वर्गहरूलाई सधैँ सम्मानजनक भाषाको प्रयोग गर्ने तथा सधैँ वर्गीय विचार र पक्षधरताप्रति सचेत बनाउने प्रतिनिधि पात्र शारदा र कार्यालय बा रहेको देखिन्छ। उनीहरू शोषक, सामन्त तथा नोकरशाही राज्यव्यवस्थाका अन्याय, अत्याचार, शोषण, दमन र विभेदका विरुद्धमा आम नेपाली युवावर्ग लामबद्ध भएको देख्दा निकै हर्षित हुने वर्गीय प्रेम र सद्भाव रहेका पात्र हुन्। आदित्यका बाबाहेक उनका घरमा अरू सदस्यले जनयुद्धलाई वर्गीय प्रेमका आँखाले हेरे पनि वर्गीय पक्षधरता कमजोर रहेको देखिन्छ। घरमा आउने छापामारहरूलाई सहयोग गर्ने कामचाहिँ चुपचाप गरेका छन्। यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म वर्णनमा आएको अर्को महत्त्वपूर्ण पात्र आविष्कार हो। आविष्कार शदियौँदेखिको गरिबी, अभाव, दमन, शोषण र उत्पीडनबाट मुक्तिको खोजी गर्दै स्कुलको बाटो मोडेर छापामार बन्न आउने, माओवादी जनयुद्धलाई नै प्रेम गर्दै आफ्नो जीवनको महत्त्वपूर्ण समय समर्पण गरेर युद्ध लड्ने सम्पूर्ण छापामारहरूको प्रतिनिधि पात्र हो। ऊ वर्गीय तथा जातीय दलनको उत्पीडनबाट मुक्तिको खोजी गर्दै विद्रोही अभियानमा सहभागी भएको देखिन्छ। ऊ जनविद्रोह तथा क्रान्तिबाट समग्र अन्याय, विभेदरहित समतामूलक तथा न्यायमूलक समाज निर्माण गर्न सकिने आशामा जनयुद्धमा सहभागी भएको देखिन्छ। उसले पार्टीभित्र पनि आफ्नो आत्मसम्मानपूर्ण परिचय र अस्तित्वको खोजी गर्दै नेतृत्वलाई दवाव दिएको देखिन्छ। उसका यस्तै वैचारिक प्रतिरोधी अभिव्यक्तिहरू उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "हामी रहरले आएका होइन युद्धमा। यथार्थमा आत्मसम्मानको महसुस गर्न पाएका छैनौँ। आफ्नै पार्टीभित्र पनि आत्मसम्मानकै लडाईंमा हो हाम्रो पहिलो लडाईं। मुक्ति चाहन्छौँ, अनेक खालका विभेदबाट। सदियौँदेखि किन कदर हुँदैन हाम्रो पसिनाको ? किन सम्मान हुँदैन हाम्रो कला र सिर्जनाको।"
>
> "नेतृत्वको जवाफ आयो, यो अन्तिम लडाईं हो आत्मसम्मानको। मुक्ति र समानताको। ढुक्क हुनुहोस् योद्धा कमरेडहरू सूक्ष्म रूपमा अध्ययन हुन्छ, हाम्रा कमी-कमजोरीको। महसुस हुने खालकै समानता र आत्मसम्मान भेट्नुहुन्छ पार्टीभित्र र बाहिर पनि।" (पृ. १६)

कलिलो उमेरमा नै जनयुद्धमा लामबद्ध भई हतियार समातेको आविष्कारमा वर्गीय चेतना, वर्गीय पक्षधरता तथा सशक्त प्रतिरोधी चेतना रहेको कुरा माथिको कथ्यांशले स्पष्ट पारेको छ। आविष्कार वर्गीय, जातीय विभेदका साथै शदियौँदेखिको दलनमा परेर उत्पीडित बनेका सर्म्पूण दलितहरूको मुक्ति खोज्ने प्रतिनिधि पात्र हो। शोषणमुखि नेपाली समाजमा सामजिक रूपमा जातीय, वर्गीय दलनमा पारिएका कारण खोतल्दै, मुक्तिको खोजी गर्दै आविष्कार जनमुक्ति सेनामा आबद्ध हुन पुगेको देखिन्छ। गरिबी र अभावमा बाँचेका आविष्कारजस्ता योद्धाहरू मुक्ति मोर्चामा लाग्दा पनि दलित भएकै कारण पार्टीभित्र वा बाहिर विभेद खेप्नुपरेका पीडाले यहाँ वैचारिकद्वन्द्व भएको देखिन्छ। पार्टीमा नेतृत्व तहमा रहेकाहरूसँग आफूमाथि हुने गरेका विभेदहरूबारे प्रश्न गर्न सक्ने क्षमता भएको आविष्कारले दलनबाट मुक्तिको बाटो जनयुद्ध ठानेर आशा र विश्वासका साथ जनयुद्ध नै प्रेम र प्रेम नै जनयुद्ध बनाएर लामो युद्धमा आफूलाई समर्पण गरेको देखिन्छ। आविष्कारले जनयुद्धको मोर्चामा रहँदा गरेका वैचारिक सङ्घर्षलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "… यही रेडियोमा काम गर्दा फस्यो अनेक उल्झनमा। डोकोमा हालेर डाडाँडाँडै बोकी हिँड्नुपर्ने रेडियोका सामानहरू। कम जोखिमपूर्ण थिएन यात्रा। रेडियो, एन्टिना र अन्य सामानहरू फिट गर्दा कम थिएन दुश्मनबाट

हुने खतरा, डाँडाको खोँजमा छाप्रो बनाएर तयार हुन्थ्यो रेडियो स्टेसन ... ।" (पृ. १०४)

उपन्यासमा आएको माथिको कथ्यांशले आविष्कारले जनमुक्ति सेनाकै पहलमा सञ्चालित पहिलो रेडियो सञ्चालन गर्दाका समस्या र अनुभूतिलाई स्पष्ट पारेको छ । रेडियो सञ्चालनको समेत जिम्मा लिएको आविष्कार कलम र हतियार दुवै समाएर सशक्त क्रान्तिकारी विचारबाट निर्देशित भएर जनयुद्ध लड्ने पात्र हो । आविष्कारले जनयुद्धकालमा आफूले भ्याएसम्म र जानेसम्म वर्गशत्रु, सत्ताबाट बचेर माओवादीहरूले सुरुवात गरेको सर्वहारा वर्गीय युद्धलाई सहयोग र सेवा गरेको देखिन्छ । सबै प्रकारका विभेद र दलनबाट मुक्ति पाउनु विभेदकारी तथा शोषणमुखी व्यवस्थालाई ध्वस्त बनाउनुपर्छ भन्ने सचेत वर्गीय चेतना तथा पक्षाधरता रहेको आविष्कार सबै प्रकारका विभेद र दलनको अन्त्य नभएसम्म मुक्ति असम्भव छ बन्ने बुझेरै जनयुद्धमा लागेको देखिन्छ । निरन्तर जितको महसुस गरिरहेका बेलामा एक्कासि जनयुद्ध रोकिएर क्यान्टोनमेन्टमा कैद हुँदा आविष्कारजस्ता योद्धाहरूमा नेतृत्वप्रतिकै आक्रोश, अनमिनका गतिविधि विरुद्धमा आएका विद्रोही तथा नमिठा अनुभूति उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "दूषित हुन्छ बगिरहेको नदी रोकिएपछि, विचार मर्छ युद्धमा आराम गर्ने योद्धाको । तलब र भत्ता दिएर योद्धाहरूको विचार मार्दै लगियो क्यान्टोनमेन्टमा । सुविधाभोगी नेतृत्वको स्वाद बिग्रियो जीब्रोको र विचार पनि । ऊर्जा सकियो छापामारलाई क्यान्टोनमेन्टमा हालेपछि र विचार सकियो अनमिनको तलब थापेपछि ।" (पृ. २१)

उपन्यासमा आएको माथिको कथ्यांशले आविष्कारजस्ता योद्धाहरूमा रहेका क्रान्तिकारी सचेतना र वैचारिक पक्षधरतालाई स्पष्ट पारेको छ । अनमिनलाई उपयोग गरी सम्झौतामा जनयुद्ध रोकेर विद्रोही छापामारहरूको गतिमा अवरोध गर्ने नेतृत्व र सामन्तवादी तथा यथास्थितिवादी सबै मिली क्रान्तिकारीहरूका विचार मारेर भुत्ते हतियार बनाएको तर्क गर्दै यहाँ आविष्कारले आक्रोश पोखेको छ । यस्तो हुनु लुकासका अनुसार वर्गसमाजको श्रमविभाजन, शारीरिक श्रमबाट मानसिक श्रमको पृथकीकरण, मनुष्यद्वारा मनुष्यको शोषण र दमन, पुँजीवादी उत्पादनको विशेषीकरण यी सबै भौतिक र आर्थिक प्रक्रियाहरू हुन् (लुकाच, २०६७, पृ. ३७) । यसर्थ सत्तासम्पन्न वर्गले आफ्नो प्रभुता कायम राख्न अनमिनलाई सहजीकरणमा उपयोग गरेको देखिन्छ । तर जनयुद्धले सोचेजस्तो समाजको आमूल परिवर्तन गर्न नसक्नु पनि यसका कमजोरी हुन् । शान्ति प्रक्रियामा गएपछि पार्टीका नेताहरू विस्तारै भोगविलासमुखी हुँदै गए । पार्टीभित्र बेथितिहरू विस्तार भयो । उपन्यासमा पार्टीले सक्रिय क्रान्तिकारी जनयुद्धलाई निरन्तरता दिन नसकेका कारण आविष्कारजस्ता युवा योद्धाहरू पार्टी, पद्धतिप्रति नै रुष्ट बनेको देखिन्छ । उपन्यासमा आविष्कारजस्ता योद्धाहरूमा युद्ध विरामले पार्टीका गतिविधिप्रति नै वितृष्णा पैदा गराएको देखिन्छ । पार्टीप्रति प्रतिबद्ध, वर्गीय चेतना, प्रेम र उत्पीडित वर्गीय समस्या र विचारबाट निर्देशित हुँदै लामो युद्ध लडेको पात्र आविष्कारले शान्तिप्रक्रियामा आएपछि झुण्डिएर कायरतापूर्ण तरिकाबाट आत्महत्या गर्नुभन्दा विद्रोही अभियानमा नै लाग्नु उपयुक्त हुन्थ्यो । यसले विद्रोहीमा निराशा थपेको देखिन्छ । विद्रोह गरेर के पाएँ त ? भन्ने प्रश्न उठाउँदै विद्राही हुनु ठीक होइन भन्नु प्रगतिवादी साहित्यको उद्देश्य विपरीत आएको छ ।

युद्ध रोकिनु, अयोग्य ठहरिनु ऊजस्ता लागि घातक बनेको देखिन्छ । लामो युद्ध लडे पनि आफू फेरि उही किनारामा धकलिएको महसुस गरेको आविष्कारले अन्त्यमा आत्महत्या गर्नु विडम्बनापूर्ण देखिन्छ । यस्ता कुरामा पार्टी पद्धति सचेत नभएको देखिन्छ । यो एक प्रकारको जनयुद्धले जनयोद्धामाथि पारेको अभिघातात्मक स्थिति पनि हो । लामो युद्ध लडेको भौतिकवादी मान्छे यति धेरै निराशामा धकलिनुमा आख्यानकारको मनोविज्ञानले पनि काम गरेको देखिन्छ । बहुल पात्रीय नायकत्व रहेको यस उपन्यासको अन्त्यमा सांस्कृतिक रूपान्तरणमा सक्रिय शारदा मारिनु, इच्छाले आनी बन्ने बाटो समाउनु, आविष्कार मर्नुजस्ता घटनाहरू वर्णनले उत्पीडित वर्गीय पक्षधरता कमजोर बनेको देखिन्छ । यही यस उपन्यासको कमजोरी रहेको देखिन्छ ।

**उपन्यासमा वर्गीय प्रतिरोधी चेतनाले निर्माण गरेको वर्गीय पक्षधरता**

सचेत रूपमा लिइएको वर्गपक्षधरताले नै वर्गीय प्रतिरोध तथा वैचारिकद्वन्द्वको सुरुवात गर्छ । *मोक्ष* उपन्यासका पात्रहरूमध्ये सुरुदेखि अन्त्यसम्म रहेका, सबै पात्रहरूका बारेमा थप जानकारी दिने, टिप्पणी गर्ने पात्र आदित्य रहेको देखिन्छ। उसकै निम्न वर्गीय पक्षधरता तथा वर्गीय प्रतिरोधी चेतना कमजोर रहेको देखिन्छ। यस उपन्यासका अन्य पात्रहरूमा शारदा, सलिना, कार्यालय बा, अम्बिका, तारा कुमाल, देवमा सशक्त क्रान्तिकारी विद्रोही चेतना तथा वर्गीय प्रतिरोधी चेतना सबल रहेको देखिन्छ। इच्छा र आविष्कारमा जनयुद्धमा सहभागी हुँदा रहेको सशक्त प्रतिरोधी, क्रान्तिकारी तथा विद्रोही चेतना क्रान्ति सम्झौतमा विसर्जन भएपछि वितृष्णमा रूपान्तरण भएको देखिन्छ। उपन्यसको समाख्याता आदित्यमा आफ्नै बामा जुन किसिमको वर्गीय प्रेम, वर्गीय पक्षधरता, वैचारिक प्रतिबद्धता देखिन्छ, त्यस्तै लक्षण पाइँदैन । आदित्यमा देखिएका आमाको मुहार उज्यालो देख्ने चाहना राख्नु तथा बालाई जेल लगेपछि घर अँध्यारो भएको महसुस गरी उत्पीडित हुनु, विद्रोहपूर्ण सङ्घर्ष र क्रान्तिकरी अभिव्यक्तिबाट पलायन हुन खोज्नुजस्ता विशेषताहरूले सामान्य मानवीय मानोविज्ञान मात्र नभई निजी स्वार्थ र सुरक्षाका चिन्ताभन्दा माथि उठ्न नसकेको देखाउँछ। उसका यस्तै चिन्तन उपन्यासमा "... अनायसै सोचाइ आउँथ्यो कहिलेकाहीँ सम्झन्थेँ कति होलान् नचाहेरै पनि हामीजस्तै युद्धमा जेलिँदै गएका परिवार" (पृ. ५८) भनिएको छ। यसरी नै उपन्यासमा आदित्यको अवस्थालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "... क्रमशः विकर्षित भएँ म राजनीतिबाट । तत्कालीन माओवादीको प्रयोग असफल भयो ममाथि । बालाई चलाएर घर अशान्त भएपछि म युद्धमा होमियोस् भन्ने चाहन्थे उनीहरू। युद्धसँग घृणा थियो मलाई। मारिएका हजारौँ मान्छेहरूको समाचारले स्तब्ध थिएँ म। विचारमा बिमति राख्नेहरू मारिएका थिए सुराकीको आरोपमा। भयावह र घिनलाग्दो थियो वातावरण। अझ डरलाग्दो हुँदैगयो प्रतिशोधको राजनीति। गृहयुद्धको सङ्केत देख्न थाल्यो मेरो सानो मस्तिष्कले। घरघरबाट मान्छे लगियो युद्धमा।" (पृ. १८७)

उपन्यामा दृष्टान्तविहीन रूपमा आएको माथिको कथांशले आदित्यको ढुलमुले मनस्थिति, नीति र कमजोर वर्गीय पक्षधरतालाई स्पस्ट पारेको छ। जनयुद्धका समयमा माओवादीका नयाँ विचारलाई राज्यसंयन्त्र नै लागेर दमन गरेको स्थितिमा सचेत विद्रोहमा लागेका सदस्य कार्यालय बाका परिवारका सदस्य तथा एक सचेत सञ्चारकर्मी, पत्रकार बनेका व्यक्ति उत्पीडित वर्गीय विद्रोह र विचारमा बिमति राख्ने तथा बिमति राख्नेहरूलाई सुराकी भनी मारे भन्नुले 'आदित्य' कुन कित्तामा उभिन खोजेको पात्र हो भन्ने प्रश्नचिन्ह खडा गर्छ। उपन्यासमा आख्यानकारका समरूप पात्रका रूपमा आएको आदित्यले तटस्थ बस्न खोजे तापनि तटस्थ हुन नसकी कतै निराशावादी चिन्तन, कतै जनयुद्धतिर त कतै जनयुद्धका विरोधीतिर झुकाव राखी नजानीदोसँग राष्ट्रिय सत्ताकै फेरो समातेर विभेदकारी तथा शोषणमुखी सत्तासंयन्त्रको पक्षपोषण गरेका कुरा यसले स्पष्ट पारेको छ । वस्तुगत परिस्थितिको अभावमा बिलौन गर्नेहरू र आत्मगत तयारीलाई जानाजान उपेक्षा गर्नेहरू कि त परिवर्तनको प्रक्रिया नबुझेका वा एकदमै धोकेवाज हुन्छन् (पाण्डेय, २०६७, पृ. १४९) । यस उपन्यासमा आदित्यको यस्तै चरित्र देखिन्छ। लामो जनयुद्ध लडेका योद्धाहरूले पनि अन्त्यमा निराशावादी बाटो समात्नुमा उसको त्यही ढुलमुले प्रवृत्तिले काम गरेको देखिन्छ। स्वयम् उसका बा जनयुद्धप्रति बफादार, धैर्य र साहसका प्रतिमूर्ति रहे तापनि उपन्यासमा उसको उत्पीडनका विरुद्धमा सकारात्मक आवाज र प्रतिरोध भेटिँदैन। उसका बा वर्गीय उत्थान, वैचारिक पक्षधरता तथा वर्गसङ्घर्षप्रति प्रतिबद्ध रहेको उसलाई मन नपरेका कुरा उपन्यासमा आदित्यमार्फत नै यसरी आएको छ :

> "बाबा भन्नुहुन्थ्यो, ठुलो कुरा हो क्रान्ति। ठुलो लडाइँमा छन् उनीहरू। साना कुरामा अल्मलिएर सम्भव छैन मुक्ति। यही ठूलो कुराको खोजीमा गिरफ्तार पर्नुभो, बा। अरू हजारौँलाई जस्तै बेपत्ता बनायो बालाई पनि। त्यसपछि पुगेका हौँ हामी दुःखको गहिरो नदीमा।" (पृ. २५)

उपन्यासमा आएको प्रस्तुत कथांशले विभेदकारी तथा शोषणमुखी राज्यव्यवस्थाका विरुद्धमा आफ्नो बाजस्तै

जनताले सशक्त क्रान्तिलाई समर्थन गरेका कुरा आदित्यलाई मन नपरेको तथा सानो मान्छे भएर ठूलो कुराको खोजी गर्दा अरू विद्रोही जस्तै बा पनि मुर्ख नै रहेका कारण गिरफ्तारमा पर्नुभएको, बेपत्ता बनाइएको अनि परिवारजनलाई पीडा थपिएको अनुभूति आदित्यले गरेको कुरा उद्घाटन गरेको छ । शोषक, उत्पीडकसँग साठगाँठ हुने मानिसहरूले आफ्नो वर्गगत भूमिकाको विवशताको कारणले गर्दा वस्तुस्थितिलाई साँचो अर्थमा नबुझी विचारधाराको अर्थलाई पनि छद्म चेतनामा सीमित गर्दा (ग्रेवाल, २०६७, पृ. २४०) यस्तो अनुभूति हुन्छ। यसले व्यक्तिको अवसरवादी तथा शोषक, शासककै सेवा गर्ने प्रवृत्तिलाई स्पष्ट पार्छ। झुपडीमा बस्नेले महलमा बस्नेले गरेका अन्यायको विरोध नगरे त समाज सधै शान्तिपूर्ण हुनेजस्ता शोषक, सामन्ती वर्गीय कुचेतना आदित्यमा पनि रहेको कुरा यसले स्पष्ट पारेको छ। तर उसकै बा वा कार्यालय बा विद्रोही चेतनाका साथ जनयुद्धलाई सहयोग गर्ने, माओवादी छापामाररु बन्न चाहनेलाई वर्गीय सचेतना थपेर सहयोग गर्ने तथा सही पथ प्रदर्शन गर्ने अत्यन्तै इमान्दारी तथा सहयोगी पात्र रहेको देखिन्छ। उनभित्र वर्गीय युद्धको आगो सल्काएर शक्ति र सत्ताका शोषक, भ्रष्ट, दलालहरूलाई जलाउनु पर्छ भन्ने सबल प्रतिरोधी चेतना सलबलाएको देखिन्छ । तर उपन्यसमा आएका कतिपय अभिव्यक्तिबाट उनका छोरा आदित्यलाई भने उनको बाटो मन नपरेको बुझिन्छ। उपन्यासमा उनको पार्टी प्रतिबद्धता यसरी प्रस्तुत गरिएको छ :

> "म बुझ्ने भएदेखि नै बा अलग धारबाट हिँड्न रुचाउनु भो । वर्गयुद्धको आँधी सल्केपछि कमै देखिनुहुन्थ्यो घरमा । समय तालिका वदलियो घरमा आउने जाने । अर्ध भूमिगत जस्तै हुनुभो" (पृ. ३५) ।

त्यस्तैगरी आदित्यले गाउँका धेरै कुरा बदल्यो समयले तर मान्छेको संङ्कुचित सोच बदल्न सकेन भनेको सन्दर्भमा आदित्यका बाको वर्गीय चिन्तनमा आधारित उत्पीडित वर्गीय विद्रोही तथा प्रतिरोधी अभियान उपन्यासमा यसरी आएको छ :

"बा भन्नुहुन्थ्यो, यही सोच बदल्न सुरुभएको जनयुद्ध ।"

> "अक्सर रातिमै हुन्थे सबै कार्यक्रम । योजना बन्थे राति नै र प्रशिक्षण हुन्थ्यो राति । समय-समयमा बा आउनुहुन्थ्यो मध्यरातमा कटेपछि। पत्रजस्तो केही कागज हुन्थ्यो हातमा। राति अबेर आएको भोलिपल्ट सबेरै छोड्नु हुन्थ्यो घर। सेना र शङ्कास्पद मान्छेहरू घुमिरहन्थे गाउँमा। डराइडराइ झ्यालको चरबाट चियाएर हेर्थ्यौं, शङ्कास्पद मान्छे र सेनाका गाडीलाई। युद्ध कम भएन बरु बिस्तारै पुरै हराएर गयो डर।" (पृ.४४ देखि ४५)

उपन्यासमा कार्यालय बा लगायत क्रान्तिकारी विचारधाराबाट निर्देशित र नियन्त्रित भएका पात्रहरू जनयुद्धमा लामबद्ध हुने तयारीमा सेना तथा प्रहरीका कुदृष्टि छलेर सचेत रूपमा वर्गीय प्रतिरोधमा जुटेका कुरा यसले स्पष्ट पारेको देखिन्छ। उपन्यासमा जनयुद्ध शान्ति सम्झौतामा पुगेर रोकिए पनि केही पात्रले त्यसको विरोध गरी विद्रोही अभियानमा नै अगाडि बढेका छन्। यसले सचेत पात्रहरूमा आन्तरिक तथा बाह्यद्वन्द्व सिर्जना भएको छ। उपन्यासमा क्रान्तिकारी अभियान शान्ति सम्झौतातिर सोभिएपछि हातहतियार बुझाएर क्यान्टोन्मेन्ट थुनिदा, कारागारको बन्दीजस्तो अनुभूति गरेका, नेतृत्वले गरेका बदमासीप्रति असन्तुष्ट रहेका विद्रोही योद्धाहरूको प्रतिनिधि पात्र आविष्कारजस्ता युवामा विकसित भएका वर्गीय आक्रोशहरू आदित्यबाटै यसरी वर्णन गरिएका छन् :

> "प्रयोग मात्र भइरह्यौं हामी हिजोदेखि आजसम्म । गहिरो भिन्नता देखियो भनाइ र गराइमा । घुमाउरो रूपमा सुविधाको घेराबाट बाहिर राखियो हामीलाई । सत्ताको भरेङबाट धकेलियो र पाखा लगाइयो किनारामा । जुन किनारामा थियौं त्यही किनारामा आइपुगेँ म आज । युद्ध गरियो हाम्रो काँधमा चढेर । सफलता प्राप्त भयो हाम्रो खुट्टाले दौडिएर । सत्ताको विरोधमा पहिलो र चर्को आवाज निस्क्यो हाम्रै बस्तीबाट । उसको स्वरमा आक्रोश मात्र थिएन यथार्थ पनि थियो ।" (पृ. १०३)

उपन्यासमा आविष्कारजस्ता दलित, उत्पीडित युवाहरूले जनयुद्धकालमा पार्टीको नियम, अनुशासनमा रही जनयुद्धमा ज्यानको बाजी लगाएर सङ्घर्षमा सामेल भएका कुरा यसले स्पष्ट पारेका छ। यस्तै युवाहरूले लगनशीलताका साथ हतियार

समातेर वा घुम्ती रेडियो सञ्चालन गरेर क्रान्तिकारी आवाजहरूलाई बुलन्द पार्ने खालका कार्यक्रमहरू सञ्चालन गर्दै, गीतहरू बजाउँदै जनयुद्धलाई कलम र तरबार दुवैले सहयोग गरेको देखिन्छ। उनीहरूमा जनयुद्ध सम्पन्न भएपछि समाजको आमूल परिवर्तन हुन्छ भन्ने आशा रहेको देखिन्छ। पुराना खराब मूल्य, मान्यताहरू फेरिएर नयाँ मान्यता स्थापना हुन्छन्, समतामूलक तथा न्यायमूलक समाजिक संरचना स्थापना हुन्छ भनेर जनयुद्धमा आविष्कारजस्ता युवाहरू लामबद्ध भएका भन्ने कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छः

> "दलनको अन्त्य हुन्छ अब। हरेक खालका विभेदले मानिसलाई उच्च, निच बनाएको हो समाजमा। कोही मालिक र कोही दास असम्भव छ अब। सम्मानजनक अस्तित्वको लडाइँ हो यो। त्यो बिहान निकै आक्रोशमा थियो आविष्कार।" (पृ. २१८)

उपन्यासमा आएको प्रस्तुत कथांशबाट लामो युद्ध लडेर आएका विद्रोही योद्धाहरूमा समाजको आमूल परिवर्तन भई समग्र विभेद र उत्पीडनबाट मुक्ति पाइन्छ, स्वतन्त्रता र स्वाभिमानको रक्ष हुन्छ भन्ने विश्वास रहेको कुरा पस्ष्ट भएको छ। तर यहाँ सम्झौतामा आधारित जनयुद्धले आशा र विश्वासमा आघात पुगको कुरासमेत स्पष्ट पारिएको छ। क्रान्तिकारी अभियानमा सक्रिय योद्धाहरू जनयुद्धले नेपाली समाजको सोचेजस्तो आमूल परिवर्तन नगर्दै नेतृत्वले सम्झौतातिर सोझ्याएपछि यसवाट रुष्ट हुनु स्वाभाविक पनि हो। आविष्कारजस्ता युवामा वर्गीय सचेतनाको विकास गराई वर्गसङ्घर्षमा सामेल गराउने प्रमुख पात्र शारदा र आदित्यका बा हुन्। आविष्कार लगायत शारदा र कार्यालय बा वर्गीय प्रेम, वर्गीय उत्थान तथा वर्गीय मुक्तिका लागि उत्पीडित वर्गले सशस्त्र युद्ध नै गर्नुपर्छ भन्ने प्रतिरोधी चेतना रहेको देखिन्छ। शारदाका वर्गीय पक्षधरता तथा प्रतिरोधी चिन्तन उपन्यासका यसरी प्रस्तुत गरिएको छ :

> "भिरेको बन्दुक बिसाउने कायर हुन्छ युद्धको मैदानमा। योद्धाहरूलाई युद्धको स्कुलिङ्मा हुर्काउन निपूर्ण थिइन् शारदा। सामना परिवारको गीत गुञ्जाउँदै जागरण ल्याउने युवाहरू एकएक गरेर पसे युद्धको मोर्चाभित्र। ... प्रशिक्षणको समयमा शारदा भन्थिन्, छापामार युद्ध हो हाम्रो अन्तिम मिसन। सबै मोर्चाबाट लडाकु हुन सक्ने र चाहने सबैले मनस्थिति बनाउनुहोस् छापामार लडाईंका लागि। व्यक्ति र परिवार होइन अब गर्नेस् समाज परिवर्तनका लागि लड्ने।" जोशिलो हुन्थ्यो उनको प्रशिक्षण। शरीरमा रगत उम्लिएको हुन्थ्यो मुठ्ठी कस्ने युवाहरूको। (पृ. २७-२८)

उपन्यासमा आएको प्रस्तुत कथांशले शारदाले जनयुद्धमा सहभागी हुने विद्रोही योद्धालाई वर्गीय उत्पीडनबाट मुक्तिका निम्ति सचेत रूपमा युद्ध लड्नेपर्ने कुरामा प्रतिबद्ध बनाएको कुरा पस्ष्ट पारेको छ। शारदा लगायत अम्बिका, इच्छा, आकृति, आविष्कारजस्ता पात्रहरू समतामूलक तथा न्यायमूलक समाज र स्वतन्त्रताका पक्षमा उभिएर जनयुद्धलाई सचेत रूपमा सहयोग गर्ने पात्रहरू हुन्। यी पात्रहरूले यही चेतनाले जनयुद्धलाई गला, कला र तरबारका माध्यमबाट सहयोग गरेका छन्। जनयुद्ध शान्ति सम्झौतामा गएर टुङ्गिएपछि तथा आफूहरू अयोग्य लडाकु भएर बाहिर निस्कन परेपछि आविष्कार जस्ता युवाहरूमा भने निकै निराशावादी चिन्तनको विकास भएको देखिन्छ। छिटो समयमा धेरै सङ्घर्ष गर्ने र आश पनि गर्ने मान्छे नै धेरै निराश पनि हुन्छ भनेझैँ लामो जनयुद्ध लडेर आएको वीर, साहसी पात्र आविष्कार अन्तिममा जनक्रान्तिबाटै उही किनारमा छोडिएको अनुभूतिका कारण आक्रोश र निराशावादी चिन्तन एकैचोटि उपन्यासमा यसरी प्रस्तुत गरिएका छ :

> "कोही अछुत छैन तर अछुत बनाएको छ समाजले। वर्षौंदेखि यही राज्यव्यवस्थाको दलनमा छौँ हामी। किन कहीँ छैनौँ कूल जनसङ्ख्याको तेह्र प्रतिशत भएर पनि ? निर्णय प्रक्रियामा सधै बाहिर। उच्च तहमा कहाँ छ हाम्रो अस्त्वि ? संवैधानिक समिति, न्यायलय, उच्चस्तरीय आयोगमा कहाँ छ हाम्रो उपस्थिति ? गजवको राजनीति चलेको रहेछ स्वार्थीका लागि। दुनियाँ बदल्ने हिडियो लामो समय। आफैँ बदलिनुको विकल्प रहेन अब। मानिसले बोकेर हिँडेको छ खिया लागेको मगज। हामीलाई अझै अछुत बनाएर स्वघोषित छुत भएको

छ आफू।" (पृ. १४६)

उपन्यासमा आएको प्रस्तुत कथांशले विद्रोही योद्धा आविष्कारमा जनयुद्धपछि पनि नेपाली समाजमा उस्तै जातीय विभेद, लैङ्गिक विभेद तथा आर्थिक विभेदबाट उत्पीडित बनेर बाँच्नु पर्ने अवस्था सिर्जना भएकोमा आविष्कार तथा इच्छाजस्ता छापामार तथा योद्धाहरू निकै आक्रोशित बनेका छन् । आविष्कारले उही बुर्जुवा संसदीय व्यवस्थामा लगेर अकूत कमाउने नेताप्रति पोखेका घृणा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

"उर्वर जीवनका कैयौँ लगानी गरेर आर्जन गरेको ज्ञान यही थियो उसको । त्यही बिहान भनेको थियो, देखे समानताको नारा बोकेर असमान व्यवहार गर्नेहरूलाई । सर्वहाराको मुद्दा बोकेर अकूत कमाउनेहरूलाई । घिन लाग्दोरहेछ आदित्य, महङ्गा दरबारमा बसेर सुविधाभोगी बनेका नेताहरू देख्दा । निरङ्कुशताको कालो छायाँ देख, आफ्नै नेताको अनुहारमा । बुझे, सत्ता र शक्तिले कसरी स्खलित बनाउँदो रहेछ आदर्श ।" (पृ. १४७)

उपन्यासमा आएको प्रस्तुत कथांशले विद्रोही योद्धाका जनयुद्धमा समर्पित योद्धाहरूमाथि नेतृत्व वर्गबाटै विभेद गरेको अनुभूति भएपछि आविष्कार जस्ता युवामा तीव्र आक्रोश सिर्जना भएको छ । सामाजिक विभेद र दलहन उस्तै रहेको हुँदा बिस्तारै निराशावादी चिन्तन गहिरिँदै गएको देखिन्छ । विश्वमा भएका कम्युनिष्ट क्रान्तिहरू रुसी क्रान्ति, फ्रान्सेली क्रान्ति सबै पढेको तथा आफै दशवर्ष जनयुद्धमा होमिएर भुक्तभोगी भएको पात्र आविष्कारले मरेर युद्ध जितिदैन भन्ने कुरो बुझी पुनः विद्रोहमा लाग्नुपर्थ्यो । आत्महत्याको बाटो समाउनु गलत भएको देखिन्छ । आत्माहत्या समस्या समाधानको विकल्प होइन, जीवनको विकल्प जीवन नै हो, विद्रोह र क्रान्ति हो । मार्क्सवादका अनुसार क्रान्तिकारी यथार्थको बिचबाट जन्मेर हुर्केका वीरहरू बढी प्रभावशाली हुन्छन् र यस्ताको मृत्यु बढी त्रासदी पनि हुन्छ (बराल, २०६७, पृ. ७६) । यस उपन्यासमा पनि यस्तै पात्र आविष्कार सदियौँदेखि दलहनमा परेको व्यक्तिले धेरै आशा गरेको तथा आशा गरेबमोजिम क्रान्तिबाट आमूल परिवर्तन नभएपछि छिट्टै नै निराशाको भुमरीमा परेर आत्महत्याको निर्णयमा पुगेको देखिन्छ । युद्ध विरामपछि जनयुद्धका लडाकुहरूलाई आफ्ना हतियारहरू थन्काएर बस्ने कुरा पनि कारागारमा पसेको जत्तिकै पीडादायी भएको कुरा उपन्यासमा यसरी आएको छः

"जीवनको साँघुरो गल्लीबाट कसरी सुरुवात भयो युद्ध । कसरी भत्कियो लडाकुहरूको सपना ? आँखाको सपना मारेर कसले पुऱ्यायो यो तातो मरुभूमिमा" (आविष्कार, पृ. ६८) ।

उपन्यासमा आएको प्रस्तुत कथांशले विद्रोही योद्धाका एकातिर सपना पुरा नहुँदै हतियार बुझाउँदाको पीडा भने अर्कातिर लडाकुहरूलाई अयोग्यताको ट्याग लगाउँदाको आक्रोश छ । नेतृत्व केन्द्रीकृत शोषणमुखी तथा सामन्तवादी राज्यसत्ताको परिबन्दमा परेर त्यसैको फेरो समाउन पुगेको कारण योद्धाहरूमा स्वभाविक रूपमा आक्रोश सिजर्ना भएको देखिन्छ । त्यसरी आक्रोशित हुनेमध्येका प्रतिनिधि पात्र इच्छा र आविष्कार हुन् । तर जनमुक्तिका खातिर लामो जनयुद्ध लडेका योद्धाहरूलाई अनमिन लगाएर उही शोषण, दमन, अन्यायमा पार्ने प्रयास गरिएको देखिन्छ । तर एकपटक असफल हुँदैमा पलायनको बाटामा लागे भने वर्गीय द्वन्द्वमा शक्तिशाली वर्गले शक्तिहीन वर्गलाई अझै बढी दलन, शोषण र उत्पीडनमा पारिरहन खोज्छन् । राजनीतिक सत्ता अर्को वर्गमाथि दमन गर्ने सङ्गठित शक्ति हो (भट्टराई, २०७७, पृ. ९७) । यही मर्कामा यस उपन्यासका योद्धाहरू परेको देखिन्छ । शान्ति सम्झौतापछि जनयुद्ध लडेका लडाकुहरूको परिचय तथा योग्यता माग्दै धेरै जसोलाई अयोग्य साबित गराउनेमा सत्ताका साझेदार वर्गहरू सक्रिय रहेको देखिन्छ । यही देख्दा आविष्कारमा आएका वर्गीय चिन्तन तथा आक्रोशहरू यस उपन्यासमा आविष्कारमार्फत नै यसरी प्रस्तुत गरिएको छ :

"म आविष्कार विश्वकर्मा । रहरभन्दा बढी बाध्यताले समाएको हुँ बन्दुक । स्कूलको बाटोबाट मोडिएर हिँडेको हुँ, युद्धको बाटोमा । मैले जानेको यही अनुभव छ मसँग । आफ्नो अस्तित्व खोज्दै हिँडेको हुँ, यो राज्यको मूलधारमा । देशको मानचित्रमा आफ्नो अनुहार खोज्दै हिँडेको नागरिक हुँ, म । भन्नोस् कुन शैक्षिक प्रमाणपत्र बुझाऊँ म तपाईलाई ?" (पृ. १०३)

यही सन्दर्भमा इच्छाको अभिव्यक्ति उपन्यासमा यसरी आएको छ : “म हिँड्दै आए काँडाको बाटो। साहस र आँटको थियो हिँडेको बाटो। दुःखकै बाटो पनि सपना थियो आँखामा। जिन्दगीको बाँकी बाटो अरू कठिन छ मेरा लागि” (पृ. १७१)। उपन्यासमा आएको प्रस्तुत कथांशले केन्द्रीकृत शोषणमुखी तथा सामन्तवादी राज्य व्यवस्थामा शिक्षा, स्वास्थ्य, अवसरजस्ता विभिन्न किसिमका विभेद र शोषणमा परेपछि स्वःपहिचान र अस्तित्वको खोजी गर्दै विद्रोही अभियानमा लागेका योद्धाहरूसँग शैक्षिक योग्यताको प्रमाणपत्र माग्दा आएको स्वाभाविक आक्रोशलाई स्पष्ट पारेको छ। मार्क्सका अनुसार आधारले नै अधिरचनाको स्वरूप निर्माण गर्छ र अधिरचनाले आधारमा निहित वर्गविभेदलाई संरक्षण गर्छ (उप्रेती, २०६८, पृ. १६२)। यसरी नै विभेदमा पारिएका कारण आफ्नो पहिचान तथा शदियौँदेखिको दलनबाट मुक्ति नपाएकै कारण विद्रोही बन्दै जनयुद्धमा सहभागी योद्धाहरूले शैक्षिक प्रमाणपत्र कहाँबाट ल्याउने र ? यही कारण उनीहरूलाई अनमिन लगायतले फेरि विभेदमा नै पार्न खोजेको कुरा यहाँ स्पष्ट देखिन्छ। ज्यानको माया मारेर लड्ने आविष्कार तथा इच्छाजस्ता योद्धाहरूको त्याग, बलीदानीको अर्थ मेटिने स्थिति युद्धविरामपछि सिर्जना हुनु दुःखद हो। यसर्थ उपन्यासमा भ्रष्ट, दलालहरू तह लगाउन सुरुवात गरिएको जनयुद्धका नेतृत्व वर्ग नै त्यही बाटोमा मुछिन थालेपछि होनहार योद्धाहरूले खबरदारी गरिरहनु पर्ने सङ्केत गरिएको छ। त्यस्तै यस उपन्यासमा आएका अन्य पात्रमा सलिना, अम्बिका, देव युद्धविराम नगरी क्रान्तिकारी अभियानलाई निरन्तरता दिनुपर्छ भन्ने सचेतनाबाट प्रेरित हुँदै विद्राहमा नै सक्रिय भएका देखिन्छन्। यी पात्रहरूमार्फत वीर योद्धाहरू कहिल्यै कायर हुँदैनन्, नेतृत्वलाई सबरदारी गर्दै सबै प्रकारका विभेदरहित, समातामूलक तथा न्यायमूलक समाज निर्माण नभएसम्म क्रान्तिकारी अभियानमा लागिरहन्छन् भन्ने रहस्य उद्घाटन गरेर उत्पीडित वर्गीय प्रतिरोधको समर्थन र योद्धाहरूप्रति सहानुभूति प्रकट गरिएको छ। उपन्यासमा सलिना, अम्बिका, देवजस्ता केही पात्रहरू जनयुद्धलाई शान्ति प्रक्रियामा लगियो भने तापनि विद्रोही अभियानमा नै गतिशील भएको देखाएर उत्पीडित वर्गीय क्रान्तिकारी प्रतिरोध कहिल्यै रोकिने छैन निरन्तर चलिरहन्छ भन्ने सन्देश दिइएको छ।

उपन्यासमा आएका अन्य गौण पात्रहरूमा खुशीराम पाखिन, कृष्णसेन इच्छुक आदि कला-साहित्यमार्फत आम जनतामा वर्गीय चेतना विकास गरी कान्तिकारी जनयुद्धको तयारीमा लागेका सक्रिय पात्रहरू रहेको देखिन्छ। यी दुवै पात्र उपन्यासमा सांङ्केतिक रूपमा मात्र आएका छन्। त्यसैगरी यस उपन्यासमा जर्नेल, कर्नेल, चौकीदार, अन्य सिपाहीहरू, प्रहरीहरूजस्ता पात्रहरू विभेदकारी, शोषणमुखी तथा सामन्तवादी राज्यसत्ताका संयन्त्रबाट निर्देशित तथा परिचालित पात्रहरू हुन्। नयाँ विचारको उदय हुनेबित्तिकै दमन गरिहाल्नुपर्छ भन्ने पुँजीवादी, सामन्ती व्यवस्थाबाट निर्देशित यस्ता पात्रहरूमा राज्यसत्ताको सेवा गर्ने, उत्पीडित वर्गमाथि दमन गर्ने प्रवृत्ति रहेको तथा मानवीय संवेदना र विवेक नरहेको देखिन्छ्। यी पात्रहरू माओवादीका नाममा आम सर्वसाधारण जनतालाई समेत यातना, दुःख दिने, झुटा मुद्दा लगाएर थुनाउने काममा खप्पिस रहेको देखिन्छ। राज्य संयन्त्रको विद्रोही माओवादीहरूलाई सिध्याउने रणनीतिमा सक्रिय भएर लागेका यी पात्रहरू नोकरशाही तन्त्रका प्रतिनिधि हुन्। सोझो अर्थमा भन्दा माओवादीले सुरुवात गरेको जनयुद्धलाई तहसनहस बनाउन खटाइएका पात्रहरू हुन्। यी पात्रहरूमा अभिजात वर्गीय शोषक, सामन्ती सोचविचार र सोही वर्गको सेवामा हाजिर हुने उत्पीडक वर्गीय पक्षधरता रहेको देखिन्छ।

**निष्कर्ष**

यस उपन्यासमा सक्रिय भूमिकामा रहेर जनयुद्धमा सहभागी भएका पात्रहरूमा उत्पीडित वर्गीय वैचारिक दृष्टिकोण तथा निम्नवर्गीय पक्षधरता रहेको देखिन्छ। यी पात्रहरू विद्रोही तथा क्रान्तिकारी सचेतनाबाट निर्देशित भई वर्गद्वन्द्वमा आबद्ध तथा गतिशील देखिन्छन्। उपन्यासमा शारदा, आविष्कार, कृष्णसेन र खुशीराम पाखिनजस्ता पात्रहरूमार्फत जनयुद्धमा उत्पीडित वर्गीय पक्षधरताका साथ कलम र तरवार मार्क्सवादी विचार र दर्शनबाट नियन्त्रित र निर्देशित भई चलेको यथार्थता

उद्घाटन गरिएको छ। जनयुद्ध स्थगनपछि सोचेजस्तो समाजिक रूपान्तरण नहुनु तथा नेतृत्वले सहिदका सपना बिर्सेर उत्पीडित वर्गीय पक्षधरता रहेका योद्धाहरू अयोग्य ठहर हुनु, युद्धको घाउ बोकेर घर फर्कन वा खाडीमा पुग्न विवश हुनुमा उत्पीडित वर्गीय पक्षधरता बोकेको पार्टी नेतृत्वको कमजोरी देखिन्छ। उत्पीडित वर्गीय प्रतिनिधि पात्रहरूमा आफूले गरेका त्याग र बलिदानीको कतै मूल्याङ्कन नभएजस्तो अनुभूति हुनु, दलित, सीमान्तकृत वर्ग जुन किनारामा थिए, त्यही किनारामा पुगेको अनुभुति हुनुमा नेतृत्वले वर्गीय मुद्दा र जनयुद्धको उद्देश्य समातेर सही सम्बोधन गर्न नसकेको, विभेदकारी, शोषणमुखी तथा सामन्तवादी राज्यसत्ताका संयन्त्र, अनमिनका गलत कामको विरोध गर्न नसकेको देखिन्छ। इच्छाजस्ता भौतिकवादी योद्धाले बुद्धको आश्रममा मुक्ति खोज्दै जाँदा, आविष्कारजस्ता योद्धाले आत्महत्या गर्दा दलित, उत्पीडित वर्गीय वैचारिक चिन्तन र पक्षधरता नै कमजोर हुने देखिन्छ। यस्तो आत्महत्याले वर्गीय लडाइँमा आफ्नै वर्गलाई कमजोर बनाउँछ। त्यही कमजोरी आविष्कारमार्फत आख्यानकारले गरेका छन्। जनयोद्धाले त केही गर्न सकेनन् भने हामीजस्ता सर्वसाधारणले आन्दोलन गरेर शोषणमुखी सामन्तवाद हल्लिँदैन भन्ने प्रश्न खडा हुन्छ। यसबाट उत्पीडित वर्गमा विभेद तथा पुँजीवाद टसमस हुँदैन भन्ने नकारात्मक दृष्टिकोण सम्प्रेषण हुनसक्छ। त्यसैले प्रगतिवादी साहित्यकारले यस्ता कुरा सोचेर पात्रको प्रयोग गर्नुपर्छ। निराशावादी चिन्तन प्रस्तुत गरिएको साहित्यले निम्नवर्गीय दलित, उत्पीडित वर्गलाई झनै निराशावादी भुमरीमा पुऱ्याइदिन्छ। यस उपन्यासमा आविष्कार र इच्छाजस्ता जनयुद्धमा समर्पित भएका योद्धाहरूले आत्महत्या गर्नुपर्ने वा गुम्बामा पस्नुपर्ने बाध्यता सिर्जना हुनुमा माओवादी पार्टी नै दोषी रहेको देखिन्छ। नेतृत्वले जनयुद्धमा समर्पित लडाकु, घाइते, बेपत्तालाई राम्रोसँग सम्बोधन गर्न नसकेको कुरा पनि यसले उद्घाटन गरेको छ। यही कारण दशवर्ष जनक्रान्तिमा होमिएका योद्धा तथा छापामारहरू अन्त्यमा फेरि पनि खाडी मुलुकमा काम गर्न जानुपर्ने बाध्यता सिर्जना भएको कुरालाई यसले सङ्केत गरेको छ। कतिपय लेखकहरू बाहिर डुल्दा न्याय, सत्यप्रतिको निष्ठावान् भएझैं वर्ग र वैचारिक पक्षधरताका ठूलाठूला गफ हाँक्ने, लेख लेख्ने, बोल्ने गर्ने तर व्यवहारमा ठिक विपरीत हुने गरेको देखिएझैं यस उपन्यासको प्रमुख पात्र आदित्यले स्वतन्त्र पल्टिन खोज्दा पीडक पनि ठिक, पीडित पनि ठिक, शासक पनि ठिक, शासित पनि ठिक, चोर पनि ठिक पुलिस पनि मानेको जस्तो अनुभूति गर्न सकिन्छ। एकै परिवेशमा दुई विपरीत व्यवहार तथा विचार कहिल्यै एकैसाथ सही हुनै सक्दैनन्। अन्यायमाथि प्रहार नगरी न्याय पाउने सकिँदैन भन्ने कुरा पनि नबुझेको पात्र कसरी पत्रकार बन्छ भन्ने कुरा अग्रगामी चिन्नत रहेका पाठकले शङ्का गर्ने ठाउँ बनेको देखिन्छ। उपन्यासमा उसले नेपाली समाजमका बुझ पचाउने बौद्धिक तथा अबसरवादीहरूको जता पनि साखिल्ले पल्टने प्रवृत्तिको प्रतिनिधित्व गरेको देखिन्छ। यसर्थ ऊ उपन्यासमा शिक्षित, बौद्धिक पत्रकार भएर पनि आफ्ना स्पष्ट धारणा वा विचार नराख्ने, सबैतिरबाट जोगिन खोज्ने तथा सबैको साखुल्ले पल्टन खोज्ने पात्रका रूपमा उभिएको देखिन्छ। शदियौँदेखि यस्ता अवसरवादी बौद्धिकहरू पनि जुनसुकै समाजमा सलबलाइरहेका हुन्थ्ये र तिनहरूले उत्पीडित वर्गप्रति सहानुभूति देखाएजस्तो गरे पनि वारको पार युद्धमा उत्पीडित वर्गलाई कहिल्यै सहयोग गर्दैनन् भन्ने सन्देशसमेत यसले दिएको छ। आदित्य जनयुद्धकालीन समयमा माओवादी छापामार तथा राज्यसत्ताबाट गरिएका विभिन्न दमन, शोषण, अन्याय, अत्याचारका बारेमा खुलेर नबोली तठस्त बस्न खोजे तापनि उसको झुकाव निम्नवर्गमाथि नै बढी रहेजस्तो चाहिं देखिन्छ। उपन्यासमा प्रयोग गरिएका अन्य प्रमुख पात्रहरू उत्पीडित वर्गीय चेतना सशक्त रहेका तथा वर्गीय पक्षधरताका साथ जनयुद्धमा सहभागी भएका देखिन्छन्। प्रायः पात्रहरू वर्गीय चेतना, पक्षधरता, पार्टीगत बैचारिक चिन्तन तथा प्रतिरोधी चेतनाबाट निर्देशित भई वर्गसङ्घर्षमा सक्रिय रहेका छन्। समग्रमा भन्दा यस उपन्यासका प्रयोग गरिएका पात्रहरू कार्यालय बा, शारदा, आविष्कार, सलिना, अम्बिका, इच्छा देव आदिमा समग्र उन्मुक्ति र स्वतन्त्रताको सपना बोकेर जनयुद्धमा लागेका युवा योद्धाहरूका प्रतिनिधि पात्र हुन्। नेपाली समाजमा व्याप्त सबै प्रकारका विभेदबाट मोक्ष वा मुक्ति पाउन केके गर्नुपर्छ, सबै गर्न तयार यस्ता योद्धाहरू जनयुद्ध सोचे जस्तो उपलब्धिमा नपुगी रोकिंदा निरास हुनु स्वभाविक हो। आमूल परिर्वतन र क्रान्तिका गीत गाएर क्रान्तिका मूल्य, मान्यता अनुशरण गर्ने जोस र होस् रहेका माओवादी छापामारहरूका लागि आमूल

परिर्वतन नहुँदै जनयुद्ध रोकेर हातहतियार बुझाउने तथा अयोग्य लडाकु सावित गराउने नेतृत्वको काम कत्ति पनि स्वीकार्य भएन र हुँदैन पनि । यही कारण आमूल परवर्तन चाहने योद्धाहरूमा आक्रोश आयो । उनीहरूका युद्धकलीन आला घाउहरू बल्जिएको देखिन्छ । युद्ध विरामले सदियौँदेखि जातीय तथा वर्गीय दलनमा परेका आविष्कार र इच्छाजस्ता नयाँ पहिचान र अस्तित्त्वको खोजमा जनयुद्धमा लागेकाहरूको स्वभिमानमा चोट पुगेको देखिन्छ । उपन्यासको अन्त्यमा सचेत क्रान्तिकारी पात्रहरूका प्रतिनिधिका रूपमा सलिना र देवलाइ उपस्थित गराई समाज तथा नेतृत्व फेरि उही पुरानै पुँजीवादी शोषक, सामन्ती शैलीतिर धकलिँदै गएका कारण क्रान्तिकारी विद्रोहलाई निरन्तरता दिनुपर्छ भन्ने सन्देश दिई उत्पीडित वर्गीय विद्रोहलाई प्राथमिकता दिएर सोही वर्गीय पक्षधरता देखाइएको छ । यही नै यस उपन्यासको पक्षधरताको सबल पक्ष हो ।

**सन्दर्भग्रन्थसूची**


अर्याल, भोजेन्द्र (२०६८). *नेपाली समाज र संस्कृतिका उपागमहरू,* ज्ञानकुन्ज प्रकाशन ।

अविरल, सिर्जन (२०७८). *मोक्ष,* साङ्ग्रिला बुक्स प्रा.लि. ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स नेपाल ।

ग्रेवाल, ओमप्रकाश (२०६७). 'विचारधारा र साहित्यको अन्तर्सबन्ध', *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य'*. घनश्याम ढकाल र अन्य (सम्पा.). अखिल नेपाल लेखक सङ्घ, पृ.२३८-२५५ ।

चापागाईं, निनु (२०६७). *मार्क्सवादी साहित्यचिन्तन,* (सम्पा.), साझा प्रकाशन. ।

चापागाईं, निनु (२०६७). 'मार्क्सवादी समालोचना विधि र मापदण्ड'. *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य'*. घनश्याम ढकाल र अन्य (सम्पा.), अखिल नेपाल लेखक सङ्घ, पृ. ५९-१०० ।

चैतन्य (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा* (दोस्रो संस्क.), ऐरावती प्रकाशन ।

ढकाल, घनश्याम र अन्य (सम्पा.) (२०६७). *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,* अखिल नेपाल लेखक सङ्घ. ।

पाण्डेय, मैनेजर (२०६७). *साहित्य र सर्वहारा,* म*ार्क्सवादी साहित्यचिन्तन,* (सम्पा.) निनु चापागाई, साझा प्रकाशन, पृ. १४७-१६२ ।

बराल, ऋषिराज (२०६७). *मार्क्सवाद र उत्तरआधुनिकतावाद,* साझा प्रकाशन. ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुरान प्रकाशन ।

भिक्टर, आपानास्येभ (२०७८). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* (दोस्रो संस्क.), अनु. कृष्णप्रकाश श्रेष्ठ, स्वदेश प्रकाशन ।

मोहन, वैद्य (किरण) (२०६८). *मार्क्सवादी दर्शन,* प्रगातिशील अध्ययन मण्डल ।

लुकास, जर्ज (२०६७). 'सौन्दर्यशास्त्रका बारेमा मार्क्स र एङ्गेल्सका विचारहरू'. *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा.). निनु चापागाई. साझा प्रकाशन, पृ. १४-३८ ।

लेनिन, भ्ला.इ. (२०६३). *राज्य र क्रान्ति,* अनु. कृष्णप्रकाश श्रेष्ठ, जनसाहित्य प्रकाशन समूह ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# Global Warming and Biodiversity Conservation Adaptation Technique in Khageri Watershed, Chitwan

Prakash Regmi

***Article History :*** *Submitted 10, Nov. 2023.; Reviewed: 12, Jan. 2024; Revised : 7, Feb. 2024*
***Corresponding Author :*** *Prakash Regmi* ***E-mail :*** *psppnepal@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65911*

**Abstract**

*This paper analyzes the land use and land suitability analysis of Khageri watershed in Chitwan. Nepal has been experienced water scarcity in dry season and flood inundation in monsoon. Khageri watershed is the source of water for west Chitwan irrigation and it also this area is rich biodiversity area. This area covered 67.2 percent of jungle in 2024 and that was 74.5 percent in 1999. The study utilized secondary map data sources like Google Earth Pro, USGS, FAO, and ARCMAP 10.8., and eight parameters were used to analyze land suitability analysis. There were 219 small locations found suitable for water harvest areas. Out of which, ten majors' locations have been chosen and further analysis with 5-meter earth dams assumed and they were extended. The extended ten locations cover 712 hectors of land, and they can harvest 24,760,930 cubic meters of water.*

***Keywords:*** DEM, proximity, interpolation, GPX and reservoir aquifers

## Introduction

Global warming is a contemporary issue of the world. Global warming is the long-term heating of Earth's surface observed since pre-industrial period (1850-1900) due to human activities, primarily fossil fuel burning, which increases heat-trapping greenhouse gas levels in Earth's atmosphere. Climate change due to human activities has caused about $1^0$C of global warming above pre-industrial levels (Ghimire, P, 2019). Though the major contribution of greenhouse gases is developed countries, the consequences of climate change are most felt by developing countries. Nepal shares only around 0.027 percent of total global greenhouse gases emission (NPC Nepal, 2022) and Nepal has been facing a lot of climate induced disaster.

Success in biodiversity conservation is one of the areas that Nepal can showcase to international communities. (GOV, Nepal, 2018). Altitude varies within a short distance in Nepal. Elevation ranges in Nepal is 60 meters to 8,848 meters. (60 meters

*Copyright 2024© the Author(s)*

in Kechana Kalan, Jhapa and 8.848 meters in Mt. Everest). The North South average width distance of Nepal is 193 Kilometers. Nepal is a mountainous agricultural country. The crop cultivation practice ranges 60 meters from Kechana Kalan to 4700 meters in Khumbu of Solukhumbu district. In high altitude the potato is grown (Op.cit. pp. 7). Khageri watershed ranges 190 meters south to 1344 meters in the North within 18 kilometers. It has rich biodiversity with varies type flora and fauna.

There are several types of vegetations. Sal (Shorea Robusta) is a dominant type of vegetation. And it is known as a moist deciduous vegetation type of the area. The remaining vegetation types are grassland, riverine forest and Sal with Chair pine Pinus roxburghii. And there are several faunas. They are four horned antelope, Pangolin, Golden monitor lizard, Python, wild boar, sambar, muntjac, chital, rhesus and hanuman monkeys found in Chitwan National Park.

Sal (Shorea Robusta) is a dominant moist deciduous vegetation type of the area. including the elephant grass (Saccharam), renowned for its immense height.

The total temperature ranges 47.9$^0$F to 98.3$^0$F in Chitwan. The minimum night temperature is 47.9$^0$F to 75.9$^0$F at night and day maximum temperature range from 73$^0$F to 98.3$^0$F. Nepal's temperature is projected to increase by 0.9$^0$C between 2016 and 2045 under the medium-range emissions pathway. Winter is projected to be drier and monsoon summers wetter, with up to a threefold increase in rainfall. Climate change has profoundly affected the farmers in Chitwan in terms of cropping pattern, largely due to variability in temperature and rainfall pattern. Farmers are now continuously confronted with climate related risks like drought, floods, erratic rain and hailstone.

Table 1. Climate and Weather of Rampur Station

| Description | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Temp. record $^0$C | 33.46 | 35.62 | 43.18 | 46.42 | 47.5 | 47.5 | 43.18 | 42.1 | 39.49 | 39.94 | 35.62 | 33.46 |
| Ave. high Temp. $^0$C | 25.28 | 29.15 | 34.84 | 39.5 | 41.05 | 40.2 | 36.13 | 36.56 | 35.29 | 33.89 | 30.66 | 26.64 |
| Daily Mean Temp $^0$C | 20.08 | 23.89 | 30.11 | 35.11 | 36.42 | 36.1 | 32.83 | 33.23 | 31.95 | 29.76 | 26.22 | 22.03 |
| Average Low Temp $^0$C | 11.57 | 14 | 18.82 | 23.45 | 25.55 | 27.18 | 26.25 | 26.05 | 25.14 | 22.08 | 18.38 | 14.23 |
| Record Low Temp $^0$C | 2.16 | 6.48 | 10.79 | 17.27 | **20.51** | 22.67 | 22.67 | 21.59 | 19.43 | 16.19 | 10.79 | 6.48 |
| Ave. rain in mm | 12.5 | 19.89 | 33.16 | 117.07 | 229.45 | 445.09 | 935.41 | 752.98 | 423.73 | 99.96 | 12.69 | 8.8 |
| Ave. Relative Humidity % | 58.9 | 52.68 | 37.15 | 34.79 | 46.53 | 61.48 | 80.42 | 80.25 | 81.91 | 72.92 | 64.98 | 61.83 |
| Ave. monthly Sunrise hrs. | 9.22 | 10.41 | 12.44 | 13.77 | 14.26 | 14.4 | 13.47 | 13.42 | 12.78 | 9.78 | 9.37 | 9.31 |

Source: https://weatherandclimate.com/nepal/narayani/rampur

Climate change has a significant impact on freshwater of wetland ecosystem in Chitwan. Thermal stratification and water level fluctuation impacted wetland ecology and vegetation composition. In addition, that influences food for wildlife, birds, and wetland species. The extreme weather condition can lead to soil erosion, sedimentation and change in water quality. That resulted the habitat degradation. Floods downstream and drought are resulted by extreme weather events. There is some the effect of climate change in Badharjhula of Chitwan district has been facing climate induced disaster of unusual heavy rainfall (23%), floods (18%), drought (17%), firing (15%), lighting (14%) and hailstone (13%) (Chaudhary et all, 2020).

There is high altitude variation within a short distance of 18 kilometers. The sub-tropical type of climate is there. October through February with average temperatures of 25$^0$C offer an enjoyable climate. In contrast, from March to June temperature can reach as high as 43$^0$C. The hot and humid days give way to the monsoon season. June until September the River becomes flooded.

The area has many mammal species. The king of the jungle is the Bengal Tiger. Beside the tiger there are one-horned rhinoceros, Leopard, Sloth Bear, Gaur and four Horne antelope are the major animals. Sal, rosewood, axle wood, riverain forest and kans grass are dominant species. Butterflies, moths, insects, and mosquitoes are there.

The increasing temperature of the glove helps to cause more ice melting in the upland Himalayas and reduce the water table in the lowland in Nepal. Himalayan Glaciers are the main permanent source of water of river systems of Nepal and even India and Bangladesh. The increasing temperature around the Himalayas, the ice melting is common and that causes snowline increase and that has been shifted upwards. And that helps to expansion of glacier lakes. The history of Imja glacier lake in Makalu area, it was small ephemeral ponds in the late 1950s calculated the area lake in 1962 as 0.028 sq.km. Imja expanded to 0.64 Sq.Km in 1987, and rapidly increased to 0.69, 0.9, and 1.34 Sq.Km in 1996, 2006 and 2016 respectively.(K. Nitesh, Z. Guoqing and C. Wenfeng, 2019).

The average depletion of groundwater in Kathmandu valley was 0.7249 meter annually. The survey was taken from 25 different points of Kathmandu valley (G. Dipendra and N.P. Raghu, 2014). The rapid growth in water demand of the Kathmandu valley and low possibility of groundwater recharge, every year groundwater table depletion has been made. In Prembasti, Khaireni and Bhimnagar areas of Chitwan district found a 2-meter water table decline during pre-monsoon period (M. Rabin and K. Kabita, 2016).

This has been practiced since ancient times around the world to address water storage for varied uses. Water harvesting is the concentration of rainfall and run-off from

roofs, watersheds, or build-up areas for beneficial use. The collection and management of floodwater, rainwater and run-off water increases water availability for domestic and agriculture use as ecosystem sustenance. Water harvesting is a practice used to harvest or collect water and make it available for crops and other needs. It is an adaptation of water stressed condition. Run-off water harvesting is a group of catchment level activities. That collects or impounds flood waters, run-off water, lakes, or rivers diverts flood water using structures in the rivers to farms and required areas.

Subsurface aquifers or groundwaters can also be recharged by delaying run-off, infiltration ponds, spreading run-off over large areas, and delaying flood propagation. Injection wells and boreholes can also be constructed to store water during excess flows, store water in underground mounds in suitable aquifers, and retrieve them as required using mechanical pump sets. The water is thus injected, stored, and extracted, generally termed artificial recharge or aquifer storage.

Groundwater infiltration has also been suggested to store floodwaters, that can decrease flood problems downstream. And it can address water scarcity in the post -monsoon season. Flood water upstream was directed to infiltration pond and wells, and the ground water was recharged, this could be tapped during the subsequent dry season. This could be proving beneficial in disaster reduction and aiding crop production. Such practices can be feasible in the terai and wider valleys in hilly regions where the soil horizon has good water storage and transmissivity properties. (CARE, 2023). Even in the study area there were two lakes named Raino Lake and Tiger Lake that have been practiced.

Global warming is one of the contemporary global issues for the 21st century. Scholars believe that the global total water resource volume could not been changed but the distribution and its form has been differed since the year of global warming. This changed pattern has influenced ecological balance and it has been inviting new conditions and people need to adapt accordingly. *Nepal's mountains are crying for help and COP28, (28th Conference of the Parties to the Framework convention on Climate Change) must respond,* Said UN Chief Antonio Guterres in Expo City Dubai on November 30, 2023. This is our pleasure, and it is thought that every individual has a responsibility to do something as up their knowledge. Local people should have initiated this regard locally and assisted local authorities to cope with future potential water scarcity. Khageri watershed is situated between two major cities (Bharatpur Metropoliton City and Ratnanagar Municipality) in Chitwan. Khageri cannel is the important cannel system for west Chitwan which produce agriculture commodities that supply to Kathmandu and Pokhara. The water source of the canal is Khageri watershed. That area is partially covered by Barandarbar Jungle. In addition, Barandabhar forest

is a wildlife corridor, that connecting Chitwan National Park of Nepal's inner Terai and Mahabharat foothills (DNPWC, 2022). Animals can pass both terai and hill through this corridor. After the resettlement of Padampur VDC, Sagun tole’s land use pattern was highly dynamic and more encroached to the natural resources.

The general objective of the study is to analysis of land use dynamism of the Khageri watershed and identify water harvesting areas through GIS technique to fight future potential water scarcity and assist biodiversity conservation.

## Materials and methods

### Study Area

Khageri sub-watershed is situated in Chitwan district of Bagmati province which lies upper Siwalik and Inner Terai (Dun Valley) in northern and eastern fringe of the Barandabar forest corridor on the northern side of East west Highway. It lies to the northern and eastern hemisphere extended to $27^{0}$47’43” north to $27^{0}$37’46” north and $84^{0}$26’53” east to and $84^{0}$35’15” east. It covers 142.84 sq.km. it has an altitude range 191 meter to 1322 meter above the sea level. It lies between Ratnanagar Municipality and Bharatpur metropolitan city. It has several small and seasonal streams inlet like than khola, Khahare Khola, Mani Khola and other small creeks.

The area is influenced by 4 different political entities of Chitwan district. They are Ratnanagar municipality (wards No. ,10,11,12, and 13) in southeast, Bharatpur metropolitan (ward no. 1,11 and 12) in the west, Kalika municipality (1 - 9) in the east and ward number 7 of Ichchha Kamana rural municipality in the north.




Khageri watershed is the main water source area for Khageri cannel system which was initiated in 2017 B.S and completed in 2026 B.S. Khageri cannel irrigated to 3900 hectors of land of west Chitwan (Gautam S., et al. 2077. B.S). In that important area was relocated people from Padampur of east Chitwan where the people were suffering from many severe problems.

Khageri Watershed is a part of Tikauli Forest in East Chitwan. It has a humid subtropical monsoon influenced climate with humidity all through the year. Monsoon starts in June and eases off in late

September. The annual average rainfall recorded to 2200 mm. Winter Temperature falls to $16^0$C and summer temperature rise up to $43^0$C.

**Population**

Chitwan district is a highly populated district. The people from several central mountain districts have migrated and it accelerated to population increase. According to the national census 2021, the total population of the district is 719,857. The population growth rate is 2.7 percent in Chitwan that is higher than the national average that is 2.3 percent. Bharatpur Metropolitan city and Ratnanagar municipality are the majors' political entities around the Khageri watershed.

Bharatpur Metropolitan, Ratnanagar Municipality, Kalika Municipality and Icchakamana Rural Municipality are the major entities around and within the watershed. East North part of Bharatpur is highly populated areas. Barandabar jungle area is also kept within the political entities. Ward number 11 and 12 cover a large part of barandabar jungle. Beyond Barandabar jungle, ward number 11 covers 4.60 Square Kilometer and ward number 12 covers 3.23 Square Kilometer. According to the national census 2021 there are 21004 population in ward number 11 and 10939 in ward number 12. The population density calculated to 4080 people per square kilometer.

There are 4 wards of Ratnanagar Municipality which are southeast of the watershed. They are ward numbers 10,11,12 and 13. Altogether they cover 16.33 square kilometers. And they have 8241, 4779, 7439 and 8749 respectively (altogether 29208) population. The population density is calculated to 1789 per square kilometers.

Kalika municipality is located to the east part of the watershed. There are 7 ward (1,2,3,4,5,6 and 7) that lie within the watershed boundary. Those 7 wards have 36,722 population, and they cover to 46.27 square kilometers. Thus, all those political entities have a higher population density than the average density of Chitwan, i.e. 325.

**Data source and types**

Open data sources were widely used for the study. Google map, USGS (United State Geological Survey) satellite Map, Google earth pro source maps were widely used. Beside those map data, the GIS map developed by the survey department of Nepal, department of road and other agencies were widely used. The rainfall map was developed on the based on numeric data collected from Department of hydrology and metrology of Nepal. Esri produced ArcMap 10.8.2 versions and was used for analysis.

**Dem Raster**

Most of the data sources are from Google Earth Pro and Arc Google. The Digital

Elevation Model (DEM) was widely used. It had been navigated to the chosen location and created a path via points throughout the study area. It had been taken as many points as needed for accuracy. The number of points in the created paths were large so the accuracy and resolution of the DEM were comparatively high. Taken points were saved into a “KML” type file in the desired directory. Using GPS Visualizer website, populated the elevation points values as convert and added elevation points in the GPX file. After converting them into a GPX file, it had been downloaded and extracted it in the desired path location. To convert the GPX file to feature file, a conversion tool of ARCMAP had been used (Conversion tool -- from GPS -- Gpx to features). And the watershed boundary was delineated using Hydrology tools of Arc Toolbox.

Figure :1. Process to create DEM from Google earth map




**Slope raster**: The slope map had been developed through a DEM raster file. Spatial analysis tools, surface tools and slope tools of ArcMap were used. Mainly there were 5 slope categories identified as 0 to 15, 16 to 25, 26 to 35, 36 to 45 and $45^{+}$ degree.

**Land use and road network**: These types of data had been developed by using google earth pro, digitizing and save them as KML file and later converted into feature class in ArcMap 10.8.2.

**Soil map**: Soil Map of the study area was extracted from soil and water assessment tools (SWAT) model of south Asia. And it was found single soil type across the study area that was boulder mixed soil (lucidols) which is shallow and rocky soil.

**Geological map**: Geological map of south Asia downloaded and extracted it into Nepal boundary. The website (https://certmapper.cr.usgs.gov/data/apps/world-maps/) had been used to download the geological map. It had found a single geological cover that was sandstone, siltstone and mudstone type geology.

**Rainfall data**: The raw tabular data (CSV type) of annual rainfall of different 424 stations had been carried out from environment statistics of Nepal 2019, published by Central Bureau of statistics. The website was (https://cbs.gov.np/environment-statistics-of-nepal-2019). There were 5 different years rainfall data of 424 metrological stations. They were 2013, 2014, 2015, 2016 and 2017 years. Found numerical data had been averaged. The calculated average rainfall data were interpolated with IDW tools in ArcMap and developed raster map.

**Water volume**: The extended reservoir water volume was calculated using DEM elevation points. Clipped all height points with extended lake boundary. The attribute table of clip DEM elevation points were exported into excel file and calculated the average depth of the extended lakes.

V = L x B x H

The Geographic Coordination System of all map data were GCS_WGS_184 coordinate system and they all were projected into WGS_1986_UTM_Zone_45N for data analysis.

**Land use of Khageri watershed**

The land use pattern of 1999 has been carried out from secondary source data that was analyzed based on Topographic map of 1994/1995 published by Topographical Survey Branch and field verification in 1999. Six major categories of land use have been found (Dhakal, K. 2014). The Land use pattern of 2024 has been carried out using an open data base that was of satellite image of 2024 provided by Google earth Pro image Landsat/Copernicus. That image was analyzed through ArcMap 10.8.2.

Table: 2. Land use change of Khageri Watershed between 1978/79 and 2024 (Area in Sq.Km)

| **Land Use Type** | **1978 /79**** | **1999**** | **2024*** |
|---|---|---|---|
| Cultivated | 15.04 | 28.96 | 40.64 |
| Forest | 120.03 | 110.78 | 99.91 |
| Grazing | 12.51 | 3.57 | 2.57 |
| Sandy Area | 1.07 | 3.9 | 2.41 |
| Barren Land | N/A | 0.94 | 2.69 |
| Water Body | N/A | 0.47 | 0.40 |
| **Total** | **148.62** | **148.62** | **148.62** |




Source:1.**Dhakal Keshav, 2014 Land Use Change in Khageri Watershed in Chitwan
2.*GIS analysis of Satellite Image 2024

In 1978/79 the table shows that the forest land has covered by 80.7 percent (120.03sq.km) area of the watershed. Forest type land use was the most dominant land use type. It is further classified into protected forest, forest with 40-70 crown density forest and more than 70 percent crown density forest. The proportion of those forests were 15.53 sq.km, 103.0 sq.km and 1.5 sq.km respectively.

Agriculture is the second most dominant land use type in this watershed. It covers 15.04 sq.km 10.12 percent) area. It has further reclassified as valley agriculture and slopping terrace cultivation. In agriculture land use, valley cultivation occupies 14.74 sq.km (14.74 percent) and sloping terrace agriculture occupies only 0.3 sq.km. (0.2 percent) of the watershed. Grazing land type land use is the third dominant land use type. It covers 12.51 sq.km (8.4 percent) area. And less than one percent land cover by the water body that is 1.07 sq.km of the area.

Table 2 shows both respective years forestland is the dominant land use type. It has covered 74.52 percent (110.78 sq.km) area of the watershed in 1999 and it has reduced to 67.23 percent (99.91 sq.km) in 2024. Mainly The forest land, grass land and sandy area were decreased. Padampur shifted project was conducted there and it reduced those areas.

Padampur VDC was situated on the lap of Rapti River which was surrounded by Chitwan National Park. The people of Padampur VDC had several types of problems like Rapti river yearly flood, jungle animals' encroachment to the settlement, lack of road connectivity to district headquarter, health and education. After the new dawn of democracy in 1991, New government was asked to shift this village for people's safety and conservation of the forest and wild animals. The late Sailaja Acharya (First Female Deputy Prime minister of Nepal) visited the Padampur area and understood their people's griefs and purposed to shift it next to Saguntole near Jutpani VDC around 14 Kilometers north from previous Padampur. So Padampur VDC shifted, and it had been completed in 2006.

There were two types of land use that were increased. They are cultivated land and Barren Land. The cultivated land was remarkably increased in the middle east part of the watershed. That was 11.68 sq.km. The barren/fallow land had increased in north high land. And fallow land increased south low land along the Khageri riverbank.
The forest, sandy and grazing land had decreased in 2024. Forest land decreased by 10.87 sq.km, sandy area decreased by 1.49 sq.km and grazing land decreased by 1 sq.km. And the water cover area seems look similar.

**Land Suitability Analysis**

There are several factors that affected suitable land for water harvest area. Elevation

is an important factor in determining the best location of a dam, as it influences water accumulation and flow. Low elevation values are the most suitable areas.

High slope areas are considered unsuitable for water storage structures, as a large structure (in term of height) is needed for the storage of a significant amount of water. Medium and or low slope areas are more convenient as large storage capacity can easily be contained in smaller structures. As lower the slope, there is higher possibilities of water accumulation. The slope areas are closely linked to the flood plain and riparian materials (Njiru FM and Siriba DN, 2018).

Stream order is dependent on tributaries connection. Stream density is the total length of runoff in the drainage basin and shows the proximity of the gaps of the water channels. Higher tributaries calculate higher drainage density that indicates high groundwater probability and increase suitability for locating a water harvest area.

Table. 3 Components, weighted values and influence percent

| Para meter | Sub. Criteria | Value | Para meter | Sub. Criteria | Value | Para meter | Sub. Criteria | Value | Para meter | Sub. Criteria | Value |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Elevation | 191-280 | 5 | Slope (Degree) | 0.0-3.5 | 5 | Lineament density | 0-71 | 5 | Stream Density | 1-2 | 5 |
| | 281-413 | 4 | | 3.6-10.2 | 4 | | 72-142 | 4 | | 3-4 | 4 |
| | 414-617 | 3 | | 10.3-19.4 | 3 | | 143-213 | 3 | | 5-6 | 3 |
| | 618-892 | 2 | | 19.5-30.5 | 2 | | 214-284 | 2 | | 7-8 | 2 |
| | 893-1322 | 1 | | 30.6-53.2 | 1 | | 285-355 | 1 | | 9-10 | 1 |
| **Influence** | **15%** | | **20%** | | | **10%** | | | **15%** | | |
| **Para meter** | **Sub. Criteria** | **Value** | **Para meter** | **Sub. Criteria** | **Value** | **Para meter** | **Sub. Criteria** | **Value** | **Para meter** | **Sub. Criteria** | **Value** |
| Land Use | Barren/sand | 5 | Sett. Distance (m) | 0-100 | 5 | Road Distance (m) | 0-100 | 5 | Rainfall (mm) | 2000-2100 | 5 |
| | Settlement | 1 | | 100-200 | 4 | | 100-200 | 4 | | 2000-2100 | 5 |
| | River Body | 4 | | 200-300 | 3 | | 200-300 | 3 | | 2000-2100 | 5 |
| | Grass | 3 | | 300-400 | 2 | | 300-400 | 2 | | 2000-2100 | 5 |
| | Agriculture | 2 | | 400-500 | 1 | | 400-500 | 1 | | 2000-2100 | 5 |
| **Influence** | **15%** | | **10%** | | | **10%** | | | **5%** | | |

Rainfall is the primary source of runoff water discharge. Rainfall density and distribution are some of the prerequisites for designing a water collection system. Rainfall density significantly affects the pick discharge of water. In this study, due to the small study area, rainfall density was not considered.

The distance criteria, the road network, and settlements proximity play an important role in the selection of the dam site. The proximity of roads and settlements

to the purposed areas for the dam site will reduce the transportation cost during construction and its uses as well.

Another topographical feature of lineament density is considered an important factor for water collection. The higher linearity density areas are not suitable for sufficient water collection. Lesser lineament density areas have higher potential for the dam.

Soil type is an important factor in selecting RWH site. Different soils have different rates of swelling that affect the amount of runoff. Different soil textures have different infiltration rates that affect the amount of flow. Medium to fine textured soil is typically more suitable. And clay type sites have been proven to be the best soil group for water storage.

**Suitable land and extended Areas**

In this study, the total potential areas identified to 2.85 Square kilometers (2 percent of land) in 219 small locations. The southwest part of the watershed and west side of Khageri river and the middle upper part found more areas. Most of the potential areas are along the riverbank, fellow land, wetland, and grass land cover areas. And southeast part there are dense settlement and cultivated areas found nothing potential areas.

Figure:2. Distribution of suitable land and extended of reservoir




Source: GIS Analysis 2024

The major 10 potential areas have been identified based on area coverage and they were extended as water reservoirs. The lowest height points of each major potential

site were assumed as a water pour point of major sites. Between the water pour point contour line and five meters height contour line from the water pour point line were worked as boundary of extended reservoir. The above map shows its distribution and extension.

**Extended areas, land balance and biodiversity**

There are 10 extended reservoir sites covering 712.49 hector of land and they can hold 24760930 (24,760,930,000 liters) cubic meters of water. This collection water can irrigate to west Chitwan for 36 days in dry season. The water discharge capacity of Khageri irrigation system was designed to 8 m3/s (Gautam S., Shrestha, S, Acharya, U and Bhatta. U, 2077 B.S).

Table 4: Land Balance after extended reservoir (in Hector)

| Sites | Cultivation Land | Forest Land | Grass Land | Fallow Land | Water Body | Sandy Land | Total | Water vol. $m^3$ | Pour* Hight |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 53.46 | 4.78 | 2.61 | 15.07 | 2.49 | 0.68 | 79.09 | 2373071 | 191 m |
| 2 | 0.00 | 13.97 | 5.08 | 7.10 | 2.91 | 3.28 | 32.34 | 1117545 | 194 m |
| 3 | 0.00 | 30.44 | 1.01 | 6.10 | 0.00 | 0.00 | 37.55 | 1318879 | 210 m |
| 4 | 38.73 | 11.98 | 20.83 | 0.00 | 0.23 | 0.13 | 71.90 | 1761413 | 204 m |
| 5 | 0.00 | 11.87 | 7.40 | 5.73 | 2.06 | 5.54 | 32.60 | 1000507 | 201 m |
| 6 | 0.00 | 43.07 | 13.53 | 0.00 | 7.57 | 0.00 | 64.17 | 2041114 | 112 m |
| 7 | 20.34 | 231.25 | 13.87 | 53.28 | 5.62 | 4.74 | 329.10 | 12670762 | 211 m |
| 8 | 0.00 | 24.39 | 0.00 | 0.00 | 3.57 | 0.00 | 27.96 | 791404 | 225 m |
| 9 | 0.00 | 8.36 | 0.00 | 0.00 | 0.00 | 3.36 | 11.72 | 528663 | 262 m |
| 10 | 6.38 | 0.00 | 15.03 | 0.00 | 0.00 | 4.65 | 26.06 | 1157572 | 312 m |
| **Total** | **118.91** | **380.11** | **79.36** | **87.28** | **24.45** | **22.38** | **712.49** | **24760930** | |

Source: GIS analysis 2024, * Pour height is the deepest point where water drops.

There were 10 potential areas that have been elaborated to extend as water reservoirs. Site one lies just above Khageri bridge along the east west highway just above the Khageri dam. It has extended to 79.09 hector of land. It ranges 191-meter height to 196-meter height. It covers 53.46 hector cultivated land and dense settlements of Ratnanagar Municipality. This extended area can collect 2373071 cubic meters of water. Site three is located between ward no 9 and 12 of Bharatpur Metropoliton. That is more densely populated areas and industrial areas. Site six overlaps to Rhino Lake. Site six extended reservoir makes an island with 7.35 hector (29 Bigha) between the

extended reservoirs. Site 5 and 7 overlapped with each other. Site seven is the biggest area coverage. The site eight overlaps to Tiger Lake that is close to Nawa Jagriti eco park of ward no 11 of Bharatpur metropolitan. Sites nine and ten are located upstream of the watershed.

**Conclusion**

The watershed is a topographically delineated area by the river system. The DEM (Digital Elevation Model) was used for the watershed boundary delineation. Esri product ArcMap 10.8.2 was used for all kinds of analysis. Google Earth Pro provided open data source were widely used. Some previous works were considered for analysis. The population growth accelerates the pressure on the natural resources. While forest land is the first dominant land use since last 40 years (1978/79 to 2024) type, it is decreased rapidly. The proportion of forest land was 80.7 percent, and it came down to 67 percent in 2024. In return cultivated land dramatically increased to 15 sq.km to 40.64 sq.km (10 percent to 27 percent. The Padampur resettlement program was seen as the prime factor to increase cultivated land. The grazing land use covered to 12.57 sq.km in 1978/79 and it rapidly decreased to 2.57 sq.km. in 2024.

Along the river line and low altitude plain areas, there were several locations that were identified as suitable zones for water harvest area. This area is located to southern low land areas. 10 majors' locations were extended. And they can store 24760930 cubic meters of water covering 712.5 hector areas.

**Consequences**

Water harvesting in Khageri watershed can influence two-way irrigation. The slow water flow can help water recharge to aquifer downward and it can supply water to upward dry air in dry season. Khageri watershed areas is a corridor of wild animals passing through Siwalik Mountain, away to terai plain and lower Mahabharat mountain. The wild animals and birds can get sufficient water on the way. The harvested water can help to develop into new aquatic animals. And around the water new flora and fauna will be generated and it will help rich biodiversity. If the reservoirs are managed well, it can collect water in high intensity rainfall time and it recharge later that can control flood disaster to the downstream. As flood management, the riparian flora and fauna can preserve from the flood. There are several methods to biodiversity conservation. In addition, water reservoir is not only the method to biodiversity conservation rather it has more influences on conserve biodiversity.

The water reservoir is natural beauty as a lake. It is one of the important methods to preserve biodiversity in the Khageri Watershed. People have been using the lake

to reduce stress and enjoy themselves. Boating activities can provide employment generation and it enhances internal tourism. The running water lake is a good source of valued fisheries. The harvested water can irrigate to west Chitwan in dry season and that can have increased self-employment and can increase cash crop and vegetable. Water harvesting alone cannot conserve all entire biodiversity, but it can help to preserve the existing flora and fauna.

**References**

*25 years of Achievements on Biodiversity Conservation in Nepal* (2018). Government of Nepal, MOFE.

ADPC. (2023). Water Harvesting: *A Needs Assessment for Nepal, Assessment Report*, Climate Adaptation and Resilience (CARE) for South Asia Project. *www.adpc.net*

*An Exemplary Effort of Chitwan National Park*. (2022). Department of National Park and Wildlife Conservation (DNPWC).

Chaudhary D., Maharjan S and Pallapu, A.V. (2020). The effect of Climate Change in the rural livelihood in Nepal (A case study of Badharjhula of Chitwan District Nepal, IOSR). *Journal of Humanities and Social Science.* DOI: 10.9790/0837-2510022130

*Climate Change Related Indicators of Nepal.* (2022). Government of Nepal, National Planning Commission and Central Bureau of Statistics. *www.cbs.gov.np* Rescue Operation of Greater One Horned Rhinoceros. www.dnpwc.gov.np

Dhakal, Keshav. (2014). Land use Change in Khageri watershed, Chitwan*. The Third pole Journal of Geography*. *DOI: http://dx.doi.org/ttp.v8i0.11512*

G., Dipendra and Prajapati, Raghu N. (2014). Drawdown and Dynamics of Groundwater Table in Kathmandu Valley. DOI: 10.2174/1874378101408010017

Gautam, S. et al. (2077 B.S). Irrigation and Drainage Engineering. *Field Report on Irrigation engineering, Khwopa Collage of engineering Libali, Bhaktapur. www.slideshare.net/SevenBlack/irrigation-field-report*

Ghimire, P. (2019). A review of studies on climate change in Nepal. *The Geography Base*, vol. 6, PP. 12-23. DOI: https://doi.org/10.3126/tgb.v6i0.26163

K., Nitesh, Z., Guoqing and C., Wenfeng. (2019). *The state of six dangerous glacial lakes in the Nepalese Himalaya* DOI: 10.3319/TAO.2018.09.28.03

M., Rabin, and K., Kabita. (2016). Ground Water Environment in Chitwan. *Groundwater environment in Asian Cities*. DOI: 10.1016/B978-0-12-803166-7.00004-0

Njiru, FM., and Siriba, DN. (2018). Site Selection for an Earth Dam in Mbeere North, Embu County-Kenya. *J Geosci Environ Prot*. ***DOI:*** *10.4236/gep.2018.67009*

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# प्रोल्लास सिन्धुलीयको *भग्न भैरव* उपन्यासमा चित्रित जीवनीपरकता

रमेश प्रभात

***Article History :*** *Submitted 20, Nov. 2023.; Reviewed: 15, Jan. 2024; Revised : 11, Feb. 2024*
***Corresponding Author:*** *Ramesh Prabhat* ***E-mail :*** *rameshprabhat29@gmail.com*
***DOI:*** *https://doi.org/10.3126/bpjms.v2i01.65913*

**सारसङ्क्षेप**

*भग्न भैरव उपन्यास (२०७९) साहित्यकार प्रोल्लास सिन्धुलीयको पछिल्लो औपन्यासिक कृति हो। यसमा सुप्रसिद्ध व्यङ्ग्यशिल्पी भैरव अर्यालको जीवनीलाई आधार बनाएर आख्यानीकरण गरिएको छ। यसमा लेखकले सिधा जीवनी प्रस्तुत नगरेर भैरव अर्यालका अनन्य मित्र रोचक घिमिरेका मुखबाट कथा भन्न लगाएका छन्। यस्ता कृतिको अध्ययन गर्नका लागि जीवननीपरकताको बनिबनाउ सैद्धान्तिक आधार नभेटिएकाले त्यसका लागि उपकरणसमेत निर्माण गरी विश्लेषण गरी हेर्ने काम यस अनुसन्धानमा गरिएको छ। यस उपन्यासको अध्ययन गर्नका लागि भैरव अर्यालको वास्तविक जीवनी र आख्यानको अन्तर्सम्बन्ध केलाउने, उपन्यासमा ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भ र यथार्थ परिघटनालाई आख्यानीकरण के कसरी गरिएको छ ? तथा उपन्यासभित्र आख्यानकारको पक्षधरता र आख्यानमा जीवनीको बुनोट के कसरी गरिएको छ ? भन्ने बारेमा तथ्य खोजी गर्न उपन्यासभित्रबाट साक्ष्यहरू सङ्कलन गरी विश्लेषण गरिएको छ। त्यसरी अध्ययन गर्दा सिन्धुलीयको यस उपन्यासमा नेपाली साहित्यका उत्कृष्ट व्यङ्ग्यशिल्पी भैरव अर्यालको जीवनीका गुप्त पाटाहरूलाई पाठकहरू सामु ल्याएको देखिन्छ। यसमा भैरव अर्यालको पारिवारिक स्थिति, बाल्यकाल, शिक्षादीक्षा, विवाह, सन्तानप्राप्तिजस्ता वैयक्तिक कुराहरूलाई मार्मिक तरिकाले चित्रण गरिएको कुरा अध्ययनबाट प्रस्ट भएको छ। त्यस्तै भैरवको जीवनका सार्वजनिक पाटाहरू जागिरे जीवन, राजनीतिप्रतिको लगाव, साथीहरूसँगको सम्बन्ध, नेपाली साहित्यमा उनले गरेका सेवाजस्ता कुराहरू पनि यसमा उतारिएको पाइन्छ। त्योभन्दा पनि बढी उनी गोरखापत्रमा सम्पादकको जागिरे छँदा नेपाली साहित्यका विभिन्न लेखकहरूको रचना प्रकाशन हुनुपूर्व उनले गरेको मेहनत यसमा मार्मिक तरिकाले चित्रण भएको छ। यस अध्ययनमा सङ्कलित साक्ष्यहरूका आधारमा विश्लेषण गरी हेर्दा यो उपन्यास एक उत्कृष्ट जीवनीपरक उपन्यास बनेको देखिन्छ।*

**शब्दकुञ्जी** : आख्यानको बनोट, आख्यानको बुनोट, आख्यानीकरण, जीवनीपरकता, लेखकको पक्षधरता।

## विषयपरिचय

साहित्यकार प्रोल्लास सिन्धुलीय (२०३२) मूलतः कवि हुन्। उनले नेपाली साहित्यमा कविबाहेक कथाकार, उपन्यासकार, निबन्धकार, गीतकार, जीवनीकार र बालसाहित्यका सर्जकसमेतको परिचय बनाएका छन्। उनका हालसम्म विविध विधाका डेढ दर्जन जति कृति प्रकाशित भएका छन्। उनी *शून्य डिग्री* (२०७३) उपन्यासबाट जीवनीपरक उपन्यास लेखनमा दत्तचित्तले लागिपरेका हुन्। उनको पछिल्लो उपन्यास *भग्न भैरव* (२०७९) त्यही तपस्याको अर्को उपज हो। उनको *भग्न भैरव* उपन्यास साहित्यकार भैरव अर्यालको जीवनीमा आधारित उपन्यास हो। यसमा भैरव अर्याललाई सम्झँदै उनका आत्मीय मित्र वरिष्ठ पत्रकार तथा साहित्यकार रोचक घिमिरेका मुखबाट कथा भन्न लगाइएको छ। जम्मा त्रिहत्तर खण्डमा

*Copyright 2024© the Author(s)*

विभक्त यस उपन्यासमा भैरव अर्यालको जीवनका विविध घटनाहरूलाई पूर्वदीप्तिशैलीमा आख्यानात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

*नेपाली बृहत् शब्दकोश* (२०६७) ले जीवनी शब्दलाई अर्थ्याउँदै जीवनभर गरेका कामकुराको क्रमबद्ध लेख वा कथन, जीवनचरित्र, जीवनचरित, कसैको जीवनसम्बन्धी इतिवृत्त भनेको छ । त्यसैले जीवनी भनेको कुनै व्यक्तिको जीवनमा घटेका घटनाहरूको फेहरिस्त हो । हालसम्म नेपाली उपन्यासका बारेमा विभिन्न विद्वानूहरूले विभिन्न खालका अध्ययनहरू गरेको पाइए पनि जीवनीपरक उपन्यासको विस्तृत खोजी र विश्लेषण भएको छैन । कृष्णचन्द्रसिँह प्रधान (२०६०) ले ध्रुवचन्द्र गौतमलाई अनुभव उपन्यास लेखनका नवीन प्रयोक्ता भनी चर्चा गरेको भए पनि अन्य जीवनीपरक उपन्यासको खोजी गरेका छैनन् । कृष्ण धराबासी (२०६२) ले पछिल्ला नेपाली उपन्यासहरूमा विधाहीनता, बहुलता, चरित्र अवतार, अराजकता, मिथकीयता, पुनर्लेखन, तथ्य र स्वैरकल्पना जस्ता विशेषताहरू पाइने विचार व्यक्त गरेका छन् । त्यस्तै नेत्र एटम (२०६७) ले आत्मकथालाई समसामयिक उपन्यास लेखनको विषयगत प्रवृत्ति भएको उल्लेख गरेका छन् तर उनले त्यसको गहन अध्ययन र विश्लेषण भने गरेको पाइँदैन ।

रमेश प्रभात (२०८०) ले जीवनीपरक उपन्यासलाई चिनाउँदै यस्तो लेखेका छन् :

> त्यसो त जीवनी भनेको कुनै व्यक्तिले जीवनमा भोगेका कुरालाई उसको देहावसानपछि लेख्य रूपमा पाठकका सामु ल्याउनु हो । यसमा कल्पनाको कुनै स्थान हुँदैन । तर त्यसलाई साहित्यमा उतार्दा भने कलाले केही स्थान लिनै पर्ने हुन्छ । यसरी कसैको जीवनीलाई आधार बनाएर उपन्यासै लेख्दा त्यसमा पाठकले मन पराउने खालको प्रस्तुति, त्यस्तै खालको भाषा, थोरै कल्पनाको प्रयोग त गर्नै पर्छ नि । (पृ. २)

कृतिगत रूपमा अध्ययन गरेर हेर्ने हो भने नेपाली साहित्यमा जीवनीपरक उपन्यास लेखनको थालनी लैनसिँह बाङ्देलले वि.सं. २०२३ मा *रेम्ब्रान्ट* उपन्यास प्रकाशित गरेपछि भएको देखिन्छ । त्यसपछि उपन्यासकार श्रीकृष्ण श्रेष्ठले *जङ्गबहादुर* र *भीमसेन थापा* जस्ता ऐतिहासिक पात्रलाई आधार बनाएर उपन्यास लेखेका भए पनि तीबाहेक ज्यादै कम लेखकको ध्यान त्यतातिर पुगेको देखिन्छ । यस्तो जीवनीपरक उपन्यासको लेखनयात्रामा नीलम कार्की निहारिकाले *योगमाया* लेखेपछि भने यसले गति लिन थालेको हो । यसमा कोरोनाकालपछि भने निकै तीव्रता आएको महसूस भएको छ । कोरानाकालपछि विजय हितानले मास्टर मित्रसेन थापाको जीवनीमा आधारित भएर *लाहुरेको रेलिमाई* उपन्यास तयार पारेका छन् । त्यस्तै ऐतिहासिक पात्र यशोधराको जीवनीमा आधारित भएर हरिबोल काफ्लेले *यशोधरा* उपन्यास तयार पारेका छन् । यही कडीमा प्रोल्लास सिन्धुलीयले भैरव अर्यालको जीवनमी आधारित भएर तयार पारेको *भग्न भैरव* उपन्यास पनि जोडिन आएको देखिन्छ । यसले के प्रमाणित गर्छ भने आजका उपन्यासकारको ध्यान विभिन्न व्यक्तिको जीवनीमा परेको छ । यसले जीवनी पढाउनुका साथै आख्यानको मजा पनि दिने भएकाले आजको पाठक यसमा रमाइरहेको देखिन्छ । सिन्धुलीयको *भग्न भैरव* उपन्यास साहित्यकार भैरव अर्यालको जीवनीमा आधारित भएर पनि आख्यानको ढाँचामा उपन्यासको लेपन लागेर आएको हुँदा नेपाली साहित्यका पाठकका लागि निकै उपयोगी र अध्ययनीय सामग्री बनेर आएको हुनाले यहाँ त्यसको विश्लेषण गरिएको हो ।

**समस्याकथन**

'प्रोल्लास सिन्धुलीयको *भग्न भैरव* उपन्यासमा चित्रित जीवनीपरकता' शीर्षकको प्रस्तुत अध्ययनको प्रमुख समस्या भनेको *भग्न भैरव* उपन्यासमा साहित्यकार भैरव अर्यालको जीवनीलाई के कसरी प्रस्तुत गरिएको छ ? भन्ने हो । त्यसका लागि उपन्यासमा उनको जीवनीलाई चित्रण गरिएका सन्दर्भलाई निम्न शोधप्रश्नका आधारमा विश्लेषण गरिएको छ :

क) *भग्न भैरव* उपन्यासमा भैरव अर्यालको वास्तविक जीवनी र आख्यानको अन्तर्सम्बन्ध कसरी देखाइएको छ ?

ख) *भग्न भैरव* उपन्यासमा ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भ र यथार्थ परिघटनाको आख्यानीकरण के कसरी गरिएको छ?

ग) *भग्न भैरव* उपन्यासभित्र आख्यानकारको पक्षधरता र आख्यानमा जीवनीको बुनोट के कसरी गरिएको छ ?

**अध्ययनको उद्देश्य**

'प्रोल्लास सिन्धुलीयको *भग्न भैरव* उपन्यासमा चित्रित जीवनीपरकता' शीर्षकको प्रस्तुत अध्ययनमा मूलतः *भग्न भैरव* उपन्यासमा भैरव अर्यालको जीवनी के कसरी चित्रण भएको छ ? भनी अध्ययन गर्नु आवश्यक हुन्छ। त्यसका लागि माथिको शोधप्रश्नमा केन्द्रित भएर निम्न कुराको अध्ययन गर्नु यसको उद्देश्य रहेको छ :

क) *भग्न भैरव* उपन्यासमा भैरव अर्यालको वास्तविक जीवनी र आख्यानको अन्तर्सम्बन्ध केलाउनु,

ख) *भग्न भैरव* उपन्यासमा ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भ र यथार्थ परिघटनाको आख्यानीकरणको निर्क्योल गर्नु,

ग) *भग्न भैरव* उपन्यासमा आख्यानकारको पक्षधरता र आख्यानमा जीवनीको बुनोट केलाउनु।

**अध्ययनविधि**

अध्ययनविधिअन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधिहरू पर्दछन् । यस अध्ययनमा 'प्रोल्लास सिन्धुलीयको *भग्न भैरव* उपन्यासमा चित्रित जीवनीपरकता'को खोजी गर्ने काम गरिएकाले यसमा सामग्री सङ्कलन विधिअन्तर्गत प्राथमिक सामग्रीका रूपमा प्रोल्लास सिन्धुलीयको *भग्न भैरव* उपन्यास रहेको छ भने द्वितीयक सामग्रीअन्तर्गत उक्त कृतिका बारेमा भएका अध्ययन र अन्य कृतिमाथि गरिएका जीवनीपरक अध्ययनका सामग्रीलाई लिइएको छ। त्यस्तै सामग्री विश्लेषण विधिअन्तर्गत निगमन विधि र आगमन विधिको प्रयोग हुन्छ। यस अध्ययनमा सामग्री विश्लेषणका लागि उपकरण बनाउने र त्यसका आधारमा उपन्यासको विश्लेषण गर्ने काम गरिएकाले आगमन विधिको प्रयोग भएको छ।

**जीवनीपरक उपन्यास अध्ययनको सैद्धान्तिक पर्याधार**

सामान्यतः उपन्यासले चित्रण गर्ने विषयवस्तु भनेको नै कसै न कसैको जीवनका घटना नै हो। यसैलाई आधार मानेर अङ्ग्रेजी समालोचक हेनरी जेम्सले उपन्यासको विषय जीवन हो भन्ने विचार व्यक्त गरेका छन् । उनले वैयक्तिक जीवन-अनुभव र अनुभूति नै उपन्यासको विषय हो (जेम्स, सन् १८८४, पृ. ३३) भनेका छन्। त्यस्तै भारतीय नेपालीभाषी समालोचक घनश्याम नेपालका अनुसार अनुभूतिलाई प्रतिपादन गर्न आकार चाहिन्छ। वस्तु नभई आकार हुँदैन। सङ्गीत-चेतनालाई प्रकाश दिन वीणा चाहिन्छ। वीणा हुनालाई काठ-रुख-बिउ आवश्यक हुन्छ। त्यही बिउ, त्यही रुख, त्यही काठ कथाको सामग्री हो, वस्तु हो (नेपाल, सन् २००५, पृ. ३२) । नेपालका आधारमा उपन्यासकारको जीवन र जगत्प्रतिको अनुभूति नै उपन्यास हो। नेपालको यो भनाइ पनि जेम्सको विचारबाट प्रभावित देखिन्छ। त्यस्तै नेपाली समालोचक कृष्णचन्द्रसिंह प्रधानले पनि मानव-जीवनलाई उपन्यासको विषय मानेका छन् (प्रधान, २०६१, पृ. ४) । त्यसैले उपन्यासमा कतै न कतै जीवनको चित्रण हुनु आवश्यक छ।

*उत्तरवर्ती नेपाली उपन्यासमा जीवनीपरकता* शीर्षकको अनुसन्धानात्मक लेखमा जीवन श्रेष्ठले जीवनीपरकताका बारेमा यस्तो लेखेका छन् :

> कुनै उपन्यास समाजको विशिष्ट पक्षबारे लेखिएको छ भने त्यसको विषय समाज हुन्छ। त्यस उपन्यासमा के छ भनी प्रश्न गरिएको अवस्थामा समाज छ भन्ने उत्तर आउँछ। त्यसै समाज विषयक उपन्यासमा छिमेकीहरू बिच कहिलेकाहीँ झगडा भए पनि आवश्यक पर्दा एकअर्कामा सरसहयोग हुन्छ भन्ने कुराको बयान गरिएको छ

> भने यो विचार हुन्छ। त्यसैले उपन्यासमा विषय आधारभूमि हो भने त्यसैभित्र निर्दिष्ट पक्ष विचार हो। यद्यपि उपन्यास सिर्जनामा विचारले विषयको माग गर्दछ र त्यसैको आधारभूमिमा विचार प्रस्फुटित हुन्छ। त्यसैले यी दुई एकअर्कामा अन्तरसम्बन्धित छन्। यस्तै प्रकारको एउटाविषय जीवनपरकता पनि हो। (श्रेष्ठ, सन् २०२३, पृ. १८६)

माथिका विचारहरूका आधारमा समग्र उपन्यासको विश्लेषण गर्न सम्भव भए पनि एउटा मात्र उपन्यासको विश्लेषण गर्न सम्भव देखिँदैन। त्यस्तै यस्ता उपन्यासको विश्लेषण त्यसका विधागत तत्त्व, विभिन्न वाद वा सिद्धान्तका आधारमा गर्न पनि सकिँदैन। त्यसैले जीवनीपरक उपन्यास फरक कुरा हो। जीवनीपरक उपन्यासको अध्ययन गर्नका लागि हालसम्म त्यस्तो भरपर्दो खालको बनिबनाउ सैद्धान्तिक आधार तयार भएको पाइँदैन। यसका लागि केही उपकरण तयार पारेर त्यसका आधारमा विश्लेषण गर्नु उपयुक्त हुन्छ। त्यसैले त्यस्ता कृतिको विश्लेषण गर्नका लागि उपन्यासमा मात्र नभएर जीवनीमा पनि ध्यान दिनुपर्ने हुन्छ। यसर्थ जीवनीपरक उपन्यासको विश्लेषण गर्दा निम्न उपकरणमा ध्यान दिँदा उपयुक्त हुन्छ- वास्तविक जीवनी र आख्यानको अन्तर्सम्बन्ध के कसरी जोडिएको छ ? उपन्यासमा ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भ र यथार्थ परिघटनाको आख्यानीकरण के कसरी गरिएको छ ? त्यस्तै आख्यानकारको पक्षधरता र आख्यानमा जीवनीको बुनोट के कसरी गरिएको छ ? भन्ने बारेमा खोजी गरेर हेर्नु आवश्यक हुन्छ। यी माथि उठाइएका सवालको जवाफलाई उपकरण मानेर त्यसमा आधारित भएर विश्लेषण गर्दा बढी प्रभावकारी हुने देखिन्छ। ती उपकरणको छोटो चिनारी यसरी दिइएको छ :

**वास्तविक जीवनी र आख्यानको अन्तरसम्बन्ध**

यो दुनियाँमा हरेक मानिसले आफ्नै तरिकाले जीवन बाँचेको हुन्छ। यो समाजमा कति मानिस जन्मन्छन्, जीवनमा केही काम पनि गर्छन् र उमेर पुगेपछि तिनीहरूको स्वाभाविक मृत्यु पनि हुन्छ। त्यसरी जन्मेर जीवनलीला पूरा गर्ने सबैको जीवनी लेखिँदैन। त्यसरी बाँचेको जीवन समाजका लागि कति उपयोगी हुन्छ, त्यही आधारमा उसको जीवनी लेखिन्छ। ध्रुवचन्द्र गौतमको *बाढी* उपन्याका बारेमा नेत्र एटमले यस्तो लेखेका छन् : यसमा उपन्यासकार गौतमको बाल्यकाल बिताएको वीरगञ्जका घटनाहरूदेखि विद्यावारिधिका निम्ति डेक्कन कलेज बस्दासम्मका घटनाहरूलाई आख्यानात्मक किसिमले प्रस्तुत गरिएको छ। यस प्रकारको आत्मकथात्मक उपन्यास लेखनको आरम्भ यसै कृतिबाट भएको हो (एटम, २०६७, पृ. २२)।

यसरी आफ्नो वा अरू कसैको जीवनीलाई आधार बनाएर उपन्यास लेख्ने काम उपन्यासकारले गर्छ। यसरी उपन्यास लेख्दा नायकले जीवनमा के कस्ता योगदान गरेका छन् ? उनको योगदानले समाजलाई के कति फाइदा भएको छ ? उपन्यासमा उनको वैयक्तिक जीवनका लुकेका पाटाहरू के कति उजागर भएको छ ? उपन्यासमा यस्ता कुरामा लेखकको कति ध्यान पुगेको छ ? आदि पक्षमा समीक्षकले खोतल्ने गर्छ। यहाँ यसलाई जीवनीपरक उपन्यासको विश्लेषणको मुख्य कडी मानिएको छ।

**ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भ र यथार्थ परिघटनाको आख्यानीकरण**

उपन्यास समाजको चित्रण भएर पनि त्यसमा लेखकको मौलिकता मिसिएर आएको हुन्छ। जीवनीपरक उपन्यासमा नायकको जीवनी देखाउँदा उसले भोगेको समाज आउँछ। त्यसो गर्दा समाजमा घटेका महत्त्वपूर्ण घटनाको चित्रण हुनु जरुरी छ। त्यसरी समाजमा घटेका इतिहासका घटनाका बारेमा सर्वसाधारणलाई पहिल्यै जानकारी हुन्छ। त्यसलाई जस्ताको त्यस्तै उतार्दा साहित्य बन्दैन। त्यसको विपरीत गएर घटनामा कल्पना मिसाउँदा पाठकले थाहा पाइहाल्छन् र जीवनीमा विश्वसनीयता घट्छ। यसर्थ जीवनीपरक उपन्यास लेख्दा लेखकले कलाको सहायता लिनु आवश्यक हुन्छ। जीवन श्रेष्ठले

उपन्यासकार ध्रुवचन्द्र गौतमलाई आधार बनाएर *बाढी* उपन्यासका बारेमा यस्तो विश्लेषण गरेका छन् :

> एकजना लेखकले भोग्नुपर्ने आर्थिक सङ्कटलाई यसमा यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यस कृतिमा उपन्यासकार गौतमका कट्टेल सरको चोटपटक, अलिखितआदि उपन्यासहरू लेखन, प्रकाशन, फिल्म निर्माण, मदन पुरस्कार प्राप्त गरेको घटना र त्यसको रकमले सम्पूर्ण ऋण तिरेका प्रसङ्गहरू पनि यसमा प्रस्तुत गरिएको छ। (श्रेष्ठ, सन् २०२३, पृ. १८९)

यसर्थ जीवनीपरक उपन्यासको अध्ययन गर्दा समीक्षकले यथार्थ घटनाको आख्यानीकरण कसरी गरिएको छ ? त्यसमा ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भहरू के कसरी चित्रित भएका छन् ? भन्ने कुराको खोजी गर्नु जरुरी छ। यसर्थ यो जीवनीपरक उपन्यासको विश्लेषणको अर्को कडी हो ।

### आख्यानकारको पक्षधरता र आख्यानमा जीवनीको बुनोट

आख्यान लेख्नु भनेको कुनै पात्रलाई समग्रमा चित्रण गर्नु हो । यतिले मात्र उपन्यास बन्दैन । त्यसमा उक्त पात्रले भोगेको जीवन, उसको परिवेश, समाज, विचार आदि पनि आउनु जरुरी छ। यसमा पात्रको मात्र नभएर लेखकको विचारको पनि चित्रण हुन्छ । लेखकले बोकेको विचारलाई पात्रका माध्यमबाट चित्रण गरिने भएकाले त्यसमा लेखकको पक्षधरता प्रस्ट देखिन्छ । जीवनीपरक उपन्यास लेख्दा लेखकले आफ्नो विचार बढी मात्रामा लादेको खण्डमा त्यो उपयोगी नहुन सक्छ। अझ भनौँ जीवनीपरक नभएर काल्पनिक बन्न जान्छ। जीवनीपरक उपन्यासका बारेमा आख्यानकारको झुकावलाई लिएर जीवन श्रेष्ठले यस्तो लेखेका छन् : व्यक्ति-जीवनलाई विषय बनाएर कृति रचना गर्ने सन्दर्भमा नेपालीमा दुई प्रकारका उपन्यासहरू रहेका छन् : अन्य व्यक्तिको जीवनीमा आधारित उपन्यास र लेखक स्वयम्‌को जीवनीमा आधारित उपन्यास । (श्रेष्ठ, २०२३, पृ. १८७)

त्यसैले जीवनीपरक उपन्यासको विश्लेषण गर्दा उपन्यासको पक्षधरता हेर्दै त्यसलाई उपन्यासमा के कसरी बुनिएको छ ? भन्ने बारेमा हेर्नु आवश्यक हुन्छ। यो जीवनीपरक उपन्यास विश्लेषणको अर्को कडी हो ।

### *भग्न भैरव* उपन्यासमा जीवनीपरकता

उपन्यासकार प्रोल्लास सिन्धुलीयले प्रशस्त खोज र अनुसन्धान गरी प्रखर व्यङ्ग्यशिल्पी भैरव अर्यालको जीवनीमा आधारित भएर *भग्न भैरव* उपन्यास तयार पारेका हुन्। यसमा लेखक आफू स्वयम् नउभिएर भैरवका सारै मिल्ने साथी रोचक घिमिरेलाई म पात्र बनाएर उनका मुखबाट कथावाचन गराइएको छ। दशैँको छुट्टीमा रोचक र भैरवको पोखरा जाने सल्लाह भएकोमा तोकिएको समयमा भैरव नआएपछि उसलाई गाली गर्दै आफू एक्लै पोखरा गएको सन्दर्भबाट उपन्यासको उठान गरिएको छ भने भैरव अर्यालको देहान्त भएको छ्यालीस वर्षपछि त्यही ठाउँमा वाचकलाई पुऱ्याएर उपन्यासको अन्त्य गरिएको छ । यस उपन्यासमा भैरव अर्यालको बाल्यकालदेखि मृत्युपर्यन्तसम्मका महत्त्वपूर्ण घटनाहरूलाई मार्मिक तबरले चित्रण गरिएको छ। यो उपन्यासमा भैरव अर्यालको जीवनीको प्रस्तुतिलाई निम्न उपशीर्षकमा समीक्षा गरिएको छ :

### *भग्न भैरव* उपन्यासको आख्यान सन्दर्भ

*भग्न भैरव* उपन्यास साहित्यकार भैरव अर्यालको जीवनीमा आधारित कृति हो । यसमा उपन्यासका प्रोल्लास सिन्धुलीयले भैरव अर्यालका बारेमा भेटेसम्मका सामग्रीको समायोजन गरी आख्यानीकरण गरेका छन् । यसमा भैरव अर्यालको बाल्यकाल, शिक्षादीक्षा, विवाह, पारिवारिक स्थिति, जागिरे जीवन, साथीहरूसँगको सम्बन्ध, कृतिलेखन र सम्पादनका कुरा, अरूका लागि लेखिदिएका कुरा, जीवनमा पाएका हण्डर र ठक्कर, आर्थिक अभाव, आत्महत्यका अनेकौँ

असफल प्रयास र अन्त्यमा वि.सं. २०३३ असोज १९ गते दशैँको समयमा यस लोकबाट स्वैच्छिक रूपमा परलोक भएका सन्दर्भहरूलाई सुन्दर तरिकाले प्रस्तुत गरिएको छ।

भैरव अर्यालको देहान्त भएको छयालीस वर्षपछि उनका अनन्य मित्र साहित्यकार तथा साहित्यिक पत्रकार रोचक घिमिरेले उनै भैरव अर्यालका बारेमा गरेका सम्झना नै यो उपन्यासको मूल कथ्य हो। यसमा समाख्याताका रूपमा रोचक घिमिरे देखापरेका छन्। उनले भैरवको मृत्यु हुने दिनमा पोखरा जानका लागि खिचापोखरीमा टुरिस्ट बसमा बसेर उसैलाई कुरेको तर समयमा नआएपछि एक्लै पोखरा हिँडेको सन्दर्भबाट उपन्यासको उठान भएको छ। त्यसपछि बल्ल भैरवसँग पहिलो भेट कहिले भयो ? उनीसँग के कस्ता संवाद भए ? भैरवले कहाँ कहाँ काम गरे ? उनको जीवन के कसरी बित्यो ? उनको सोझोपनलाई अरूले के कसरी प्रयोग गरे ? उनले बाँच्नका लागि के कस्ता सङ्घर्षहरू गरे ? सहज तरिकाले बाँच्न नसकेपछि मर्नका लागि के कस्ता प्रयासहरू गरे ? उनको मृत्यले नेपाली साहित्यलाई के कस्तो क्षति भयो ? भन्ने अनेक प्रश्नहरूको समाधान खोज्ने काम पनि समाख्याताकै मुखबाट गराइएको छ। यसमा भैरवसँग जोडिएर आएका कतिपय राजनैतिक घटना तथा ऐतिहासिक सन्दर्भहरू पनि प्रस्तुत गरिएको छ। यसर्थ यो उपन्यास भैरव अर्याललाई समग्रमा पढ्न चाहने जो कोहीका लागि उपयोगी सामग्री बनेको छ।

**भैरव अर्यालको वास्तविक जीवनी र *भग्न भैरव* उपन्यासको अन्तरसम्बन्ध**

उपन्यासकार प्रोल्लास सिन्धुलीयले *भग्न भैरव* उपन्यासमा नेपाली साहित्यका वरिष्ठ व्यङ्ग्यशिल्पी, लेखकमैत्री सम्पादक, सचेत नागरिक र एउटा विसङ्गत जीवन बाँचेका व्यक्ति भैरव अर्यालका जीवनका लुकेका पाटाहरू केलाउने काम गरेका छन्। यसका लागि उनले गरेका खोज र अनुसन्धानको सूची उपन्यासको अन्त्यमा प्रस्तुत गरेकाले यो उनको अनुसन्धानात्मक उपन्यास हो भन्ने पुष्टि हुन्छ। यसमा नायकका रूपमा चित्रित भैरव अर्यालको वास्तविक जीवनी कलात्मक रूपमा उतारिएको छ। उपन्यासभित्र भैरव अर्यालको बाल्यकाल र परिवारका बारेमा लेखकले यसरी वर्णन गरेका छन् :

> *गाउँतिर नाउँ चलेका होमनाथ अर्जेल। ऊ अर्थात् भैरव उनै अर्जेल पण्डितको सन्तान। गाउँघरतिरकै भए पनि चल्तापुर्जा पण्डितको जेठोबाठो छोरो ऊ; 'कखरा' लेख्न, किताब पढ्न सक्ने त बाले उसलाई घरमै बनाइसकेका थिए। केटो पढन्ता खालकै निस्कियो। त्यसपछि भने अर्जेल पण्डितसँग उसलाई पढाइबस्ने फुर्सद पनि भएन; आँट पनि रहेन। उसलाई पाठशालातिर ठेल्दिनै पर्ने भयो।* (सिन्धुलीय, २०७९, पृ. २५)

माथिको साक्ष्यमा लेखकले भैरव अर्यालको परिवारका बारेमा वर्णन गर्दै समाजमा उनको पिताको हैसियत देखाइएका छन्। त्यस्तै गरी उनको बाल्यकाल कसरी बित्यो ? भन्ने बयान पनि गरेका छन्। त्यस्तै उनले पढ्न के कसरी सिके ? भन्ने बारेमा पनि वर्णन गरिएको छ। यो उनको उनको जीवनको यथार्थ घटना हो।

उपन्यासको सुरुमा भैरव अर्याल र रोचक घिमिरेको संवाद राखिएको छ। यसमा भैरवले रोचकसँग आफ्नो जन्मदिनका बारेमा कुरा गर्दै आफ्नो बारेमा यसरी बयान गरेका छन् :

> *"यी ! मलाई नै हेर न- त्यही पछाडिको कुनै दरबारको यौटा कुनामा जन्मिएँ। यही बाग्मतीकै किनारमा चाइने खेल्दै हुर्किएँ। बाआमाको जेठो सन्तान, चार भाइ, छ बैनीको दाजु बनिटोपलैँ। यौटीको लोग्ने बनेँ, केहीको बाउ बन्दै छु। यस्तै उपक्रममा आफूलाई तीस वर्षको लक्का जवान बनाएँ। यो कुनै हुँदै नभा'को चाइने गर्नै नसकिने कुरो हो र ! तीस वर्ष भएँ रे लौ ! अपर्झट मर्नुपरेन भने यस्ता वर्ष चाइने जस्ले नि खान्छन्।"* (पृ. २३)

माथिको साक्ष्यमा एउटा आम मान्छेले जस्तो जीवन बाँच्छ, आफूले पनि त्यस्तै जीवन बाँचेको कुरा भैरव अर्यालले संवादका माध्यमबाट अभिव्यक्त गरेका छन्। त्यस्तै उनले यसमा आफ्नो परिवारका बारेमा पनि छोटकरीमा जानकारी दिएका छन्, जुन उनको वास्तविक जीवनसँग मेल खान्छ।

भैरव अर्याल सानैदेखि पढ्नमा निकै रुचि राख्थे । घरदेखि निकै टाढाको रानीपोखरी पाठशालामा पढ्न गएर उतै बस्नुपर्ने भएकाले उनले प्रथमा, मध्यमाजस्ता परीक्षा नदिएर एकैचोटि उत्तर मध्यमाको परीक्षा दिई उत्तीर्ण गरेका थिए । पढ्नमा तेज भएर पनि उनले परिवारमा रहेको गरिबीका कारणले उच्च शिक्षा पढ्न पाइरहेका थिएनन् । त्यही भएर उनले रोचकसँग आफ्नो पढ्ने रुचिसँग सम्बन्धित भएर यस्तो धारणा राखेका छन् :

> *उसले अझ गम्भीर भएर भन्यो, "नैतिक पतन नहुने खालको अपराधमा जेलै जान पाए पनि हुन्थ्यो यार ! कमसेकम पढ्न, लेख्न त चाइने टाइम पाइन्थ्यो कि!"* (पृ. १२७)

सामान्य व्यक्ति पुलिसको झमेलामा पर्नसमेत चाहँदैन । तर माथिको साक्ष्यमा भैरवले कति सजिलै जेल जान चाहेको कुरा गरेका छन् । नैतिक पतन नहुने कसुरमा जेल जान पाएदेखि आफ्नो पढाइलाई निरन्तरता दिन सकिन्थ्यो भन्ने उनको धारणा नेपालीको गरिबी र समस्याप्रति कटु व्यङ्ग्य भएर आएको भए पनि यो मूलतः उनको पढाइप्रति लगाव झल्काउनका लागि आएको हो ।

कविताबाट साहित्ययात्रा थालेका भए पनि हास्यव्यङ्ग्य लेख्ने भएकाले भैरवले कतिपय रचनामा आफूलाई नै व्यङ्ग्य गरेका छन् । यो उपन्यासमा पनि आफ्नो विवाहको सन्दर्भ लिएर आफू, आफ्नो परिवार र समाजको सम्बन्ध देखाउँदै उनले आफ्नो बारेमा यस्तो धारणा राखेका छन् :

> *"मैले मैलाई चाइने बुझ्न सकेको छैन अझै, तिम्ले कसरी बुझ्छौ ! बाआमालाई बुझैँ, घरपरिवार बुझैँ, व्यवहार बुझ्नतिर लागेँ । अनि चाइने चुपचाप बिहे गरिदिएँ ।"* (पृ. २४)

विवाहलाई जीवनको निकै महत्त्वपूर्ण घटना मानिन्छ । तर माथिको साक्ष्यमा भैरवले आफ्नो विवाहलाई पनि हल्काफुल्का रूपमा लिएका छन् । त्यतिबेला विवाह भनेको बाबुआमा, परिवार तथा समाजको इच्छा पूरा गरिदिनका लागि बढी गरिन्थ्यो भन्ने कुरालाई माथिको साक्ष्यले पुष्टि गरेको छ ।

भैरव अर्याल आफ्नो नामजस्तो भैरव भएर निर्बन्ध जीवन बाँच्न पाएका थिएनन् । उनी आफू साँच्चैमा भैरव भएर बाँच्न नसकेको गुनासो टेलिफोनमा श्रीधर खनालसँग गरेको कुरालाई उपन्यासमा देखाइएको छ :

> *"सक्तिनँ खनालजी ! म भैरव बन्नै सकेको छैन । जब बनूँला, तब मात्र प्रमाण दिन सकूँला कि !" उसले उसैगरी भन्यो ।* (पृ. २२३)

यो दुनियाँमा मान्छेलाई अरुजस्तो हुन बरु सजिलो होला, तर आफू भएर बाँच्न कति गाह्रो छ ? भन्ने कुरालाई माथिको कथनले पुष्टि गरेको छ । देख्नेहरू के के देख्छन्, तर आफू कसरी बाँचेको छु भन्ने कुरा भोग्नेलाई मात्र थाहा हुन्छ । माथिको साक्ष्यमा भैरव अर्यालको जीवनको त्यस्तै कटु सत्यको उजागार भएको छ ।

भैरव अर्याल र बालमुकुन्ददेव पाण्डे दुवै गोरखापत्रमा सम्पादकीय शाखामा काम मात्र गर्थेनन्, दुवैजना हास्यव्यङ्ग्य लेखनमा पनि नाम कमाएका स्रष्टा थिए । उनीहरू दुवैमा केही शारीरिक कमी कमजोरी थियो । त्यसलाई लिएर त्यतिबेलाको साथीभाइका बीचमा चल्ने गरेको हाँसो ठट्टालाई उपन्यासमा यसरी उतारिएको छ :

> *भैरव गोरखापत्रमा आएपछि बालमुकुन्द र भैरवबीच हिमचिम निकै बढेको थियो ।*
>
> .....
>
> *भैरवको सबैभन्दा ठूलो समस्या थियो घाँटीको अनि बालमुकुन्दको चाहिँ कानको साथीभाइले यी दुवैलाई जोडेर 'कुनै समस्या नभएको एउटै मान्छे' बनाइदिने प्रस्ताव राखेका थिए - बालभैरव ।* (पृ. १४२)

माथिको साक्ष्यमा भैरव अर्यालले जीवनभर घाँटीको समस्याका कारण झेल्नुपरेको समस्यालाई देखाएको छ । उनको आवाज पुरुषको जस्तो नभएर महिलाको जस्तो भएको कुरालाई लिएर साथीभाइले उनलाई उडाउने गरेको कुरा माथिको साक्ष्यमा आएको छ ।

भैरव अर्याल आफूले साहित्यमा व्यङ्ग्य गरेजस्तै सुरताल नमिलाई जीवन बाँच्थे। उनी आफ्नो कोठालाई चिटिक्क पारेर मिलाउनतिर ध्यानै दिन्थेनन्। अझ खाटलाई त झन् सुत्ने ठाउँ मात्र नभएर विविध सन्दर्भमा प्रयोग गर्थे। यसरी अव्यवस्थित जीवन बाँचेका भैरवको जीवनलाई तलको साक्ष्यमा राम्ररी देखाइएको छ :

> *भैरवले आफ्नो खाटलाई खाटमात्रै रहन कहिल्यै दिएन। कहिले घुँडा धसेर लेख्ने आसन बनायो, कहिले अध्ययन गर्ने टेबुल त कहिले साथीभाइसँग गफ चुट्ने फलैँचा। सम्पादकीय विभागको टेबुल-कुर्सीको हालत झन् कस्तो थियो होला!* (पृ. १४९)

माथिको साक्ष्यमा भैरव अर्यालको अस्तव्यस्त जीवनको एउटा पाटो देखाइएको छ। उनी आफू बस्ने कोठा अस्तव्यस्त राख्थे भन्दै उनको कार्यालयको टेबुलको हालत कस्तो थियो होला ? भनी प्रश्न उठाइएको छ। यसले उनको जीवनको एउटा पाटा केलाएको छ।

यसरी माथि साभार गरिएका विभिन्न साक्ष्यहरूका आधारमा 'भग्न भैरव' उपन्यासमा भैरव अर्यालको जीवनका लुकेका पाटाहरू उजागार भएको पुष्टि हुन्छ। नायक भैरवको जीवनका कटु यथार्थका साथै बाल्यकाल, पारिवारिक वातावरण, शिक्षाप्रतिको झुकाव, साथीहरूसँगको सम्बन्ध आदिजस्ता कुराहरूको चित्रण भएकाले यो उपन्यास जीवनीपरक भएर पनि औपन्यासिक कलेवरमा रङ्गिएको छ।

### *भग्न भैरव* उपन्यासमा ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भ र यथार्थ परिघटनाको आख्यानीकरण

भैरव अर्याल एक सचेत नागरिक थिए। शिक्षण, लेखन, सम्पादन, पत्रकारिता, राजनीतिजस्ता समाजलाई केही दिने खालको काममा जीवनभर लागिपरेकाले उनी तत्लाकालीन घटनाहरूसँग प्रत्यक्ष जोडिएका थिए। त्यही कुरालाई लिएर उनले जीवनमा भोगेका घटना र तत्कालीन समाजको संलग्नतालाई उपन्यासमा कसरी चित्रण गरिएको छ ? भन्नका लागि तल केही साक्ष्यहरू लिई तिनको निम्नानुसार विश्लेषण गरिएको छ :

भैरव अर्याल त्यस्ता कवि हुन्, जसले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको पहिलो कविता उत्सवमा नैतिकता शीर्षकको कवितामार्फत् प्रथम पुरस्कार जितेका थिए। यो नेपाली कविताको इतिहासमा लेखिएको घटना हो। यसलाई 'भग्न भैरव' उपन्यासमा यसरी चित्रण गरिएको छ :

> *नभन्दै २०२२ साल असार ९ गतेको पहिलो राष्ट्रिय कविता उत्सवमा भैरवको सोही कविताले पहिलो पुरस्कार जित्यो।*
>
> *राजाको हातबाट पुरस्कार थापिसकेपछि दातारामले सोधे, "दुलहीलाई गहना बनाइदियौ त पन्नित ?"*
>
> *उसले मुसुमुसु हाँस्तै भन्यो, "काँ गुरु! सुवर्ण पदक त सु-वर्णको मात्रै रहेछ!"* (पृ. १६२)

माथिको साक्ष्यमा भैरव अर्यालले कविता प्रतियोगितामा कविता पठाएको र त्यसले प्रथम पुरस्कार र स्वर्ण पदक जितेको सन्दर्भ आएको छ। यो इतिहास र भैरव अर्यालको जीवनसँग सम्बन्धित घटना पनि हो।

भैरव अर्याल गोरखापत्रमा कार्यरत छँदा तत्कालीन मन्त्रीहरू ऋषिकेश शाह र विश्ववन्धु थापाका बीचमा रहेको टकराव र सोही समयमा शाहसँग सम्बन्धित समाचार दोहोरिएर गोरखापत्रमा छापिएका कारण प्रधान सम्पादक गोपालप्रसाद भट्टराईले राजीनामा दिएर हिँड्नुपरेको ऐतिहासिक सन्दर्भलाई उपन्यासमा यसरी देखाइएको छ :

> *उनको आँखामा आँसु त छँदै थिएन। तर, उनी भित्रभित्रै भक्कानिएको भैरवको आँखाबाट छेकिएन, अहँ छेकिँदै छेकिएन। भैरवलाई भित्रैदेखि चिन्ने, माया गर्ने सम्पादक उसकै आँखासामन्नु षड्यन्त्रकारीहरूको शिकार बन्दै गइरहेका थिए, टुलुटुलु हेरिरहनु शिवाय ऊ केही गर्नै सकिरहेको थिएन।* (पृ. २४६)

माथिको साक्ष्यमा भैरव अर्याल सम्पादकीय शाखामा काम गर्ने भएकाले त्यस्ता गल्तीको केही हिस्सा उनको पनि

थियो भनी देखाइएको छ। तर त्यसमा भैरवले टुलुटुलु हेर्नु बाहेक केही गर्न नसकेको सन्दर्भलाई मार्मिक तरिकाले चित्रण गरिएको छ।

भैरव अर्याल आफू स्वयम् पनि लेखक भएको कारणले उनका कृति प्रकाशित गरी प्रशस्त आम्दानी गरेका त्यतिबेलाका नाम चलेका प्रकाशकले उनलाई नराम्ररी ठगेका थिए। एउटा लेखकको कृति प्रकाशित गरी यथेष्ट आम्दानी गरेको र त्यसका लेखक भने गरिबका गरिब नै भएको ऐतिहासिक सन्दर्भलाई तलको साक्ष्यले पुष्टि गरेको छ :

> *"त्यो 'काउकुती' निस्क्या देखेर रत्नेले मलाई चाइने ज्यादे करकर गर्‍यो- यौटा हामीलाई नि लेखिदिनुस् न भनेर! अनिखेरि त्यसपछि निस्क्या पत्रिकाहरू बटुलेर लगेर त्यसलाई दिएँ। ४०० रूपयाँ दियो। अब कागत गर्‍या छ उल्ले भन्छ, कागत-सागत केही पनि गर्‍या छैन मैले। उल्ले के लेख्या छ र लाइन- फलानो जयभुँडी भन्ने किताब प्रकाशन गर्नको लागि ... ... पुस्तक भण्डारलाई दिएको छु भन्ने त्यति लेखेर मैले सही गर्दिया छु। त्यत्ति हो। ऊ चाइने कागत गर्‍या छु भनेर भन्छ।"* (पृ. १७३)

आफूले लेखेका कृति बेचेर प्रकाशक धनी भएको, तर आफूले सुरुमा एकमुष्ट रूपमा लिएको पारिश्रमिकबाहेक केही नपाएको गुनासो माथिको कथनमा पाइन्छ। यसरी पीडामा पर्नु भैरवको मात्र समस्या नभएर सम्पूर्ण नेपालीभाषी लेखकको हो। यो त्यतिबेलाको मात्र नभएर वर्तमानको पनि समस्या हो। यसबाट हामी कहिले बाहिर निस्कने होला ? भन्ने बारेमा माथिको साक्ष्यले गम्भीर प्रश्न पनि उठाएको छ।

जीवनमा पत्रिकाको सम्पादकको जागिरमा रहनुका अतिरिक्त स्वतन्त्र रूपमा राजनीतिमा पनि सक्रिय रहेका भैरव अर्याललाई आफू सम्बद्ध पत्रिकाका सञ्चालक राणाकाल समाप्त भएपछि वि.सं. २०१५ को आम निर्वाचनमा सांसदमा उठ्न लाग्नु त्यतिबेलाका ऐतिहासिक सन्दर्भ हो। आफ्नो जागिरदाता चुनावमा उठ्न लागेपछि आफू मालिकभन्दा फरक राजनीतिमा सामेल भएका कारण भैरव अर्याललाई नैतिक सङ्कट पर्नु स्वाभाविक थियो। यसरी उनलाई परेको नैतिक सङ्कटलाई उपन्यासमा यसरी उतारिएको छ :

> *हालखवर पत्रिकाका मालिक रङ्गनाथ पत्रिका निकाल्नेमात्र होइनन्; उपरोक्त समयमा चल्तापुर्जा नेता पनि थिए। राजाको साथ पाएर भर्खरजसो प्रजातान्त्रिक महासभा नामक नयाँ पार्टी खोलेका थिए रङ्गनाथलगायतले। बामपन्थी पार्टी त्यागेर नयाँ पार्टीको विस्तारमा लागिपरेका उनी आउँदो चुनावमा स्वयम् होमिन लागेका थिए। रङ्नाथ संसद् सदस्यमा उठ्ने निश्चित भयो।*
>
> *भैरव नैतिक सङ्कटमा पर्‍यो। सघाऊँ; आफू कम्युनिस्ट पार्टीको सदस्य, नैतिकताले दिँदैन। नसघाऊँ; जुन पत्रिकाले उसलाई लेखनमा ऊर्जा र अवसर दिइराखेको छ, त्यसैको मालिकलाई सहयोग नगर्न पनि नैतिकताले दिएन। यसरी दोहोरो नैतिकताको प्रश्न एकसाथ भैरवको अघिल्तिर उभियो।* (पृ. ८४)

माथिको साक्ष्यमा भैरव अर्यालले अङ्गीकार गरेका बामपन्थी राजनीतिक विचारका कारण त्यतिबेला उनी धर्मसङ्कटमा परेको ऐतिहासिक सन्दर्भलाई राम्ररी उतारिएको छ। एउटा व्यक्तिले जीवनमा रोजीरोटीको सन्दर्भ र राजनीतिको दवाव कसरी भेल्नुपर्छ ? भन्ने कुरालाई भैरवको जीवनको घटनाका आधारमा माथिको साक्ष्यमा आकर्षक रूपमा चित्रण गरिएको छ।

भैरव अर्याल एक व्यक्ति पनि थिए, उनको परिवार थियो। उनी सम्बद्ध पत्रिकाका मालिक चुनाव उठ्ने नै भएपछि तिनलाई सघाउनु भैरवको नैतिक जिम्मेवारी भएकाले उनले त्यसको समाधानको प्रयासस्वरूप कम्युनिष्ट पार्टीको साधारण सदस्यताबाट समेत राजीनामा दिएर बसेको ऐतिहासिक सन्दर्भलाई तलको साक्ष्यमा देखाइएको छ :

> *उसले मध्यस्थपथ रोज्ने निधो गर्‍यो। कम्युनिस्ट पार्टीको साधारण सदस्यताबाट राजीनामा दिएर त्यो पत्र नवराजमार्फत् पार्टीमा पठायो। सदस्यता नलिए पनि त्यसपछि भैरव प्रजातान्त्रिक महासभाको मान्छे भइदियो।*

*अनि, खुलेरै रङ्गनाथको चुनावी प्रचारमा लाग्न थाल्यो ।* (पृ. ८६)

व्यक्तिको लागि बाँच्नु मुख्य कुरा हो । त्यसका लागि रोजीरोटीको व्यवस्था मिलाउनु आवश्यक हुन्छ । त्यसो गर्दा कतिपय अवस्थामा विचार, राजनीति आदिजस्ता कुराको तिलाञ्जली दिनु पर्ने हुन्छ भन्ने कुरालाई माथिको साक्ष्यमा भैरवले गरेको त्यागका आधारमा पुष्टि गरिएको छ । यस्तो घटना एक्लो भैरवको जीवनमा मात्र नघटेर अन्य व्यक्तिको जीवनमा पनि घट्ने भएकाले यो ऐतिहासिक मात्र नभएर सर्वकालीन घटना हो । यसले उपन्यासलाई मार्मिक पनि बनाएको छ ।

यसरी उपन्यासकारले नेपालको त्यतिबेलाको इतिहासका केही घटनालाई पनि यो उपन्यासमा प्रस्तुत गरेका छन् । ती घटनासँग भैरव अर्यालको प्रत्यक्ष संलग्नता पाइन्छ । यसर्थ ऐतिहासिक सन्दर्भ र भैरव अर्यालको वास्तविक जीवनलाई यो उपन्यासले सुन्दर तरिकाले बुन्ने काम गरेको छ, जसलाई माथि साभार गरिएका साक्ष्यहरूले पुष्टि गरेका छन् ।

**उपन्यासकारको पक्षधरता र *भग्न भैरव* उपन्यासमा जीवनीको बुनोट**

उपन्यासकार प्रोल्लास सिन्धुलीय आफ्नो लेखनमा यथार्थ चित्रण गर्नमा रुचि राख्ने लेखक हुन् । त्यति मात्र नभएर उनी कोरा कल्पनाभन्दा अनुसन्धान गरेर त्यसलाई उपन्यासमा उतार्न रुचि राख्छन् । उनले *भग्न भैरव* उपन्यास लेख्नुअघि नायक भैरव अर्यालको जीवनका बारेमा प्रशस्त खोज र अनुसन्धान गरी तयार पारेको कुरा लेखकीय मन्तव्य 'साबिती'मा यसरी उल्लेख गरेका छन् :

*के थाहा छ मलाई भैरव अर्यालको बारेमा ?*

*उहाँका पाएसम्मका लेखनी पढेँ हुँला; उहाँका बारेमा निकटवर्ती, दूरवर्ती, आफन्त, गैरआफन्त, प्रिय, दुश्मन इत्यादिले लेखेका अन्तरङ्गमा गहिरिएँ हुँला; उहाँका विचार, भावना, मनोदशा भरिएका कागजका पानासँग खेल्नु खेलेँ हुँला; तर अर्यालबारे जति थाहा पाएँ, ती त सिर्फ छिपछिपे हुन् । उहाँमाथि डिग्री-पि.एच्.डी. गर्नेहरू छन्; अनुसन्धान-खोज गर्नेहरू छन्; विषय-विज्ञहरू छन्; सङ्गत-सहकार्य गर्नेहरू छन्; उहाँलाई सत्तोसराप गर्नेदेखि उहाँको पछाडि हात धोएर लागिपर्नेहरू छन्; आफन्त, गैरआफन्त, विरोधी एवम् सहकर्मीहरू छन् ।*

*मसँग के छ ? सिर्फ भैरव अर्यालको धङधडी ?* (पृ. १०)

माथिको साक्ष्यमा उपन्यासकारले आफ्ना सीमाका बारेमा कुरा गरेका छन् । उपन्यासकार राम्ररी हिँड्न पनि नसक्ने बालक छँदा भैरवले यो दुनियाँ त्यागेका थिए । तर पनि उनका बारेमा शोध, खोज गरेर भेटेका सामग्रीका आधारमा यो उपन्यास तयार पारेको हुँदा यसमा उपन्यासकारको भैरवप्रतिको लगाव झल्किएको छ ।

उपन्यासकार प्रोल्लास सिन्धुलीय आफू पनि बामपन्थी राजनीतिमा रुचि राख्ने भएकाले उनको वैयक्तिक पक्षधरता त्यतातिर हुनु स्वाभाविक हो । भैरव अर्याल पनि जीवनको एक कालखण्डमा बामपन्थी थिए । साहित्यकार रमेश विकलसँगको सान्निध्यले उनी कम्युनिष्ट बनेको कुरा यो उपन्यासमा यसरी आएको छ :

*भैरवलाई अमूक पार्टी वा सिद्धान्तसँग जोडिएर देखापर्नुमा कुनै रुचि थिएन । तर, अवस्था यस्तो आएको थियो कि मित्रहरू उसको भित्र कतै दबाएर राखेको आस्थालाई नखोतली नछाड्नेमा पुगिसकेका थिए । आऽऽ! जे त होस्, बोल्दिन्छु ! यस्तै सोचेर भैरवले सुस्तरी मुख खोल्यो, "बामपन्थीहरू मन पर्छन् । त्यति गहिरो गरी बुझेको चैं छैन ।"*

*"लु ! कुरा मिलिहाल्यो नि ! हामी नि त्यै हौँ ।" विकल बुरुक्कै उफ्रिए ।* (पृ. ५६)

माथिको साक्ष्यमा भैरव अर्यालले सचेत रूपमा नभएर आफूलाई लागेको कुरा भनेको देखाइएको छ । आफूलाई बामपन्थी मन पर्ने कुरा गरेका कारण रमेश विकलसँग घनिष्टता बढेको कुरालाई यो साक्ष्यले पुष्टि गरेको छ । यसमा उपन्यासकारको पक्षधरता प्रस्ट देखिन्छ ।

भैरव अर्यालले सुरुमा *हालखबर* पत्रिकामा काम गरे भने त्यो पत्रिका बन्द भएलगत्तै जीवनपर्यन्त *गोरखापत्र*मा सम्पादकीय शाखामा जागिर खाए। यो कुरालाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> *'हालखबर' बन्द भएलगत्तै दाताराम 'गोरखापत्र'मा छिरेका थिए। हालखबर छाडेको नौ-दश महिनापछि उनले भैरवलाई पनि 'गोरखापत्र'मै तान्ने व्यवस्था मिलाए। हालखबरे कारिन्दो भैरव २०१८ साल फागुन ५ गतेदेखि गोरखापत्रे कारिन्दोमा अनुवादित भयो।* (पृ. १०५-१०६)

माथिको साक्ष्यमा भैरव अर्याल कसरी *हालखबर* पत्रिकाबाट *गोरखापत्र*मा सरे भन्ने कुरा देखाइएको छ। उपन्यासकार आफू पनि विभिन्न पत्रिकाको सम्पादनमा लागेको हुँदा यसमा उनको पक्षधरता स्पष्ट देखिएको छ।

भैरव अर्यालले वि.सं. २०१८ देखि २०३३ सम्म जीवनको अवसान नहुञ्जेल गोरखापत्रको सम्पादकीय शाखामा काम गरे। त्यहाँ रहँदा उनले धेरै साहित्यकार बन्न चाहनेको रचनालाई मिलाएर छापिदिने काम पनि गरे। कतिपयका छेउनटुप्पाको रचनालाई पहिलोचोटि मिलाएर छापिदिने काम गरे। तर त्यतिबेलाका सर्जकले त्यसलाई उल्टो अर्थमा लिने गरेको कुरालाई तलको साक्ष्यमा देखाइएको छ :

> *लेख-रचना शाखाको सम्पूर्ण जिम्मेवारी भैरवकै थियो। 'गोरखापत्र'मा छापिनलायक लेख्न नसक्ने सिकारुहरू 'भैरवलाई पैसा दिएपछि जस्तो लेख पनि छापिन्छ' भन्नेजस्ता झूटा आरोप लगाउँदा रहेछन्।*
>
> *भैरव भने तिनले भनेभन्दा ठ्याक्कै उल्टो थियो। ऊ कुनै पनि लेख सकभर अस्वीकार गर्दैनथ्यो। यहाँसम्म कि कहिलेकाहीँ त लेखको आद्योपान्त परिवर्तन गरेरै पनि ऊ छापिदिन्थ्यो। तिनमा न भाषा मिलेका हुन्थे, न व्याकरण। विचारको दृष्टिले त ती बेकम्मा नै हुन्थे। एकातिर मान्छेहरू त्यस्तो हल्ला गर्छन्, अर्कोतिर भैरव भने त्यस्ताकै लेखलाई समेत छाप्नलायक बनाउन खोजिरहेको हुन्थ्यो।* (पृ. ११५)

उपन्यासकार सिन्धुलीयले विभिन्न पत्रिकामा सम्पादकको जिम्मेवारी निर्वाह गरिसकेकाले सम्पादनका क्रममा कतिपयका रचनालाई मिलाउँदा कत्तिको झन्झट हुन्छ भन्ने कुरा उनलाई राम्ररी थाहा छ। सोही आफ्नो अनुभवलाई भैरव अर्यालको जीवनको वास्तविक घटनासँग तादात्म्य गरी माथिको साक्ष्यमा चित्रण गरिएको छ। यसमा लेखकको पक्षधरता राम्रैसँग आएको छ।

आफ्नो आजीविकाका लागि *गोरखापत्र*को सम्पादन शाखामा काम गरेको भए पनि पछिल्लो समयमा भैरवमा कामप्रति उदासीनता आएको थियो। आफू रमाएर बसेको 'गोरखापत्र'को जागिर उनलाई पनि दिक्क लाग्ने खालको भएको थियो भन्ने कुरा तलको साक्ष्यमा देख्न पाइन्छ : *"आज चाइने मलाई अड्डा जानु छ। चार-पाँच दिन भो चाइने नगा'को। हुन त छुट्टी लेखेरै आ'को थेँ। गोर्खापत्र अचेल गोर्खापत्रजस्तो छैन, जागिरमै चाइने रेजा लाइदिन सक्छन्। के ठेगान!"* (पृ. २६०)

माथिको साक्ष्यमा गोरखापत्रको कार्यालयलाई अड्डा भनेर व्यङ्ग्य गरिएको छ। उनले जागिरमा बिदा लिएको भए पनि कतै जागिरै गइसक्यो कि भन्ने चिन्ता पनि उनलाई भएको देखाइएको छ। यसमा पनि उपन्यासकारको पक्षधरता प्रस्ट देखिन्छ।

जीवनको उत्तरार्द्धमा भैरव अर्याल जीवनदेखि उदासीन बन्दै गएका थिए। यसले उनमा मृत्यन्मुखी चेतना बढाउँदै लगेको थियो। उनी आफ्नो मृत्युको कामना गर्न थालेका थिए। यसको पुष्टि  तलको साक्ष्यमा पाइन्छ : *"अब म ज्यादै हतास भइसकेँ। म बाँच्नुको कुनै अर्थ छैन। यतै जमुनामा आफूलाई बिसर्जित गरिदिने मौकाको प्रतीक्षामा छु।"* (पृ. १३४)

माथिको साक्ष्य भैरव अर्याल दिल्लीमा उपचारको सिलसिलामा गएको बेलामा उनले त्यहाँ भेटिएका साथीको साथीसँग भनेको भनाइसँग सम्बन्धित छ। यसरी भारतमा उपचार गर्न गएका उनी भारतमै आत्महत्या गर्न चाहन्थे, तर उनलाई त्यस्तो अवसर नमिलेर नेपाल फर्किए भन्ने कुरा उपन्यासको यो साक्ष्यमा भेटिन्छ।

नेपालमै छँदा पनि भैरवले जीवनमा आत्महत्याका लागि थुप्रैचोटि असफल प्रयास गरेका थिए। त्यसबाट उनी जोगिँदै आएका थिए। यसले एउटा अहम् प्रश्न जन्माउँछ, वास्तवमा उनी मर्न चाहन्थे कि बाँच्न ? यो प्रश्न उपन्यासले पाठकका लागि उठाएर छोडेको छ। उनले मर्नुअघि आफ्नी श्रीमती शोभासँग उनले आफ्नो जीवनका बारेमा यस्तो भनेका छन् :

> *"मैले जानीजानी कुनै अपराध गरेको थिइनँ तर बेहोस-बेहोसमा दुनियाँभरिका पाप मैले आफ्नो थाप्लोमा थाप्नुपऱ्यो। अरुको लहैलहैमा लागेर मलाई मेरा बच्चाहरूले पशु नसम्झून्! म मान्छे नै थिएँ। पढेलेखेको थिएँ। तर, मन ले सारै काँतर भएकोले मेरो यो अवस्था भयो। कुनै अपराध गरिनँ, तर धेरै अपराध लाग्यो।"* (पृ. २८३)

यो समाजमा रहेका हरेक व्यक्ति अभिशप्त जीवन बाँच्न विवश छ। उसले आफू स्वयम्ले गल्ती गर्नु पर्दैन, उसले गर्दै नगरेका गल्ती पनि खोतलेर देखाउने गरिन्छ। अझ अरुले गरेका गल्तीलाई उसले गरेको हो भनी देखाउनका लागि हाम्रो समाज काफी छ। भैरव अर्याल पनि यसैको चपेटामा परेका हुन्। यसले उनलाई मृत्युतर्फ अग्रसर गराएको हो भन्ने कुरालाई माथिको साक्ष्यले मार्मिक तबरले देखाएको छ।

उपन्यासको अन्त्यमा भैरव अर्यालले आफ्नो घरभन्दा केही परको अनकन्टारमा खोलामा हाम फालेर जीवन त्यागेका थिए र यसरी उनले गरेको जीवनको अवसानको लामो समयपछि त्यसका बारेमा समाख्याता रोचक घिमिरे मृत्यु स्थलमा गएर यसो भन्छन् :

> *"उसको जिन्दगीको अन्तिम पानो यसरी फर्लक्क पल्टियो-*
> *उही जर्मनी पैन्ट-बुसर्ट लछप्पै टाँसिएको सुडौल शरीर!*
> *उज्यालो चेहरा!*
> *बायाँ पुर्परोमा रगत बगेर रोकिएको गहिरो चोट!*
> *पाखुरामा भाँचिएको बायाँ हात!!"* (पृ. २८९)

भैरव अर्यालको असामयिक देहावसानपछि नेपाली साहित्यको हास्यव्यङ्ग्य लेखन पनि समस्यामा पऱ्यो। यसर्थ भैरव अर्यालको मृत्यु सामान्य मृत्यु नभएर नेपाली हास्यव्यङ्ग्यको धरोहर ढल्नुका साथै आफूभन्दा सानालाई माया र ठूलालाई सम्मान गर्ने सम्पादकको पनि अवसान हुन पुग्यो। आज भैरव अर्याल भौतिक रूपमा नेपाली पाठकका माझमा नरहे पनि नेपाली साहित्यमा कहिल्यै ननिभ्ने चम्किला नक्षत्र बनेर रहेका छन् भन्ने कुरा यस उपन्यासमा वर्णित छ। यस्ता भावनात्मक कुराको खुलासा गर्ने र त्यसको पुष्टि गर्ने काम पनि माथि साभार गरिएका साक्ष्यहरूले गरेका छन्।

यसरी उपन्यासकार सिन्धुलीयले प्रशस्त खोज र अनुसन्धान गरेर भैरव अर्यालको जीवनीमा आधारित उपन्यास लेखेका भए पनि उनको राजनैतिक आस्था यसमा झल्किएको छ। त्यति मात्र नभएर आफूले अबलम्बन गरेको पेसागत सीप पनि देखिएको छ। उनले आफूलाई लागेको कुरा उपन्यासमा उतारेका छन्। यति भएर पनि यसमा कल्पनाको लेप लगाइएको छैन। उपन्यासकारको पक्षधरताका कारण उपन्यास कमजोर नबनी अझ सशक्त बनेको छ, जसको पुष्टि माथिका साक्ष्यहरूले गरेका छन्।

### थप अध्ययनका लगि सुझाउ

प्रोल्लास सिन्धुलीयको *भग्न भैरव* उपन्यास सर्सर्ती हेर्दा सामान्य खालको भए पनि विविध प्रश्न उब्जाउने खालको उपन्यास हो। यस उपन्यासका माध्यमबाट उपन्यासकारले तत्कालीन नेपाली समाजको विविध पाटाको उजागर गरेका छन्। यसर्थ यस उपन्यासलाई विविध कोणबाट अध्ययन गर्न सकिन्छ। त्यसका लागि निम्न शीर्षक सुझाइएको छ :

क) *भग्न भैरव* उपन्यासमा ऐतिहासिकता

ख) *भग्न भैरव* उपन्यास विसङ्गतिवाद
ग) *भग्न भैरव* उपन्यासमा व्यङ्ग्यचेतना
घ) *भग्न भैरव* उपन्यासमा सामाजिक यथार्थवाद
*ङ) भग्न भैरव* उपन्यासमा प्रगतिशीलता ।

**निष्कर्ष**

उपन्यासकार प्रोल्लास सिन्धुलीयको *भग्न भैरव* उपन्यास प्रसिद्ध व्यङ्ग्यशिल्पी भैरव अर्यालको जीवनीमा आधारित उपन्यास हो । यस उपन्यासमा भैरव अर्यालको जीवनका विविध पाटाहरू केलाइएको छ । यसर्थ भैरव अर्यालका बारेमा जान्न चाहने जोकोही पाठकका लागि यो उपन्यास आधिकारिक सामग्री बनेको छ । यसमा भैरव अर्यालको जीवनी मात्र आएको छैन । त्यतिबेलाको समाज पनि आख्यानका माध्यमबाट हामीसामु आएको छ । यसर्थ यो उपन्यास ऐतिहासिक सन्दर्भका लागि पनि उपयोगी सामग्री हो । यसमा उपन्यासकारले आफ्नो पक्षधरता पनि नजानिँदो पाराले देखाएका छन् । उपन्यासकार सिन्धुलीय प्रगतिशील विचार राख्ने स्रष्टा भएको कुरा यो उपन्यास पढ्दा थाहा लाग्छ । त्यसो त सिर्जना भनेकै लेखकको विचारको उपज हो । त्यसमा लेखकको विचार आएन भने त्यो कृति उत्कृष्ट बन्दैन । यो उपन्यास भाषा, शैली र ढाँचाका कुरामा पनि अब्बल बनेको छ । विश्लेषणका क्रममा माथि लिएका साक्ष्य र गरिएको विश्लेषणका आधारमा *भग्न भैरव* एक उत्कृष्ट जीवनीपरक उपन्यास बनेको छ ।

**सन्दर्भग्रन्थसूची**

अर्याल, निर्मल (२०७७ फागुन १). व्यङ्ग्यशिल्पी भैरव अर्याल. *गोरखापत्र राष्ट्रिय दैनिक*।

अर्याल, भैरव (२०७७). *भैरव अर्यालका हास्यव्यङ्ग्य.* भैरव पुरस्कार गुठी ।

एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।

काइला, बैरागी र अन्य (सम्पा.) (२०६७). *नेपाली बृहत् शब्दकोश.* पुनर्मुद्रित तथा परिवर्धित सातौँ संस्करण. नेपाल प्रज्ञा प्रतिष्ठान ।

काफ्ले, हरिबोल (२०७९). *यशोधरा.* लिपि बुक्स प्रा.लि. ।

धरावासी, कृष्ण (२०६२). समसामयिक नेपाली उपन्यास : प्रयोग र प्रवृत्ति. *गरिमा.* २३ (९). पृ. ५१-६० ।

नेपाल, घनश्याम (सन् २००५). *आख्यानका कुरा.* एकता बुक हाउस प्रा. लि. ।

पाण्डे, ज्योति (२०३६). *भैरव अर्याल जीवनी व्यक्तित्व र कृत्वि.* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र. त्रिभुवन विश्वविद्यालय ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६०). 'ध्रुवचन्द्र गौतमको उपन्यासकारिता'. खुमनारायण पौडेल (सम्पा.). *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ.* चितवन वाङ्मय प्रतिष्ठान ।

प्रभात, रमेश (२०८० असोज ३०). प्रोल्लास सिन्धुलीयको 'भग्न भैरव' उपन्यासमाथि विहङ्गम दृष्टि. *कायाकैरन राष्ट्रिय दैनिक*।

बाङ्देल, लैनसिँह (२०२३). *रेम्ब्रान्ट.* रत्न पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७५ जेठ ६). भैरव अर्यालबारे भ्रम र सच्चाइ. *नेपाली जनता डट कम*।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६८). *शोधविधि.* पाँचौं संस्करण. साझा प्रकाशन ।

श्रेष्ठ, जीवन (सन् २०२३). उत्तरवर्ती नेपाली उपन्यासमा जीवनीपरकता. *शान्ति जर्नल : अ मल्टिडिसिप्लिनरी जर्नल.*

अङ्क १. पृ. १८१- १९४ । https://nepjol.info/index.php/shantij/article/view/54053/40466

सिन्धुलीय, प्रोल्लास (२०७३). *शून्य डिग्री.* साङ्ग्रिला बुक्स प्रा.लि. ।

सिन्धुलीय, प्रोल्लास (२०७९). *भग्न भैरव.* बुकहिल पब्लिकेसन प्रा.लि. ।

हितान, विजय (२०७९). *लाहुरेको रेलिमाई.* साङ्ग्रिला बुक्स प्रा.लि. ।

Adams, H. (ed) (1992). *Critical Theory Since Plato* (Revised ed.). Harcourt Brace Jovanovich Inc.

Salkeld, D. (2001). New Historicism. In C. Knellwolf & C. Norris (Eds.). *The Cambridge History of Literary Criticism* (pp. 59-70). Cambridge Univeristy Press. Doi: 10.1017/CHOL978521300148.006

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# *द्रौपदी अवशेष* उपन्यासमा सांस्कृतिकता

शंकरप्रसाद गैरे (विद्यावारिधि)

***Article History :*** *Submitted 10, Nov. 2023.; Reviewed: 8, Jan. 2024; Revised : 3, Feb. 2024*
***Corresponding Author :*** *Shankar Prasad Gaire* ***E-mail :*** *gaireshankar2012@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65916*

**सारसङ्क्षेप**

*प्रस्तुत समीक्षात्मक लेखमा नीलम कार्की निहारिकाद्वारा लेखिएको द्रौपदी अवशेष उपन्यासको विश्लेषणात्मक अध्ययन गरिएको छ । नेपाली आख्यान साहित्यमा विशिष्ट पहिचान बनाएकी कार्कीको प्रस्तुत उपन्यासलाई सांस्कृति उपन्यास मानिएको पाइन्छ । संस्कृति मानव समाजको जन्मदेखि मृत्युपर्यन्त हरेक समयमा उनीहरूले आफ्नो परिचयलाई झल्काउनेगरी गर्ने स्थानिक, जातिविशेष, लिङ्गविशेष, पेसाविशेष वा यस्तै विशिष्ट पहिचान झल्काउने चलन हो । साहित्यिक कृतिहरूले जीवनजगतका अन्य विभिन्न विषय अवस्थाका साथै त्यस कृतिले प्रस्तुत गरेको पात्रविशेषका स्थानको चालचलन, रीतिरिवाज, संस्कार आदिलाई पनि प्रस्तुत गर्ने हुनाले साहित्यको अध्ययन गर्ने क्रममा त्यसको संस्कृतिपक्षको पनि अध्ययन हुनुपर्ने मान्यता पछिल्लो समयमा विकसित भएको देखिन्छ । त्यस प्रकारको मान्यतामा आधारित सिद्धान्तलाई उत्तरआधुनिक समालोचनाले सांस्कृतिक समालोचनाका रूपमा विकसित गरेको पाइन्छ, जसले साहित्यिक कृतिमा अभिव्यक्त संस्कृतिको अध्ययन गर्दछ । नीलम कार्की निहारिकाले आफ्नो चौथो उपन्यास द्रौपदी अवशेषमा नेपालको हुम्ला जिल्लाको एउटा गाउँमा मूलतः बहुपति प्रथाको रूपमा रहेको संस्कृतिलाई विषय बनाएर त्यसलाई नै प्रस्तुत गर्ने मुख्य उद्देश्यका साथ यो उपन्यासको निर्माण गरेको देखिन्छ । मूलतः वैवाहिक सन्दर्भको संस्कृतिलाई प्रस्तुत गर्ने उद्देश्यले लेखिएको भए पनि वैवाहिक जीवनसँग जोडिएका र कतिपय नजोडिएका अन्य सांस्कृतिक पक्षहरूलाई पनि उठाएको देखिन्छ । प्रस्तुत उपन्यास सांस्कृतिक विषयको उठानका दृष्टिले महत्त्वपूर्ण रहेको हुँदा उपन्यायमा संस्कृतिको पक्षलाई केकसरी उठाइएको छ? भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर द्वितीय स्रोत सामग्रीको प्रयोग गरेर गुणात्मक अध्ययन अन्तर्गत विश्लेषणात्मक विधिको प्रयोग गरी कृतिको विश्लेषण गरिएको छ । उपन्यासमा प्रस्तुत भएका सांस्कृतिक विषयका विभिन्न पक्षलाई सूक्ष्म रूपले अध्ययन गरी प्रस्तुत उपन्यास सांस्कृतिक उपन्यासको रूपमा महत्त्वपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : खाताह, टसी लु, ठालुक, न्येलु, फो, रङलु, सुर्मु ।

**विषयपरिचय**

*द्रौपदी अवशेष* उपन्यास नीलम कार्की निहारिको २०७८ सालमा प्रकाशित उपन्यास हो । २०५१ सालमा *मौन जीवन* उपन्यास लेखेर उपन्यासकारको रूपमा देखापरेकी कार्की २०३१ सालमा पाल्पामा जन्मिएकी हुन् । विद्यावारिधिसम्मको औपचारिक अध्ययन गरेकी कार्कीले उपन्यासका साथै कथा र कविताआदि विधामा कलम चलाएको पाइन्छ । उनको मुख्य साहित्यिक परिचय भने उपन्यासकार र कथाकारको रूपमा छ । २०७० सालमा प्रकाशित उनको *अर्की आइमाई* उपन्यासले कार्कीलाई उपन्यासकारको रूपमा विशेष परिचय दिएको पाइन्छ भने क्रमशः *चीरहरण* (२०७२), *योगमाया* (२०७४) उपन्यासले नेपाली उपन्यासको क्षेत्रमा विशिष्ट पहिचान दिनुका साथै शक्तिशाली उपन्यासकारको रूपमा स्थापित गरेको

*Copyright 2024© the Author(s)*

पाइन्छ । मूलतः नारीवादी दृष्टिकोणलाई अवलम्बन गर्ने कार्कीका उपन्यासमा डायस्पोरा, अभिघात, मिथकीय प्रयोग जस्ता अनेक विशिष्टता पाइन्छ भने उनको पछिल्लो उपन्यास *द्रौपदी अवशेष* मूलतः सांस्कृतिक पक्षलाई केन्द्रमा राखेर लेखिएको देखिन्छ ।

मूलतः नेपालको हिमाली जिल्ला हुम्लामा प्रचलनमा रहेको वैवाहिक संस्कृतिलाई प्रस्तुत गर्ने उद्देश्यले लेखिएको *द्रौपदी अवशेष* उपन्यासमा अन्य कतिपय सांस्कृतिक पक्षहरूको समेत प्रस्तुति रहेको पाइन्छ । सांस्कृतिक पक्ष नै महत्त्वपूर्ण रहेको भए पनि उपन्यासका विषयमा परिचयात्मक टिप्पणीमूलक लेखहरू लेखिएको पाइए पनि हालसम्म सांस्कृतिकताका आधारमा सूक्ष्म अध्ययन विश्लेषण भएको पाइँदैन, तसर्थ प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासलाई सांस्कृतिक सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा अध्ययनलाई व्यवस्थित तुल्याउन विभिन्न शीर्षक उपशीर्षकमा विभक्त गरिएको छ । सांस्कृतिकताको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नुका साथै विश्लेषणलाई उपन्यासमा प्रस्तुत भएका सांस्कृतिक पक्षको विशिष्टताका आधारमा 'विवाहसम्बन्धी सांस्कृतिकता' शीर्षकअन्तर्गत 'विवाहका प्रकार' उपशीर्षकमा 'मागी विवाह', 'प्रेम विवाह', 'जारी तिरी गर्ने र अन्य विवाह' तथा 'भागी विवाह'लाई शीर्षकीकरण गरी अध्ययन गरिएको छ । बहुपतिप्रथामा सन्तानको पहिचानसम्बन्धी समाजले निर्धारण गरेको व्यवस्था र अन्य कतिपय संस्कृतिलाई अलग शीर्षकमा विभक्त गरी अध्ययन गरिएको छ । उपन्यासमा यिनै विषयलाई प्रस्तुत गरिएको र त्यसले हुम्लाको सांस्कृतिक पक्षलाई उजागर गरेको विषयमा लेख केन्द्रित रहेको छ ।

**समस्या र उद्देश्य**

यो लेख *द्रौपदी अवशेष* उपन्यासको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत उपन्यास संस्कृतिक अध्ययनका दृष्टिकोणले महत्त्वपूर्ण रहेको भए पनि हालसम्म यस दृष्टिकोणबाट सूक्ष्म अध्ययन नभएकाले उपन्यासमा सांस्कृति पक्षको केकस्तो प्रस्तुति पाइन्छ भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रहेर अध्ययनलाई अगाडि बढाइएको छ । यस लेखमा *द्रौपदी अवशेष* उपन्यासलाई सांस्कृतिक सिद्धान्तका आधारमा विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत लेखमा *द्रौपदी अवशेष* उपन्यासको विश्लेषणात्मक अध्ययन गरिएको छ । उपन्यास सांस्कृतिक विषयको प्रस्तुतिका दृष्टिले महत्त्वपूर्ण रहेको छ; त्यसकारण यस लेखमा सांस्कृतिक अध्ययनको सिद्धान्तका सापेक्षमा निर्धारित उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनलाई सम्पन्न गर्ने क्रममा प्रथम स्रोत सामग्रीका रूपमा नीलम कार्की निहारिकाद्वारा लेखिएको द्रौपदी अवशेष उपन्यासलाई चयन गरिएको छ भने सैद्धान्तिक अध्ययनका निम्ति पुस्तकालयीय स्रोतअन्तर्गतका द्वितीय स्रोतसामग्रीको प्रयोग गरिएको छ । विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

**सांस्कृतिक अध्ययनको सैद्धान्तिक पर्याधार**

सांस्कृतिक अध्ययनलाई अंग्रेजीमा कल्चरर स्टडिज भनिन्छ । उत्तरआधुनिक बहुलवादी साहित्य समालोचनाअन्तर्गतको सांस्कृतिक अध्ययन महत्त्वपूर्ण मानिन्छ । साहित्य सिर्जना जुन ठाउँ वा परिवेशमा उभिएर गरिएको हुन्छ त्यस ठाउँ वा भूगोलको समुदाय वा समाजको आफ्नै खालको मौलिक संस्कृति हुन्छ । साहित्यिक कृतिलाई कालजयी वा जीवन्त तुल्याउने कार्यमा सांस्कृतिक पक्षको समेत विशेष मूल्य र महत्त्व रहने हुनाले स्रष्टाले आफ्ना रचनामा प्रत्यक्ष परोक्ष रूपमा संस्कृतिलाई भित्र्याएका हुन्छन् । त्यसकारण कृतिको अध्ययन तथा मूल्यनिरूपणका सन्दर्भमा त्यसको सांस्कृतिक पक्षको अध्ययन

महत्त्वपूर्ण हुन्छ । सांस्कृतिक सिद्धान्तको प्रतिपादन रिएन एस्लरद्वारा गरिएको मानिन्छ (शर्मा, २०७८, पृ. १९३) । यही मान्यता साहित्य समालोचनाका क्षेत्रमा पछिल्लो समयमा विकसित भएको एउटा महत्त्वपूर्ण सिद्धान्त वा दृष्टिकोणका रूपमा सांस्कृतिक अध्ययन देखापरेको छ र अर्कोतर्फ कुनै पनि समाजको, कुनै निश्चित समयमा प्रचलनमा रहेका सांस्कृतिक पक्षको अध्ययनका निम्ति पनि साहित्यिक कृतिको अध्ययन महत्त्वपूर्ण हुन जान्छ । यसअन्तर्गत कृतिमा प्रयुक्त संस्कृतिको विलय, संस्कृतिको अन्तर्मिश्रण, संक्रमण, संस्कृतिको रूपान्तरण, स्वसंस्कृतिको रक्षा जस्ता विषयको खोजी गरिने हुनाले (गौतम, २०६७, पृ. ३९०) सांस्कृतिक पहिचानका लागि साहित्यिक कृतिहरू महत्त्वपूर्ण देखिन्छन् । कुनै समाजमा हिँजोका दिनमा कस्तो संस्कृति प्रचलनमा थियो वा आजका दिनमा कुनै समाजमा कस्तो संस्कृति प्रचलनमा छ भन्ने कुराको अध्ययनका दृष्टिले पनि साहित्यिक कृतिहरूको अध्ययन गर्न सकिन्छ । "संस्कृति स्थीर अचल नभई नित्य परिवर्तनशील हुन्छ" (शर्मा, २०७८, पृ. १९३) त्यसकारण एक समाजमा हिँजो र आजको संस्कृतिमा केकस्तो भिन्नता छ र त्यसको परिवर्तन कुन कारण र कसरी भयो भन्ने कुराको अध्ययन पनि यसअन्तर्गत गर्न सकिन्छ ।

संस्कृतिको मुख्य सम्बन्ध मानवसमाजसँग रहन्छ । मानवसमाजले नै संस्कृति निर्माण गर्छ र आवश्यकताअनुसार त्यसमा परिमार्जन गर्दै विकसित गर्छ । त्यसकारण संस्कृतिलाई त्यति नै पुरानो मानिएको छ जति पुरानो मानव सभ्यता रहेको छ (प्रसाद, सन् २०००, पृ. १) । संस्कृतिको इतिहास पुरानो रहेको पाइन्छ भने प्राचीन कालदेखि नै साहित्यिक कृतिहरूमा कुनै न कुनै रूपमा संस्कृतिको उपस्थिति पाइन्छ । परन्तु साहित्य समीक्षाका क्षेत्रमा म्याथ्यु आर्नोल्डले उन्नाइसौँ शताब्दीको पूर्वाद्धमा साहित्यिक कृतिलाई सांस्कृतिक समालोचनाको माध्यमबाट अध्ययन गर्ने परिपाटीको आरम्भ गरेको देखिन्छ (उप्रेती, २०७८, पृ. १७) । आर्नोल्डले सांस्कृतिक विभाजनका निम्ति प्रयोग गरेको दृष्टिकोण उच्च संस्कृति र लोकप्रिय संस्कृतिलाई अस्वीकार गर्दै विकसित भएको सांस्कृतिक अध्ययनलाई नै यसको मूल उठानविन्दु मानिने हुनाले बीसौँ शताब्दीको पचासतिरबाट मात्र यसको आरम्भ भएको मानिन्छ (सुवेदी, २०७६, पृ. १२५) । बेलायतबाट प्रारम्भ भएको सांस्कृतिक अध्ययनले हाल विश्वसाहित्यमा आफ्नो प्रभाव पारेको देखिन्छ । ब्रिटेनबाट आरम्भ भएको सांस्कृतिक अध्ययनले छोटो समयमै अमेरिका, अष्ट्रेलिया, भारत, दक्षिणकोरिया, जापान, ताइवान लगायतका देशहरूका विश्वविद्यालयहरूमा महत्त्वपूर्ण विषयका रूपमा प्रवेश पाएको देखिन्छ (सुवेदी, २०७६, पृ. १२५) । सांस्कृतिक विषयको अध्ययन चर्चा र बहस अघिदेखि नै हुँदै आएको भए पनि पछिल्लो समयमा विशेषतः उत्तरआधुनिक समालोचनाका क्षेत्रमा जुन सांस्कृतिक अध्ययनको विषय उठान गरिन्छ त्यसको स्थापना बर्मिङ्घम विश्वविद्यालयमा सन् १९६४ मा स्नातक अध्ययनको अनुसन्धान केन्द्रका रूपमा रिचर्ड होगार्डको निर्देशनमा भएको मानिन्छ (सुवेदी, २०७६, पृ. १२७) । होगार्डले नै सांस्कृतिक अध्ययनलाई साहित्यसँग जोड्नुपर्ने धारणा प्रस्तुत गरेको देखिन्छ । संस्कृतिको महत्त्वलाई दर्शाउँदै प्रसादले संस्कृतिद्वारा नै मान्छेले हरेक काल-समयमा प्रगति गर्दै गएको छ र संस्कृतिका माध्यमले नै मान्छेले आफूलाई पशुबाट पृथक गरेर जीवहरूमा विशिष्ट स्थान अर्जित गरेको छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । (प्रसाद, सन् २०००, पृ. १) । यसप्रकार संस्कृति मानवसभ्यताको जग हो र यो नै मानवसभ्यताको महत्त्वपूर्ण पक्ष हो भन्ने देखिन आउँछ ।

संस्कृति र कल्चर शब्दले अर्थगत अनेकतालाई सम्बोधन गरेको देखिन्छ । रेमण्ड विलियम्सले यसले बालीनाली, पुनर्जागरणकालमा उद्बोधन, नेतृत्वशास्त्रीहरूले शक्ति र सभ्यता, मार्गरेट मीडका अनुसार ज्ञान र शैक्षिक संस्कार, क्लिफोर्ड गर्जले संस्कृतिको स्थानिक अर्थ हुने मानेका छन् । मिसेल फुकोले उल्टो संकथन मानेका छन् । यसरी संस्कृति अर्थात् कल्चरका अर्थगत विविधता देखिए पनि आज साहित्यिक चिन्तनका क्षेत्रमा सांस्कृतिक अध्ययनको जुन सिद्धान्त स्थापित भएको छ त्यो मूलतः १९६४ को वर्मिङ्घम विश्वविद्यालयको विचारविमर्शको प्रतिफल नै हो भन्ने मानिन्छ (सुवेदी, २०७६, पृ. १२९) । "सांस्कृतिक अध्ययनको सम्बन्ध उदार मार्क्सवाद तथा सबाल्टर्नसँग भए पनि यसलाई केही खुला रूपमा हेरिनु पर्ने देखिन्छ" (सुवेदी, २०७६, पृ. १३३) । यसबाट संस्कृतिको क्षेत्र विशाल रहेको प्रतीत हुन्छ । यसलाई विभिन्न विषयक्षेत्रसँग जोड्ने

गरेको पाइन्छ । तल्लो र माथिल्लो संस्कृतिको विभेद नमान्ने सांस्कृतिक अध्ययनले सीमान्तकृत र समाजको तल्लो वर्गका मानिसहरूका चलन र जीवन अनि मान्यतालाई प्रतिष्ठा दिन्छ । "यसले नारी समलिङ्गी, जातीय उत्पीडनमा परेका मानिस, अश्वेत, अल्पसंख्यक र अरु अल्पमतमा परेका मानिस र तिनका वर्गको अध्ययन गर्नुपर्ने आवश्यकता देखाउँछ" (सुवेदी, २०७६, पृ. १३६) । व्यक्तिको प्रतिभा र मनको संस्कारलाई महत्त्व दिन्छ । साहित्यिक कृतिलाई सांस्कृतिक सिद्धान्तका दृष्टिकोणबाट अध्ययन गर्ने अध्येताले कृतिले प्रतिनिधित्व गर्ने मूल्य अवशेषमुखी, प्रभुत्वमुखी वा भवितामुखीमध्ये कस्तो छ ? कृति नारी सीमान्तकृत, समलिङ्गी, हैकमवादी माथिल्लो वा तल्लोवर्गमध्ये कसका निमित्त बोल्छ ? कृति कुन संस्कृति र भाषाका निम्ति बोल्छ ? जस्ता पक्षमा केन्द्रित रहेर कृतिको अध्ययन गरिनुपर्ने सुवेदीको मान्यता रहेको पाइन्छ (सुवेदी, २०७६, पृ. १३३) । एक समयमा संस्कृति सभ्यतासँग सम्बन्धित रहने गरेको र सभ्यता सभ्यसमाजसँग सम्बन्धित रहने गरेकाले संस्कृति सामन्त वर्गसँग जोडिएको देखिने गरेको भए पनि यसको सम्बन्ध हरेक वर्गसँग हुन्छ भन्ने स्पष्ट हुन्छ ।

संस्कृति आफैमा नवीन विषय होइन तर पनि नवइतिहासवादी चिन्तनको आरम्भसँगै सीमान्तवर्गमा केन्द्रित अध्ययन पद्धतिले सांस्कृतिक अध्ययनको विषयलाई नवीन महत्त्वका साथ अगाडि ल्याएको मानिन्छ । किनारीकृत सबै प्रकारका संस्कृतिको स्थान, मान्यता, खोज र स्थापना जस्ता पक्षमा आधारित भएर गरिने सांस्कृतिक अध्ययनको थालनी बीसौँ शताब्दीका उत्तरार्द्धमा आएर भएको मानिन्छ (पौड्याल, २०७०, पृ. १४५) । यही मूल्यमान्यतामा केन्द्रित रहेर लेखिएका साहित्यिक कृतिविशेष उत्तरआधुनिक सांस्कृतिक लेखनमा पर्दछन् । पिछडिएको भूगोल, वर्ग, समुदायका विषयमा भएका लेखनमा उनीहरूका रहनसहन, जीविकोपार्जनका पद्धति, रीतिरिवाज, चाडपर्व, मूल्यमान्यता आदिको समेत चित्रण पाइन्छ । त्यही पक्षमा केन्द्रित रहेर गरिने समालोचना कृतिको सांस्कृतिक समालोचना मानिन्छ । पछिल्लो समयमा भूमण्डलीकरणको तीव्र प्रक्रियाले स्वाभाविक रूपमा स्थानीय संस्कृतिहरू संक्रमणमा परेका छन् । तिनमा अन्य संस्कृतिको प्रभाव परिरहेको छ (भट्टराई, २०७१, पृ. ८१) । सांस्कृतिक अध्ययनको तात्पर्यलाई मानवका हकमा मात्र ग्रहण गर्ने प्रचलन भए पनि मूलतः प्रकृति जगतका समग्र वस्तुहरूको वनस्पति, जीव र मानवस्वभावको आचरणमा रहेको प्राकृतिक गुण स्वभाव संस्कृति हो (सुवेदी, २०७३, पृ. २०१) । यसप्रकार सांस्कृतिक समालोचनाले कृतिका विविध पक्षलाई अध्ययन गर्ने भए पनि प्रस्तुत समालोचना कृतिले प्रस्तुत गरेको परम्परागत सांस्कृतिक प्रचलन, मूल्यमान्यतालाई विश्लेषणको विषय बनाएको छ ।

### ***द्रौपदी अवशेष* उपन्यासको विश्लेषण**

नीलम कार्की निहारिकाको उपन्यास *द्रौपदी अवशेष* सांस्कृतिक विषयलाई प्रस्तुत गरिएको उपन्यास हो । प्रस्तुत उपन्यासको शीर्षकले नै त्यसतर्फ सङ्केत गरेको पाइन्छ । महाभारतकालकी चर्चित पात्र द्रौपदीले सासुका वचनको पालना गर्ने क्रममा पाँच भाइ पाण्डवकी पत्नी भएर बहुपति स्वीकार गरेको चर्चित प्रसङ्ग अहिले पनि नेपालमा अवशेषको रूपमा विद्यमान रहेको कुरालाई लक्षित गरेको उपन्यासले नेपालको हिमाली जिल्ला हुम्लाको उत्तरी भेगमा विद्यमान रहेको बहुपति प्रथालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरेको पाइन्छ । यसैसँग जोडिएर आउने अनेक व्यवस्था, मान्यताहरूलाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । उक्त क्षेत्रको विवाह गर्ने प्रक्रिया, विवाहपछि आफ्ना एकाधिक पतिहरूसँग पत्नीको सम्बन्ध, जन्मिएको सन्तानलाई बाबुको परिचय दिने आधार, भागेर विवाह गर्नु, अर्काकी श्रीमती भगाउनुका साथै बाबुको परिचयविनाका सन्तानलाई हेर्ने सामाजिक व्यवस्था लगायतका विषयवस्तुहरू उपन्यासमा प्रस्तुत भएका छन् । बहुपतिप्रथालाई कायम राख्नुका पछाडि समाजले बोकेको मान्यता, कमाउन घरबाट बाहिर बसेर लामो समयसम्म काम गर्ने परम्परा र संस्कृतिलाई उपन्यासमा महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ । *नेपाली बृहत् शब्दकोश*ले संस्कृति शब्दका चार अर्थ लगाएको पाइन्छ । जसमध्येको तेस्रो अर्थ "धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचार विचार रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता,

भावना, चिन्तनमनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन" (२०६७, पृ. १२०९) भन्ने अर्थ दिएको पाइन्छ। यही अर्थका सापेक्षमा प्रस्तुत उपन्यासमा हुम्ला जिल्लाको उत्तरी गाउँमा प्रचलित रहेको मूल्यमान्यता संस्कृतिका रूपमा विकसित देखिन्छ। बाहिरबाट विकासे योजना लिएर त्यस ठाउँमा पुगेको दिग्विजयलाई कार्यालयले नै सहयोगीका रूपमा वाङ्दी नामक युवकलाई नियुक्त गरेको हुन्छ; तापनि उसको अधिक निकटता र आत्मीयता ग्याल्जनसँग हुन्छ र ग्याल्जनले माया गर्ने तर अरुसँगै विवाह गरेकी पेमासँग समेत नजिक हुँदै गएपछि प्रसङ्गले प्रस्तुत भएका त्यस क्षेत्रका संस्कृति, परम्परा, संस्कार, मान्यता सामाजिक रीति आदि नै उपन्यासमा सांस्कृतिक विषयका रूपमा प्रस्तुत भएको पाइन्छ। प्रस्तुत उपन्यासमा अभिव्यक्त उत्तरी हुम्लाको परम्परागत सांस्कृतिक प्रचलनलाई यहाँ शीर्षकीकरण गरी प्रस्तुत गरिएको छ।

**उपन्यासमा अभिव्यक्त विवाहसम्बन्धी सांस्कृतिकता**

*द्रौपदी अवशेष* उपन्यासमा उत्तरी हुम्लामा प्रचलित विभिन्न संस्कृतिलाई औपन्यासिक कथ्यका रूपमा प्रस्तुत गरिएको पाइन्छ। जसमध्ये त्यस क्षेत्रमा प्रचलनमा रहेको वैवाहिक व्यवस्था मुख्य देखिन्छ। त्यस क्षेत्रमा विवाहका विभिन्न स्वरूपहरू रहेका पाइन्छन् । तीमध्ये एक आमाका धेरै भाइ छोराले एउटी युवतीलाई संयुक्त पत्नी स्वीकार गर्ने प्रचलन महत्त्वपूर्ण देखिन्छ। उपन्यासको शीर्षकले पनि उपन्यासकारको प्रमुख उद्देश्य बहुपति प्रथालाई प्रस्तुत गर्नु हो भन्ने कुरालाई लक्षित गरेको पाइन्छ। उपन्यासमा विवाहसम्बन्धी संस्कार तथा प्रचलनका कतिपय सन्दर्भहरूलाई औपन्यासिक घटनाक्रमका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ भने कतिपय परम्परा, पद्धति मूल्यमान्यताका विषयमा दिग्विजयको जिज्ञासाका उत्तर दिने क्रममा ग्याल्जनले र केही ठाउँमा वाङ्दीले बताएको पाइन्छ। एउटी नारीले एउटी आमाबाट जन्मिएका सबै भाइलाई पति स्वीकार गर्ने र गर्नुपर्ने सामाजिक मान्यता र परम्परा रहेको उत्तरी हुम्लामा बहुपति प्रथा अवलम्बन गर्नुका पछाडि समाजले देखेका सकारात्मक पक्ष वा फाइदा तथा व्यवहारमा देखिएका नकारात्मक पाटाहरूलाई समेत उपन्यासमा प्रस्तुत गरेको पाइन्छ।

उपन्यासले स्थलगत परिवेशका रूपमा चयन गरेको उत्तरी हुम्लामा युगौँदेखि एक आमाका जति छोरा भए पनि सबैले एउटी युवतीलाई नै पत्नीका रूपमा स्वीकार गर्ने परम्परा रहिआएको देखिन्छ। यस्तो परम्परालाई उनीहरू पारिवारिक रूपमा हुने बलियो सम्बन्धका रूपमा स्वीकार गर्दछन् । समाजका कतिपय मूल्यमान्यताहरूमा नारीको निर्णय (विशेषतः घरकी मुख्य महिला/आमा) चल्ने हुनाले त्यस क्षेत्रमा मातृसत्तात्मक अर्थात् नारीप्रधान व्यवस्था समेत रहेको सङ्केत उपन्यासमा गरिएको पाइन्छ। अन्य नेपाली समाजमा जस्तो त्यस क्षेत्रमा पनि हरेक लोग्नेमान्छेले छुट्टाछुट्टै विवाह नगरेर सबै दाजुभाइले एउटी नारीलाई नै पत्नी स्वीकार गर्नुको मुख्य कारण पारिवारिक एकत्व हुने र सम्पत्ति वितरण हुनबाट जोगिने उपाय रहेको त्यस समाजको दृष्टिकोण देखिन्छ। सबै भाइले अलगअलग विवाह गरेमा आआफ्नो सम्पत्ति, जग्गाजमिन लिएर अलग हुने र त्यही जग्गामा छुट्टाछुट्टै घर बनाउने अवस्था सिर्जना हुन सक्ने सम्भावनालाई सङ्केत गरेको पाइन्छ। यसरी पारिवारिक खण्डीकरणले खेतीयोग्य जमिन कम हुँदै जाँदा मान्छेसँग जमिन नरहने अवस्था सिर्जना हुन सक्ने सामाजिक मान्यता देखिन्छ। यसरी सम्पत्तिको विखण्डन रोक्नकै लागि बहुपतिप्रथा आवश्यक रहने त्यस समाजको तर्क देखिन्छ। उपन्यासमा त्यस क्षेत्रका सांस्कृतिक पक्षहरू मूलतः दिग्विजयको जिज्ञासामा विभिन्न पात्रले दिएको जवाफका रूपमा प्रस्तुत भएको देखिन्छ। दिग्विजयले एउटा लोग्नेको एउटी स्वास्नी वा एउटी स्वास्नीको एउटा लोग्ने देख्दा कस्तो लाग्छ आमै भनी एक वृद्धालाई प्रश्न गर्दा उनी भन्छिन् :

> उहिलेदेखि एउटाले एउटी-एउटी ब्या गऱ्यापछि तिनका सन्तान कति हुन्याछ ? पर उवा हुर्किँदै गरेको खेततर्फ इसारा गरेर फेरि भनिन् त्यहाँ खेत बाली होइन, यस्तै घरैघर हुन्या थियो। अनि कहाँ रोप्न्या, कहाँ उब्जाउन्या, के खान्या, ती बढेका मुखले ? (कार्की, २०७८, पृ. ५७)

उपर्युक्त बुढी आमैका भनाइले बहुपति प्रथा आफैमा एकप्रकारको नियोजन हो भन्नेतर्फ पनि सङ्केत गरेको देखिन्छ। ती आमैले आफ्नै दृष्टान्त दिँदै भनेकी छन् ः

> उनीहरू चार र म गरीकन पाँच थिया। तीन छोरा, दुई छोरी जन्म्याँ। दश भया। मेरा पोइका चार भाइले एउटी-एउटी ब्या गरेका भयादेखि जोइपोइ गरी आठ हुन्या थिए। तिनका पाँच-पाँच होइन, चार-चार मात्र जन्म्या भया पनि छोर्‌छोरी जम्मा सोह्र हुन्या थिए। ... माउ-बच्चा गर्दा चौबीस। लगाएका खेतीले तीन महिना खान पुग्दोइन। चौबीस जना भयादेखिन् क्या हबिगत हुँदो हो ? के खाँदा हुन् ? पहिलादेखिन् एकले एक ब्या गर्‍या भया अहिलेसम्म कति गारो हुन्या थियो ? अन्न त के, माटो खान पनि पुग्न्या थियान। (कार्की, २०७८, पृ. ५८)

यसरी त्यस समाजमा विद्यमान बहुपति प्रथाको महत्त्वलाई दर्शाउने क्रममा त्यस क्षेत्रको उत्पादन, आर्थिक अवस्था आदिलाई मान्दै समाजले सहर्ष स्वीकार गरेको मात्र देखिँदैन; त्यो व्यवस्था नै उत्तम व्यवस्था हो भन्ने मान्यता रहेको पाइन्छ।

**विवाहका प्रकार**

बहुपति प्रथा रहँदै आएको नेपालको हिमाली जिल्ला हुम्लाको उत्तरी भेगमा एउटी नारीले एउटी आमाका धेरै छोरा छन् भने ती सबैलाई लोग्ने स्वीकार गर्नुपर्ने र ती सबै लोग्नेमान्छेले एउटी नारीलाई नै पत्नीका रूपमा स्वीकार गर्नुपर्ने प्रथा रहेको कुरालाई *द्रौपदी अवशेष* उपन्यासले प्रस्तुत गरेको पाइन्छ। एउटी नारीको धेरै लोग्नेमान्छेसँग हुने विवाह एकै प्रकारको नभएर भिन्नभिन्न तरिकाले हुन सक्छ भन्ने विषय उपन्यासमा अभिव्यक्त भएको पाइन्छ। उपन्यासमा उक्त क्षेत्रमा मूलतः पाँच तरिकाले विवाह हुने गरेको उल्लेख गरिएको छ। उक्त कुरा ग्याल्जनले दिग्विजयलाई सुनाएको छ। जसअनुसार कन्याका अभिभावकसँग मागेर गर्ने विवाह, आपसमा मन पराएर गर्ने प्रेम विवाह, अर्काकी श्रीमती भगाइ लाने र जारी तिर्ने विवाह, आफ्नी छोरी दिने र उताबाट छोराका लागि बुहारी ल्याउने साटासाट विवाह, जबर्जस्ती अनि चोरी विवाह (कार्की, २०७८, पृ. ३६) जस्ता विवाहका प्रकार हुन्छन्। यसरी ग्याल्जनका भनाइअनुसार हिमाली जिल्ला हुम्लाको उत्तरी भेगमा पाँच तरिकाले विवाह गर्ने प्रचलन रहेको पाइन्छ। ती प्रकारमध्ये उपन्यासमा मागी विवाहको प्रक्रियाको सविस्तार चित्रण पाइन्छ। प्रेम विवाहको दृष्टान्तका रूपमा उपन्यासकी मुख्य नारी पात्र पेमाको कथा देखापर्दछ। त्यसैगरी जारी विवाहको पनि उपन्यासमा सङ्केत पाइन्छ भने चोरी विवाहबारे पनि छोटो उल्लेख पाइन्छ परन्तु उपन्यासमा साटासाट विवाहबारे कुनै विशेष उल्लेख पाइँदैन।

***मागी विवाह***

उपन्यासले उत्तरी हुम्ला जिल्लामा विवाह गर्ने परम्परागत विधि प्रक्रियाका विषयलाई सविस्तार प्रस्तुत गरेको पाइन्छ। मुख्यतः मागी विवाह र भगाई विवाह गर्ने परम्परा रहेको उत्तरी हुम्लामा मागी विवाह गर्दा भौगोलिक विकटताका कारण अत्यधिक टाढा गई विवाह नगर्ने परम्परा रहेको विषयलाई प्रस्तुत गरिएको पाइन्छ। मागी विवाह गर्दा केटाको पक्षका तीनजना लोग्नेमान्छे केटीका घरमा जाने परम्परा रहेको देखिन्छ। केटीको घरकाले त्यो थाहा पाएर घरभित्र बोलाएमा प्रस्ताव स्वीकार भएको बुझिने, केटी माग्न आएको थाहा नपाएमा वा केटीको घरका मान्छे भेट नभएमा सगुनका रूपमा लिइआएको वस्तु घरबाहिर छोडी नजिकै छिमेकीकोमा बस्ने र यदि त्यो वस्तु घरभित्र प्रवेश गराएमा प्रस्ताव स्वीकार भएको मान्ने प्रचलन देखिन्छ। यसरी छोरी माग्न जाने प्रक्रियालाई रेले भनिन्छ भन्ने कुरा उपन्यासमा उल्लेख गरिएको पाइन्छ (कार्की, २०७८, पृ. ३५)। विवाहका निम्ति छोरी पक्षलाई वा केटीलाई करकाप गर्न नपाइने र नगरिने गरेको परम्परागत संस्कृति पनि विद्यमान रहेको देखिन्छ। विवाहको कुरा चलेपछि स्वीकृत भएमा बढीमा तीन वर्षमा र छिक खुवाएको एक वर्षभित्र पोइलीघर पठाउने चलन देखिन्छ (कार्की, २०७८, पृ. ५८)। मागी बिहे गर्दा जन्ती गएर बेहुली ल्याउने परम्परा रहेको सन्दर्भलाई उपन्यासले

प्रस्तुत गरेको पाइन्छ । आआफ्नो अवस्थाअनुसार सातजना वा एक्काइसजना जन्ती जाने परम्परा रहेको देखिन्छ । जन्ती जाँदा बेहुला नजाने, उसका आफन्तजनमात्र जाने परम्परा रहेको पाइन्छ । जन्तीको संख्या निश्चित हुनेहुँदा जन्ती जान पाउनु भाग्यको विषय मानिने गरेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । जन्तीहरूले रातो बक्खु लगाउने चलन देखिन्छ । जन्तीमा संलग्न व्यक्तिहरूमध्ये सबैभन्दा पाको व्यक्तिलाई 'ह्ययारवोन' र सबैभन्दा कान्छोलाई 'डिपरुक्' भन्ने प्रचलन रहेको पाइन्छ । जन्तीलाई गाउँप्रवेश गर्ने ठाउँमा बाटो छेक्ने र जन्तीले 'थोबु लु' गाएपछि बाटो खोलिदिने प्रचलन रहेको कुरा वाङ्दीले दिग्विजयलाई एउटा विवाहमा सहभागी हुने क्रममा बताएको छ । क्रमशः प्रचलन अर्थात् त्यहाँको वैवाहिक संस्कृतिबारे दिग्विजयलाई वाङ्दी बताउँदै जान्छ । यदि जन्तीमा अन्य व्यक्ति संलग्न छन् भने स्वागत गर्ने क्रममा अन्य व्यक्ति अलग भई निर्धारित सात वा एक्काइस जनालाई खादा लगाएर स्वागत गरिने र विवाहस्थलमा प्रवेश गराइने गरेको उल्लेख पाइन्छ । क्रमशः ढोका, भऱ्याङ्, र जन्ती बस्ने ठाउँमा खाताह बाँधिने गरेको र जन्तीले 'लु' भनेर तिनलाई पन्छाउदै जाने परम्परा रहेको कुरा उपन्यासमा उल्लेख गरिएको पाइन्छ । जन्ती बस्ने स्थानमा पुगेपछि बीसजना जन्ती लस्करै बस्ने तर जन्तीमध्येको सबैभन्दा सानो (डिपरुक्) उभिनुपर्ने त्यहाँको संस्कृति देखिन्छ । बाँयातर्फ कालो बक्खु लगाएका सातजना दुलही पक्षका मान्छे बसेपछि मङ्गल गीत सुरु हुन्छ जसलाई 'टसी लु' भनिन्छ । पहिला दुलहा पक्षले र पछि दुलही पक्षले पालैपालो 'टसी लु' गाएपछि त्यो भाका बिसाउने र 'डेउ खाय लु' गाउने प्रचलन रहेको कुरा उपन्यासमा उल्लेख गरिएको पाइन्छ । यसमा एउटा पक्षको सवाल र अर्को पक्षको जवाफ हुन्छ । 'लु' को अन्त्य भएपछि पोइली अर्थात् बेहुला पक्षबाट ल्याइएका लुगा गहनाले सिंगारिएकी दुलही (पाङमा) लाई बोकेर बाहिर निकालिने चलन रहेको पाइन्छ भने त्यसपछि दुलहीलाई घिउ-टसी लाइदिएर उपहार दिने चलन रहेको कुरा उल्लेख गरिएको पाइन्छ । जन्ती फर्कने क्रममा समेत ढोका तथा भऱ्याङमा बाधा राख्ने र त्यसलाई फुकाउँदै निस्कनुपर्ने परम्परागत संस्कृति रहेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । दुलहीलाई बेहुलाको घर बोकेर वा हिँडाएर दुवै तरिकाले जाने प्रचलन रहेको कुरा उल्लेख गरिएको छ । यसरी गरिने मागी विवाहअन्तर्गत यदि रेले भएपछि छोरी दिन तयार नभएमा लागेको खर्च तिर्नुपर्ने परम्परागत मान्यता रहेको देखिन्छ ।

***प्रेम विवाह***

प्रेम विवाह भनेको केटाकेटीले एक अर्कालाई मन पराएर गर्ने विवाह हो । *द्रौपदी अवशेष* उपन्यासमा उत्तरी हुम्लामा प्रचलित विवाहको अर्को प्रकारका रूपमा रहेको प्रेम विवाह अर्थात् केटाकेटीले एकअर्कालाई मन पराएर गरिने विवाहको प्रचनलबारे पनि चर्चा गरेको पाइन्छ । यसलाई भागी विवाह समेत भन्ने गरेको पाइन्छ । यसप्रकारको वैवाहिक प्रक्रिया र त्यसका विविध विषय प्रस्तुत गर्न उपन्यासकार कार्कीले उपन्यासकी मुख्य नारी पात्र पेमालाई उपयोग गरेको पाइन्छ । विकासे योजना लिएर हुम्ला पुगेको दिग्विजय बस्ने घरकी छिमेकी र हुम्लामा बस्दा सबैभन्दा नजिक भएको सहयोगी ग्याल्जनले मन पराएकी नारीका रूपमा पेमा उपन्यासमा प्रस्तुत भएकी छ । मेला जाँदा एक आपसमा मन पराएर नुर्बुका साथ भागेर उसकी श्रीमतीका रूपमा नुर्बुको घरमा आएकी पेमाले भाग्ने बेलामा नुर्बु माइलो छोरा भए पनि उसको मात्र जोइ बन्ने सर्त राखेकी हुन्छे । पेमाले नुर्बुलाई राखेको सर्तका विषयमा ग्याल्जनले दिग्विजयलाई सुनाउँदै भनेको छ "म तमीसँग जान्या भया तर तम्रो मात्र जोई भै बस्न्या हुँ भन्या छ पेमाले । त्यतिबेला नुर्बुले हुन्छ, तमीले जेजस्तो भन्छ, त्यही हुन्या छ भनेर लिई आयाको" (कार्की, २०७८, पृ. ३१) । यसरी ससर्त नुर्बुसँग भागेर आएको भए पनि घरमा आएपछि पेमाले नुर्बुसँग राखेको सर्त नुर्बुकी आमाले स्वीकार गर्दिन । ऊ भन्छे- "चलन बिगार्न हुँदैन … । जबर्जस्ती केही छैन … बस्न्या भयादेखिन् जेठासाथ बिहे गर्छ, सबै भाइको जोई हुन्छा भन्छ" (कार्की, २०७८, पृ. ३१) । त्यस क्षेत्रमा विवाहसम्बन्धमा युवतीको स्वीकृतिबिना करकाप गर्न नपाइने संस्कार स्थापित रहेको र उक्त संस्कारलाई सबैले सम्मान गर्ने गरेको कुरा उपन्यासमा उल्लेख गरेको पाइन्छ । यसरी पेमाले सासुको सर्त स्वीकार नगरेमा कुनै प्रकारको दवाव नहुने र उसलाई सम्मानपूर्वक माइतीमा फर्काउने, तर यदि सर्त

मान्ने हो भने नुर्बुसँग बिहे नगरेर नुर्बुको दाजुसँग बिहे गर्नुपर्ने सामाजिक परम्परा, मूल्यमान्यता रहेको देखिन्छ। नुर्बुको जेठो दाजुसँग बिहे गरे पनि ऊ नुर्बु लगायत सबैकी श्रीमती हुने व्यवस्था रहेको देखिन्छ।

***जारी तिरी गर्ने विवाह***

*द्रौपदी अवशेष* उपन्यासमा उत्तरी हुम्लामा जारी तिरी विवाह गर्ने प्रथाको बारेमा पनि उल्लेख गरेको पाइन्छ। यसप्रकारको विवाहअन्तर्गत यदि कुनै व्यक्तिले अर्काकी श्रीमती मन पराएर भगायो भने त्यसको क्षतिपूर्ति वापत उसले माग गरेको धन दिनुपर्ने सामाजिक संस्कृति विद्यमान रहेको पाइन्छ। यसप्रकार गरिने विवाह समाजमा स्वीकार्य रहे पनि भगाउन चाहने युवकले आफूमा जारी तिर्न सक्ने क्षमता रहे नरहेको कुरा ख्याल गर्नुपर्ने देखिन्छ। हुम्लामा विद्यमान यस प्रकारको विवाह संस्कृतिलाई प्रस्तुत गर्न उपन्यासका मुख्य नायक नायिकालाई प्रयोग गरिएको पाइन्छ। उपन्यासको नायक ग्याल्जन नुर्बुले प्रेम गरी आफ्नोमात्र श्रीमती बनाउछु भनी ल्याएको तर आमाको आदेशमा सबै भाइकी श्रीमती बनेकी उपन्यासकी मुख्य नारी पात्र पेमालाई अत्यधिक मन पराउँछ। ऊ पेमाको ख्याल गर्छ र उसका बारे चिन्ता गरिरहन्छ। दिग्विजयका अनुसार ऊ प्रसङ्गपिच्छे पेमाको कुरा निकालिरहन्छ, तर पेमालाई भगाएको खण्डमा नुर्बुको दाजुलाई आफूले तिर्नुपर्ने जारी तिर्ने क्षमता नभएकै कारण ऊ पेमालाई भगाउन डराउँछ। दिग्विजय विवाह गरी भित्र्याउँदा एउटी श्रीमतीलाई दिनुपर्ने उपहारको लागि पनि आफू असक्षम भएको बताउँछ। यसरी अर्काकी श्रीमती भगाउनेले घरमा पनि सल्लाह गर्नुपर्ने हुन्छ। घरसल्लाह नगरी भगाएमा घरमा लान पाइँदैन। त्यसको कारणलाई उपन्यासमा प्रस्तुत गर्दै भनिएको छ "अर्काकी जोइ ल्याएर जारी बोक्न सबै भाइ राजी हुन गाह्रे हुन्याछ" (कार्की, २०७८, पृ. ५९)। यसरी विचार नमिलेमा श्रीमती/बुहारीले अर्कोसँग भाग्ने परम्परागत संस्कृति रहेको र त्यसलाई समाजले सहज रूपमा स्वीकार गरेको देखिन्छ। यसरी प्रस्तुत उपन्यासले जारी तिरी अर्काकी श्रीमतीलाई भगाउने परम्परा रहेको सांस्कृतिक पक्षलाई कथानकसँगै जोडेर उठाएको पाइन्छ।

***चोरी तथा अन्य विवाह***

उपन्यासमा चोरी विवाहका सम्बन्धमा धेरै चर्चा गरेको पाइँदैन। एक ठाउँमा प्रसङ्गवस ग्याल्जनले दिग्विजयलाई भनेको छ "हम्रामा चोरी ब्या चल्छ। तर टाउको घुमाउँदा केटी राजी भयान भने लाने बेला जबर्जस्ती भया पनि ब्या जबर्जस्ती हुँदोइन" (कार्की, २०७८, पृ. १७९)।

उपन्यासमा त्यस क्षेत्रमा हुने विवाहका अन्य विभिन्न प्रचलन समेत रहँदै आएको विषयमा समेत चर्चा गरेको पाइन्छ। धेरै लोग्नेका एकाधिक श्रीमती रहन सक्ने व्यवस्था देखिन्छ। यो व्यवस्था विशेषतः पहिलीतर्फ सन्तान नहुँदा उसकै सल्लाहमा गरिन्छ भने एक लोग्नेका दुई श्रीमतीसमेत यदाकदा देखिने गरेको कुरा उपन्यासमा ग्याल्जनले दिग्विजयलाई बताएको छ।

**बहुपति प्रथा र सन्तानको पहिचान**

जेठो छोरासँग बिहे गरेपछि उसका सबै भाइ पनि उसका लोग्ने हुने व्यवस्था रहेको उत्तर हुम्लामा कतिपय भाइहरू भाउजूभन्दा निकै कम उमेरका हुँदा देखिनसक्ने समस्या र समाजले अवलम्बन गरेको त्यसको व्यवस्थापनलाई उपन्यासमा उल्लेख गरेको पाइन्छ। यदि देवरहरू नाबालक अवस्थामा छन् भने उनीहरू सोह्र वर्ष उमेर पुगेपछि मात्र लोग्नेका सम्बन्धका लागि योग्य हुने त्यस समाजको व्यवस्था र संस्कृति रहेको पाइन्छ। एकाधिक पति हुने श्रीमतीले लोग्नेहरूको चित्त कसरी बुझाउन सक्छन् भन्ने दिग्विजयको प्रश्नमा ग्याल्जनले दिएको उत्तरले उक्त समाज नारीका व्यवस्थामा केन्द्रित रहेकाले नारीले नै त्यो व्यवस्था मिलाउने गरेको कुरा उल्लेख गरेको पाइन्छ। हिमाली जिल्ला हुम्लाका गाउँमा प्रायः दुई पाइ हुने; व्यापार व्यवसाय लगायतका काममा बाहिर जानुपर्ने हुनाले प्रायः भाइहरू घरबाट बाहिर रहने हुँदा विशेष समस्या नरहने, घरमा धेरै

भाइ भेला भएको अवस्थामा श्रीमतीले त्यसको व्यवस्थापन गर्ने गरेको कुरालाई उपन्यासमा अभिव्यक्त गरेको पाइन्छ।

बहुपति प्रथा स्वीकार गरिएको समाजमा र विशेष त्यस्ता परिवारमा एकाधिक पति र तिनसँगको नियमित संसर्ग रहने हुँदा जन्मिएको सन्तान कसको हो भन्ने प्रश्न पनि जटिल देखिन्छ। परन्तु यस विषयमा पनि त्यस समाजले एकप्रकारको व्यवस्था स्थापना गरेको कुरा उपन्यासमा अभिव्यक्त गरेको पाइन्छ। यही प्रश्न दिग्विजयले राख्दा सामान्यतया आमा जसलाई बाबु हो भनी बताउँछे त्यो नै बाबु हुने व्यवस्था रहेको ग्याल्जन बताउँछ। साथै त्यस सम्बन्धमा बनाइएका व्यवस्थाका विषयमा ऊ भन्छ "पहिला जन्म्याको जेठोको; त्यसपछि माइलाको, साइँलाको गर्दै एकएक हिसाब लाउँछ कोही। कसैले महिनामहिनाको रगत गयापछि पहिला जोसँग बस्याको थिया, उसलाई बा अन्दाज पनि गर्दो छ। तर भन्ने बेला जेठालाई सबैले आपा-बा भन्या हो। अरुलाई काका" (कार्की, २०७८, पृ. ६४)। यसप्रकार बहुपछि प्रथा भएका क्षेत्रमा आफ्ना सन्तानहरू कुन लोग्नेको हो भनी पहिचान दिने कार्य मूलतः आमाबाट हुने गरेको देखिन्छ भने सबै सन्तानले आमाको जेठो लोग्नेलाई बा र अन्यलाई काका भन्ने गरेको पाइन्छ।

कुनै नारी बिहे गरेर घरमा आउँदा देवर यदि १६ वर्षको छैन भने ऊ लोग्ने नहुने र जुन दिन १६ पुग्छ त्यसदिन लोग्ने स्वीकार्नुपर्ने परम्परागत संस्कृति रहेको पाइन्छ। कतिपय अवस्थामा उमेरको बेमेल हुँदा त्यसलाई अस्वीकार गर्न चाहेको पाइन्छ। ग्याल्जन आफ्नी आमा बेलैमाथि बितेको र भाउजूले आमाको भूमिका निर्वाह गरी हुर्क्याएकाले आमाकै रूपमा हेरेको र त्यसलाई भाउजूले पनि सहज रूपमा स्वीकार गरेको बताउँछ तर भाउजू र देवर दुवैको सहमति नहुँदा भने त्यसमा समस्या उत्पन्न हुने कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको पाइन्छ "कोही देवरलाई भाउजू मन लागेन भने नराम्रो गऱ्याको मान्छ!" (कार्की, २०७८, पृ. ७१)। देवरले भाउजूलाई श्रीमती स्वीकार नगर्नुलाई नराम्रो मानेजस्तै भाउजूले देवरलाई लोग्ने स्वीकार नगर्नुलाई पनि राम्रो मानिदैन भन्ने कुरा उपन्यासमा अभिव्यक्त छ। पेमाको देवर १६ वर्ष पुगेको तर उसले स्वीकार नगर्दा सासुले भनेको अभिव्यक्ति "बर्खरको छ, झगडा मात्र गर्छ। चिडचिड गर्छ। मन नपरे छोडेर जानू, कर गरेर बस भनेका कसैले छैन" (कार्की, २०७८, पृ. ५९)। सबै भाइलाई लोग्ने मान्दा परिवारमा एकता कायम रहने हुँदा बरु घरै छोडेर जानुलाई उनीहरू सामान्य मान्दछन् परन्तु देवरलाई लोग्ने स्वीकार नगर्नुलाई सहज मान्दैनन् भन्ने कुरा पेमाका सासुको अभिव्यक्तिले स्पष्ट पारेको छ।

**संस्कृतिका अन्य सन्दर्भहरू**

*द्रौपदी अवशेष* उपन्यासले मूलतः उत्तरी हुम्लाको समाजले मान्यताका साथ स्वीकार गरेको परम्परा र संस्कृतिका रूपमा विकसित भएर आएका विविध सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको छ। जसमध्ये मुख्य रूपमा बहुपति प्रथालाई प्रस्तुत गरेको पाइन्छ। उपन्यासको शीर्षकले पनि प्रस्तुत उपन्यासको मुख्य उद्देश्य यही रहेको विषयलाई सङ्केत गरेको पाइन्छ। बहुपछि प्रथा आफैमा वैवाहिक जीवनसँग सम्बन्धित रहेकाले उपन्यासमा उक्त क्षेत्रमा हुने विवाहका प्रकार र प्रकृतिबारे पनि सूचना प्रदान गरेको पाइन्छ। उपन्यासमा वैवाहिक सम्बन्धका साथसाथै प्रसङ्गवस अन्य विभिन्न सांस्कृतिक परम्पराका विषयमा समेत उल्लेख गरेको देखिन्छ। त्यस्ता परम्परा र संस्कृतिमध्ये केहीको विस्तारपूर्वक र केहीको संक्षेपमा चर्चा गरेको पाइन्छ।

*द्रौपदी अवशेष* उपन्यासले उत्तरी हुम्लामा अविवाहित नारीले जन्माएका सन्तानलाई समेत स्वीकार गरी सामाजिक स्वीकृति दिने गरेको विषयलाई प्रस्तुत गरेको देखिन्छ। यसरी अविवाहित नारीले जन्म दिएका सन्तानलाई 'न्येलु' भन्ने गरेको पाइन्छ। उक्त समाजमा न्येलु अर्थात् अविवाहित अवस्थामै नारीले सन्तान जन्माउने गरेको लामो परम्परा भएको कुरा ग्याल्जनको अभिव्यक्ति "बूढाबूढी मुन्छे पनि न्येलु छ" (कार्की, २०७८, पृ. १०४) बाट पुष्टि हुन्छ। उपन्यासमा ग्याल्जनकी दिदी अविवाहित रहेर नै सन्तान जन्माएकी नारीका रूपमा देखापर्दछे। उसैका प्रसङ्गबाट यस विषयको उठान गरिएको छ।

बिहे नगरी अन्य लोग्नेमान्छेसँग सम्बन्ध राख्ने नारीलाई 'सुर्मु' भनिने गरेको कुरा उल्लेख गर्दै उपन्यासमा त्यसरी जन्मेका सन्तानको व्यवस्थाबारे पनि उल्लेख गरिएको पाइन्छ। सुर्मुले आफ्नो छोरा कुन व्यक्तिको हो भन्ने कुरा बताइदिएमा उक्त व्यक्तिले आमाछोरालाई नै घर बनाएर खेती गर्ने जग्गा दिएर राख्ने गरेको कुरा उपन्यासमा उल्लेख छ। परन्तु यदि नसक्ने रहेछ भने उसले त्यस प्रकारको व्यवस्था नमिलाउने अवस्थाप्रति पनि सङ्केत पाइन्छ। ग्याल्जन भन्छ "सक्न्याले घर बनाएर पनि राखिदिन्छ। क्षम्ताअन्सार गर्छ। अंश दिन्छ। नसक्यासँग कति धन हुन्छ ?" (कार्की, २०७८, पृ. १०२)। ग्याल्जनको उक्त भनाइले आफ्नी सुर्मु र न्येलुलाई व्यवस्था मिलाइदिने काम क्षमताअनुसारको स्वैच्छिक हो भन्ने देखिन्छ। यस प्रकारको व्यवस्था यदि न्येलुको रूपमा छोरा जन्मियो भने गरिने र छोरी जन्मिएमा नगरिने परम्परागत संस्कृतिलाई पनि उपन्यासले सङ्केत गरेको देखिन्छ। दिग्विजयको जिज्ञासामा छोरी जन्मिएमा सम्पत्ति नदिने बताउँदै त्यस्ता युवतीको पनि बिहे हुन सक्ने र यदि बिहे नभएमा ती युवती पनि कुनै लोग्नेमान्छेको सुर्मु बनेर न्येलुलाई जन्म दिने गरेको विषय उपन्यासमा अभिव्यक्त गरिएको पाइन्छ। न्येलु जन्माउने आमाले उसका बाबुको परिचय नबताउन पनि सक्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ। यसरी अविवाहित नारीले जन्माउने सन्तान आमासँग मात्र बस्नुपर्ने सामाजिक व्यवस्था रहे पनि अविवाहित आमा र तिनका सन्तानलाई हेर्ने सामाजिक दृष्टिकोण सकारात्मक हुने कुरा ग्याल्जनले यसरी भन्छ :

> ब्या नभएर कसैको सुर्मु भयार न्येलु जन्माएर बसे पनि समाजले नराम्रो मान्दैन, हेला गर्दैन। त्यो जसलाई पनि पर्न सक्न्या हो। कोहीलाई नमाग्न्या सक्छ। कोही केटी आफै पनि ब्या गर्न मन गर्दैन। यसै बस्न मन गर्न्या पनि हुन्छ।" (कार्की, २०७८, पृ. १०३)

जतिसुकै समाजले सहज रूपमा स्वीकार गर्छ भन्ने देखिए पनि न्येलुका रूपमा जन्मेका बच्चालाई विभेद गर्ने परम्परा र संस्कृति विकसित भएको कुरा उपन्यासमा अभिव्यक्त भएको पाइन्छ। उपन्यासमा दिग्विजयलाई सहयोगीका रूपमा कार्यालयबाट नियुक्त गरिएको वाङ्दी न्येलु हुन्छ। एउटा बिहेको प्रसङ्ग चलेको बेला दिग्विजयले उसलाई जन्ती गएका छौ? भनी प्रश्न गर्दा आफू नगएको बताउँदै "बाआमा दुइटै भयाकोलाई जन्तीमा लान राम्रो मान्छ" (कार्की, २०७८, पृ. १५१) भन्छ। रङलु केटा भेटेसम्म न्येलुलाई ज्वाइ बनाउन नचाहने गरेको विषय पनि उपन्यासमा उल्लेख भएको पाइन्छ। यसबाट निषेध नै नगरे पनि यथासम्भव न्येलुलाई विभेद गर्ने त्यस क्षेत्रको परम्परागत संस्कृतिको परिचय प्राप्त हुन्छ।

उपन्यासमा प्रसङ्गवस उत्तरी हुम्लामा प्रचलनमा रहेका विविध सांस्कृतिक पक्षहरूलाई प्रस्तुत गरिएको पाइन्छ। यस्ता सांस्कृतिक विषयहरूमा घरको दैवीसंरचना एक महत्त्वपूर्ण पक्षका रूपमा देखापर्दछ। त्यस समाजमा घरको माथिल्लो तला स्वर्गलोक, बीचमा मनुष्यलोक र तल्लो तला यमलोकका रूपमा मानिने, घरको तल्लो तलामा नागपूजा गर्ने स्थान रहने गरेको कुरा त्यस क्षेत्रको सांस्कृतिक परम्परा रहेको पाइन्छ। छोरीलाई पढाउन हुँदैन भन्ने मान्यता रहेको पाइन्छ। मानसरोवरमा जानेहरूले ढुङ्गा चाँङ लगाएर घर बनाउने प्रचलन रहेको र त्यसरी बनाउनुलाई पछिका लागि घर बनाएको भन्ने मान्यता रहेकोले मानसरोवरमा ढुङ्गा चाङ लगाएर घर बनाउने संस्कृति रहेको पाइन्छ। मानसरोवरमा जानेहरूले पूजा गर्ने, हवन गर्ने, पितृका नाममा जल छोएर भेटी राखी सङ्कल्प गर्ने परम्परा रहेको विषयलाई पनि उपन्यासले उल्लेख गरेको पाइन्छ।

प्रस्तुत उपन्यासले हुम्लाको उत्तरी क्षेत्र हिमाली वस्तीमा गरिने मृत्यु संस्कारबारे पनि प्रसङ्ग उठाएको पाइन्छ। मृत्यु भएपछि मान्छेको शरीरलाई टुक्रा पारेर पानीमा बस्ने जीवलाई खुवाउने परम्परा रहेको देखिन्छ। त्यसो गर्दा धर्म हुन्छ भन्ने त्यस क्षेत्रको सामाजिक मान्यता रहेको कुरा उपन्यासमा उल्लेख गरेको देखिन्छ। मान्छे मरेपछि लामाले फो गर्छ अर्थात् मरेकाको आत्मा सारिदिन्छ भन्ने मान्यता रहेको देखिन्छ। त्यस क्षेत्रमा मरेका मान्छेलाई जलाउने वा डाँडामा लगेर चरालाई खान दिने परम्परा समेत रहेको पाइन्छ। त्यसका साथै जमिनमा गाड्ने चलन पनि रहेको देखिन्छ। के गर्ने भन्ने विषयको मुख्य निर्णय लामाले गर्छ। यदि मरेको व्यक्ति पापी रहेछ भने चरालाई दिनु राम्रो हुँदैन भन्ने मान्यता रहेको कुरा उपन्यासमा अभिव्यक्त गरिएको पाइन्छ।

मन्दिरमा बत्ती बाल्ने क्रममा बिजोर बत्ती बाल्नुपर्ने संस्कार रहेको देखिन्छ । एउटा गुम्बामा बत्ती बाल्न लाग्दा दिग्विजयलाई ग्याल्जनले भन्छ "जोडी होइन, बिजोडी बत्ती बाल सर । कि एक, कि तीन बत्ती बाल" (कार्की, २०७८, पृ. ६१) । त्यस क्षेत्रमा कुनै पनि आमाले आफ्नो जेठो छोरालाई गुम्बामा पठाएर लामा बनाउने संस्कृति रहेको कुरा ग्याल्जनले दिग्विजयलाई सुनाएको छ । विवाहमा दिइने दाइजो प्रथा ऐच्छिक रहेको र दिनेले चौरी याक दिने गरेको परम्पराका विषयमा पनि उपन्यासमा उल्लेख गरिएको पाइन्छ । उक्त क्षेत्रमा बालविवाहको सांस्कृतिक परम्परा समेत रहेको कुरा उपन्यासमा उल्लेख गरेको पाइन्छ । मान्छे बिरामी पर्दा धामी बसाउने संस्कृतिलाई पेमा बिरामी पर्दा धामी बसाएको घटनाबाट पुष्टि हुन्छ । सन्तान जन्मिएको एक वर्षमा ठालुक गरिने कुरा छोराको ठालुकमा ग्याल्जनले दिग्विजयलाई निम्ता गरेकोबाट स्पष्ट हुन्छ । ठालुकमा पूजा गर्ने र धामीले बच्चालाई सेतो गजिनोको भोटो पहिऱ्याउने संस्कृति रहेको देखिन्छ । त्यसपछि मन्त्रोच्चारण गर्दै अन्नका दाना शिरमा लगाएपछि पूजाविधि सम्पन्न हुनेगर्छ । निम्तामा जानेहरूले बालकलाई कोसेलीका रूपमा लुगा र नभए पैसा दिने संस्कृति रहेको उल्लेख गरेको देखिन्छ । छोरा एक वर्ष हुँदा धुमधामले गरिने ठालुक छोरी वर्षकी हुँदा भने नगरिने कुरा दिग्विजयलाई ग्याल्जन बताउँछ । त्यस क्षेत्रमा विदाइमा खादा लगाइदिने सांस्कृतिक परम्परा रहेको पाइन्छ । त्यस क्षेत्रमा घरज्वाइँ बनाउने संस्कृति रहेको विषय समेत उल्लेख गरिएको पाइन्छ । यसप्रकार *द्रौपदी अवशेष* उपन्यासले उत्तरी हुम्लाको सांस्कृतिक विविधतालाई प्रस्तुत गरेको पाइन्छ ।

**निष्कर्ष**

*द्रौपदी अवशेष* उपन्यासलाई सांस्कृतिक उपन्यास भनिएको छ । यो उपन्यासले हिमाली जिल्ला हुम्लामा रहेका केही सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको छ । मूलतः उत्तरी हुम्लालाई परिवेश बनाएको उपन्यासले महाभारत कालमा द्रौपदीले पाँच (सबै) भाइ पाण्डवलाई पति स्वीकार गरेजस्तै नेपालको उत्तरी हुम्लामा हालसम्म पनि विद्यमान रहेको विषयलाई सङ्केत गरेकाले त्यसैलाई लक्षित गरी उपन्यासको शीर्षक *द्रौपदी अवशेष* रहन गएको हो । त्यसकारण यहाँ 'अवशेष' शब्दले महाभारतकी द्रौपदीले अवलम्बन गरेको प्रथाको अवशेष भन्ने अर्थ वहन गरेको छ । एक घरमा जति भाइ छोरा भए पनि जेठोले बिहे गर्ने र अन्य भाइले भाउजूलाई नै पत्नी स्वीकार गर्नुपर्ने संस्कृति रहेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । यस प्रथाले परिवारमा विखण्डन नल्याउने, सम्पत्ति टुक्रा पार्नु नपर्ने हुनाले नै यो प्रथालाई त्यस समाजले विशेष महत्त्व दिँदै आएको छ भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । संस्कृतिको एउटा व्यवस्थाले र त्यसमा देखिने कुनै जटिलतालाई त्यसै व्यस्थाअनुकूल हुने गरी विकसित गर्ने परम्पराअनुसार त्यस समाजमा सबै भाइ घरमा नबस्ने; यदि बस्नुपर्ने अवस्था आएमा तिनसँग श्रीमतीले गर्ने व्यवहार (विशेषतः शारीरिक सम्बन्ध र रात्री शयन) का विषयमा पत्नीको निर्णय चल्ने कुरालाई उपन्यासले प्रस्तुत गरेको छ । देवर सोह्र वर्ष नपुग्दासम्म लोग्ने नहुने र सोह्र वर्ष पुगेपछि लोग्नेको मान्यता पाउने सामाजिक व्यवस्था रहेको उक्त क्षेत्रमा देवरले भाउजूलाई वा भाउजूले देवरलाई पत्नीका रूपमा स्वीकार नगर्नुलाई राम्रो मानिँदैन भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ; तर यदि दुवैको सहमति भएमा त्यो स्वीकार्य हुने सांस्कृतिक परम्परा रहेको कुरा उल्लेख छ । मागी विवाह गर्दा माग्न जाने, जन्ती जाने परम्परा रहेको कुरालाई उल्लेख गरेको उपन्यासमा तीनजना माग्न र सात वा एक्काइसजना जन्त जाने तर दुलहा नजाने सांस्कृतिक परम्परा रहेको कुरा उपन्यासमा वर्णन गरिएको छ । जन्तीले निभाउने भूमिकाका बारेमा उपन्यासले स्पष्ट उल्लेख गरेको छ । उक्त क्षेत्रमा प्रेम विवाह, भागी विवाह, जारी विवाह, साटी विवाह, चोरी विवाहको संस्कृति रहेको कुरा उपन्यासमा उल्लेख छ । विवाह नगरी लोग्नेमान्छेसँग शारीरिक सम्बन्ध राख्ने नारीलाई सुर्मु र उसले जन्माएका सन्तानलाई न्येलु भनिन्छ । त्यस्ता सम्बन्धलाई समाजले सहज रूपमा स्वीकार गर्ने परम्परागत संस्कृति रहेको कुरा उपन्यासले प्रस्तुत गरेको छ । त्यस्ता सन्तानलाई उसका बाबुले व्यवस्था मिलाइदिनुपर्ने स्वैच्छिक व्यवस्था रहेको कुरा समेत उपन्यासमा वर्णित छ । उपन्यासमा त्यस क्षेत्रको मृत्युसंस्कारका विभिन्न स्वरूपका बारेमा पनि

उल्लेख गरिएको छ भने छोरा एक वर्षको पुग्दा गरिने संस्कार ठालुकबारे पनि उल्लेख छ। यसका साथै प्रसङ्गले प्रस्तुत भएका घरको संरचना, बिजोर बत्ती बाल्ने वा बाल्नुपर्ने, जेठो छोरालाई गुम्बा पठाउने कुराका साथै बहुपतिका स्त्रीले पाएका सन्तानलाई बाबुको परिचय दिने अधिकार आमामा हुने कुरा उपन्यासमा बताइएको छ। बाबुको परिचय दिने विभिन्न आधार भए पनि सबैले जेठालाई बा र अन्यलाई काका भन्ने परम्परागत संस्कार देखिन्छ। मान्छे बिरामी हुँदा धामी लगाउने उक्त क्षेत्रको परम्परागत संस्कृतिलाई उपन्यासमा प्रस्तुत गरिएको छ। अतः हुम्ला जिल्लामा युगौँदेखि संस्कृतिका रूपमा विद्यमान बहुपति प्रथा र वैवाहिक प्रक्रियाका साथै त्यससँग जोडिएर आउने पारिवारिक सम्बन्धका अनेक व्यवस्थाहरूको सांस्कृतिक परम्परालाई ज्यादै प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ। उपन्यासमा त्यस समाजमा विद्यमान अन्य विभिन्न संस्कृतिलाई समेत प्रस्तुत गरिएको छ। उत्तरी हुम्लाको सांस्कृतिक पक्षलाई प्रस्तुत गरेको उपन्यास *द्रौपदी अवशेष* सांस्कृतिक उपन्यासका रूपमा महत्त्वपूर्ण रहेको छ।

**सन्दर्भग्रन्थसूची**

उप्रेती, सञ्जीव (२०७८). *सिद्धान्तका कुरा* दोस्रो संस्क.. बुकहिल पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप' *भृकुटी.* १० माघ-फागुन-चैत्र, पृ. ३८४-३९८।

कार्की, नीलम 'निहारिका' (२०७८). *द्रौपदी अवशेष.* साङ्ग्रिला पुस्तक प्रा.लि.।

*नेपाली बृहत् शब्दकोश* (२०६७). सातौँ संस्क.. नेपाल प्रज्ञा-प्रतिष्ठान।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल।

प्रसाद, गायत्री (सन् २०००). *सांस्कृतिक भूगोल.* शारदा पुस्तक भवन।

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* दोस्रो संस्क.. ओरिएन्टल पब्लिकेसन।

शर्मा, मोहनराज (२०७८). *समालोचनाको नयाँ कोण.* ओरिएन्टल पब्लिकेसन।

सुवेदी, अभि (२०७६). 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास'. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* रत्नपुस्तक भण्डार।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* पाठ्यसामग्री पसल।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# ‘सिडनीकी सानुमाया’ कथामा डायस्पोरा

टंकप्रसाद पन्थ (विद्यावारिधि)

***Article History :*** *Submitted 21, Nov. 2023.; Reviewed: 18, Jan. 2024; Revised : 10, Feb. 2024*
***Corresponding Author :*** *Tanka Prasad Pantha* ***E-mail :*** *tankapanth12@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65919*

**सारसङ्क्षेप**

*नेपाली समाजमा बढ्दो रूपमा रहेको विदेश पलायनले मानिसको सोच र व्यवहारमा ज्यादै प्रभाव पारेको पाइन्छ । नेपाली नागरिकहरूले विदेशमा भोगेका यथार्थ समस्यालाई प्रकाश पार्न डायस्पोराको सैद्धान्तिक मान्यतालाई उपयोग गरी विश्लेषण गरिएको छ । यसका लागि लेखक भागवत खनालको बाबा मेरो पीआर आयो कथाभित्रको ‘सिडनीकी सानुमाया’ कथालाई छनोट गरिएको छ । प्रस्तुत लेखमा आवश्यक सामग्री प्रथम र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक तथा द्वितीयक सामग्रीको उपयोग गरी डायस्पोरिक अवधारणालाई प्रकाश पारी विश्लेष्य कथामा प्रस्तुत डायस्पोरालाई खोजी गर्ने काम यस लेखमा गरिएको छ । खनालको उक्त कथामा विदेशमा बस्ने नेपालीले भोगेका वास्तविक समस्यालाई प्रकाश पारिएको छ । वर्तमान नेपाली समाजको जल्दोबल्दो समस्यालाई कथामा उठान गरिएको पाइन्छ । उक्त कथालाई डायस्पोरिक चेतनाका आधारबाट विश्लेषण गर्ने काम यस लेखमा गरिएको छ । कृतिको अर्थापनका लागि सघन पाठविश्लेषण विधिअनुसार गुणात्मक प्रकृतिको अध्ययन विश्लेषण गरी स्थापित सिद्धान्तका आधारमा परिणाम निकालिएकाले यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । ‘सिडनीकी सानुमाया’ कथामा डायस्पोरिक प्रवृत्ति के कसरी प्रयोग भएको छ ? भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही डायस्पोराको सैद्धान्तिक पर्याधारका सापेक्षमा विश्लेषण गरिएको छ । विश्लेष्य कथाको विषयवस्तु र पात्रले भोगेको पराईदेशको यथार्थ अवस्था र सामाजिक सांस्कृतिक रूपमा देखेको भिन्नता भोग्नुपरेको सङ्घर्षका साथमा डायस्पोरा सशक्त रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : आप्रवासी, डायस्पोरा, पराईदेश, पुर्ख्यौली भूमि, सङ्क्रमणशील ।

## विषयपरिचय

भागवत खनालको जन्म हालको रिब्दीकोट गाउँपालिका वडा नं. ३ खस्यौली पाल्पामा भएको हो । सुरुमा शिक्षण सेवा गरेका खनाल पछि सरकारी सेवामा प्रवेश गरी हाल सहसचिवबाट अवकाश लिएका छन् । विद्यार्थी कालमै साहित्यप्रति रुचि भएका खनालले २०४० सालमा मातृभूमि साप्ताहिकमा ‘गरिबको जिन्दगी’ शीर्षकको कथा प्रकाशन गरी साहित्यमा प्रवेश गरेको देखिन्छ । कार्यक्रमहरूमा यदाकदा कविता पनि लेख्ने गरेका खनालका साधनाको मुख्य क्षेत्र कथा र निबन्ध रहेको पाइन्छ । विभिन्न छापा तथा अनलाइन पत्रिकाहरूमा कथा र निबन्ध प्रकाशित खनालको *बाबा मेरो पीआर आयो* (२०८०) यिनको पहिलो प्रकाशित कृति हो । सामाजिक सञ्जालका भित्ताहरूमा समसायिक समस्यामा केन्द्रित भई लेखिएका लेखरचनाहरूबाट पनि खनालको लेखकीय व्यक्तित्वलाई पहिचान गर्न सकिन्छ पछिल्लो समयमा यिनी सक्रिय रूपले साहित्यमा लागेको पाइन्छ । इतिहास र संस्कृतिका विषयमा विशेष रुचि राख्ने खनालका लेखहरूमा बिम्ब, प्रतीक र मिथकको स्वाभाविक प्रयोग भएको पाइन्छ । इतिहासको निरस विषयलाई कल्पनाको लेपन लगाई सरस र कलात्मक तुल्याउनु यिनको विशेषता नै हो । पाल्पाको इतिहासमा लुकेर रहेका कुरालाई आख्यानात्मक ढाँचामा ढाली प्रस्तुत गर्ने काम पनि

*Copyright 2024© the Author(s)*

यिनले गरेको पाइन्छ। पौराणिक आख्यानभित्रका विविध प्रसङ्गलाई समसामयिक पृष्ठभूमिमा ढालेर प्रस्तुत गर्ने कला पनि विशिष्ट खालको देख्न सकिन्छ। नेपाली जीवनको यथार्थ अवस्थालाई आख्यानात्मक ढाँचामा प्रस्तुत गर्ने हुनाले प्रस्तुतिमा रोचकता र कलात्मकता पाइन्छ। समाजका समस्यालाई नै रचनागर्भ बनाई लेखिएका यिनका कथाहरू पठनीय रहेका छन्। नेपाली समाजको समकालीन अवस्थाको झलक यिनको लेखनमा पाइन्छ। इतिहासका गर्भमा लुकेर रहेका वास्तविकतालाई कथावस्तु, पात्र अनि परिवेश सापेक्ष तुल्याएर उत्खनन गर्ने कुरामा पनि खनालको लेखन केन्द्रित रहेको पाइन्छ। पाल्पा तथा गुल्मीको सेरोफेरोका पात्र, तिनका संवाद र सजीव भाषाशैलीको प्रयोग भएकाले यिनको लेखनमा आञ्चलिकताको छाप पाउन सकिन्छ। बाबा मेरो पीआर आयो कथासङ्ग्रहमा चौबिसवटा कथाहरू रहेका छन्। यी कथाहरूले विविध विषय र प्रवृत्तिलाई समातेको पाइन्छ।

*बाबा मेरो पीआर आयो* कथासङ्ग्रहभित्रको 'सिडनीकी सानुमाया' कथामा विदेशी भूमिमा नेपाली पात्रको उपस्थिति गराइएको छ। यस आधारमा कथाको प्रमुख पक्ष डायस्पोरा रेहेको देखिन्छ। विश्लेष्य कथा 'सिडनीकी सानुमाया' मा डायस्पोराको प्रयोग के कस्तो रूपमा भएको छ ? भन्ने प्रमुख प्राज्ञिक समस्यामा लेख केन्द्रित गरिएको छ। विदेशी भूमिमा बस्ने नेपालीहरूले के कस्ता समस्या भोगेका छन् ? सामाजिक सांस्कृतिक दृष्टिले केकस्तो भिन्नतालाई देखाइएको छ ? भन्ने प्राज्ञिक समस्याको समाधानमा प्रस्तुत लेख केन्द्रित रहेको छ। उक्त कथामा सानुमाया र उसको लोग्नेले भोगेका समस्यालाई डायस्पोराका पृष्ठभूमिमा विश्लेषण गर्नु लेखको उद्देश्य हो। *बाबा मेरो पीआर आयो* सङ्ग्रहभित्रको 'सिडनीकी सानुमाया' भित्र सीमित रही उक्त कथालाई अन्य सैद्धान्तिक आधारबाट नभई डायस्पोराका केन्द्रबाट मात्र विश्लेषण गर्नु प्रस्तुत लेखको सीमाङ्कन रहेको छ। खनालाको उक्त कृतिमाथि केन्द्रित रही अध्ययन विश्लेषण नगरिएकाले शोधको रिक्ततालाई पूर्णता दिने कार्यमा यो अध्ययन सार्थक हुने विश्वास लिइएको छ। विश्लेष्य कथामा निहित डायस्पोरालाई प्रकाश पारी निष्कर्ष निकाल्ने काम गरिएको छ।

## अध्ययन विधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत लेख तयार गर्ने क्रममा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ। प्राथमिक स्रोतअन्तर्गतको सामग्रीका रूपमा भागवत खनालको *बाबा मेरो पीआर आयो* कथासङ्ग्रहभित्रको 'सिडनीकी सानुमाया' कथालाई लिइएको छ। यसैगरी द्वितीयक स्रोतका सामग्रीका रूपमा डायस्पोराका सम्बन्धमा गरिएका अध्ययनलाई लिइएको छ। यी दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। प्राथमिक सामग्रीको खोज, अन्वेषण तथा विश्लेषणमा आगमनात्मक तथा निगमनात्मक विधिको प्रयोग गरिएको छ। यस लेखमा सङ्कलित सामग्रीको अध्ययनका लागि डायस्पोर ासम्बन्धी अवधारणालाई सैद्धान्तिक आधारका रूपमा अनुसरण गरिएको छ। कृतिपठनलाई आधार बनाई निगमनात्मक विधिद्वारा सामग्रीको अध्ययन विश्लेषण गरी अर्थापन गरिएको छ।

वर्तमान साहित्य समालोचनामा डायस्पोरा चेतना सशक्त रूपमा आएको पाइन्छ। एक ठाउँबाट सरेर टाढा गई यताउता छरिएर बस्नुलाई डायस्पोरा भनिन्छ (गौतम, २०८०, पृ. २८०)। मानिस आफ्नो जन्मस्थान छाडेर अन्यत्र जाँदा उसले मातृदेशको पहिचान गुमाउन पुग्छ। आज मानिस विश्वका हरेक कुनामा फैलिएको छ। यसले गर्दा डायस्पोराको मर्म र क्षेत्र पनि विस्तारित भएको पाइन्छ। पहिले देश र क्षेत्रका राजनीतिक र सांस्कृतिक सीमाभित्र नै मानिसको राष्ट्रिय परिचयको निर्माण हुने गर्दथ्यो। तर अहिले थुप्रै मानिस आफू जन्मिएको राष्ट्रबाट अरू राष्ट्रतिर सर्दै जाने गति झन् बढ्दै गएको छ (उप्रेती, २०६८, पृ. २१०)। फरक भूगोल, संस्कृति र पहिचानका कारण डायस्पोरा जन्मिएको हो। विज्ञान र प्रविधिले गर्दा आजको मानिस यत्रतत्र फैलिने अवस्था बढ्दो मात्रा देखिएको छ। मूलतः दोस्रो विश्वयुद्धको समयमा ज्यान जोगाउने उद्देश्यले देश छाडेर हिँडेका मानिसहरू अर्को देशमा गएपछि अस्तित्व खोज्न थालेसँगै डायस्पोराको प्रभाव बढ्न थालेको

पाइन्छ। युद्धको मारबाट विभिन्न स्थानतिर पलायित बनेका पीडित योद्धा र पलायित व्यक्तिका उपस्थितिमा पनि डायस्पोराको जन्म भएको देखिन्छ (सुवेदी, २०६८, पृ. ७७)। डायस्पोरा जन्माउने प्रमुख कारण शान्ति र सुरक्षा हो भन्ने कुरा यहाँ जोडिएर आएको पाइन्छ।

डायस्पोरा शब्द ईसापूर्व छैठौँ शताब्दीदेखि प्रचलनमा आएको पाइन्छ। यसको तात्कालिक अर्थलाई हेर्दा अहिले प्रचलित अर्थभन्दा ज्यादै पृथक् देखिन्छ। प्रारम्भमा यसको अर्थ निर्वासन वा देशबाट निकालिएको भन्ने रहेको पाइन्छ। तर बीसौँ शताब्दीमा आएर यसले व्यापकतालाई समेटेको हो। यतिखेर डायस्पोरा शब्दले बलपूर्वक निकालेको नभई जुनसुकै कारणबाट स्वयं अन्य मुलुकमा जानु वा आफै संसारभर फैलिनु वा कुनै पनि कारणबाट आफ्नो जन्मभूमि वा पुर्ख्यौली थलो छाडेर अन्यत्र गई बस्ने भन्ने अर्थ दिन्छ (लुइटेल, २०७९, पृ. १०)। लामो समयपछि आएर मानिसको स्वाभाविक फैलावटलाई डायस्पोराले प्रतिबिम्बित गरेको पाइन्छ। मानिस आफ्नो थातथलो डाडेर हिँडेपछि डायस्पोरा कहलिन्छ। डायस्पोरा निर्माण गर्ने तत्त्वको आम रूप नै आप्रवासन हो तर त्यो बलात्, स्वच्छाले र अन्य कारणले पनि भएको छ (भट्टराई, २०७२, पृ. २७)। डायस्पोराको इतिहासलाई हेर्दा पहिले सङ्कुचित र बहिष्कृत खालको अर्थ दिने गरेको र समयक्रममा व्यापक पृष्ठभूमिमा प्रयोग भएको पाइन्छ। अहिले डायस्पोराले विशिष्टीकृत शब्दको रूप लिएको छ। आज यसले जुनसुकै जाति भए पनि एक मातृदेशका व्यक्तिहरू अन्यदेशमा छरिएर बस्नु भन्ने अर्थ दिन्छ (पौड्याल, २०७०, पृ. १०९)। कुनै पनि जातिको फैलावटलाई यसले सङ्केत गरेको पाइन्छ। फैलावटको तात्पर्य एउटा भूगोल, समाज, भाषासंस्कृति भएको मुलुकबाट अर्को भिन्न भूगोल, समाज, भाषासंस्कृति भएका मुलुकमा गएर समायोजन हुनु चुनौतीपूर्ण काम पनि हो। वैदिक कालदेखि प्रचलनमा रहेको चरैवेति.. शब्दले पनि मानिसको फैलावट र विचरणलाई सङ्केत गरेको देखिन्छ। परदेशमा रहँदा आफ्नो परिचयलाई प्रदर्शन गरी बस्ने मानिस डायस्पोराको परिभाषामा पर्दछ।

आजको समाजको विकार र मानिसका आवश्यकतालाई हेर्दा मानिस विश्वका कुनाकुनामा फैलिन पुगेको छ। मानिस रहर र लहडले मात्र पराईभूमिमा जाँदैन। आफ्नो थातथलो नै छाडेर गएको मानिस आफ्नो पूर्व अतीत वा बाल्यकाल सम्झेर पछुतो मान्न पुग्छ। मानिस विविध कारणले गर्दा आफ्नो मातृभूमिलाई छाडेर टाढा बस्न जान्छ। यसरी टाढा रहँदा मातृभूमिको सम्झना र प्रेमले भुतुक्क नै हुन्छ। विदेशी भूमिमा रहँदा मातृभूमिप्रतिको प्रेम र टाढिएर बस्नुपर्दाको नैराश्य भाव बोली व्यवहार र लेखनमा प्रकट भएको हुन्छ। विदेशमा रहँदाबस्दा गैरनागरिकजस्तो हुनुपर्दा आत्मपहिचानको खोजी गर्ने सन्दर्भमा आफू आफैभित्र शरणार्थी बन्नुपरेको तितो सत्यको वर्णन गर्दा आफ्नो धर्ती र माटोप्रतिको आस्था प्रकट हुनपुग्छ (कक्षपती, २०७८, पृ. ९७)। मानिस आफ्नोपन र परिवेशको यादमा भावुक बन्छ। यस्तो स्थितिमा काया विदेशमा हंसभने स्वदेशमा रहेको यथार्थ देख्न सकिन्छ। पराईदेशको बसोबास अनि त्यहाँको विभेदजन्य व्यवहारका कारण पीडाबोध गरी पुर्ख्यौली भूमिलाई सम्झिई आफूलाई एक्लो अनुभव गर्छन्। डायस्पोराहरू भौतिक र राजनीतिक रूपमा पराईदेशका नागरिक भए पनि सांस्कृतिक रूपमा गृहदेश वा पुर्ख्यौली भूमिसँग जोडिएका हुन्छन् र त्यसैका माध्यमबाट पहिचानका आधारहरूको संरक्षण गर्छन् (लुइटेल, २०७९, पृ. २५)। यसका साथै पराईदेशको बसाइ र पुस्तान्तरणका प्रभावले पनि तिनीहरूलाई खिन्न र उदासीन बनाउँछ। जीवनमा कुनै ठुलो कुरा गुमाएको अनुभूति तिनीहरूलाई हुन्छ। त्यसै अनुभूतिलाई सिर्जनाका माध्यमबाट अभिव्यक्ति दिने काम भएको पाइन्छ। आफ्नो घरदेशका अनुभूतिलाई लामो समयसम्म स्मृतिमा राखेर एक्लोपन झेल्नु पनि डायस्पोराको प्रवृत्ति हो।

विदेशी भूमिमा आफ्नो स्वत्व र पहिचान कायम गर्न डायस्पोराहरू क्रियाशील हुन्छन्। आफू र आफ्नो अवस्थाको बोधसँगै पहिचानको खोजी गर्ने कार्यसँगै डायस्पोरा लेखन अगाडि बढ्दछ। डायस्पोरा वा आप्रवासीका भाषिक, सांस्कृतिक, सामाजक, राजनीतिक, साहित्यिक कानुनी आदि यावत स्थिति र जीवन पद्धतिसमेत सङ्क्रमणको अवस्थामा रहेको हुन्छ। उनीहरूले आफ्नो संस्कार र जीवनशैलीलाई पूरै त्याग्न पनि सकेका हुँदैनन्, अर्कोदेशको संस्कार अनि जीवनशैलीलाई

पूरै ग्रहण गर्न सकेका पनि हुँदैनन् (गौतम, २०६७, पृ. ३९१) । यसले उनीहरूलाई क्रियाशील र सिर्जनशील बनाइरहेको हुन्छ । आफ्नो पहिचान खुल्ने क्रियाकलाप गरेर सन्तुष्टि लिनतर्फ यिनीहरू उद्यत देखिन्छन् । डायस्पोरा भोगेका समुदायले मनमा रहेको अतीतको वा घरदेशको सम्झनालाई मनमा सजाएर राखेका हुन्छन् । आफ्नो पहिचान झल्काउनका लागि उनीहरूले अनेक उपाय गरेका हुन्छन् । मानिस एकै ठाउँमा जमेर बसिरहन पनि सक्दैन, त्यसैगरी नयाँ ठाउँमा गएर सन्तुष्ट पनि हुँदैन । स्वदेशमा काम नपाउनाले समृद्ध देशप्रति आकर्षित भई विदेश पलायन हुनु स्वाभाविकजस्तै बनेको छ । आकर्षण वा बाध्यताले विदेशी भूमिमा बसेका आप्रवासीहरूका आफ्नै कथाव्यथाहरू छन् । तिनीहरू आशङ्का र द्विविधाको अवस्थामा बाँचेका हुन्छन् । विदेशी भूमिमा बस्दा आफ्नो गृहभूमिका विविध कुराको सम्झना आउने, सपना देख्नेजस्ता कारणबाट के गरौँ कसो गरौँ वा यसो गरौँ कि उसो गरौँ भन्ने भइरहन्छ (सुवेदी र गौतम, २०७९, पृ. १४०) । तेस्रो नागरिक हुनुको पीडाबोधको परिणामस्वरूप डायस्पोरा साहित्यको सिर्जना हुन्छ । आफ्नो अचेतनको चाहनालाई मूर्त रूप दिनका लागि डायस्पोराहरू सिर्जनात्मक कार्यमा लाग्दछन् । डायस्पोराले आस्तित्विक चेतना, विरानोपन र अपरिचयीकृत मानवीय अस्त्विको खोजीका साथै स्वदेशीपनप्रतिको अनुरागलाई समेटेको पाइन्छ (गौतम, २०६६, पृ. ५४) । स्वदेशबाट टाढा रहनुपर्दा उनीहरूमा विरानोपनको अनुभूति हुन्छ । अभिव्यक्तिका माध्यमबाट त्यसलाई मुखरित गर्ने प्रयास गरेको पाइन्छ । विदेशीभूमिमा बसेका नेपालीहरूका भोगाइ र विवशतालाई डायस्पोराको सिद्धान्तद्वारा प्रकाश पार्न सकिन्छ । आफ्नोभन्दा फर संस्कृतिसँगको अन्तरक्रियाले डायस्पोरालाई सन्देहको स्थिति सिर्जना हुन्छ । नयाँ संस्कृतिसँगको समायोजन तथा मातृदेशको रुझानले उनीहरू सङ्कटको अवस्थामा रहेका हुन्छन् । उनीहरूमा एकातिर मातृदेशको संस्कृति, जाति, भाषा, नातागोता आदिको सम्झना र त्यसलाई प्राप्त गर्ने चाहना हुन्छ भने अर्कातिर इच्छित वा आतिथ्य भूमिको भौतिक सुख र भविष्यमा आइपर्न सक्ने सङ्कटको शङ्काले त्रसित बनाएको हुन्छ (पौड्याल, २०७०, पृ. १११) ।

आजको विश्वको अवस्थालाई हेर्दा मानिस भूगोल र सीमाविहीन बन्दै गएको स्थिति देखिएको छ । विश्वानागरिकको अवधारणासमेत चर्चामा आएको देख्न सकिन्छ । विश्वव्यापी र अन्तर्राष्ट्रिय मानवको उपस्थितिका कारण आज विश्वका गाउँ, सहर, नगर, महानगरहरू पनि समिश्रित रूपमा बदलिँदै गएका छन् । अनेक सांस्कृतिक, राजनीतिक र आर्थिक मूल्य समिश्रित नगर बनेको आजको विश्व विश्वनगरीकरणमा बदलिँदै गएको अवस्थाा छ (नायर, सन् २००८, पृ. २१३) । डायस्पोरालाई बुझ्न भूगोलको सीमा तथा राजनीतिक दृष्टिले पर्खाल निर्माण गरेको हुन्छ । भौगोलिक सिमानाका साथमा भाषिक सांस्कृतिक कुराको पनि भूमिका रहेको पाइन्छ । जसले कस्तो अवस्थामा डायस्पोरा हुन्छ भन्ने कुराको निर्धारण गर्दछ । हाम्रा सन्दर्भमा राजनीतिक दृष्टिले मेचीकालीभित्रका नेपाली अथवा भारतीय र भुटानी नेपाली जो आफ्नो मूल भूमिभन्दा बाहिर आप्रवासीको हैसियतमा छन्, ती डायस्पोरा हुन् र तिनको साहित्यले छुट्टै परिचय र स्थान बनाइरहेको छ (पौडेल र सुवेदी, २०७७, पृ. २२९) । नेपाली साहित्यमा डायस्पोराको प्रयोगको पृष्ठभूमिलाई हेर्दा आख्यान तथा यात्रा संस्मरणमा देख्न सकिन्छ । नेपाली डायस्पोराले पछिल्लो समयमा निकै प्रभाव छाडेको देख्न सकिन्छ । आजको डायस्पोराका मूलभूत मौलिकतापूर्ण चिन्तनको पक्ष प्रतिष्ठित हुनुमा एकातिर यायावरीय वृत्तिको प्रबल भूमिका छ भने अर्कातिर विभिन्न आप्रवासनका कारणहरूको प्रभाव पनि त्यत्तिकै जिम्मेवार छ (सुवेदी, २०६८, पृ. ७८) । वर्तमान नेपालको अवस्थालाई हेर्दा युवाहरूको बढ्दो पलायनले डायस्पोरा साहित्यलाई मलजल गरेको कुरा स्पष्ट हुन्छ ।

**डायस्पोराका कोणबाट 'सिडनीकी सानुमाया' कथाको विश्लेषण**

लामो इतिहास भए पनि उत्तरआधुनिक कालखण्डमा विकास भएको डायस्पोरा वर्तमान नेपाली साहित्य समालोचनाका क्षेत्रमा देखापरेको प्रभावकारी मान्यता हो । अहिले नेपालीहरू विश्वका विभिन्न देशमा फैलिन पुगेका छन् । हिजोका दिनमा रूढ अर्थ बोकेको र सङ्कुचित दायरामा खुम्चिएको डायस्पोरा शब्दले अहिले व्यापकता पाएको छ । अहिले डायस्पोरालाई

सकारात्मक आँखाबाट हेरिएको पाइन्छ । विश्वका विभिन्न मुलुकमा फैलिएर बस्ने क्रममा व्यक्तिले आफ्नो जन्मथलो तथा सांस्कृतिक चालचलनलाई झट्ट त्याग्न सक्दैन । आफ्नो मातृभूमिमा भोगेका अनुभूति र संस्कारलाई व्यक्तिले सम्झना वा संस्कारमा आफूसँगै लिएर गएको हुन्छ । सुरुमा गन्तव्य देशको चालचलन र जीवनशैली फरक हुँदा आफूलाई एक्लो महसुस गर्दछ । पूर्व जीवनलाई सम्झेर कल्पनामा हराउन थाल्छ । यस प्रकृतिको अभिव्यक्ति भएका कृतिलाई डायस्पोराको सैद्धान्तिक पृष्ठभूमिबाट अध्ययन गर्नु सान्दर्भिक हुन्छ । प्रस्तुत लेखमा भागवत खनालको *बाबा मेरो पीआर आयो* कथासङ्ग्रहभित्रको 'सिडनीकी सानुमाया' कथालाई डायस्पोराका पृष्ठभूमिमा अध्ययन गरिएको छ ।

भागवत खनाल नेपाली कथाको समकालीन समयमा प्रखर रूपमा देखा परेका छन् । उनको *बाबा मेरो पीआर आयो* कथासङ्ग्रहमा विविध विषय र समस्यामा आधारित कथाहरू रहेका छन् । 'सिडनीकी सानुमाया' उक्त कथासङ्ग्रहभित्रको एउटा कथा हो । नेपालबाट विदेशी भूमिमा गएर सङ्घर्षपूर्ण जीवन बिताइरहेका मानिसहरूको प्रतिनिधि पात्रका रूपमा सानुमायालाई प्रस्तुत गरिएको छ । प्रारम्भिक दिनहरूमा धेरै दुःखकष्ट सहेर पछि आफ्नै पसल खोलेर बसेका सानुमाया र उसको पति अच्छाहाङको यथार्थ अवस्थालाई कथामा वर्णन गरिएको पाइन्छ । सानुमाया र उसको पतिले भोगेका सुरुका दिनका सङ्घर्ष र प्रतिकूलतालाई कथामा साङ्केतिक रूपमा प्रस्तुत गरिएको छ । कथाको प्रस्तुतिका सिलसिलामा पश्चिमाहरूको जीवनशैली अनि पारिवारिक ढाँचा र मान्यतालाई पूर्वीय समाज सापेक्षित रूपमा तुलना गरिएको पाइन्छ । यसबाट नेपाली समाज र पश्चिमी समाजमा भएको फरक अवस्थाको झलक पनि कथामा प्रस्तुत भएको छ । नेपालीहरूको मानसिकता, पारिवारिक ढाँचा तथा जीवनशैलीका तुलनामा उनीहरूको जीवनशैली फरक रहेको र त्यसले डायस्पोरालाई प्रभाव पारेको मर्म पनि कथामा अभिव्यक्त भएको पाइन्छ । आम नेपालीले विदेशमा रहँदा भोग्ने वास्तविकतालाई यथार्थ रूपमा प्रकाश पार्ने काम गरिएको छ । सानुमायाको पृष्ठभूमि उठानका क्रममा नेपालमा सशस्त्र सङ्घर्षका बेला बाँडिएका आश्वासन अनि राष्ट्रको गरिबीका कारण विदेशिनुपर्ने नेपालीहरूको बाध्यात्मक अवस्थालाई पनि कथामा सङ्केत गरिएको छ । आफ्नो घरदेश छाडी परदेशमा गई भोग्नुपरेको विभेदपूर्ण जीवनको झाँकी कथामा पाइन्छ । विदेशमा बस्ने तेस्रो नागरिकका पीडालाई कथामा व्यापक रूपमा प्रस्तुत गरिएकाले प्रस्तुत कथालाई डायस्पोराका कोणबाट अध्ययन गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् । डायस्पोराका सन्दर्भबाट कथाको विश्लेषण गरी निष्कर्षमा पुग्नु यस लेखको उद्देश्य रहेको छ । खासगरी अस्ट्रेलियामा नेपाली डायस्पोराले भोगेको यथार्थ चित्र कथामा प्रतिबिम्बित भएको पाइन्छ । डायस्पोराले भोगेका यथार्थलाई निम्न आधारमा विश्लेषण गरिएको छ :

**दुई संस्कृतिका बिचको सङ्क्रमण**

डायस्पोराले सर्वप्रथम अनुभूति गर्ने समस्याको विषय भनेकै दुई संस्कृतिका बिचको सङ्क्रमणशील अवस्था हो । आफ्नो देश र पराईदेशको सांस्कृतिक भिन्नताले आप्रवासीहरूलाई नौलो अनुभूति हुन्छ । डायस्पोराहरू आफ्नो गृहदेश छाडेर गएपछि दुई संस्कृतिको सङ्क्रमणमा जीवन बिताउन थाल्छन् । परदेशको सामाजिक, सांस्कृतिक परिवेशमा घुलमिल हुँदै गर्दा मातृभूमिको संस्कृतिको महत्त्वलाई बुझ्न थाल्छन् । आफ्नो जन्मभूमि छाडेर विदेशी भूमिमा गएपछि व्यक्तिले फरक मूल्यमान्यता र संस्कृतिको अनुभव गर्छ भन्ने कुरालाई यस कथाले प्रस्तुत गरेको देखिन्छ । आफ्नो संस्कृतिभन्दा फरक चालचलन, खानपान र मान्यताले समस्या सिर्जना गर्दछ । यस अवस्थामा आफ्नो जन्मभूमि, संस्कार र मूल्यमान्यतालाई गुमाउनुपरेको अनुभूति डायस्पाराले गर्दछ । यस कथाकी प्रमुख पात्र सानुमायाले अस्ट्रेलियाली समाजको संस्कृति र विश्वास नेपालको भन्दा पृथक् रहेको कुरा व्यक्त गरेकी छ । कथामा पश्चिमाहरूको जीवनशैली अनि चालचलनलाई पूर्वीय मान्यता वा नेपाली पृष्ठभूमिबाट हेरिएको पाइन्छ । नेपाली वृद्धवृद्धाहरूमा रहेको सन्ततिप्रतिको परनिर्भरता र सन्तानले बाबुआमाप्रति देखाउने सद्भाव अनि त्यहाँको अवस्थामा फरक रहेको कुरा कथामा देखाइएको छ । एकअर्काप्रति कुनै अपेक्षा र गुनासो

नगर्ने पश्चिमाहरूको मनोवृत्ति अनि सन्तानको आसमा नबस्ने उनीहरूको प्रवृत्ति रहेको कुरा कथामा उल्लेख गरिएको छ। उनीहरूको वास्तविकतालाई नेपाली डायस्पोराको आँखाबाट यसरी हेरिएको छ :

> कफीशपको अगाडिको ठुलो टेबलको चारैतिर बसेर कफी खाइरहेका वृद्धवृद्धाहरूलाई हेरिरहेँ । साङ्केतिक भाषामा आफ्नो रसिक जवानीका अनुभव बाँडिरहेका व्यथित व्यक्तित्वहरू। मैले मनमनै सोचेँ हामी नेपालीहरूमा वृद्धावस्थालाई रमणीय बनाउन जान्ने कलाको विकास कहिले हुने होला ? (खनाल, २०८०, पृ. १७८)

कसैप्रति गुनासो नगर्ने पश्चिमाहरूका पृष्ठभूमिबाट नेपाली वृद्धवृद्धाहरूको अवस्था र स्वभावलाई सङ्केत गरिएको पाइन्छ। नेपनली समाजको अवस्थासँग पश्चिमी समाजको अवस्थालाई तुलना गर्ने काम कथामा भएको छ। नेपाली संस्कृति र मान्यतामा वृद्धवृद्धाहरू रुँदा वा चिल्याउँदा के भयो ? कसो भयो ? भनी सोध्ने वा उद्धार गर्ने प्रचलन नै रहेको छ। कसैले आफ्ना आमाबाबुलाई बेवास्ता गरेमा सामाजिक रूपमै टिप्पणी गर्ने परम्परा हामीकहाँ कायम छ तर पश्चिमाहरूका वैयक्तिक सबालमा कसैले पनि चासो नराख्ने संस्कृतिको उल्लेख कथामा यसरी गरिएको छ :

> सार्वजनिक ठाउँमा धरधरी रोइरहेका छन् वृद्धहरू । तर त्यहाँ आउनेजानेहरू र सँगैको टेबलमा कफी खानेहरू मात्र होइन कफी साहुसमेत देखेको नदेख्यै गरिरहेका । व्यस्तताबिच सानुमाया पनि त्यो दृश्य हेरिहेकी थिइन् । परन्तु उनी पनि नदेखेजस्तो गरिरहिन् । त्यो दृश्य देखेर मलाई नेपालको सम्झना आयो । नेपालमा भएको भए यसरी उमेर पाकेका सात आठ जना नरनारीहरू समवेत रोइरहेको हेर्न सयौँ जम्मा हुने थिए। उस्तै परे पुलिस पनि आउन सक्थ्यो । एउटा ठुलो रमिता हुनेथियो (पृ. १८१)

अर्काको समस्या र पीडाप्रति चासो र निगरानी नराख्ने पश्चिमाहरूको स्वभावलाई नेपाली समाजसँग तुलना गरी हेरिएको पाइन्छ । नेपाली समाज आज पनि एकलभन्दा सामूहिकतामा विश्वास गर्छ । एउटालाई दुःख पीडा परेमा अर्को सहभागी भई सान्त्वना प्रकट गर्छ तर पश्चिमी समाजमा अठार वर्ष पुगेपछि सन्तान लाखापाखा लाग्छन् । एक्लोपनको अनुभूतिले पीडा पोखेर हलुका हुने चाहना ती वृद्धवृद्धाको रहेको भए पनि उनीहरू एकल जीवन बिताउन बाध्य हुन्छन् । आइपरेका समस्या एक्लै सामना गर्छन् । अठारवर्ष पुगेपछि पनि सन्तान घरमा बस्यो भने - 'बाबाको घरमा बस्छु' भन्ने जवाफ पाइन्छ । नेपाली समाजमा पनि स्वतन्त्रता छाएको र पारिवारिक रूपमा स्वतन्त्र हुन चाहने प्रवृत्ति बढ्दै गएको छ । यद्यपि त्यहाँको वास्तविकतालाई देखेकी सानुमायाले नेपालीहरूको पारिवारिक संरचना र मान्यतालाई यसरी सम्झना गरेकी छ :

> यहाँ छोराछोरी मात्र होइन बाबुआमा पनि स्वतन्त्र हुन चाहन्छन् । नेपालमा चार पाँचजना छोराबुहारी नातिनातिना एकै घरमा बस्छन् भन्दा यिनीहरू आश्चर्यचकित हुन्छन् । हुन त अचेल नेपालमा पनि विवाह भएको छोरो स्वतन्त्र हुन चाहन्छ । तर बाबुआमा त्यो चाहँदैनन् । नेपाली बाबुआमालाई सन्तानको बन्धन मनपर्छ । (पृ. १८२)

नेपाली डायस्पोराले भोगेको दुई संस्कृतिको भिन्नतालाई कथामा स्पष्ट पारिएको छ। नेपाली समाज र परिवार खास सीमाभित्र बाँधिएको छ तर पश्चिमाहरू भने छोराछोरी मात्र नभई बाबुआमा पनि स्वतन्त्र भई बस्न चाहने प्रवृत्तिलाई माथिको कथांशमा व्यक्त गरिएको छ। पश्चिमाहरू वृद्धावस्थामा प्रायः एक्लो जीवन बिताउन बाध्य भएको कुरालाई कथामा उल्लेख गरिएको छ। आफैभित्र पीडा बोकेर हिँड्न बाध्य वृद्धवृद्धाहरू एक्लै रोएर मनलाई सान्त्वना दिन्छन्। देख्दा स्वतन्त्र देखिए पनि उनीहरूका आफ्नै पीडा रहेका छन्। नेपाली समाजका तुलनामा उनीहरूको सामाजिक, सांस्कृतिक मान्यता फरक रहेको कुरा त्यहाँका वृद्धवृद्धाले भोगेको यथार्थ कथाव्यथालाई सानुमायाले म पात्रसामु यसरी व्यक्त गरेकी छ :

> उसिनेको चिकेन र काउलीसँग बियर खाएर त्यही सुरमा घडी दुई घडी नशालु निद सुत्छन् । एक्लो जीवन दिन काट्न त सजिलो छ तर रात भने कहर बनेर आउँछ। बिखरित जीवन, जहाँ छोराछोरी दुई महिनामा भेट गर्न आउँछन् दुई बोतल रक्सी र उसिनेको चिकेन लिएर। बरू सरकारले पन्ध्र दिनमा एकपल्ट सन्चो बिसन्चो र सुख दुःख सोध्छ। (पृ. १८३)

वृद्धावस्थाको पीडादायी मर्मलाई राम्ररी छाम्ने काम कथामा भएको पाइन्छ। राज्यले बरु सोधखोज गर्ने तर सन्तान बेखबर भई बस्ने पश्चिमी संस्कृतिको यथार्थ झलक माथिको कथांशमा पाइन्छ। पश्चिमी समाजमा वृद्धवृद्धाहरू कष्टपूर्ण बुढ्यौली जीवनको चित्रण कथामा गरिएको छ। नेपाली जीवनशैली र मान्यता राम्रो रहेको सम्झना गरिएको मानसिकता कथामा प्रतिबिम्बित भएको पाइन्छ। गृहदेशको संस्कृतिको स्मरण गर्नु डायस्पोराको धर्म पनि हो। नेपाली समाजमा पनि क्रमशः व्यक्ति स्वार्थ बढ्दै गएको र सामाजिक पारिवारिक अनुबन्धबाट मुक्ति चाहने सन्तानहरूको मनोविज्ञानलाई पनि कथामा सङ्केत गरिएको पाइन्छ। डायस्पोराले भोग्ने दुई संस्कृतिको सङ्क्रमणको सजीव चित्रण यस कथामा भएको पाइन्छ। मातृभूमिको भाषा, संस्कृति र मान्यातासँग इच्छित देशको संस्कृतिमा पाइने भिन्नताको अनुभूतिका साथमा डायस्पोराले अनुभूति गरेको दुई संस्कृतिका बिचको सङ्क्रमणशील अवस्था विश्लेष्य कथामा मुखरित भएको पाइन्छ।

**पराईभूमिको सङ्घर्षपूर्ण जीवन**

मानिस आफ्नो देशमा काम गर्ने सम्भावना नदेखेर वा अझ राम्रा सपनाहरू अगाडि राखेर विदेशी भूमिमा जान्छन्। आफ्नो देशको राजनीतिक तथा सामाजिक अधिकार डायस्पोरालाई प्राप्त हुँदैन। आफूले कल्पना गरेभन्दा फरक अवस्था भोग्नुपर्ने यथार्थलाई कथामा प्रकाश पारिएको छ। सानुमाया र उसको पति अच्छाहाङ दुवैले सुरुमा भाँडा माझ्ने, भुइँ पुछ्ने जस्ता तुच्छ स्तरका काम गरेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ। लामो सङ्घर्षसँगै सानुमायाले नर्सिङ उत्तीर्ण गरेपछि वृद्धाश्रममा जागिर मिलेको र उनीहरूको अवस्थामा केही सुधार आएको प्रसङ्ग कथामा उल्लेख गरिएको पाइन्छ। विदेशमा गएपछि सजिलै पैसा कमाउन सकिन्छ भन्ने मानसिकता नेपालीमा रहेको तर त्यहाँको यथार्थ अवस्था भने सोचेकोभन्दा फरक रहेको मर्म कथामा व्यक्त भएको पाइन्छ। नयाँ ठाउँ र परिवेशमा परिचय स्थापित गर्नका लागि गर्नुपर्ने सङ्घर्षका पृष्ठभूमिमा डायस्पोराले भोग्नुपर्ने नयाँ ठाउँको यथार्थ अवस्था र सङ्घर्षलाई सानुमायाले यसरी व्यक्त गरेकी छ :

> राम्राराम्रा लुगा, घडी र मोबाइल देखेर नेपालमा बस्नेहरू सोच्छन्, विदेशमा एक कल्पवृक्ष छ, जो जे माग्यो त्यही पुऱ्याउँछ। यहाँ सुकिला रेस्टुरेन्टमा बसेर बर्गर, पिज्जा र बियर खाएका फोटा देख्नेहरूलाई नेपालमा खाने गरेको दालभात, ढिडो र रोटीसँग वैरभाव पैदा हुन थाल्छ। हामी यति पनि सोच्दैनौँ कि ती सुकिला रेस्टुरेन्टहरू यिनै आप्रवासीका पसिनाको मूल्यमा सुकिला भएका हुन्। (पृ. १८३)

माथिको कथांशमा डायस्पोराको यथार्थ मर्म व्यक्त भएको पाइन्छ। विदेशमा दिनरात पसिना बगाएर सङ्घर्ष गर्नुको पीडा नभोगीकन थाहा नपाइने विचार सानुमायाको छ। घन्टौँघन्टा काममा जोतिएर बिदाका दिनमा सुकिला लुगा लगाएको देखेर लोभिनेहरूप्रति सङ्केत गरिएको डायस्पोराको पीडा र मर्म भोगेकालाई मात्र थाहा हुने कुरा उल्लेख गरिएको छ। विदेशको समृद्धिका पछाडि आप्रवासीहरूको पसिना रहेको भित्री मर्म कथामा व्यक्त भएको छ। विदेशमा गई पसिना बगाउनुको नियति र नेपाली श्रमद्वारा सञ्चालित रेस्टुरेन्टको वास्तविकतालाई कथामा झल्काइएको छ। नेपालीहरू विदेशमा प्रायः तल्लो दर्जाका काम पाउने, त्यही काम पाउनका लागि यत्रतत्र भौतारिनुपर्ने नियतिलाई पनि प्रकाश पारिएको छ। विदेशमा सोचेजस्तो सुख छैन "यहाँ राम्रो र सजिलो काम पाउन कति पापड पेल्नुपर्छ भन्ने कुरा भोगेकालाई मात्र थाहा छ। यहाँ आएर जति पसिना नेपाली युवा बगाउँछ नि दाइ, त्यसको आधा मात्र नेपालमा बगाउने हो भने नेपाल स्वर्ग हुन्छ " (पृ. १८३)। डायस्पोराको वास्तविक मर्म यहाँ व्यक्त भएर आएको पाइन्छ। विदेशी भूमिमा गरेको दुःखसँग नेपालीहरूले गर्ने कामलाई तुलाना गरिएको छ। आफ्नो राष्ट्र छाडेर गएपछि पाइने हन्डरठक्कर अनि तल्लो दर्जाको काममा जोतिुपर्दाको वास्तविकतालाई भोगेकी सानुमायाले नेपालमा यही किसिमले मिहिनेत गर्ने हो भने देश स्वर्ग बन्ने सम्भावनालाई व्यक्त गरेकी छ। विदेशमा रहेर भोगेको यथार्थबाट स्वदेशप्रतिको प्रेम जागृत भएको पाइन्छ। डायस्पोराको आफ्नै कथाव्यथा रहेको यथार्थलाई सानुमायाले प्रकाश पारेकी छ। हामी नेपालीहरू देशमा सिन्को भाँच्दैनौँ तर विदेशमा गएपछि जोतिएर काम गर्छौँ।

विदेशमा बगाउने पसिनाको आधा अंश मात्र नेपालमा बगाए पनि देश स्वर्ग बन्छ भन्ने कुराका साथमा देशप्रतिको आस्था प्रतिबिम्बित भएको पाइन्छ।

विदेशी भूमिमा काम गर्दाको यथार्थ अवस्थाको प्रकटीकरण कथामा भएको छ। योग्यता र सिप नभएकाहरूले तल्लो स्तरको जागिर खानुपर्ने र हेयको जीवन बाँच्नुपर्ने विवशतालाई प्रस्ट पारिएको छ। सानुमायाको लोग्नेका बारेमा म पात्रले चासो राख्दा सानुमायाले उसको वास्तविकतालाई प्रकाश पारेकी छ। अच्छाहाङका बारेमा म पात्रले जिज्ञासा राख्दा सानुमायाले त्यहाँको तितो यथार्थलाई यसरी व्यक्त गरेकी छ :

> बुढोलाई कहाँ फुर्सद छ र दाइ। बिचरो बुढो भित्र सामान मिलाइरहेका छन्। मेरो काम पसलमा बस्ने, बुढोका काम सामान मिलाउने, म्याद चेक गर्ने र लिस्ट मिलाउने। साँझ पसल बन्द गरेर म खाना बनाउन थाल्छु। बुढोले भोलिका लागि पसलमा सामान सजाएर राख्छन्। सजिलो छैन दाइ गरिखान। (पृ. १८४)

हातमा सिप र क्षमता नभएका व्यक्तिले तल्लो दर्जाको काम गर्न विवश हुनुपर्ने यथार्थको उद्घाटन यस कथांशमा भएको छ। विदेशमा कि त सिप सिकेर जानुपर्छ कि त योग्यता र भाषामा सक्षम हुनुपर्छ भन्ने कुराको सन्दर्भ पनि कथामा जोडिएको पाइन्छ। यन्त्रजस्तै काममा जोतिनुपर्ने अवस्थाको प्रतिनिधि पात्रका रूपमा अच्छाहाङलाई प्रस्तुत गरिएको छ। लहैलहैमा लागेर कुनै सिप वा भाषा नसिकीकन जाँदा भोग्ने यथार्थलाई पनि सङ्केत गरिएको छ। डायस्पोराहरू घन्टाका हिसाबले काममा जोतिएर पनि अवस्थामा तात्त्विक सुधार नआएको कुरालाई सान्दिर्भिक रूपमा उठान गरिएको पाइन्छ। सानुमायाको लोग्ने अच्छाहाङका पृष्ठभूमिबाट नेपालीले भेल्नुपरेको समस्यालाई यसरी उल्लेख गरिएको छ :

> 'अच्छाको अङ्ग्रेजी राम्रो थिएन। अङ्ग्रेजी राम्रो नहुनेले पाउने भनेको भाँडा माझ्ने, फर्स पुछ्ने र यस्तै दोहोरो वार्ता गर्नु नपर्ने काम नै हो। अनि मैले सोचेँ, यसरी त अच्छाले जवनभरि भाँडा माझ्ने भए। सातवर्ष दुःख गरेपछि हामीले काम छाडेर पसल सुरू गर्‍यौँ। भाग्यले साथ दियो हाम्रो पसल चल्यो।' (पृ. १८५)

विदशेमा तुच्छ काम गर्नुपर्ने अवस्था अनि अनागरिकजस्तै जीवन व्यतीत गर्नुको पीडालाई मार्मिक रूपमा भल्काइएको पाइन्छ। अधिकार र परिचयबाट वञ्चितजस्तै भएर जीवन बिताउनुपर्ने डायस्पोराको नियतिलाई कथामा राम्ररी छाम्ने काम गरेको पाइन्छ। प्रस्तुत कथामा विदेशमा बस्ने नेपालीहरूको यथार्थ अवस्थालाई प्रकाश पार्ने काम गरिएको छ। कथाकी मुख्य पात्र सानुमायाका पृष्ठभूमिबाट नेपाली डायस्पोराको कथाव्यथालाई दृष्टान्तसहित प्रस्तुत गरिएको पाइन्छ। विदेशप्रतिको तीव्र मोह अनि त्यहाँ गएपछि भोग्नुपरेको यथार्थ जीवनलाई कथामा राम्ररी चिरफार गरिएको छ। विदेशमा गएपिछि मात्र स्वदेशको महत्त्व बुझी सम्मान जाग्ने कुराको सङ्केत पनि कथामा पाइन्छ। गृहदेशबाट टाढिनुपर्दा डायस्पोरामा हुने एक्लोपनको अनुभूति पनि कथामा व्यक्त भएको देखिन्छ। प्रस्तुत कथामा आतिथ्यदेश अस्ट्रलियाको पीडा र सङ्घर्षलाई राम्ररी छाम्ने काम गरेको पाइन्छ।

**गन्तव्य देशको चलाखीपूर्ण नीति**

पश्चिमी राष्ट्रहरू समृद्ध हुँदै जानुमा उनीहरूले अवलम्बन गरेको चलाखीपूर्ण नीतिलाई कथामा सङ्केत गरिएको छ। कथाकारले मूलतः पश्चिमी देशहरूले अख्तियार गरेको नीति र व्यवस्थापकीय पक्षलाई सङ्केत गरेको पाइन्छ। विभिन्न नाममा मानिसलाई जिन्दगीभर चक्कर लगाइदिने ती देशहरूको चलाखीपूर्ण कदमलाई पनि कथामा उल्लेख गरिएको पाइन्छ। पश्चिमा मुलुकमा भएको विकास र समृद्धिका पछाडि उनीहरूको नीति र मानसिकता धेरै हदसम्म कारक रहेको मर्म कथामा व्यक्त भएको छ। सम्पन्न देशको नीति तथा चलाखीपूर्ण व्यवहारले पनि विपन्न देशका नागरिकहरू आकर्षित भएको पाइन्छ। नेपाल लगायतका विभिन्न मुलुकका मानिसहरूको गन्तव्य पश्चिमा मुलुकहरू रहेको यथार्थलाई सूक्ष्म रूपमा सङ्केत गरिएको छ। त्यहाँका सरकारको चलाखी र दूरदर्शी सोचलाई सन्दर्भअनुकूल भल्काइएको छ। पश्चिमी देशहरूमा गएको मानिस

नजानिँदो गरी कसरी फस्छ भन्ने कुरालाई कथाकी प्रमुख पात्र सानुमायाले यसरी व्यक्त गरेकी छ :

> यताको सरकार बाठो छ दाइ, साह्रै नै चलाख । काम लिन बिछट्ट सिपालु । बोका ब्यापारीले घाँस देखाउँदै गन्तव्यमा पुऱ्याउँछ, तर खान दिँदैन नि ! हो त्यस्तै हो यहाँको सरकार । सुरुमा कलेजले पैसा लुट्छ, पछि होटेल, कार्खाना, डिपार्टमेन्ट स्टोर र खेतबारीले पसिना लुट्छ । (पृ. १८३)

प्रस्तुत कथांशमा डायस्पोराको मार्मिक यथार्थ कथामा समेटिएको पाइन्छ । नेपालीहरू सुरुमा कामको चक्करमा भौतारिने अनि पिआर, गाडी र घर तथा आवासको चक्करमा फस्ने कुरालाई मार्मिक रूपमा उठान गरिएको छ । सान्दर्भिक बिम्बद्वारा डायस्पोराको अनुभूतिलाई व्यक्त गरिएको छ । यति गरेपछि यति गर्ने भन्ने सिलसिलामै जीवन बितेको पत्तै नहुने कुराको झलकले डायस्पोराको पीडा र मर्म बोकेको मान्न सकिन्छ । सानुमायाको भनाइमा डायस्पोराले भोगेको सजीव मर्म व्यक्त भएको पाइन्छ । जिन्दगीभरि उतै घुमाइदिने त्यहाँको सरकारी नीति र मनोविज्ञानलाई पनि राम्रो गरी चिरफार गर्ने काम कथामा गरिएको छ :

> अनि बल्लबल्ल स्थायी भिसा पाएपछि तिस पैँतिस वर्षको ऋण दिएर बैंकले लुटिरहन्छ आजीवन । एक दुई वर्ष हो र ? जिन्दगानी भरिलाई मूर्ख बनाएर चरप्प अँठ्याइरहेको थाहा पाउँदासम्म मानिस बुढो भइसकेको हुन्छ । हाम्रो नेपाल त बरा कनिका बाँडेर समृद्धि सपना देख्छ । (पृ. १८३)

मूलतः अस्ट्रेलियाको सरकारले आप्रवासीहरूलाई विभिन्न प्रलोभन देखाएर जिन्दगीभरि मूर्ख बनाएको पत्तै नपाईकन जीवन उतै बुढो हुने डायस्पोराको वास्तविक यथार्थ कथांशमा मुखरित भएको छ । कथाकारले नेपालको फितलो सरकारी नीति र दूरदर्शी सोच नभएको नेतृत्वलाई पनि कटाक्ष गरेको पाइन्छ । युवाहरू विदेश पठाएर त्यहाँबाट आएको रेमिट्यान्समा समृद्धिका कनिका छर्नुको औचित्यलाई मार्मिक रूपमा समेटिएको पाइन्छ । पश्चिमाहरूको स्पष्ट सरकारी नीति र सशक्त कार्यान्वयनले गर्दा उनीहरू विकास र सभ्यतामा धेरै अगाडि बढेको कुरालाई कथामा प्रकाश पारिएको छ । पैसाको लोभमा सबै कुरा भुलेर काम गर्ने नेपाली डायस्पोराको नियति र प्रवृत्तिलाई यसरी उल्लेख गरिएको छ :

> हामीले यहाँ आएपछि साह्रै दुःख पार्यौं । कोठा भाडा तिर्नै पऱ्यो, कलेज फि तिर्नै पऱ्यो, आउँदा लागेको ऋण तिर्न घर पैसा पठाउनै पऱ्यो । सुरूमा निर्वाह चलाउन कमाउनु जरूरी थियो । पछि कमाउने धुन सवार भयो । हामी एकोहोरो कमाउनेतर्फ लाग्यौँ । म घर हुँदा आच्छाहाङ काममा, उनी घर हुँदा म काममा । (पृ. १८४-८५)

देश छाडेर गएपछि पैसालाई सर्वस्व ठानेर काम गर्ने नेपालीहरूको प्रवृत्तिका साथमा डायस्पोराको मर्म व्यक्त गरिएको छ । सुखी जीवनको कल्पना र पैसाको चटारोमा मानिस मेसिनजस्तै बनेर काममा जोतिने यथार्थलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ । विदेशी भूमिमा डायस्पोराले गर्ने सङ्घर्षलाई कथामा सजीव रूपमा प्रकाश पारिएको छ । परिवारमा सदस्यहरू भेट हुने अवसर पनि नमिल्ने कुरालाई कथामा महत्त्वका साथ उठाइएको पाइन्छ । डलरले मानिसलाई कतिसम्म दौडाउँछ भन्ने कुराको साक्ष्यलाई कथामा प्रस्तुत गरिएको पाइन्छ । आफ्नो वास्तविकतालाई सानुमायाले यसरी व्यक्त गरेकी छ :

> हाम्रो लागि के रात के दिन । कहिले बिहान हुन्छ, कहिले रात पर्छ केही थाहा नहुने । हामी म्यासेज पठाउँथ्यौँ 'रिच होम, एट वोर्क, हाउ आर यु' यस्तै घरमा हुनेले खाना पकाउने, आफू खाएर जाने र अर्कोलाई राखिदिने । पन्ध्र दिनमा चार घन्टा सँगै बस्ने संयोग मिल्थ्यो । (पृ. १८५)

पति र पत्नी दिनरात काममा जोतिएर जीवन बाँच्नुपर्ने विदेशको यथार्थलाई प्रकाश पारिएको छ । नेपाली परिवारको सुमधुर सम्बन्ध कहाँ विदेशी भूमिमा पाइनु ? पन्ध्र दिनसम्म श्रीमान श्रीमतीको भेटसम्म नभई काममै जानुपर्ने यथार्थलाई हेर्दा नेपाली जीवनको सहजतालाई डायस्पोराले सम्झना गरेको अवस्था देखिन्छ । नेपालमा हुँदा विदेशमा त रूखमा पैसा टिप्न पाइन्छ भन्ने सोचेर हामफाल्नेहरूले भोग्ने दशालाई राम्ररी छाम्ने काम गरिएको छ । विदेशको सङ्घर्षको कथालाई पात्रका माध्यमबाट ओकल्न लगाउने काम गरिएको छ ।

**गृहदेशको सम्झना**

विदेशी भूमिमा जीवन बिताउँदै गर्दा आफ्नो घरदेशको माया लाग्नु डायस्पोराको प्रवृत्ति नै हो । आफ्नो बाल्यकाल, साथीसँगाती अनि भूगोलप्रतिको प्रेम डायस्पोराका संस्कारमा भिजेको हुन्छ। वास्तवमा डायस्पोरा द्विविधापूर्ण जीवन व्यतीत गर्न बाध्य हुन्छन् । उनीहरू न त गृह देशलाई भुल्न सक्छन् न त परदेशमा सजिलै रमाउँछन् । यसैले पनि आफ्ना नातागोता, इष्टमित्र तथा देशलाई सम्झिरहन्छन् । 'सिडनीकी सानुमाया' कथामा डायस्पोराको भौतिक अवस्था र नेपालप्रतिको स्मरण तथा प्रेमका भावनाहरू मुखरित भएर आएको पाइन्छ । गृहदेशको मायालाई आँतमा लिएर विदेशको भूमिमा सङ्घर्ष गर्ने नेपालीहरूको वास्तविकतालाई कथामा प्रकाश पारिएको छ। विदेशमा पैसाकै लागि अहोरात्र जोतिनुपर्ने तर देशमा भएको सम्पत्तिमाथि अर्कैले रजाइँ गर्ने प्रवृत्तिका कारण पनि डायस्पोराहरू पीडित रहेको कुरालाई प्रकाश पारिएको छ । कथाकी प्रमुख पात्र सानुमायाले पटकपटक देशप्रतिको प्रेम देखाएकी छ। म पात्रद्वारा सानुमायाभित्र रहेको देशप्रतिको मायालाई प्रकट गराउने काम भएको पाइन्छ।

> काठमाडौँमा बस्ने मानिसलाई जन्म ठाउँ सोध्नै पर्ने । जागिरेलाई जागिर खाएको अवधि सोध्नै पर्ने । सामान किन्न गएको म । सानुमायालाई देख्दा मनमा लागेको थियो जापानी सिडनीकी साहुनी भनेर । किन्तु पूर्वीय पारामा नेपाली बोलेको सुनेर स्वभावअनुसारको शब्द प्याच्च फुटिहाल्यो 'धरानतिरकी बैनी हो ?' उनी मुसुक्क हाँस्दै मतिर मुखावित भइन् । (पृ. १७७) ।

सानुमायाको शारीरिक ढाँचा अनि लवाइखवाइको प्रकृति पनि कथामा व्यक्त गरिएको छ। अनुहारमा मंगोलियनपन झल्किएकाले जापानी हुनसक्ने आशङ्का  मपात्रमा रहेको पाइन्छ । उसको अतीत जीवनको सन्दर्भलाई पनि कथामा जोडिएको छ। बाबाको फौजी जीवन अनि आमाको वेदनालाई पनि सन्दर्भअनुकूल प्रकाश पारिएको छ। डायस्पोरामा प्रकट हुने नोस्टाल्जिक भाव पनि कथामा व्यक्त भएको देख्न सकिन्छ। सानुमायाको अतीत सन्दर्भलाई म पात्रले यसरी उल्लेख गरेको पाइन्छ :

> सानुमाया अस्ट्रेलिया आएको बिस वर्ष भयो । अङ्ग्रेजी फौजका लाहुरेकी छोरी उनी बडो लाड प्यार पाएर हुर्किन् । फकल्यान्डको युद्धमा परेका बाबु भाग्यले बाँचेका थिए । दिनहुँ आमा रोएको देखेर सानुमाया पनि आमासँगै रुन्थिन् । बाबा लडाइँमा गएको बुझेकी उनले आमाको बलिन्द्र रोदनको कारण बुझिनन् । (पृ. १७८)

सानुमाया बालक अवस्थामै रहेकाले बाबा र आमा टाढिएर बस्नुपर्दा आमाभित्रको वास्तविक वेदनालाई बुझ्न नसकेको मर्म व्यक्त भएको छ । नेपाली जीवनको लाहुरे संस्कृति अनि त्यसले पारेको पारिवारिक सामाजिक प्रभावलाई कथामा प्रस्तुत गरिएको छ । आमाको एक्लोपनको पीडा र रोदनलाई अबोध अवस्थाकी सानुमायाले बुझ्न नसकेको यथार्थलाई सङ्केत गरिएको पाइन्छ । सिडनीमा जीवन बिताइरहेकी सानुमायाले बाल्यकालका घटनाप्रति सम्झना गर्नुलाई गृहदेशप्रतिको सम्झनाका रूपमा लिन सकिन्छ। यो डायस्पोरामा सुषुप्त रहने प्रवृत्ति नै हो । सानुमायाले काठमाडौँमा पनि घर बनाएकी छ। त्यसले पनि नेपालप्रतिको सम्झनालाई जगाइराखेको पाइन्छ। आफू विदेशमा रहँदा घर कसैका  जिम्मामा लगाउनुपर्ने अवस्था र सङ्क्रमणमा बाँच्नुपरेको डायस्पोराको मर्मलाई कथामा यसरी प्रकाश पारिएको छ :

> सानुमायाले काठमाडौँमा पनि घर किनेकी छन् । चार करोड हालेर किनेको घर छ महाराजगन्जतिर । दिदीको छोराको नाममा छ घर। माथिल्लो तलामा भतिजाहरू बस्छन्, तल्लो तलाको भाडा उठाएर खान्छन्। बेलाबेलामा गुन्द्रुक, मस्यौरा र अचारको सिसी पठाउँछ भतिजाले । फोनमा भन्ने गर्छ यता नआऊ है सानिमा ! यता बस्न लायक छैन।' उसलाई सानिमा आएर सम्पत्ति खोस्ली भन्ने डर छ। बरू भन्ने गर्छ 'तिम्रो नाति बल्ल सात वर्षको भयो । तर अहिलेदेखि नै 'म त अस्ट्रेलियाको आमाकहाँ गएर पढ्ने हो' भन्न थालिसक्यो । (पृ. १८४) ।

विदेशमा दुःख गरेर कमाएको सम्पत्तिमाथि अर्कैले मस्ती लिएको अवस्थालाई हेर्दा डायस्पोरा दोहोरो मारमा परेको

देखिन्छ । सानुमायाका माध्यमबाट आम डायस्पोराको यथार्थलाई कथामा उल्लेख गरिएको छ । सानुमायाको भतिजोमा निहित स्वार्थको मनोविज्ञानलाई पनि राम्ररी विश्लेषण गरिएको छ। सानुमायालाई प्रतिनिधि पात्र बनाएर डायस्पोराले भोगेका मर्म र वेदनालाई सजीव रूपमा चित्रण गर्ने काम कथामा गरिएको पाइन्छ। मानिस जति टाढा गए पनि आफ्नो देशको प्रभाव र संस्कारलाई सँगै लिएर जान्छ भन्ने कुरा सानुमायाका कथनमा व्यक्त भएको पाइन्छ। कथाकारले नेपाली तथा पश्चिमी जीवनशैलीको तुलनाका साथै नेपाली डायस्पोराको वास्तविक मर्मलाई यस कथामा महत्त्वका साथ प्रकाश पारेको पाइन्छ।

**निष्कर्ष**

'सिडनीकी सानुमाया' *बाबा मेरा पीआर आयो* कथासङ्ग्रहभित्रको एउटा कथा हो । यो कथा लेखक अस्ट्रेलियामै बस्दा लेखिएको सङ्केत पाइन्छ । अस्ट्रेलिया बसाइका क्रममा त्यहाँ देखेभोगेका यथार्थ कुरालाई विषयवस्तु बनाई कथामा समेटेको देखिन्छ। समसामयिक सामाजका यथार्थ घटनाहरूलाई कथात्मक शैलीमा प्रस्तुत गर्ने यिनको लेखनमा समस्यामूलक यथार्थको प्रस्तुति पाइन्छ । यस्तै यिनका केही कथामा डायस्पोराको सजीव प्रस्तुति पाइन्छ । 'सिडनीकी सानुमाया' कथामा नेपालीहरूले विदेशमा भोग्नुपर्ने सङ्घर्ष र यथार्थलाई कलात्मक रूपमा प्रस्तुत गरिएको कथा हो । आफ्नो देश छाडेर विदेशमा गएका नेपालीहरूले त्यहाँ गरेको सङ्घर्षको कथालाई अभिव्यक्त गर्ने काम भएको पाइन्छ । सानुमाया र उसको लोग्नेले भोगेको जीवनका पृष्ठभूमिबाट आम नेपाली डायस्पोराको भावना र समस्यालाई कथामा व्यक्त गरिएको पाइन्छ । नेपाली संस्कृति र पश्चिमा संस्कृतिको तुलनात्मक प्रस्तुतिका साथमा डायस्पोराको भोगाइ प्रस्तुत छ। वर्तमान समयमा आप्रवासनमा गएका नेपालीको अवस्थाको प्रस्तुति कथामा पाइन्छ। प्रस्तुत कथा डायस्पोराको कोणबाट सबल रहेको पाइन्छ।

'सिडनीकी सानुमाया' कथाले अहिलेका युवाहरूको मानसिकतालाई प्रतिबिम्बित गरेको पाइन्छ । कथामा सानुमायालाई प्रमुख पात्रका रूपमा उपस्थित गराई यथार्थको सजीव चित्रण पाइन्छ। यसैगरी म पात्र विषय र समस्यालाई उठान गर्ने सूत्रधारका रूपमा आएको पाइन्छ । नेपालमा हुँदा विदेशमा त रूखमा पैसा टिप्न पाइन्छ भन्ने कल्पना गर्ने तर त्यहाँ पुगेपछि झेल्नुपर्ने यथार्थ सङ्घर्षलाई प्रस्तुत गरिएको पाइन्छ। नेपाली डायस्पोराले दुई संस्कृतिका बिचको सङ्क्रमण झेल्नुपर्ने अवस्थालाई कथामा दृष्टान्तसहितको प्रस्तुति पाइन्छ । यसक्रममा नेपालको पारिवारिक सामाजिक मान्यता र पश्चिमाहरूको मान्यताका बिचमा स्पष्ट तुलना पाइन्छ। नेपाली वृद्धवृद्धाको अवस्था, मानसिकता र पश्चिमा वृद्धवृद्धाहरूको एकल र निराशापूर्ण जीवनको अवस्थालाई तुलना गरी त्यहाँको वास्तविकतालाई कथामा व्यक्त गरिएको पाइन्छ। भाषा र सिपसम्बन्धी कुनै ज्ञान नहुँदा विदेशमा तुच्छ काम गर्न विवश नेपाली डायस्पोराको अवस्थागत चित्रण पनि कथामा सजीव रूपमा गरिएको पाइन्छ। परदेशमा हुँदा घरदेश र बाल्यकालको स्मृतिमा डुब्ने डायस्पोराको प्रवृत्तिलाई पनि कथामा समेटिएको पाइन्छ । विदेशमा बगाएका पसिनाको आधा अंश मात्र नेपालमा बगाउने हो भने देश स्वर्ग बन्ने तर्क सानुमायाको छ । यसबाट विदेशमा भए पनि नेपालीहरू देशकै चिन्ता लिन्छन् भन्ने कुरा पुष्टि हुन्छ। विदेशी भूमिमा घन्टाको गन्तीमा काममा दौडिनुपर्दा श्रीमान् र श्रीमतीको समेत भेट नहुने अवस्थाको झलक पनि प्रस्तुत छ। स्वदेशको संस्कृति तथा बाल्यकालका स्मृतिबिम्बका माध्यमबाट डायस्पोराको अनुभूतिलाई सजीव रूपमा उतारिएको पाइन्छ । आप्रवासीहरूलाई जिन्दगीभर बल्झाउने पश्चिमाहरूको सरकारी नीति र चलाखीपनलाई सानुमायाले उल्लेख गरेकी छ । देशमा भएको सम्पत्ति अर्कोले खाला कि भन्ने द्विविधापूर्ण मानसिकतामा बाँच्नुपरेको यथार्थलाई पनि कथामा प्रकाश पारिएको पाइन्छ । यी विविध प्रसङ्गहरूलाई साक्ष्यका रूपमा राखेर हेर्दा डायस्पोराको समस्यालाई प्रकाश पार्न कथा सफल छ। विश्लेष्य कथाको केन्द्रमा डायस्पोरा रहेको कुरा प्रस्ट हुन्छ।

प्रस्तुत लेखमा सिडनीकी सानुमाया कथाका माध्यमबाट डायस्पोराको अध्ययन जोडिन आएको छ। कथाकी प्रमुख पात्र सानुमायाले डायस्पोराको वास्तविक अनुभूतिलाई व्यक्त गरेको पाइन्छ। मानिसले पराईभूमिमा गर्ने सङ्घर्ष आफ्नै देशमा

गरेमा राष्ट्रको उन्नति हुनुका साथै व्यक्तिको परिचय पनि स्थापित हुन्छ भन्ने कुरालाई महत्त्व दिएको पाइन्छ। नेपालीहरू विदेशी भूमिमा घन्टाको हिसाबमा जोतिई काम गर्ने र घरमा फर्किन चाहेर पनि नसक्ने अवस्थाका माध्यमबाट डायस्पोराको वास्तविकतालाई प्रकाशमा ल्याउन कथा सफल रहेको पाइन्छ। विदेशमा रहेका आप्रवासी नेपालीको यथार्थलाई डायस्पोराका पृष्ठभूमिमा मूल्याङ्कन गर्नु नै यसको प्राप्ति हो। दुई भिन्न संस्कृतिको तुलनाका साथमा डायस्पोराले भोग्नुपर्ने सांस्कृतिक सङ्क्रमणलाई महत्त्व दिइएको पाइन्छ। डायस्पोराका दृष्टिले उक्त कथा सशक्त रहेको निष्कर्ष निस्कन्छ।

**सन्दर्भग्रन्थसूची**

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल।

कक्षपती, सावित्री (२०७८). *उत्तरवर्ती चरणका नेपाली कथामा संस्कृति.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

खनाल, भागवत (२०८०). *बाबा मेरो पीआर आयो.* विनिता खनाल।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी पब्लिकेसन।

गौतम, लक्ष्मण्मप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* ओरिएन्टल पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६७) "उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप". *भृकुटी* (उत्तरआधुनिक विशेषङ्क, पूर्णाङ्क १०, माघ-फागुन-चैत, २०६७).पृ ३८४- ३९८।

नायर, प्रमोद के. (सन् २००८). *पोस्ट कोलोनियल लिटरेचर एन इन्ट्रडक्सन.* लङ्मेन : प्रियर्सन।

पौडेल, गोपीन्द्र र सुवेदी, धनप्रसाद सम्पा. (२०७७). *प्रज्ञा समकालीन नेपाली समालोचना.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल।

भट्टराई, गोविन्दराज (२०७२). *डायस्पोरा : सिद्धान्त र समालोचना.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

लुइटेल, खगेन्द्रप्रसाद (२०७९). *डायस्पोराको सैद्धान्तिक स्वरूप.* पैरवी प्रकाशन।

सुवेदी, राजेन्द्र (२०६८). *नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* पाठ्यासामग्री प्रकाशन।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद सम्पा. (२०७९).*रत्न बृहत् नेपाली समालाचना* (सैद्धान्तिक खण्ड). रत्न पुस्तक भण्डार।

## Contributors

1. Dr. Balakrishna Adhikari is the Lecturer of Nepali at the Central Department of Nepali, TU.
2. Dr. Chandralal Pandey is an Associate Professor and the Head of the Department of Development Studies, School of Arts, Kathmandu University.
3. Dr. Ek Narayan Paudyal is an Associate Professor of Nepali at Birendra Multiple Campus, Chitwan. He has contributed eight books in the area of Nepali literature, criticism and political thoughts. He has published more than two dozen of research articles in national journals.
4. Dr. Kapil Deb Subedi is the Professor and Head of Department of Management at Saptagandaki Multiple Campus, Chitwan. He has conducted many researches and published many research articles in journals.
5. Dr. Krishna Prasad Sapkota is an Associate Professor of Nepali at Birendra Multiple Campus Chitwan.
6. Dr. Kusum Raj Subedi teaches at the Department of Education, Shaheed Multiple Campus, Ratnanagar, Chitwan.
7. Dr. Mati Prasad Dhakal is an Associate professor of Sanskrit Vyakarana at Nepal Sanskrit University. He teaches at kalika Sanskrit Vidyapeeth, Gaindakot, Nawalparasi. He is a good grammarian in Sanskrit and Nepali. He has published a dozen of books in Nepali literature and criticism.
8. Ms. Prabha Marahatta Koirala is the Lecturer of Nepali at Birendra Multiple Campus, Chitwan.
9. Mr. Prakash Regmi has completed M.A. in Geography from T.U. Kirtipur, and at present, he is a freelancer researcher in North Carolina, USA.
10. Ms. Prakriti Niraula is a Research Officer, Transbundary Food Resilence Project in South Asia, Department of Development Studies, SoA, Kathmandu University.
11. Mr. Ramesh Prabhat is the Lecturer of Nepali at Birendra Multiple Campus, Chitwan. He is a poet and a literary critic. He has published many research articles and reviews in journals and magazines. He has published the collection of literary criticism.
12. Dr. Shankar Prasad Gaire is the Lecturer of Nepali at Tribhuvan Multiple Campus, Palpa. He has composed two novels in Nepali, a collection of Nepali Gajals and a number of books in Nepali criticism. His research articles are published in national journals.
13. Ms. Sita Kumari Shrestha works as a teacher at Chaturmukhi Secondary School, Kalika, Chitwan.
14. Ms. Suprabha Subedi is an MSc Student at Tribhuvan University.
15. Dr. Tanka Prasad Pantha is the Lecturer of Nepali at Tribhuvan Multiple Campus, Palpa. He is a good poet. He has published books on Nepali criticism and research articles in national journals.

## Peer Reviewers

Prof. Dr. Laxman Prasad Gautam
Prof. Dr. Narayan Chalise
Prof. Dr. Narayan Prasad Khanal
Prof. Dr. Narayan Gadtaula
Prof. Dr. Krishna Chandra Sharma
Prof. Dr. Anand Sharma
Associate Prof. Ram Hari Timalsina
Dr. Netra Atom
Dr. Balkrishna Adhikari
Dr. Binod Baniya
Dr. Sanjay Mahato
Mr. Nava Raj Pokhrel

# PEER REVIEW PROCESS



BHARATPUR PRAGYA : Journal of Multidisciplinary Studies